॥ श्रीहरिः ॥

सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिन नै

नवभिर्दिवसैर्दद्यान्नवपिण्डान् समाहितः ।
दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत् ॥
-याज्ञवल्क्यस्मृति, ३।१६ मिताक्षरा



नवश्राद्धं मासिकं च यद्यदन्तरितं भवेत् ।
तत्तदुत्तर-सातन्त्र्यादनुष्ठेयं प्रचक्षते ॥
-महर्षि कण्वको वचन

सनातन विद्वत् परिषद्, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनातन विद्वत् परिषद्, नेपाल

निर्देशक तथा परामर्श मण्डल

प्रा.डा.दीर्घराज घिमिरे
प्रा.डा.रामचन्द्र गौतम
प्रा.डा.ऋषिराम पोखरेल
प्रा.डा.साम्बराज आचार्य
प्रा.डा.माधव भट्टराई
प्रा.मुकुन्दशरण उपाध्याय
प्रा.विद्यानाथ उपाध्याय
प्रा.विदुर पौडेल

प्रा.डा. वेणीमाधव ढकाल
प्रा.श्रीकृष्ण अधिकारी
प्रा.डा.भोजराज पन्त
प्रा.भवानीप्रसाद खतिवडा
प्रा.डा.देवमणि भट्टराई
सहप्रा.डा.माधवप्रसाद पाण्डेय
सहप्रा.डा.गुरुप्रसाद सुवेदी
विदुषी कान्ता भट्टराई

कार्यसमिति

अध्यक्ष- आचार्य पूर्णचन्द्र ढुङ्गेल
सचिव- पं. रामकृष्ण उपाध्याय
कोषाध्यक्ष- पं. राघव उपाध्याय
सदस्य- डा.निर्मलमणि अधिकारी
सदस्य- डा.गोविन्दशरण उपाध्याय
सदस्य- आचार्य शिवशंकर न्यौपाने
सदस्य- चैतन्यकृष्ण

संगठित विभागहरू

वेद, इतिहास पुराण, संस्कृति, दर्शन, धर्मशास्त्र, ज्योतिष, तन्त्र, कर्मकाण्ड आदि ।

कुनै पनि व्यक्ति वा संस्थाले यो पुस्तक सौजन्यरूपमा प्रकाशन गर्न चाहेमा
०१-४४८४५०७, ९८४१५२१६०९, ९८५११७११३०, ९८५१००५९६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ श्रीहरि: ॥

आदरणीय मित्र श्रीकृष्णप्रसाद काफ्लेज्यूमा सप्रेम।

वैदिक सनातन हिन्दु धर्मानुयायीको
अन्त्येष्टि-संस्कार-सम्बद्ध
प्रामाणिक विषयवस्तुको
सङ्गम

२०६५।८।१२
प्रज्ञाभवन, काठमाडौं।

सनातन धर्ममा
अन्त्येष्टि संस्कार १३ दिन नै

सनातन विद्वत् परिषद्, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

सनातन धर्ममा
अन्त्येष्टि संस्कार १३ दिन नै

अज्ञातशास्त्रो न ब्रूयात् ज्यौतिषं धर्मनिर्णयम् ।
नीतिदण्डं चिकित्सां च प्रायश्चित्तं क्रियाफलम् ॥

ज्योतिषशास्त्र, धर्माशास्त्र, नीतिशास्त्र, चिकित्साशास्त्र, दण्डनीति, प्रयाश्चित्त र प्रेतक्रियाभित्र पर्ने कुनै पनि विषय वा कृत्यमा निर्णय दिनुपर्दा विषयसँग सम्बद्ध विद्वान्ले मात्र दिनुपर्छ । सम्बन्धित शास्त्रको मर्म नबुझेका अल्पज्ञलाई निर्णय दिने अधिकार हुदैंन । यदि कुनै त्यस्तो अनधिकृत व्यक्तिले निर्णय दिने काम गर्दछ भने त्यस व्यक्तिको अनधिकार कुचेष्टा हो ।

सनातन विद्वत् परिषद्, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमुखसम्पादक
सहप्रा. माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'

विषयसम्पादक
प्रा. डा. देवमणि भट्टराई

सम्पादकमण्डल
प्रा. डा. ऋषिराम पौड्याल
डा. निर्मलमणि अधिकारी
डा. गोविन्दशरण उपाध्याय

समीक्षकमण्डल
प्रा. डा. दीर्घराज घिमिरे
प्रा. डा. रामचन्द्र गौतम
प्रा. डा. माधव भट्टराई
प्रा. डा. साम्बराज आचार्य
प्रा. डा. वेणीमाधव ढकाल
प्रा. शम्भुप्रसाद ढकाल
प्रा. श्रीकृष्ण अधिकारी

व्यवस्थापक
पं. रामकृष्ण उपाध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिन नै

अज्ञातशास्त्रो न ब्रूयात् ज्यौतिषं धर्मनिर्णयम् ।
नीतिदण्डं चिकित्सां च प्रायश्चित्तं क्रियाफलम् ॥

ज्योतिषशास्त्र, धर्माशास्त्र, नीतिशास्त्र, चिकित्साशास्त्र, दण्डनीति, प्रयाश्चित्त र प्रेतक्रियाभित्र पर्ने कुनै पनि विषय वा कृत्यमा निर्णय दिनुपर्दा विषयसँग सम्बद्ध विद्वान्ले मात्र दिनुपर्छ । सम्बन्धित शास्त्रको मर्म नबुझेका अल्पज्ञलाई निर्णय दिने अधिकार हुदैँन । यदि कुनै त्यस्तो अनधिकृत व्यक्तिले निर्णय दिने काम गर्दछ भने त्यस व्यक्तिको अनधिकार कुचेष्टा हो ।

सनातन विद्वत् परिषद्, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमुखसम्पादक

सहप्रा. माधवप्रसाद पाण्डेय 'विद्यावारिधि'

विषयसम्पादक

प्रा. डा. देवमणि भट्टराई

सम्पादकमण्डल

प्रा. डा. ऋषिराम पौड्याल

डा. निर्मलमणि अधिकारी

डा. गोविन्दशरण उपाध्याय

समीक्षकमण्डल

प्रा. डा. दीर्घराज घिमिरे

प्रा. डा. रामचन्द्र गौतम

प्रा. डा. माधव भट्टराई

प्रा. डा. साम्बराज आचार्य

प्रा. डा. वेणीमाधव ढकाल

प्रा. शम्भुप्रसाद ढकाल

प्रा. श्रीकृष्ण अधिकारी

व्यवस्थापक

पं. रामकृष्ण उपाध्याय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तक

सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिन नै

सर्वाधिकार

सनातन विद्वत् परिषद् नेपाल

प्रकाशक

हिन्दु जागरण नेपाल

प्रकाशन सौजन्यः जगद्गुरु नेपाल सञ्चार केन्द्र, चतराधाम, सुनसरी

संबद्ध संस्थाहरू

- वेङ्कटेश मन्दिर बत्तीसपुतली गौशाला,नेपाल
- विश्वहिन्दु महासंघ, अन्तर्राष्ट्रिय समिति, नेपाल
- विश्वहिन्दु महासंघ, राष्ट्रिय समिति, कोटेश्वर नेपाल
- विश्वहिन्दु महासंघ, राष्ट्रिय समिति, कलङ्की नेपाल
- दक्षिण एशियाली ज्योतिष महासंघ नेपाल
- दक्षिण एशियाली ज्योतिष महासंघ राष्ट्रिय समिति नेपाल
- राष्ट्रिय धर्मसभा नेपाल
- विश्व ज्योतिष महासंघ नेपाल
- नेपाल ज्योतिष परिषद् नेपाल
- नेपाल पुरोहित संघ काठमाडौ नेपाल
- पुरोहित समाज चितवन नेपाल

प्रकाशन वर्ष- २०७५ गुरूपूर्णिमा

प्रकाशित प्रति- २००० प्रति

पुस्तक प्राप्ति स्थान- हिन्दु जागरण नेपालको केन्द्रीय कार्यालय तथा सबै शाखाहरू

कभर डिजाइन तथा टाइप- कृष्णराज पाण्डेय- कला टाइपजोन, पुतलीसडक

कम्प्यूटर सेटिङ्ग- प्रकाश भण्डारी

मुद्रण- मझुवा प्रिन्टिङ्ग प्रेस, बुद्धनगर, काठमाण्डौ

फोनं. ०१-४७८३९६४ Email: majhuwapress@gmail.com

मूल्य- नेरु १५३।-

ISBN: 978-9937-8959-4-1

सम्पर्क सूत्र

फोन नं. ०१-४४८४५०७, ९८४१५२१६०९, ९८५११७११३०, ९८५१००५९६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ

सम्पादकीय

हाम्रो परम्परा

विधिहीन एवं नीतिहीन व्यक्ति समूह समाज आदिलाई नियन्त्रण र सज्जनको संरक्षण गर्दै समाजलाई अनुशासित एवं मर्यादित बनाउनुका साथै निर्बाधरूपमा आ-आफ्ना धर्मकर्ममा मानव मात्रलाई प्रवृत्त गराई प्राणीमात्रको कल्याण गर्ने उद्देश्यले विधिनिषेधात्मक अपरिवर्तनीय संविधानका रूपमा भगवान्को निःश्वासबाट निःसृत वेद ऋषिमुनीहरूले श्रुतिस्मृति परम्पराबाट नयाँ पुस्तामा हस्तान्तरण गर्दै आएको हो । यसरी वेदका मन्त्रहरू एवं अर्थभावलाई समाजको हितकार्यमा उपयोग गर्नु नै ऋषिहरूको एकमात्र कर्तव्य रहँदै आएको छ । सर्वजनहिताय सर्वजनसुखायका भावले स्वीकार गरेर त्यसलाई कार्यान्वयन गर्ने/गराउने दायित्व ऋषिमहर्षिहरूको पुस्तान्तरणपर्यन्त चल्दै आएको हो । उच्चस्तरीय ज्ञान सम्पन्न आचारवान् महापुरुषद्वारा मात्र बोध्य वेद सबैले चलाउने विषय होइन । तर यसका कल्याणदायी मन्त्रहरूको भावबाट लाभान्वित हुन संबैले पाउँछन् ।

आकाशबाट पानी वर्षाउने क्षमता सबैमा हुँदैन, तर पानीको उपयोग गर्ने अधिकार सबैमा रहन्छ । हाम्रो पानी पिउने अधिकार छ भन्दैमा पानीको वर्षा गराउने क्षमता सबैमा हुँदैन । वेद पनि त्यस्तै अथाह ज्ञानपुञ्ज राशिभाग हो । यसको विवेचना गर्ने अधिकारी चराचर जगत्का सबै प्राणी हुदैनन् । त्यसबाट लाभ लिने सबै हुन्छन् । परमोच्यस्तरीय ज्ञानगम्य ऋग्, यजु, साम र अथर्व वेदका अनेकौं शाखा छन् ।

ती मध्ये हाम्रा वेदादि विषयका शाखासूत्रहरू मध्ये वेदमा-शुक्लयजुर्वेद, वाजसनेय माध्यन्दिनीय शाखा, उपवेदमध्ये धनुर्वेद, ब्राह्मणग्रन्थमा-शतपथ ब्राह्मण माध्यन्दिनीय, सूत्रग्रन्थहरूमध्ये श्रौतसूत्रमा-कात्यायन श्रौतसूत्र, गृह्यसूत्रमा-पारस्कर गृह्यसूत्र, धर्मसूत्रमा-आपस्तम्ब धर्मसूत्रलाई लिनुपर्दछ भने स्मृतिहरूमा-याज्ञवल्क्यस्मृतिलाई लिनुपर्दछ । उपनिषद्हरुमा ईशावास्योपनिषद् हाम्रो परम्परासिद्ध उपनिषद् हो ।

यसरी शुक्लयजुर्वेद, माध्यन्दिनीय शाखा, धनुर्वेद, शतपथब्राह्मण, ईशावास्योपनिषद्, कात्यायन श्रौतसूत्र, पारस्कर गृह्यसूत्र, आपस्तम्व धर्मसूत्र, याज्ञवल्क्यस्मृति यी हाम्रा शाखासूत्र हुन् । शुक्लयजुर्वेदीहरूले आपस्तम्वको हरदत्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

टीकालाई मूल भन्दा पनि बढी मान्यता दिएका छन्।

हाम्रा धर्मकर्मका विषयमा निर्णय गर्दा यी माथिका शास्त्रहरूको अनुसरण गरेर मात्र निर्णय गर्नुपर्दछ। आफ्नो शाखासूत्रमा नभएको तर आवश्यक परेको विषयमा भने शाखान्तर, सूत्रान्तरबाट पनि समावेश गर्न सकिन्छ।

ज्योतिषशास्त्रका दृष्टिमा समेत हाम्रो अक्षुण्ण वैदिक सनातन परम्परा एक अर्ब पञ्चानब्बे करोड अन्ठाउन्न लाख पचासी हजार एकसय उन्नाइस वर्ष (१,९५,५८,८५,११९) पुरानो रहेको तथ्यगत प्रमाण हाम्रा पञ्चाङ्गहरूमै उल्लेख भएको देख्न सकिन्छ।

सचेतना

सनातनधर्मका अनुयायीहरूले अन्त्येष्टि संस्कार १३ दिनसम्म नै गर्नुपर्नेमा शास्त्रमा कुनै द्विविधा छैन। वर्षदिनसम्मका मृत्यु संस्कारसम्बन्धी यावत्कृत्यहरूमध्ये "यी यी दिनहरूमा यो यो कृत्य गर्नू" भनेर धर्मशास्त्रले निश्चय गरेका विषयहरूलाई हामी सामान्य मानवले तलमाथि गर्ने वा दिनसंख्या घटाउने वा बढाउने या माया-दयाका कारण कम-बेसी गर्न नमिल्ने कुरामा शास्त्रले हामीलाई निर्देश गरेको छ। यस्ता शास्त्रसम्मत कृत्यहरू व्यक्ति प्रधान हुँदैनन्, शास्त्र प्रधान हुन्छन्। शास्त्रको अनुसरण गर्नु हाम्रो कर्तव्य हो। आशौचमा प्रत्येक दिनका कृत्यका लागि गरेको विधान हेर्दा र त्यसले समुत्पन्न गर्ने फल हेर्दा दिन संख्यामा थपघट गऱ्यो भने जीवको सिङ्गो स्वरूप नै बिग्रन गई सम्बन्धित आत्माले पितृ बन्न पाउनु त कता हो कता नरक पनि ज्ञान नसक्ने भई यहीं पृथ्वीतलमा भड्किएर प्रेतका रूपमा धुन्धुकारीसरह भइरहने र बाँचेका आफन्तलाई दुःख दिइरहने हुन्छ भन्ने शास्त्रले निश्चय गरेको छ। त्यसकारण दिनसंख्या घटाउन वा बढाएर काजक्रिया गर्न नमिल्ने र तोकिएकै दिनसंख्याका आधारमा नै काजक्रिया गर्नुपर्ने गरी शास्त्रले बाध्यात्मक निर्देश गरेको छ।

विषयप्रवेश

क्रियापुत्रीलाई कष्ट होला कि ? भन्ने मनसायले मात्र थोरै दिनमा काजक्रिया सकौं या मेरा पिताले मलाई ज्यादै माया गर्नुहुन्थ्यो भनेर १३ दिनभन्दा बढी १५, २० दिन लगाएर काजक्रिया गर्नु दुबै कार्य अशास्त्रीय र आधारहीन हुन्छन्, जसले गर्दा सम्बद्ध आत्माको प्रेतत्वनिवृत्ति हुनै सक्तैन। प्रेतत्वनिवृत्ति हुन नसकेको अवस्थामा वायुका रूपमा रही त्यस आत्माले क्रियापुत्रीका घर र त्यसको वरिपरि घुमेर घर-परिवार सबैमा दुःख दिने गर्दछ। यसरी उद्धार नगरिएको आत्माले दुःख दिनुको आशय आफ्नो उद्धार गराउने उपाय सुझाउनका लागि मात्र हुने गर्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर त्यस घर-परिवारका लागि त यो ठूलो समस्या बनिरहने गर्दछ ।

जानी नजानी गरेका अधुरा वा विधि नपुऱ्याई गरिएका कारण त सम्बद्ध आत्माको प्रेतत्व निवृत्ति हुनसक्तैन भने अझ जानी जानी वेदादि शास्त्रका प्रमाणहरूलाई एकातिर पन्छाएर मनगढन्ते एवं स्वेच्छाचारी पारामा रचना गरिएका शास्त्रविरुद्ध ५ दिने अन्त्यपद्धति जस्ता पुस्तकका भरमा पर्दा त कर्ता, कर्ताका पितृहरू, घरपरिवार आदि सबैको दुर्दशा अकल्पनीय हुन्छ । गति, मुक्ति, वैकुण्ठबास आदि ऊर्ध्वगमनका कुरा धेरै टाढा रहे, सामान्य प्रेतयोनिबाट छुटी वर्षदिनसम्मका कृत्यले पनि पितृलोकको यात्रा नै तय गर्न सक्दैन । कारण सम्बद्ध आत्माले ती ती पिण्ड, जल, त्यस त्यस दिनमा नपाएका कारण उसको भोक्तृत्वक्षमता नै नबनेकाले ११ दिनमा नै गर्नुपर्ने आद्यमासिक, आद्याब्दिक, घटश्राद्ध (३६५घटदान), वृषोत्सर्ग र ऊनादिपञ्चदश मासिक एवं १२ दिनमा गरिने सपिण्डीकरण श्राद्ध, १३ दिनमा नै गर्नुपर्ने उत्तरपाथेय श्राद्धसम्मका कृत्यहरू निरर्थक हुन्छन्, उसले पाउँदैन । शास्त्रसम्मत रूपमा सम्पन्न गर्नुपर्ने काजक्रिया र सम्बद्ध कृत्यको अभावमा भोक्तृत्वक्षमता निर्माण हुने परिपाक कालको एवं कालपरिपाक सम्पादन गर्ने श्राद्धादि कृत्यहरूको अभावमा त्यो अदेहात्मा यसै लोकमा समीपवर्ती कर्ताहरूका वरिपरि दुःख दिने हिसाबले मात्र नभई आफ्नो गति प्राप्त गर्न गन्तव्य निर्धारण गर्ने उपायको खोजीमा बाध्यतावश पुत्र आदिको समीपमा गई घुमिरहन्छ । आफ्नो उद्धारका निम्ति आफ्नो प्रेतभावबाट प्राप्त भयानक रूप, (छाया र आकार रूप फेरी फेरी) विविधरूपमा प्रदर्शन गरिरहन्छ । अतृप्त आत्माले उसलाई बारम्बार बोध गराउन थालेको अवस्थालाई नै उसलाई देखेको, देखेर तर्सिएको आदि कुराहरू लोकमा सुन्ने गरिन्छ । मलाई यो यो अपुग छ भनी त्यस आत्माले भनेका कुराहरू सपना आदिमा देखेका प्रशस्तै उदाहरणहरू सुनिन्छन् र देखिन्छन् पनि ।

अज्ञानतावश अन्त्येष्टि संस्कार पूर्णरूपमा हुन नसकेका कारण पुराणादिबाट धुन्धुकारीको मुक्ति भएको प्रसङ्ग पाइन्छ, तर लहैलहैमा लागेका कारण हामीले १२,१३ दिन भन्दा पहिला दिन नपुगिकन क्रिया सकेका व्यक्तिहरूको उद्धार गर्नका लागि त त्यति मात्र गरेर पुग्दैन, अपितु प्राजापत्यादि शास्त्रोक्त प्रायश्चित्त गरी उस प्रेतको कुशको प्रतिकृति बनाई पुत्र आदिले पुत्तलादाह विधिले जलाई त्यसका नाममा फेरि १३ दिनसम्म नै क्रिया बसी सबै कुरा विधिविधानसहित पूर्ण गर्नुपर्ने हुन्छ। त्यो नगरुन्जेल कर्ताले मरणपर्यन्त र प्रेतात्माले विधिविधानसहितको कर्मसम्पादन नहुँदासम्म दुःख पाउँछन् नै । एवं रीतले वर्ष दिन पूरा गरेर जीवात्मालाई परमात्मामा जाने बाटो तयार गरिदिनुपर्छ र उसका कर्मका योगले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऊ फेरि आफ्नो बाटो तय गर्दछ, यता पुत्रादितिर फर्किएर दुःख दिँदैन। वार्षिक एवं महालयतिथिमा मात्र अरु पितृसरह नै पिण्ड जलको अपेक्षा भने गर्दछ।

यसरी वर्ष दिनसम्ममा पूरा हुने कृत्यका तीन चरणलाई बराबर मान्यता दिएको शास्त्रमा उल्लेख छ। प्रथम दिनदेखि १३ दिनसम्म प्रथम चरण, त्यसपछि ऊनाब्दिकसम्मका कृत्यहरू दोस्रो चरण र वार्षिक पिण्डदान तृतीय चरणका रूपमा लिइन्छ। प्रथम चरणको कृत्य नै सबल भएन भने उसका दोस्रो र तेस्रो चरणका कृत्य जग बिनाको घरजस्तै हुने भएकाले दिनादिको अतिक्रमण नगरी यथावत् रूपमा १३ दिनमा नै उत्तरपाथेय श्राद्धसम्मका कृत्य पूरा गर्नुपर्ने हुन्छ। यो नै शास्त्रसिद्ध विधि हो। यसमा अन्यथा गर्न मिल्दैन।

भर्खरसम्म हामीसँगै खाइखेली हिँडेको व्यक्तिलाई उसको मृत्युपछि गरिने कृत्य पूरा गरिएन भने ऊ त आफ्नो वायुरूपमा आफ्नो ठाउँ खोज्दै तपाईं कर्तासम्म आउँछ र मेरो गति मुक्तिको मार्ग प्रशस्त गरिदेऊ भन्छ, तर ऊ आउने रूप नै त्यस्तो बनाइदिएका कारण तपाइँले उसलाई देख्दा वायु, प्रेत आदि डरलाग्दो तर्साउने रूपमा देख्नुहुन्छ। वस्तुतः तपाईंलाई डस्न वा डराउन आएको नभएर उसले खोजेको आफ्नो उपचार मात्र हो, तर तपाइँका लागि त्यो भीषणरूप घातक एवं दुःख दिने कारण बन्न पुग्दछ। अनि तपाईं डराउनुहुन्छ, आत्तिनुहुन्छ। त्यसपछि उसको शास्त्रीय विधिले प्रायश्चित्तपूर्वक काजक्रिया गरिदिनु नै दुबै पक्षको उपचार हुनजान्छ। अन्यथा घर-परिवार, वस्तु-चौपाया आदिमा हानि नोक्सानी भै रहन्छ र अन्य कुनै प्रकारको उपचारले पनि यसको समाधान हुँदैन। यस्तो स्थितिमा पुनः प्रायश्चित्तपूर्वक १३ दिनको काजक्रिया गरिदिई उसको परलोकको मार्ग प्रशस्त गरिदिनु नै बुद्धिमानी हुनेछ। अतः पश्चात्तापपूर्वक यस शास्त्रीय विधिको अनुसरण गर्नु नै उत्तम तथा सरल उपाय हो।

मूलविषय

शास्त्रविधिका आधारमा नै गर्भाधानतः मृत्युसम्मका कृत्य सम्पादन गर्नुपर्ने हुन्छ। त्यस्ता संस्कारहरू ४८ प्रकारका मानिएका छन्। तापनि वर्तमानमा १६ संस्कार बहुप्रचलित मानिन्छन्। ती संस्कारहरू यस प्रकार छन्- गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि संस्कार। यी मध्ये कुनै संस्कारले गुणको आधान गर्ने आधार तयार गर्दछन् भने कुनै संस्कारले दोषहरू हटाउँछन्। आ-आफ्ना संस्कारका आ-आफ्ना शास्त्रीय विशेषता भएका कारण शास्त्रीय विधिअनुसार गरिएको सोह्रौं संस्कार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काजक्रियाद्वारा मात्र उसको गति मुक्तिको मार्ग प्रशस्त हुन्छ, अन्यथा माथि भनिए बमोजिमको दुर्गति अवश्यम्भावी छ ।

मृत्युसंस्कारमा पहिलो दिनदेखि १० दिनसम्मको अवधि भोक्तृत्वक्षमतावान् शरीर बन्नका लागि शास्त्रले निश्चित दिनसंख्या निर्धारित गरेको छ भने ११औं दिनमा उसलाई आवश्यक खाद्यवस्तु, अन्य आवश्यक सामग्री आदि दान गर्ने, प्रेतावस्थाको त्यस जीवात्मालाई १२ दिनमा पितृका साथमा सम्मीलन गराएपछि १३ दिनमा उत्तरपाथेय श्राद्ध, हवनादि शुद्धिकर्म गर्नुपर्ने शास्त्रविधान भएकाले १३ दिनसम्म नै पुऱ्याउनुपर्ने बाध्यता रहेको हो । यस प्रकार तोकिएका दिनादि संख्या तत्तत् दिनमा दिने पिण्डदान र त्यसबाट निर्माण एवं पूर्ति हुने अङ्ग प्रत्यङ्गहरूद्वारा सम्पूर्णाङ्ग पूर्ण भई तृप्त हुने विषयको स्पष्ट व्यवस्था छ । कुन कुन अङ्ग प्रत्यङ्गहरू कुन कुन पिण्डले कहिले कहिले कसरी पूर्ण हुन्छन् भन्ने विषय यहाँ स्पष्टरूपमा देखाइन्छ ।

दिनव्यवस्था	**पिण्डदानसंख्या**	**अङ्ग-प्रत्यङ्गादि बन्दै पूर्ति हुँदै जाने व्यवस्था**
१) प्रथम दिनमा	प्रथम पिण्ड दानले	शिर भागको पूर्ण निर्माण **(शिरस्त्वाद्येन पिण्डेन),**
२) द्वितीय दिनमा	द्वितीय पिण्ड दानले	कान, आँखा र नाकको निर्माण **(द्वितीयेन तु कर्णाक्षिनासिकाः),**
३) तृतीय दिनमा	तृतीय पिण्डले	घाँटी, काँध, हातहरू र छातीको निर्माण **(तृतीयेन कण्ठ-स्कन्ध-भुज-वक्षांसि),**
४) चतुर्थ दिनमा	चतुर्थ पिण्डले	नाभि, लिङ्ग गुदा आदि भागहरूको निर्माण (**चतुर्थेन नाभि-लिङ्ग-गुदानि**),
५) पञ्चम दिनमा	पञ्चम पिण्डले	घुँडाहरू, जाँघका भागहरू र गोडाहरूको निर्माण (**पञ्चमे जानु-जङ्घ-पादम्**)
६) षष्ठ दिनमा	छैटौं पिण्डले	मर्मस्थान अर्थात् जोड्नीहरू सबैको निर्माण (**षष्ठेन मर्माणि**),
७) सप्तम दिनमा	सप्तम पिण्डले	नाडीहरू, शरीरका नशाहरूको निर्माण (**सप्तमेन नाड्यः**),
८) अष्टम दिनमा	अष्टम पिण्डले	दाँतहरू र शरीरभरिका रौंहरूको निर्माण (**अष्टमेन दन्त-लोमानि**),
९) नवम दिनमा	नवम पिण्डले	वीर्य अर्थात् बल पराक्रम पुरुषार्थको आधान (**नवमेन वीर्यम्**),
१०) दशम दिनमा	दशम पिण्डले	शरीरका सम्पूर्ण अवयवहरु पूर्ण भई भोक्तृत्वक्षमता आदि दशौं दिनका दशम पिण्डले प्राप्त हुन्छ । (**दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः**) ।

यस प्रकार सर्वाङ्गपूर्ण भएको त्यो आत्मा त्यतिखेर अत्यन्त बुभुक्षित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । भोक प्यासले आतुर अवस्थामा प्राप्त हुन्छ । त्यो वुभुक्षा शान्त पार्नका लागि एघारौं दिनमा नै एघारौंको कृत्य गरिन्छ ।

शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा । द्वितीयेन तु कर्णाक्षिनासिकाश्च समासतः ॥
गलांसभुजवक्षांसि तृतीयेन यथाक्रमम् । चतुर्थेन तु पिण्डेन नाभिलिङ्गगुदानि च ॥
जानू जङ्घे तथा पादौ पञ्चमेन तु सर्वदा । सर्वमर्माणि षष्ठेन सप्तमेन तु नाडयः ॥
दन्तलोमान्यष्टमेन वीर्यं तु नवमेन च । दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः ॥

(ब्रह्मपुराणको वचन **धर्मसिन्धु** पृ ९२९, सुधाटिप्पणी)

आशौचका दिनहरू र ती ती दिनमा १, १ पिण्डदान, अञ्जलि बृद्धिपूर्वक जलदान आदि गर्ने व्यवस्थामा कुनै शंका रहेन । यसै गरी आशौच र पिण्डदानका दिन संख्यामा पनि समानता रहेको स्पष्ट देख्न सकिन्छ । अर्थात् दिनसंख्या घटाउने बढाउने नभई यथावत् गर्न पनि शास्त्रको यसप्रकारको निर्देश छ-

नवभिर्दिवसैर्दद्यान्नवपिण्डान् समाहितः ।
दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत् ॥

(स्मृत्यन्तरको वचन **याज्ञवल्क्यस्मृति,** ३ ।१६ मिताक्षरा टीका, पृ. ३३२)

यावदाशौचं प्रेतस्योदकं पिण्डमेकं च दद्युः ॥ पूर्ववत्, (विष्णुको वचन) यसप्रकारका धेरै प्रमाणहरू पाइन्छन् ।

स्वाभाविक मरण र त्यसको काजक्रियाका विषयमा आएका विषयहरूमा दशदिने पिण्डदानको व्यवस्था देखिन आउँछ भने एघारौं दिनमा एघारौंका कृत्यहरू र बाह्रदिनमा सपिण्डीकरण श्राद्ध एवं १३औं दिनमै उत्तरपाथेय श्राद्ध सम्पादन गर्नुपर्ने शास्त्रीय व्यवस्था भएकाले १३ दिन नभई एउटा काजक्रियामा परिपाककाल पूर्ण हुँदैन भन्ने निश्चय हुन्छ । नेपाल, भारत आदि जुनसुकै देशमा बसोबास गरिरहेका भएता पनि सनातन हिन्दु धर्मालम्बीहरूका लागि १३ दिने काजक्रिया अनिवार्य रहेको स्पष्ट हुन आउँछ ।

असंस्कृतहरूका लागि फरक व्यवस्था

असंस्कृत अर्थात् व्रतबन्ध नगरेको छोरो मान्छे र विवाह नगरेकी छोरी मान्छेको भने तीन दिनको आशौच हुन्छ र तिनीहरूको पिण्ड दिने व्यवस्था पनि आशौचका दिनजति नै अर्थात तीन दिन मात्र धर्मशास्त्रले निश्चय गरेको पाइन्छ । त्यस पछि चौथो दिनमा, एकादशाहका कृत्यहरू र पाचौं दिनमा सपिण्डीस्थानीय एकोद्दिष्ट श्राद्ध र शुद्ध शान्ति गर्नुपर्दछ । पञ्चक परेपनि यसै दिन शान्ति गरिन्छ ।

असंस्कृतको मरणको कारण पनि अपवाद भयो सहज भएन र आशौचका दिन संख्या पनि ३ दिनमात्र भएकाले तीनदिन आशौचमा, तीन दिनमा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पिण्डसमाप्ति गरियो, यो शास्त्रीय नियम हो । यस नियमलाई स्वेच्छाचारी ढंगले परिवर्तन गरेर जस्तो अवस्थामा मरे पनि तीन दिनमात्र आशौच लाग्ने र तीनदिनमा नै पिण्डसमाप्ति गर्ने गरी काजक्रिया सक्नू भन्नु यो अशास्त्रीय एवं धर्मशास्त्रद्वेषी कार्य हो । धर्मशास्त्रको यस्तो गलत निर्णय गर्दा त्यो पाप, निर्णयकर्तामा नै फर्कने अर्थात् त्यसबाट निर्णयकर्तालाई नै हानि नोक्सानी हुने हुँदा नजानेको विषयमा अघि सरेर गलत निर्णय दिनु हुँदैन भने जानी जानी गलत निर्णय दिँदा त हजारौं वर्ष नरकको बास हुन्छ र निर्णयदाता ब्रह्मघाती हुन्छ यसमा कुनै सन्देह छैन ।

उत्तरसातन्त्यताको शास्त्रीयता

देहान्त भएका दिनबाट १० दिनसम्म गरिने दशगात्रविधि यदि पहिलो दिनबाट नै प्रारम्भ हुन सकेन भने उत्तरका दिनमा सातन्त्य (तन्त्रविधि अर्थात् अङ्गीको आवृत्ति, अङ्गहरूको एउटैले काम चल्ने फरक-फरक राख्न वा गर्न नपर्ने) विधिले गर्नुपर्दछ भनी धर्मशास्त्रले केवल नवश्राद्ध र मासिक श्राद्धलाई मात्र अनुमति दिएका कारण छुटेकाहरूलाई उक्त तन्त्रविधिद्वारा समायोजन गर्ने शास्त्रीय निर्णय स्पष्ट छ । दशदिनभित्रका दिनहरूमा वरको पर लैजान सकिने देखिन्छ भने परको अर्थात् ८, ९, १० दिनका कृत्यहरूलाई २, ३, ४ आदि दिनमा ल्याउन सकिने व्यवस्था धर्मशास्त्रमा छैन ।

अतः धर्मशास्त्रले यस्तो व्यवस्था नगरेका कारण १३ दिनसम्म गर्ने काजक्रियाको कृत्य अपरिवर्तनीय रहेको हो । यस्तो अपरिवर्तनीय व्यवस्थालाई आशौचारम्भको ५ दिनमा नै सक्छु भन्न पाइँदैन । नवश्राद्धलाई उत्तरसातन्त्यमा लैजान अर्थात् प्रथमदिनदेखिका कर्मलाई सुरुका दिनदेखि नै गर्न कुनै विशेषकारणले नसकेमा नौ दिनभित्र कुनै पनि दिनदेखि प्रथमदिनदेखिका सबै कर्म गर्न सक्ने प्रमाण यसप्रकार छन् -

मासिकं चोदकुम्भं च यद्यदन्तरितं भवेत् ।
तत्तदुत्तर-सातन्त्यादनुष्ठेयं प्रचक्षते ॥ धर्मसिन्धु, पृ.९३२
नवश्राद्धं मासिकं च यद्यदन्तरितं भवेत् ।
तत्तदुत्तर-सातन्त्यादनुष्ठेयं प्रचक्षते ॥ नि.सि.,कण्वको वचन पृ.१२४२

अतः शास्त्रानुसारका कृत्यसम्पादन गर्नाले हाम्रो र पितृहरूको ऐहिक एवं पारलौकिक गति बन्ने हुनाले हामी शास्त्रअनुसार नै चल्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूतकका सन्दर्भमा पनि

मृताशौच जस्तै जननाशौच पनि दशरात्री नै सपिण्डी दाजुभाइ सबैलाई लाग्दछ । एघारौँ दिन नामकरण संस्कारको मुख्यकाल हो र १२ दिन पनि मुख्यकाल नै मानिन्छ । यी २ दिनको समय विरामी आदिका कारणले बितेमा अर्थात् ११ वा १२ दिनमा नामकरण संस्कार हुन नसकेमा चाहिँ त्यसपछि जुराएर नामकरण संस्कार गर्नुपर्दछ । दशरात्रिसम्म चाहिँ ७ पुस्तासम्मका बन्धुलाई पुरै आशौच लाग्दछ नै । यस जननाशौचको विषयमा पनि कसैको भ्रममा पर्न आवश्यक छैन ।

दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।
जननेऽप्येवमेव स्यान्निपुणं शुद्धिमिच्छताम् ॥ मनुस्मृति ॥

यसकारण १० रात्रि पुरा नभई न्वारन गर्न मिल्दैन । ११-१२ दिनमा न्वारन गर्न नमिले पनि सुत्केरीले बाहेक सबै दाजुभाइले नित्यकर्म आदि गर्न फुकुवा हुन्छ । १० रात्रि भन्दा पहिला गरिएका न्वारन गलत हुन् । यस्ता कृत्यको कुनै औचित्य छैन । यस्ता कार्य अशास्त्रीय नै हुन् । शास्त्र सम्मत नामकरण संस्कार शास्त्रले तोकेकै दिनमा गर्नुपर्दछ । गर्भाधानदेखि पाचौँ संस्कार नामकरण हो ।

उपसंहार

मानवको कर्तव्याकर्तव्य निर्धारण गर्ने वेदादि शास्त्रहरू नै प्रमााण हुन् । शास्त्रीय मर्यादा विपरीत कर्म गर्नु स्वेच्छाचारिता हो । आफुखुसी दृष्कृत्य गर्ने, शास्त्रवचनलाई अन्यथा अर्थ गर्ने र कर्तव्यच्युत हुने व्यक्ति स्वयं पनि पतित हुन्छ र अरूलाई पनि यसले पतित बनाउँछ । पतित हुनबाट जोगाउनकै लागि श्रीमद्भगवद्गीताले शास्त्रमर्यादा पालन गर्नमा जोड दिएको हो ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥
तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ गीता ॥

अतः शास्त्रीय प्रमाण विरुद्धको ५ दिने अन्त्यविधिको कसैले पनि अनुसरण गर्नुहुँदैन । संस्कार सुधार समाजको नाममा शास्त्रीय प्रचलित पद्धतिलाई विरुद्ध गराउन खोज्नेहरूले स्वयं शास्त्रको मर्म बुझेका पनि छैनन् र बुझ्न चाहेका पनि देखिँदैनन् । यस्तै विषयलाई पुराणमा **विधर्मः परधर्मश्च आभास उपमा छलः । अधर्मशाखा पञ्चेमा धर्मज्ञोऽधर्मवत् त्यजेत्** (श्रीमद्भागवत महापुराण ७।१५।१२ मा) भनिएको छ । यस्तै **अन्धा यथान्धैरुपनीयमानाः** अर्थात् दृष्टिविहीनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डोऱ्याइएका दृष्टिविहीनहरू झैं पछि लगाउने र तिनका पछि लाग्नेहरू यी दुवैको दुर्गति हुने कुरा शास्त्रज्ञहरूले बताएका छन् । मूल कुरा संस्कार सुधार होइन संस्कार त पालन गर्ने विषय हो । विकारमा पो सुधार गर्नुपर्ने हुन्छ । संस्कार त आफै संस्कारयुक्त र निर्विकार नै हुन्छ, यसको पालन गर्नु नै मानवमात्रको मूल कर्तव्य हुन्छ । अतः आआफ्नो कर्तव्य पालन गर्नु नै हाम्रो परम कर्तव्य हो । भनिएको पनि छ-

ज्योतिषं धर्मशास्त्रं च चिकित्सकविनिर्णयम् ।
विनाशास्त्रेण यो ब्रूते तमाहुर्ब्रह्मघातकम् ॥

अतः शास्त्रानुकूल सदाचार परम्पराबाट प्राप्त १३ दिने अन्त्येष्टि पद्धतिको अनुसरण गर्नु र गराउनुपर्ने मूल शास्त्रमर्यादा माथि आँच आउने गरी कुत्सित आशयले प्रकाशित गरिएका ५ दिने अन्त्यपद्धति जस्ता किताबको अनुसरण गर्न नहुने कुरा स्पष्ट छ । सनातन धर्मावलम्बी जिज्ञासुहरूलाई यही जानकारी दिने र यस विषयका सम्बद्ध विद्वान्हरूको अभिप्राय सुसूचित गर्ने उद्देश्यले यो **सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिन नै** भन्ने पुस्तक तयार गरिएको हो । आशा छ यसबाट सर्वसाधारण व्यक्तिहरू शास्त्रवचन र विद्वान्हरूको रायबाट सुसूचित हुनुहुनेछ र स्वकर्तव्यमा दृढ रहनुहुनेछ ।

अन्त्यमा यस पुस्तकको प्रकाशन गरिदिनु भएकोमा जगद्गुरु अनन्त श्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजश्री प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं साथै अमूल्य शुभकामना दिनुहुने सम्माननीय सन्त महन्तज्यूहरू, पूजनीय गुरुजनहरू, प्रमाणसम्मत लेख उपलब्ध गराउनुहुने समादरणीय विद्वान् एवं मान्य महानुभावहरू र प्रत्यक्ष परोक्ष रूपमा विविध प्रकारले सहयोग गर्नुहुने सम्पूर्ण धर्मप्राण सहयोगीहरूमा हार्दिक आभार व्यक्त गर्दछौं ।

यतो धर्मस्ततो जयः ॐ

ध्यानाकर्षण-

यस प्रकाशनमा प्रकाशित सामग्रीहरूको उत्तरदायित्व तत्तत् लेखका लेखकहरूमै रहने व्यहोरा अनुरोध गरिन्छ ।

द्रष्टव्य-

यो कृति पढेर यसमा थप केही परिमार्जन गर्नुपर्ने लागेमा शास्त्रानुकूल कार्य गर्ने पाठकले प्रमाण सहित लिखितरूपमा सुझाउन सक्नुहुनेछ ।

ॐ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीहरिः

प्रकाशकीय

सनातन वैदिक धर्मका कुनै पनि विषयमाथि कलम चलाउने अधिकारी बन्नका लागि जान्नैपर्ने र गर्नैपर्ने न्यूनतम तत्त्वहरू यसप्रकार रहेका छन्- सनातन वैदिक धर्मशास्त्रको सर्वाङ्गपूर्ण अध्ययन, प्रसङ्गको पूर्वापर सम्बन्ध, बलाबल, बिचार, ऋषिहरूका विभिन्न मतमतान्तरको सम्यक् ज्ञान, आफ्नो शाखासूत्र र परम्पराको अनुसरण आदि अनिवार्य आवश्यक पर्दछ। साथमा शास्त्रानुकूल प्रचलित स्थानीय मान्यता, रीति-स्थिति आदिलाई पनि बुझेको हुनुपर्दछ।

अधीतिबोधाचरणप्रचारणैः सम्यक् अध्ययन, त्यसको पूर्ण ज्ञान, तदनुकूल आचरण र यी ३ चरणबाट परीक्षित विषयहरूको मात्र प्रचार गर्न पाइन्छ। उपदेश एवं निर्णय दिन पाइन्छ। यी चार चरणद्वारा परीक्षित विषयमात्र व्यक्ति, समाज र राष्ट्रलाई समुन्नत, सभ्य, शिष्ट र सुखी बनाउन सक्षम हुन्छन् तथा समाजग्राह्य हुन्छन्। नेपालमा भने पछिल्ला राजनीतिक तीव्र परिवर्तनका साथमा कतिपय विकृति पनि भित्रिएका छन्। मूलतः धार्मिक, सांस्कृतिक सामाजिक क्षेत्र यसबाट बढी प्रभावित भएका छन्। तीमध्ये सनातनदेखि चलिआएको शास्त्रसिद्ध काजक्रियाका दिन घटाउने, सावधिक आशौचलाई तलमाथि पार्ने, पूजाआजामा बाधागर्ने, आदि आदि दुश्चेष्टा गरिएको छ। साथमा घर, गाउँ, शहर-बजार हुँदै देशभरि नै सनातन पद्धतिको विरुद्धमा विभिन्न नामधारी केन्द्रहरूको स्थापना र तिनलाई प्रोत्साहन गर्ने काम भैरहेको छ। सनातनी हिन्दु विरुद्ध चलखेल गर्ने यस्ता बाह्य पात्रमा नेपाली नै देखिएका छन् भने त्यसको भित्री उद्देश्यचाहिँ नेपाली पहिचान नै मेटाउनका लागि प्रवृत्त भएको देखिएको छ। नेपालीपन र पहिचान गुमाउने खालका यस्ता क्रियाकलापमा राजनीतिक क्षेत्र र विदेशी प्रभाव प्रमुखरूपमा अग्रसर भएको छ। तिनको कार्यसम्पादनशैली नेपाली वैदिक सनातन धर्म मास्नमा उद्यत रहेको छ। हाम्रो परम्परासिद्ध शास्त्रसम्मत धार्मिक पद्धतिलाई मास्न खोज्नेहरू बढ्दैछन्। नेपाली भेषमा नेपालीपनका विरुद्धमा काम भैरहेको छ। अतः सनातन हिन्दु समाजले अब हाकाहाकी बोल्नुपर्ने बेला आइसकेको छ। यसै पृष्ठभूमिमा अन्त्येष्टिका सम्पूर्ण काजक्रिया पाँचदिनमा सक्नुपर्छ भनेर एउटा अशास्त्रीय प्रकाशन गरेको देखिएको छ। यस सम्बन्धमा सनातन विद्वत् परिषद् नेपालसँग यस संस्थाले २०७३ सालको मध्यतिर विचार विमर्श अघि बढायो। यस क्रममा सम्बद्ध क्षेत्रका नेपालका विशिष्ट विद्वान्हरूसँग विभिन्न चरणमा गम्भीर शास्त्रमन्थन हुँदा समग्र वैदिक सनातन हिन्दु समाजलाई अन्त्येष्टि संस्कारका विषयमा आफ्नो शास्त्रपरम्परा र मर्यादाबोध गराउन र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसबाट विचलितहुनबाट जोगाउनका लागि **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** नामक आधिकारिक पुस्तक तयार पारी प्रकाशित गर्ने निर्णय भयो ।

त्यसको तयारीका लागि सोही सभाले प्रा.डा.देवमणि भट्टराई र सहप्रा. माधवप्रसाद पाण्डेय विद्यावारिधिलाई पूर्णरूपमा जिम्मा दियो । सोहीअनुसार विगत एक वर्षभन्दा बढीसमयसम्म लगातार खटेर विद्वान् गुरुद्वयले गरेको अथक प्रयासबाट नेपाली वैदिक सनातन हिन्दुहरूको धर्म, संस्कार, संस्कृति र परम्पराको संरक्षण एवं सम्बर्द्धन गर्नुपर्ने विभिन्न विधाहरूमध्ये अन्त्येष्टि संस्कारका विषयमा **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** नामक यो आधिकारिक कृति तयार भएको हो । अतः विद्वान् गुरुद्वय प्रा.डा.देवमणि भट्टराई र सहप्रा.डा. माधवप्रसाद पाण्डेयज्यूले नेपाली वैदिक सनातन हिन्दुहरूको धर्म, संस्कार, संस्कृति र परम्पराको संरक्षण एवं संबर्धनका लागि गर्नुभएको यस महत्त्वपूर्ण, उल्लेखनीय र स्तुत्य योगदानप्रति नेपाली वैदिक सनातन हिन्दुहरू सदा कृतकृत्य रहनेछन् ।

यस पुस्तकका लागि नेपाली वैदिक सनातन हिन्दुहरूको अन्त्येष्टि संस्कारका विषयमा समादरणीय विद्वान् लेखक गुरुज्यूहरूले आआफ्ना तर्फबाट आधिकारिक र प्रामाणिक लेखहरू तयार पारी लेखका माध्यमबाट ठूलो सहयोग गर्नुभएको छ भने कतिपय आधिकारिक संघसंस्थाका माध्यमबाट शास्त्रसम्मत र सन्त, महन्त, पण्डित, प्रोहित गुरुजनहरूले शास्त्रीय मन्तव्य दिई यस प्रयासमा सहयोग गर्नुभएको छ । अतः उहाँहरू सबैप्रति हिन्दु जागरण नेपाल हार्दिक आभार व्यक्त गर्दछ । यसकार्यको पूर्णताका लागि अत्यावश्यक पाटो प्रकाशनको जिम्मा पाएकोमा हिन्दु जागरण नेपालले आफूलाई धन्य धन्य ठानेको छ ।

यस कार्यमा आदरणीय विद्वान् गुरुज्यूहरूको समर्पणप्रति पुनः पुनः हार्दिक कृतज्ञताका साथमा सम्मान व्यक्त गर्दै भविष्यमा पनि यस प्रकारका विकृतिका विरुद्धमा र नेपाली वैदिक सनातन हिन्दुहरूको धर्म, संस्कार, संस्कृति र परम्पराको संरक्षण एवं संबर्धनका पक्षमा समाजलाई शास्त्रीय मार्गदर्शन गर्नका लागि सम्पूर्ण विद्वज्जनको महत्त्वपूर्ण योगदान रहनेछ भन्ने भरोसा यस संस्थाले गरेको छ । अन्त्यमा यस पुस्तकको प्रकाशनको सम्पूर्ण अभिभारा लिइदिनु भएकोमा **जगद्गुरु अनन्तश्रीविभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजश्री** प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । शास्त्रसम्मत ग्रन्थ तयार गर्ने विविध कार्यमा सहयोग गर्नुहुने विभिन्न संघ संस्था तथा आदरणीय व्यक्तित्वहरू मध्ये श्री दीर्घराज प्रसाईं, गुनेश्वर यादव मीना सुवेदी चित्रबहादुर केसी तथा आशिष कुमार बिनाडीमा हृदयतः आभार प्रकट गर्दछौं । यसबाहेक यस कार्यमा प्रत्यक्ष, परोक्षरूपमा सहयोग गर्नुहुने अन्य विद्वान्, सहृदयी, सहयोगी महानुभावहरूमा हिन्दु जागरण नेपाल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

हिन्दु जागरण नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयानुक्रमणिका

कस्को	के	कहाँ
जगद्गुरु		१
	संस्कृतम्	
आचार्यः पूर्णचन्द्रः ढुङ्गेलः	आर्यसंस्कृतिः	४
स्वामी रमणानन्द गिरि	शुभाशंसा	६
	शुभकामना	
स्वामी ज्ञानानन्द सरस्वती	शुभाशंसा	७
स्वामी आत्मानन्द गिरि	शुभाशंसा	९
स्वामी देवराज आचार्य	जननाशौच र मृताशौच...	११
प्रा. डा. वेणीमाधव ढकाल	अन्त्यपद्धतिका विषयमा	१४
प्रा. डा.माधव भट्टराई	स्वधर्मे निधनं श्रेयः	१६
डा.लोकराज पौडेल	ऋषिमहर्षिप्रणित शास्त्र ...	१७
नीलप्रसाद भण्डारी	सनातन धर्म र त्यसको मर्म	२०
	मूलभाग	
प्रा.डा. रामचन्द्र गौतम	पाँचदिने अन्त्यपद्धतिः सर्वथा शास्त्रविरुद्ध	२२
प्रा.डा. दीर्घराज घिमिरे	सूत्रात्मकरूपमा शास्त्रनिर्णय	३९
प्रा.डा. ऋषिराम पोखरेल	आशौच निर्णयमा शास्त्रप्रमाण	४०
सहप्रा.पुरुषोत्तम भट्टराई	अन्त्यपद्धतिका सन्दर्भमा	४४
प्रा.डा. साम्बराज आचार्य	"पाँचदिने अन्त्यपद्धति" अशास्त्रीय	४६
प्रा.डा. उमाकान्त शर्मा पौड्याल	पाँचदिने अन्त्येष्टि अशास्त्रीय	५०
प्रा.डा. देवमणि भट्टराई	सनातन धर्ममा अन्त्येष्टि संस्कार	५४
प्रा.डा. आनन्दप्रसाद घिमिरे	अन्त्येष्टि संस्कार एक दृष्टि	६४
सहप्रा.डा. गुरूप्रसाद सुवेदी	अन्त्यकर्मसम्बन्धी वस्तुसत्यप्रमाण	७२
डा लालमणि पाण्डेय	वैदिक सनातन धर्मको मर्म	८३
पं. वेदमणि रेग्मी	वयं राष्ट्रे जागृयामः पुरोहिताः	८८
प्रा.डा. रामचन्द्र गौतम	मृत्युसंस्कार : शास्त्रीय निर्णय...	९०
	विज्ञप्ति	
वाल्मीकि विद्यापीठ	विज्ञप्ति	१००
संस्कृतविभागाध्यक्षाणां	विज्ञप्ति	१०२
नेपाल पुरोहित संघ नेपाल	विज्ञप्ति	१०४
आचार्य पूर्णचन्द्र ढुङ्गेल	खण्डन गरिएको	१०६
सबै प्रमाणहरूको संक्षिप्त रूप		१०७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



ॐ
श्रीराधासर्वेश्वरो विजयते
जगद्गुरु श्रीनिम्बार्काचार्यो विजयतेतराम्
स्वस्ति श्रीमत्प्रचण्डचण्डरश्मिप्रतिभोद्भाषितदिङ्मण्डलानां
श्रीमन्निखिलमहिमण्डलाचार्यसत्तन्धानैकभाव सन्निहितचक्षुष्क
सर्वतन्त्रस्वतन्त्रयतिपतिदिनेशराजराजेन्द्रसमभ्यर्चितचरणकमलसकलसामान्यजन
हृदयान्तःस्थलवासिनेपालराष्ट्रमणीनां वराहक्षेत्रान्तर्गत प्राचीन हरिद्वार चतराधाम कुम्भनगरी
जगद्गुरुपीठ पीठाधीश्वराणां वैदिकसनातन धर्मसंरक्षणैकदृढव्रतानाम्



अनन्तश्रीविभूषितजगद्गुरुबालसन्तमोहनशरणदेवाचार्यमहाराजश्री

शुभसम्मति

प्रसन्नताको अनुभव र शुभसम्मति

धर्मशास्त्रहरूको व्याख्या गर्न त्यसको आधिकारिक व्यक्ति चाहिन्छ कसलाई आधिकारिक मान्ने भन्दा मुण्डकोपनिषद् द्वितीयखण्डको १२ मन्त्रले यसरी बताएको छ । **तद्विज्ञानार्थं सगुरुमेवाभिगच्छेत्समित्पाणिःश्रोत्रियं ब्रह्मनिष्ठम्** असल जिज्ञासु शिष्यले शास्त्रहरूको मर्म बुझेका शास्त्रज्ञ श्रोत्रिय ब्रह्मनिष्ठ वेदवेदाङ्ग मर्मज्ञ गुरुका शरणमा गई गुरुशरणागत भएर शास्त्रज्ञान आर्जन गरोस् । त्यस्तै श्रीमद्भगवद्गीतामा योगेश्वर श्रीकृष्ण भगवान् उपदेश गर्नुहुन्छ -

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥ गीता. ४ । ३४

वास्तविक सत्यकुरा बुझ्न खोज्ने मानिसहरूले गुरुका शरणमा गएर विनम्रतापूर्वक सेवागर्दै शास्त्रहरूको जिज्ञासा गरोस्, जान्न खोजोस् । त्यसपछि मात्र महापुरुषहरूले, गुरुजनहरुले वास्तविक शास्त्रहरूको र तत्त्वको उपदेश गर्नुहुन्छ । भगवान् श्रीकृष्ण अगाडि भन्नुहुन्छ - **यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव !** हे पाण्डुनन्दन ! आचार्य महापुरुषबाट सत्-शास्त्रको वास्तविकता बुझेपछि फेरि अन्धकाररूपी मोहमा पर्नुपर्दैन । त्यस्तो ज्ञान त्यंसैलाई मात्र प्राप्त हुन्छ जसले मातापिता, गुरु, आचार्य, स्वधर्म संस्कृति परम्परा रीतिरिवाज सँग श्रद्धा, निष्ठा र प्रेम गर्नुहुन्छ । **श्रद्धावाँल्लभते ज्ञानम्** श्रद्धाबिना ज्ञान हुँदैन । श्रद्धावान् शिष्यले गुरुकुलमा रहेर तत्तत् विषयका विशिष्ट विद्वान् गुरुजनहरूबाट शास्त्रज्ञान प्राप्त गर्नुपर्दछ । शास्त्रज्ञ विद्वान्मात्र शास्त्रको मर्म बुझेर उपदेश गर्दछन् । अल्पज्ञहरुको फन्दामा शास्त्र नपरोस् भनेर वेदपुरुष पनि भयले लगलग काँप्दै भन्नुहुन्छ- कतै अल्पज्ञहरूले शास्त्रको विपरीत अर्थ त गर्ने होइनन् भनेर !

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection





बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ।

वर्तमान समयमा त्यही कुरा देखिएको छ जस्को जुन विधामा अधिकार नै छैन त्यो विधामा कलम चलाउने भयङ्कर दुःसाहस शुरु भएको छ। यो विल्कुलै शास्त्रविरुद्ध छ । शास्त्रीय बलाबलका आधारमा प्रमाणहरू दुर्बल र सबल हुन्छन् । सबल प्रमाणका सामुन्ने दुर्बल प्रमाणलाई प्रमाणै मानिदैन, त्यस्तै पूर्वपक्ष भन्दा उत्तरपक्ष बलवान् हुन्छ। जसलाई शास्त्र नै थाहा छैन, शास्त्रीय बलाबल र पूर्वोत्तरपक्षकै ज्ञान छैन त्यस्ताले कलम चलाउनु भ्यागुताको प्रलापमात्र हो। दोस्रो कुरा शास्त्रमर्यादा र परम्पराविपरीत गरिएका कर्महरूका विषयमा स्वयं भगवान् श्रीकृष्ण प्रभुको यस्तो उद्घोष छ -

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
- न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥ गीता १७.२३

जसले शास्त्रको आदेशलाई उपेक्षा गरी मनोमानी ढंगले कार्य गर्दछ। उसले न सिद्धि, न सुख, न अन्तमा परमगति मोक्षलाई नै प्राप्त गर्न सक्दछ अर्थात् त्यसको निश्चय नै दुर्गति हुन्छ । तसर्थ आफ्नो दुर्गति र आफ्ना सन्तति एवं पितृहरूको अधोगति नहोस् भन्ने इच्छा भएका मानिसहरूलाई समयमै सचेत भएर शास्त्रमर्यादानुरूप कर्म गर्ने प्रेरणा दिदै भगवान् श्रीकृष्ण अगाडि भन्नुहुन्छ -

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥ गीता. १७.२४

त्यसकारण मानिसहरूले मोक्षको हेतु शास्त्रविहित कर्म नै गर्ने हो भन्ने जानेर शास्त्रीय विधिविधानअनुसार नै कर्म गर्नुपर्दछ । जसले गर्दा मनुष्य क्रमशः माथि उठ्दै जान सक्दछ , यसै बाट पितृहरूको उद्धार हुन्छ र सन्ततिहरूको पनि उन्नति प्रगति हुन्छ । शास्त्रविधान विपरीत कर्म गर्नु भनेको आफू स्वयं कर्तव्यबाट च्युत हुदैं अधोगतिमा जानु हो । <u>खरी भरेको</u>

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ
श्रीराधासर्वेश्वरो विजयते
जगद्गुरु श्रीनिम्बार्काचार्यो विजयतेतराम्
स्वस्ति श्रीमत्प्रचण्डचण्डरश्मिप्रतिभोद्भासितदिङ्मण्डलानां
श्रीमन्निखिलमहिमण्डलाचार्यसत्सन्धानैकभाव सन्निहितषट्षुष्क
सर्वतन्त्रस्वतन्त्रयतिपतिदिनेशराजराजेन्द्रसमभ्यर्चितचरणकमलसकलसामान्यजन
हृदयान्तःस्थलवासिनेपालराष्ट्रमणीनां वराहक्षेत्रान्तर्गत प्राचीन हरिद्वार चतराधाम कुम्भनगरी
जगद्गुरुपीठ पीठाधीश्वराणां वैदिकसनातन धर्मसंरक्षणैकदृढव्रतानाम् ·

अनन्तश्रीविभूषितजगद्गुरुबालसन्तमोहनशरणदेवाचार्यमहाराजश्री

मादल जति नै बजाए पनि संङ्गीतमा सार मिलाउन सक्दैन । त्यस्तै १३ दिनमा सम्पन्न गरिने दशगात्रादि क्रियाकर्मबाट विपरीत चलेका अनधिकृत व्यक्तिहरूले जति नै ठूलो अभियान चलाएपनि खरी झरेको मादल जस्तै बेकार हो ।

पाँचदिने अन्त्यपद्धति हेरियो, अशास्त्रीय नै रहेछ । धर्मशास्त्र विधिविपरीत यो पद्धति देखेर मन रोयो, सहन सकिएन । किनकि विधिहीन अशास्त्रीय पद्धति देखेर यसले समाजलाई सही बाटोमा हिँडाउन नसक्ने स्पष्ट भयो । समाजलाई सनातनधर्मको मूल बाटो हिँडाइरहन नेपालका तपोनिष्ठ, शास्त्रनिष्ठ, शास्त्रमर्मज्ञ विद्वत् समूहले समयको बोध गरी **सनातन धर्ममा अन्त्येष्टि संस्कार १३ दिने नै** भन्ने पुस्तक प्रकाशन गर्न लागेको थाहा पाएर अत्यन्त आह्लादको अनुभव भयो र तत्काल प्रकाशन गर्न उद्यत भएँ । **यस्तु क्रियावान् पुरुषः स विद्वान्** चरितार्थ भएको महसूस भयो । भगवान्ले सफल पार्नुभयो । यसका रथी हिन्दु जागरण नेपालका अध्यक्ष पं. रामकृष्ण उपाध्याय धन्यवादका पात्र हुनुहुन्छ । उहाँले **सनातन विद्वत् परिषद् नेपाल** मार्फत् यो काम गर्नुभयो । यस पुस्तकबाट अक्षुण्ण वैदिक सनातन हिन्दु धर्मको अन्त्येष्टि विधि सम्बन्धी कर्तव्य बोध भई विश्वमा रहेका चार अरब हिन्दुहरूको विशाल साम्राज्यमा महत्त्वपूर्ण योगदान पुग्ने छ र विश्वका सनातन हिन्दु समुदायमा श्रुतिस्मृति प्रतिपादित विशाल वैदिक सनातन धर्म निर्बाधरूपमा अगाडि बढिरहनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

www.jagadgurunepal.org.np, Email.: info@jagadgurunepal.org.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृतखण्डः

ॐ

यस्मिन् सृष्टि-स्थिति-ध्वंस-निग्रहानुग्रहात्मकम् ।
कृत्यं पञ्चविधं शश्वत् प्रपद्ये तं सदाशिवम् ॥

आर्यसंस्कृतिः

आचार्यः पूर्णचन्द्रः दुङ्गेलः
षट्शास्त्राचार्यः, विद्यावाचस्पतिः
पूर्वोपकुलपतिः, नेपालसंस्कृतविश्वविद्यालयस्य

पृष्ठभूमिः

आर्यसंस्कृतौ पौराणिकसाहित्यस्य महत्त्वपूर्णं स्थानमस्ति । तेषु पुराणेषु स्कन्दमहापुराणं सुदीर्घतमं महामहापुराणमस्ति । तदनुसारं कुत्र पुराणे कस्य महत्त्वं गीतमिति जिज्ञासायां तत्र लिखितेन **अष्टादशपुराणेषु दशभिर्गीयते शिवः। चतुर्भिर्भगवान् ब्रह्मा द्वाभ्यां देवी तथा हरिः ॥** इति श्लोकेन रहस्यं स्पष्टतया प्रकटितमस्तीति । पुराणोपपुराणेषु प्रथमस्य मत्स्यपुराणस्याऽपि महत्त्वमस्ति । सृंष्टिसंबन्धे कालगणनायां चोललेखनीयं योगदानं वर्तते । तदनुसारं सत्ययुगस्य समयः सप्तदशलक्षाष्टाविंशतिसहस्रवर्षाणि १७,२८००० । त्रेतायुगसय समयो द्वादशलक्ष-षण्णवति-सहस्रवर्षाणि १२,९६००० । द्वापरयुगस्य समयोऽष्टलक्ष-चतुषष्टिसहस्राणि ८,६४००० । कलियुगस्य समयश्चतुर्लक्ष-द्वात्रिंशत्सहस्राणि ४,३२००० सन्तीति ।

इदानीं यावद्धि सत्य-त्रेता-द्वापराणां त्रयाणां युगानां सप्तसप्तावृत्तयो जाताश्चलाचलस्य कलियुगस्य तु षडावृत्तयः सम्पन्नाः । सम्प्रत्येतस्य कलेः सप्तमावृत्तेः प्रथमश्चरणश्चलति । पञ्चसहस्रैकशताष्टादशवर्षाणि ५११८ जायमानानि सन्ति । अयं प्रथमचरणोऽग्रेऽप्येकलक्ष-द्विसहस्राष्टशत-द्वाशीतिः १, ०२, ८८२ वर्षाणि यावच्चलिष्यति । ततो द्वितीय-तृतीय-चतुर्थचरणानां तावांस्तावान् समय आगमिष्यतीति ।

पूर्वोक्तचतुर्युगानां चतुष्टयी यदैकसप्ततिवारं व्यत्येति तदैकमनोः कार्यकालः। सम्प्रति सप्तमस्य मनोर्विवस्वत्पुत्रस्य वैवस्वतस्य श्रीमतः श्राद्धदेवस्य मन्वन्तरं प्रचलति । अस्य अष्टाविंशतितमा युगानां चतुष्टयी वर्तते । अस्य मनोरवशिष्टो महान् कालो वर्तते । एतदनन्तरं च सावर्ण्यादीनां सप्तमादिमनूनामियान्नेव कालो यदा व्यत्येति तदा संवर्तः, प्रलयः, कल्पः, क्षयः, कल्पान्तश्चैभिः पञ्चभिः शब्दैर्बोध्यो महाप्रलयो भविष्यति । सप्तमादीनां मनूनां समस्तेषु कालेषु व्यतीतेषु संसारस्य समस्तभौतिकपदार्थानां नाशो भविष्यति । प्रत्यक्षज्यौतिषशास्त्रानुसारं गणना क्रियते चेदत्र यावत् एकार्वुद-पञ्चनवतिकोटि-सहिताष्ट-पञ्चाशल्लक्ष-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चपञ्चाशत्-सहस्रैकशताष्टादशवर्षाणि १, ९५, ५८, ५५, ११८ जातानि भवन्ति । विश्वस्मिन्नेतादृशो दीर्घ-दीर्घतम इतिहासोऽन्यत्र नाऽस्ति । विश्वस्य सर्वे समुन्नतिशीला वैज्ञानिकनाम्ना स्वीयप्रशंसापरा आर्यसंस्कृतेरतिशयितं महत्त्वं वीक्ष्य दोद्रुह्यन्ते । अनेकानि प्रलोभनानि दायं दायं आर्यवंशीयान् पथो भ्रष्टान् स्वीयांश्च कुर्वतेऽत्राऽस्माभिरवश्यं सावधानैर्भाव्यम् । आस्माकादर्शमहापुरुषर्षि-महर्षि-ब्रह्मर्षि-मनीषिभिः पूर्वजैः पवित्रतमार्यावर्तभूमौ स्थापिताः सञ्चालिताश्च परम्परा-संस्कृति-सभ्यतेतिहास-सनातनधर्मादयः सर्वोत्तमाः सन्ति । विश्वहितकारिणः सर्वसमाज-सर्वराष्ट्रोपयोगिनश्च सन्तीति नास्त्यत्र लेशोऽपि सन्देहः ।

विषयप्रस्तुतिः

अस्माकं समाजे द्विविधमाशौचं चलति वृद्धिशीलं जननाशौचं प्रथमम् । नैयून्यशीलं मरणाशौचमिति द्वितीयम् । एकादशे द्वादशे वाऽहनि जातस्य जातकस्य पिता नाम कुर्यात् । इति स्मार्तवचनानुसारं सर्वेऽपि प्रवर्तन्ते नाऽत्र विवादः । नैयून्याशौचे सम्प्रति विवाद उत्थापितोऽस्ति ।

पञ्चदिवसीयान्त्यपद्धतिनिर्मातृणः पारस्करगृहसूत्रस्य **त्रिरात्रं शावमाशौचम् ३। १०। २९** तथा **दशरात्रमित्येके ३। १०। ३०** इत्यनयोः सूत्रयोः पूर्वापरसंबन्धमनवलोक्य केवलमनयोः सूत्रयोः सामान्याभिधार्थपरकार्थं कुर्वन्तः, तत्रापि स्वानुकूलस्य प्रथमसूत्रस्याधारेणैव सर्वेषां कृते बलात् त्रिरात्रमात्रमाशौचं भवतीति कथयन्ति । परन्त्वत्र पञ्चदिवसीयान्त्यपद्धतिनिर्मातृणां कथनमास्माकादर्शमहापुरुषर्षि-महर्षि-ब्रह्मर्षि-मनीषिपरम्परा-विरुद्धमस्ति ।

निष्कर्षः

वस्तुतः, एतादृशी स्थितिर्नास्ति, यतोहि धर्मशास्त्रीयनिर्णयार्थं पूर्वापरप्रसङ्गानुसारेणापर-ग्रन्थकाराणां ग्रन्थानां चाध्ययनं विधाय शाखा-सूत्रादीनि विचार्य चात्र निर्णयो विधीयते, नहि एकैनैवाधारेण । सर्वेषां मृतानां कृते नहि एक एव विधिर्भवति अपितु यः कोऽपि पुरुषविशेषोऽकृतोपनयनः, या काऽपि नारी नजातोद्वाहा, एतादृशानां बाल्यकारणेन मृतानाम्, विषसेवनेन वृक्षादिषु प्रलम्बनेन चादिविधाभिरात्मघातिनां जातसंस्काराणामप्यत्र **त्रिरात्रं शावमाशौचमि**त्यस्य सूत्रस्यार्थग्रहणं विधीयते, नहि सर्वेषां मृतानां कृते । जातसंस्काराणां प्राकृतिकरीत्या मृतानां सर्वेषां कृते तु **दशरात्रपर्यन्तमेव** दशगात्रं कर्तव्यं भवतीति ।

अनेन प्रकारेणात्रास्मिन् स्वल्पकायेऽप्यास्माकादर्श-महापुरुषर्षि-महर्षि-ब्रह्मर्षि-मनीषिपरम्परानुकूलाऽऽन्त्येष्टि-संस्कार-सम्बद्धे बृहत्प्रमाणसङ्ग्रहग्रन्थे बहूनां राष्ट्रियविदुषां सचेतस्कत्वेन विचारेण परिस्कृतानि प्रमाणानि प्राप्तानि । एतैः प्रमाणैर्मानान्तरग्राहिणः पञ्चदिवसीयान्त्यपद्धतिपक्षपातिनः सर्वथा परास्ता भवन्तीति परमानन्दस्य विषयः । राष्ट्रदेवः श्रीपशुपतिनाथः सदास्मान् वैदिकसनातनधर्मपरायणान् संरक्षेदिति प्रार्थयन्नयं विश्राम्यतीति संक्षेपः । इति शम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृतखण्ड

शुभाशंसा

श्री १००८ स्वामी रमणानन्दगिरि
महेश सन्यास आश्रम, देवघाट

दशरात्रं शावशौचमित्यादिश्रुतिरब्रवीत् ।
प्राणात्ययेषु दुर्गेषु त्रिरात्रमिति च क्वचित् ।।

अनुकल्पव्यवस्थायाः न मुख्यत्वं कदाचन ।
परन्तु मौढ्यादज्ञानात् प्रथयन्त्येव दुर्धियः ।।

इच्छामृत्युर्महारोगे यस्मिन् देशे विधीयते ।
सामान्यकाले तस्यैवानुकृतिर्दण्डदायिनी ।।

संस्काराचारविषये सन्देहो जनमानसे ।
धर्मलोपं विनाशं वा कुर्यादेव न संशयः ।।

तस्माद् मुख्येन कल्पेन वर्तितव्यं गृहव्रतैः ।
दुस्तर्कं दुष्टबुद्धीनां न श्रोतव्यं कदापि तैः ।।

त्रयोदशाहविधिनैवान्त्यसँस्कारपद्धतिः ।
आलम्बनीयेति पक्षो शास्त्रसम्मतिरुत्तमा ।।

अन्त्येष्टिकर्मविषये योऽयं ग्रन्थः प्रकाश्यते ।
सर्वभ्रान्तिसमुच्छेदे समर्थः स्यादितीष्यते ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभकामनाखण्ड

शुभाशंसा

स्वामी ज्ञानानन्द सरस्वती
अध्यक्ष
नेपाल सन्त समाज

'वेदोऽखिलो धर्ममूलम्' (मनु)

सम्पूर्ण धर्मको मूल वेद हो । वेदबाट नै सबै आचार-विचार, मूल्य-मान्यता तथा धर्म-संस्कृतिको विकास भएको हो । वेद नै धर्म-संस्कार तथा सभ्यता र संस्कृतिको ज्ञानराशि हो । पौरस्त्य संस्कृतिको मूल स्रोत वेदले मुख्यत: धर्म र ब्रह्मको प्रतिपादन गरेको छ । वेदको धर्माधर्मनिर्णायक भागलाई कर्मकाण्ड र ब्रह्मतत्त्व निर्णायक भागलाई ज्ञानकाण्ड भनिन्छ । ज्ञान प्राप्त गर्ने अधिकारी बन्नका लागि कर्माचरण गर्नुपर्ने भएकाले व्यावहारिक जीवनमा कर्मकाण्डको ठूलो महत्त्व छ । गर्भाधानदेखि मृत्युपर्यन्तका सोह्र प्रकारका संस्कारहरू सबै वेदबाट नै निर्दिष्ट छन् । वेदमा वर्णित संस्कार विधिअनुसार जीवनलाई सुसंस्कृत बनाउन सके मानव जीवन सार्थक हुन्छ । वेदानुकूल आचरणका लागि नै हामीले मनुष्य शरीर प्राप्त गरेका हौं । **'आचारहीनं न पुनन्ति वेदा:'** अर्थात् आचारहीन व्यक्ति न पवित्र हुन्छ, न त पवित्र आचरण नै गर्दछ । त्यसैले **'वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्यय:** भन्ने हाम्रो वैदिक प्रमाण छ ।

वेदको कर्मभागमा नित्य, नैमित्तिक र काम्य कर्मको अनि नैमित्तिक कर्मअन्तर्गत दश-संस्कार, षोडश-संस्कार आदिको यथेष्ट व्यवस्था गरिएको छ । शास्त्रीय विधिअनुसार निर्दिष्ट कर्म गर्नु वैदिक सनातन धर्मानुयायीहरूको मुख्य कर्तव्य हो । षोडशसंस्कारअन्तर्गत गरिने अन्तिम कर्मलाई अन्त्येष्टि भनिन्छ । यो पनि एउटा इष्टि वा यज्ञ हो । यो कर्म पनि तोकिएका अधिकारीले तोकिएको समयमा गर्नुपर्छ । अन्यथा कर्तव्यच्युत हुँदा लाग्ने पापको भागी भइन्छ भने मृतक व्यक्तिको आत्माले असंस्कृत हुँदा प्रेत बनेर भौंतारिनुपर्ने अवस्था पनि आउँछ । असंस्कृत जीवको गतिका विषयमा पद्मपुराणान्तर्गत श्रीमद्भागवतमहापुराणको माहात्म्य देख्न सकिन्छ । यो केवल शास्त्रीय विषय मात्र नभएर लोकव्यवहारमा समेत अनुभव भइआएको विषय हो । नेपालमा प्राचीन कालदेखि धार्मिक अनुशासनमा आधारित समाज व्यवस्था रहिआएको छ । जुन वेदानुकूल व्यवस्था धर्मशास्त्रमा वर्णित छ । अत: धार्मिक मर्यादाको मेरुदण्डलाई नै आघात पुग्नेगरी अर्थको अनर्थ गर्ने र सनातन संस्कृतिको जग खल्बल्याउने दुष्प्रयास कसैले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुहुँदैन । अनधिकृत व्यक्तिको हातमा कानून पुग्यो भने यसको परिणाम भयङ्कर प्रत्युत्पादक पनि हुन जान्छ । प्रसङ्ग सनातन परम्पराको संस्कार सुधारका नाममा फैलाइएका भ्रामक प्रचारबाजीको हो ।

हाल केही गैरजिम्मेवार व्यक्तिहरूले मृत्युसंस्कारअन्तर्गत गरिने १३ दिने अन्त्येष्टि विधि र मृत्युपछि सपिण्डदाजुभाइसमेतलाई दशदिने आशौच लाग्ने शास्त्रीय पद्धतिलाई र परम्परालाई तोड्ने मनसायले ५ दिने काजक्रियासम्बन्धी पद्धति ल्याएको विषय अप्रामाणिक, अशास्त्रीय र अनुचित छ । त्यहाँ दिइएको भनिएको '**त्रिरात्रम् शावमाशौचं दशरात्रमित्येके**' भन्ने भनाइलाई पूर्वापर विचार गर्दा नित्य अग्निहोत्री र नित्य वेदाध्यायीहरूका निम्ति सो नित्यकर्म गर्नका लागि मात्र ३ दिन आशौच हुनछ भनिएको हो, किन्तु सबैले ३ दिने क्रियाविधि गर्न खोज्नु नितान्त अप्रामाणिक र दुश्चेष्टा हो । यसको कसैले पनि अनुकरण एवं अनुसरण गर्नुहुँदैन । आफ्नो कर्तव्याकर्तव्यको निर्णय गर्न शास्त्रवचन र सदाचार दुबैलाई हेर्नुपर्छ ।

यसको कसैले पनि अनुकरण तथा अनुसरण गर्नुहुँदैन । आफ्नो कर्तव्याकर्तव्यको निर्णय गर्न शास्त्रवचन र सदाचार दुवैलाई हेर्नुपर्छ । पूर्वोक्त कथित संस्कार सुधारको विषय शास्त्रविरुद्ध हो र हाम्रो परम्पराविरुद्ध पनि हो । अज्ञानवशात् कतिपयले कर्म गरेनन् वा प्रमाद गरे भने सम्झाएर उनीहरूलाई पनि कर्तव्यबोध गराउनु विद्वज्जनको दायित्व हो । उल्टै कर्म नगर्ने व्यक्तिको बहकाउमा लागेर अविधिपूर्वक स्वयं कर्म त्याग गर्दा आफैं पतित र प्रत्यवायभागी भइन्छ । अतः'वेदोक्त सनातन धार्मिक मर्यादालाई कसैले पनि छाड्नु हुँदैन भन्दै तेह्र दिने मृत्युसंस्कार शास्त्रीय तथा प्रामाणिक रहेको तथ्यलाई जनसमाजमा सुदृढ गराउने उद्देश्यले **सनातन विद्वत् परिषद् नेपाल**द्वारा अनुसन्धानात्मक कृति **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** प्रकाशित गर्न लागेकोमा यसको सर्वजनस्वीकार्यता रहोस् भनी भूतभावन भगवान् पशुपतिनाथसँग प्रार्थना गर्दछु। शं करोतु शंकरः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभाशंसा

स्वामी आत्मानन्द गिरि
गलेश्वर पीठाधीश अनन्त श्री विभूषित
महामण्डलेश्वर महाराज,गलेश्वर आश्रम देवघाट-५, तनहूँ

तस्मात् शास्त्रं प्रमाणं ते कार्याकार्य व्यवस्थितौ ॥
इति विधिनिषेधमूलं शास्त्रम् ॥

शास्त्र विधि तथा निषेध मूलक हुन्छ । शास्त्र शब्दको अर्थ हुन्छ शासन गर्ने र रक्षा गर्ने । चौरासी लाख योनी भ्रमण गर्दा स्वच्छन्दता पूर्वक विचरण गरिरहेको संस्कार लिएर मनुष्य जन्ममा आएको जीवात्मालाई मनुष्य जन्ममा पनि स्वच्छन्दता नै मन पर्दछ । अनुशासन मन पर्दैन । शास्त्रले जीवात्माहरूलाई दुईवर्गमा वर्गीकरण गरेको छ- प्राकृतजीव तथा संस्कृतजीव । मनुष्य इतर सबै प्राणी प्राकृत हुन् । मनुष्यहरूमा पनि प्राकृत र संस्कृत दुई वर्ग हुन्छन् । शास्त्रसंस्कारद्वारा सुसंस्कृत भएका मनुष्यहरू संस्कृत हुन्छन् र शास्त्रसंस्कारद्वारा संस्कृत नभएका मनुष्यहरू प्राकृत हुन्छन् । सामान्यतया पनि पूजा आदि कार्यमा पूजा हेतु एकत्रित गरिएका सामग्रीहरूलाई पूजा पूर्व प्रोक्षण आदि क्रियाद्वारा मन्त्रोच्चारण पूर्वक सुसंस्कृत गर्ने विधि पनि छ । गीतामा भगवानले अर्जुनलाई सम्झाउँदै भन्नुभएको छ- **यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः । न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ।** जसले शास्त्रविधिको उल्लङ्घन गर्दछ त्यस्ले न त यस लोकमा सिद्धि अर्थात् कीर्ति न परम गति नै पाउँदछ । अर्थात् इहलोक र परलोक दुवै विग्रिन्छ ।

विधिपूर्वक कर्म गरेर यो लोक र परलोक दुवै लोक सुधार्नु वैदिक सनातन धर्मको उद्देश्य थियो र रहेको पनि छ । आजको मनुष्य विधिपूर्वक नभई स्वबुद्धिपूर्वक आफूलाई लागेअनुसार कर्म गरेर इहलोक सुधार्नु पर्दछ, परलोक कसले देखेको छ र भन्छ ।

पहिले शास्त्रद्वारा मानव समाजलाई अनुशासित गरिन्थ्यो भने अहिले शासनद्वारा अनुशासित गर्न खोजिएको छ । अहिले शास्त्रमाथि शासन हावी भएको छ । शासनभन्दा पनि झन् शासकहरू हावी भएको अवस्थामा वैदिक सनातन धर्ममाथि ठूलो चुनौति आइपरेको छ । पहिले धर्मछाडाहरूलाई राज्यले राजदण्ड दिन्थ्यो भने अहिले धर्मछाडाहरूलाई राज्यले नै पुरस्कृत गर्ने गरेको छ । यस अवस्थामा वैदिक सनातनधर्ममाथि ठूलो चुनौति आइपरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रा ऋषिमुनिहरूले लामो समयसम्म साधना गरेर मान्य विकासका उपायहरूलाई पत्ता लगाएर संस्कार पद्धति र विधिनियमहरू बनाएका थिए। त्यसैकारणले हाम्रो भूमिमा हाम्रो धर्ममा ऋषिमुनि र मनीषीहरूको जन्म अवतार हुनेगरेको थियो । आजको सन्दर्भमा हाम्रो वैदिक समाज दुईतिरको अवैदिक समाजको संस्कृति र धर्मको चेपुवामा परेको छ । पूर्वको मंगोलियन संस्कार तथा पश्चिमको संस्कार संस्कृतिको दबावमा परेको यस्तो अवस्थामा हाम्रो गौरवमय वैदिक धर्म संस्कृति र संस्कारलाई जोगाई राख्न चुनौतिको रूपमा आइपरेको छ ।

यस्तो अवस्थामा नेपालका विद्वद्वर्ग तथा पण्डित पुरोहित समाज एकत्रित भएर संयुक्त प्रयासमा अशास्त्रीय नवसुधारवादको खण्डन हुनुमा मलाई खुशी लागेको छ । शास्त्रीय १३ दिने अन्त्यकर्मपद्धतिको अनुसरणमा थप योगदान पुऱ्याउन सनातन विद्वत् परिषद् नेपालले सनातन धर्मावलम्बीहरूको इहलोक र परलोक सुधार्न गरेको कार्य प्रशंसा गर्दछु ।

यस अभियानलाई मेरो पूर्ण समर्थन छ । सफलता मिलोस् यही शुभकामना छ ।

मिति २०७५।०३।२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमते रामानुजाय नमः

जननाशौच र मृताशौचका सम्बन्धमा

देवराज आचार्य
अध्यक्ष
श्रीवैष्णव परिषद्, नेपाल

अखिल ब्रह्माण्ड नायक जगज्जन्मादिकारण परमात्मा श्रियःपति श्रीमन्नारायण प्रभुका अहेतुकृपा प्रसादले चौरासीलाख जन्म घुमेको जीवात्माले मानवजन्म पाउने सुअवसर प्राप्त गरेको हुन्छ । पुनः चौरासी लाखमा जीवात्माले जान नपरोस्, तदर्थ परमात्माले विधि-निषेधात्मक वेदादि शास्त्र प्रकट गर्नुभएको हो ।

वेदमा दुईभाग छन् कर्मभाग र ज्ञानभाग। ज्ञानभाग-उपनिषद्भाग हो, जसमा जीव, प्रकृति र ईश्वर (ब्रह्म)को विशेष चर्चा छ र मुक्तिमार्गको निर्देशन गरिएको छ, जसबाट मिल्ने फल अनन्तकाल पर्यन्त परमानन्द-मोक्ष प्राप्त गर्नुमा नै छ ।

कर्मभागमा विविध यज्ञसम्पादन विधि, कर्मकाण्डका विविधपक्ष र निषेकादि श्मशानान्त कर्मको समेत निर्देशन गरिएको छ । गर्भाधानदेखि श्मशानपर्यन्तका सबै कर्मलाई नैमित्तिक कर्म भनिन्छ, जसलाई निर्वाह गर्न परम आवश्यक हुन्छ नगरेमा प्रत्यवाय (पाप) लाग्छ, र प्रायश्चित्त गर्नुपर्ने हुन्छ । प्रायः यी सबै कर्म गृह्यसूत्रहरूमा वर्णित छन् । गृह्यसूत्र पनि शाखासूत्रअनुसार बनेका छन् । वेदका शाखाअनुसारका गृह्यसूत्र- ११५० छन् भनिएको छ, तर वर्तमानमा ५० मात्र पाइन्छन् भनिएको छ, परन्तु उपलब्ध छन् कि छैनन् निश्चय छैन । ती गृह्यसूत्रमा पनि सबैमा षोडश सस्कार छैनन्, कसैमा १३ संस्कार, कसैमा १८ संस्कार त कसैमा ८, २५, ४०, ४८ संस्कारसम्म पनि देखिएको छ । पारस्कर गृह्यसूत्रमा १३ संस्कार मात्र छन् आफ्ना शाखाअनुसारका गृह्यसूत्रमा १६ संस्कार छैनन् भने पनि अन्यगृह्यसूत्रबाट ल्याउन सकिन्छ यसरी १६ संस्कार पूर्ण गर्न सकिन्छ ।

पारस्कर गृह्यसूत्र शुक्लयजुर्वेदको माध्यन्दिनीय र काण्वशाखाको मात्र गृह् यसूत्र हो । वर्तमानमा माध्यन्दिनीय शाखाको मात्र अध्ययन अध्यापन नेपाल र उत्तर भारतमा चलेको छ, यद्यपि वेदाध्ययन गोत्रअनुसार कुन वेदको कुन शाखा हो त्यहीअनुसार अध्ययन अध्यापन हुनुपर्दछ। दक्षिण भारतमा गोत्रअनुसारकै कुन वेदको कुन शाखा हो त्यहीअनुसार अध्ययन गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पारस्कर गृह्यसूत्रका विषयमा अन्य स्मृति, पुराणका विषयदेखि कति स्थानमा भिन्न छन् । जस्तै- शिशुलाई जे बनाउने हो उसको अन्नप्राशन समयमा तेस्तै खालका खाद्य वस्तु खुवाउने विधि पाइन्छ। जस्तै- वाग्मी (वाचा बनाउनका लागि भरद्वाजी पक्षीको मासु प्राशन गराउनु, अन्नभक्षणको यो बनाउनु छ भने कपिञ्जलको मासु खुवाउनु, जीवनको कामना छ भने मा खुवाउनु, आयुष्कामना छ भने कृकषाको प्राशन गराउनु एवं सबै नै चिज शिशु आओस् भन्ने कामना छ भने उक्त सबै नै प्राशन गराउनु भनी यसरी पारस्क गृह्यसूत्रमा निर्देश गरिएको छ । अन्य शास्त्रमा यसरी शिशुलाई अन्नप्राश गराउन निषेध गरिएको छ । निर्णयसिन्धुमा शिशुलाई अन्नप्राशनमा खुवाउनु भनिएको छ र त्यसको प्रमाण पनि दिइएको छ । पारस्कर गृह्यसूत्र अन्नप्राशनलाई लिएर संस्कृतमा भनिएको छ- **भारद्वाजस्य मांसेन वाक्प्रसारकामस्य कपिञ्जलमांसेनान्नभक्षणकामस्य, मत्स्यैर्जीवनकामस्य, कृकषाया आयुष्कामस्य स सर्वकामस्य इति ।**

पास्कर गृह्यसूत्रमा यज्ञोपवीत संस्कारमा यज्ञोपवीत (जनै) धारणको सू नै छैन, अर्थात् विधानै छैन । कर्काचार्य हरिहर आदि प्राचीन टीकाकारहरू भनेका छन्- त्यस गृह्यसूत्रमा यज्ञोपवीत धारणको सूत्र नभए पनि ब्रह्मचारी गृहस्थ, वानप्रस्थ सबै आश्रमवासीले सदा यज्ञोपवीत धारण गर्नुपर्छ भनेर अन्य भनिएकोले अवश्य धारण गर्नुपर्छ । संस्कृतमा पनि **कात्यायनेन सामान्य सदा यज्ञोपवीतधारणस्मरणात् यज्ञोपवीतधारणात् तावदुपनयनप्रभृति प्राप्त** भनिएको छ ।

अब प्रसंग छ- जन्म र मरणाशौचका विषयमा पारस्कर गृह्यसूत्रमा ३ दि मात्र मरणाशौच बार्नुपर्छ लेखिएको छ **त्रिरात्रं शावमाशौचम्, दशरात्रमित्येके** कसैले दशरात्र भन्दछन् आदि । निर्णयसिन्धुमा- अंगिराको बचन भनेर लेखिएको छ-

सर्वेषामेव वर्णानां सूतके मृतके तथा ।
दशाहाच्छुद्धिरेतेषामिति शातातपोऽब्रवीत् ॥

यसमा सबै ब्राह्मण आदि वर्णको लागि सूतक-मृतक दुवै आशौच १ दिन बारेपछि मात्र शुद्ध हुन्छ भनिएको छ । यसै निर्णयसिन्धु पञ्चम परिच्छेदमा भनिएको छ- **जाते विप्रो दशाहेन द्वादशाहेन भूमिपः । वैश्यः पञ्चदशाहेन शूद्रो मासेन शुद्ध्यति** (पराशर) । यसमा भनिएको छ- जननाशौचमा ब्राह्मण १ दिनमा, क्षेत्री १२ दिनमा, वैश्य १५ दिनमा, र शूद्र १ मासमा शुद्ध हुन्छ । यसै जननाशौच र मरणाशौचमा विभिन्न मत छन् । ब्रह्मचारी, वेदाध्ययनशील

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अग्निहोत्री, नित्यहवनकर्ता र विशेष कर्म गर्नेहरूको लागि अझ अर्कै नियम छ । जे होस् प्राचीनकालदेखि नै शिष्ट परम्पराअनुसार जनन र मरण आशौच १० दिनमा नै शुद्ध हुन्छ यही यथार्थ हो । मरणाशौच ११, १२, १३ दिनमा गर्नुपर्ने कर्महरूमा ११ दिनमा एकादशाहका कार्यहरू, वृषोत्सर्ग, मध्यमषोडशी, उत्तमषोडशी आदि र १२ दिनमा सपिण्डीश्राद्ध, १३ दिनमा, उत्तरपाथेय श्राद्ध र दान-दक्षिणा हुन् । यी पनि अवश्य कर्तव्यमा आउँछन् । त्यसैगरी जननाशौचमा पनि १० दिन, रात्रिसम्मको आशौच सकिएपछि एघारौं दिनमा पिताले नवजात शिशुको नामकरण संस्कार सम्पन्न गर्नुपर्छ ।

भारतको (भावा) परमाणु केन्द्रमा ३ वर्षसम्म कार्यरत एक वैज्ञानिकले भनेका थिए- "शरीर सञ्चालक हुन्छ एक प्रकारको ऊर्जा, त्यो ऊर्जा रहेसम्म शरीरमा कार्यक्षमता रहन्छ, त्यसले छोडेपछि मरेको भनिन्छ । त्यो ऊर्जा १२, १३ दिनसम्म संक्रामक बनेर घुमिरहन्छ । त्यसै कारणले सनातन हिन्दुसमाजले कसैको मृत्युपछि त्यस संक्रामक ऊर्जाबाट बच्नका लागि अन्त्येष्टि क्रियाका लागि १३ दिनको व्यवस्था बनाएका हो ।" कसैको मृत्युपछिका १३ दिनसम्म गरिने कर्म नै शिष्टाचारसम्मत शास्त्रीय यथार्थ पद्धति हो, वैदिक सनातन धर्मको मान्यता यही हो । यसमा अन्यथा गर्न खोज्नु सनातन धर्मविरोधी कृत्य हो । वेला वेलामा आइरहने यस्ता भ्रामक कुप्रचारबाट बचेर आफ्नो परम्परामा चलिआएको १० दिने जननाशौच र १३ दिने शास्त्रीय काजक्रियाको व्यवस्थामा निरन्तर रहिरहनु हामी सबैको कर्तव्य हो । हामी सबैको प्रवृत्ति यतैतर्फ रहोस् । ॐ शान्तिः शान्तिः शान्तिः ॥

श्रीलक्ष्मीनारायण मन्दिर, धनगढी कैलाली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपद्धतिका विषयमा

प्रा. डा. वेणीमाधव ढकाल
अध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय, सेवा आयोग

संस्कार सुधार समाजले तयार गरेको पाँचदिने अन्त्यपद्धति हिजोआज सनातन धर्मलाई पच्छ्याउने नेपाली समाजमा चर्चा र विवादको विषय बनेको छ। **मनुस्मृति, निर्णयसिन्धु, धर्मसिन्धु** आदि शास्त्रीय ग्रन्थका आधारमा कलिकालमा संस्कारहरूलाई जीवित राख्न अन्त्यकर्मको अवधि पाँचदिन गराउनु उचित हुन्छ भन्ने तथ्य प्रस्तुत गरिएको छ । शास्त्रको मर्मबोध नगरी मनपरी अर्थ लगाउँदा जसले पनि आफूले चाहेअनुसारको विधि तयार पार्न सक्छ । व्यक्तिको इच्छामा आधारित ती विधिहरू शास्त्रविपरीत हुनाले आम नरनारीहरूलाई भ्रान्त तुल्याउँदै धर्मलोप गराउने कार्यमा सहयोगी हुन आउँछन् ।

त्यसैले यस्ता अप्रामाणिक विधिका आधारमा कार्य गर्न हुँदैन र यस्ता विधिका निर्माताहरूले पनि वेदपुरुषबाट प्रतिपादित सनातन धर्मको जरो काट्न हुँदैन। यसरी पाँचदिनमा अन्त्येष्टिकर्म सम्पन्न गर्दा केही अर्थलोलुप मानिसहरूलाई क्षणिक लाभ हुनसक्छ । त्यस्तो क्षणिक लाभले जिन्दगी जाँदैन ।

मानवचोला अस्थिर छ । यहाँ जतिसुकै जायज, नाजायज काम गरे पनि ती कर्महरूको सत्यासत्य परीक्षण गर्ने तुलाधर अर्कै छ । त्यसको डर सबैमा हुनुपर्छ । हामी आफूलाई हिन्दू मान्दछौं भने हाम्रो कर्तव्यनिर्देशक संविधान **वेद** र धर्मशास्त्र हुन् । ती शास्त्रहरूको विपरीत आचरण गर्ने हो भने हामीले किन आफूलाई हिन्दू मान्ने ? जहाँ सजिलो लाग्छ, त्यहीं गए भयो । जहाँ मनपरी गर्न पाइन्छ, त्यही संस्थामा आफूलाई आबद्ध गराए भयो, तर यस्ता अनर्गल प्रचार गरेर सनातन धर्म, सनातन हिन्दूसमाज, सनातन संस्कारमा दखल दिने अधिकार कसैलाई पनि छैन । **निर्णयसिन्धु, धर्मसिन्धु र मनुस्मृति**का प्रमाण दिएर मनपरी अर्थ गरी समाजलाई अन्धकारतर्फ धकेल्ने काम गर्ने, त्यस्ता कामको अनुमोदन गर्ने, त्यस्ता काम गर्न प्रेरित गर्ने सबैले यस्ता विचारको दुष्परिणाम भोग्नुपर्ने हुन्छ । त्यसैले हामीहरू सावधान बनौं ।

पास्करगृह्यसूत्रमा प्रस्तुत **'त्रिरात्रं शावमाशौचम्'** भनी गरिएको उल्लेखमा आधारित भई याज्ञवल्क्य, पराशर आदिले पनि सोही कथनलाई समर्थन गर्ने गरी आफ्ना वचनहरू प्रस्तुत गरेका छन् । **पास्करगृह्यसूत्र**को उक्त वचनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्याख्या गर्ने कर्क, जयराम आदिले पनि सोहीअनुसारको व्याख्या गरेको पाइन्छ । उक्त वाक्य र अन्य ग्रन्थहरूको यससम्बन्धी आशय ब्रह्मचारी र अग्निहोत्रीलाई सपिण्डको आशौच तीनरात लाग्छ; चूडा गरेको तर उपनयन नगरेको बालकको आशौच सपिण्ड बन्धुबान्धवलाई तीनरात लाग्छ भन्ने नै हो । एउटा प्रसङ्गको अर्थ र तात्पर्यलाई अर्को प्रसङ्सँग जोडेर मृताशौचमा तेह्रदिनसम्म गर्नुपर्ने अन्त्येष्टिकर्मलाई पाँचदिनमा सम्पन्न गर्न चाहनु तदनुकूलका सम्पूर्ण पद्धति नै तयार गर्नु सरासर वैदिक सनातन धर्ममाथिको आक्रमण हो र यो घोर सामाजिक अपराध हो ।

'अत: वेदोक्त सनातन धार्मिक मर्यादालाई कसैले पनि छाड्नु हुँदैन । तेह्र दिने मृत्युसंस्कार शास्त्रीय तथा प्रामाणिक छ । यस तथ्यलाई जनसमाजमा सुदृढ गराउने उद्देश्यले **सनातन विद्वत् परिषद्**द्वारा अनुसन्धानात्मक कृति **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** प्रकाशित गर्न लागेकोमा यसका लागि सम्बद्ध सबैमा विशेष साधुवादका साथै यो कृति आवश्यक सबै ठाउँमा पुगोस् र सबैको बुद्धि समयमै पलाओस् ! **जयतु धर्म-संस्कृति-संस्कारः ।**

नेपाल पञ्चाङ्ग निर्णायक समितिको हार्दिक अनुरोध

वैदिक सनातन धर्मावलम्बी, सदाचारी नैष्ठिक जनहरूले नेपाल सरकार संस्कृति मन्त्रालय अन्तर्गत नेपाल पञ्चाङ्ग निर्णायक समितिद्वारा निर्णित पञ्चाङ्गहरुमात्र प्रयोग गर्नुहुन अनुरोध छ ।

नेपाल पञ्चाङ्ग निर्णायक समिति

अध्यक्ष प्रा. डा. रामचन्द्र गौतम तथा

सदस्य सचिव ज्यो. पं. सूर्यप्रसाद ढुङ्गेल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्मे निधनं श्रेय:

प्रा.डा. माधव भट्टराई
अध्यक्ष-राष्ट्रिय धर्मसभा, नेपाल

सनातन धर्म विश्वकै सर्वप्राचीन र सर्वोत्तम धर्म हो । यस्तो उदार र जीवनोपयोगी धर्मको मर्म अत्यन्त गूढ र व्यापक छ । हजारौं वर्षदेखि आर्षचिन्तन र दिव्य दर्शनबाट अनुप्राणित, अनेकानेक सन्त र मनीषीहरूबाट अभिप्रेरित अनि असंख्य चिन्तक विचारकहरूबाट अग्रसारित सनातन धर्मको महत्ता अद्वितीय र अजेय छ । सनातन धर्ममाथि अकारण अमर्ष राख्नेहरू पनि धेरै निस्केका छन् । यसका अद्भुत वैशिष्ट्यमाथि प्रहार गरेर धर्मका नाउँमा चलाइएका आफना सम्प्रदायको महिमा मण्डन गर्नेहरू हाल सलबलाइरहेका छन् । त्यसैले सनातन हिन्दुधर्ममा प्रचलित उदात्त परम्परा र उत्कृष्ट संस्कार पद्धतिको आलोचना गर्ने र सकेसम्म सनातन प्रथा नै खल्बल्याउने कोसिस गरिँदै छ। यसै सन्दर्भमा हाल केही समयदेखि अन्त्येष्टि कर्मलाई छोट्याउने भनेर हाम्रो गौरवशाली शास्त्रीय पद्धतिमाथि ठाडो हमला गर्न थालिएको छ । यो हामीलाई सह्य छैन ।

खासगरी केही क्रीतदासहरू १३ दिनमा सम्पन्न गर्नुपर्ने अन्त्येष्टि क्रियालाई ७ दिनमा या ५ दिनमै पूरा गर्ने खोक्रो, अव्यावहारिक, अशास्त्रीय र अत्यन्तै निन्दनीय विचार लिएर कतिपय सनातनीहरूलाई भड्काउने कुविचारले प्रेरित भएर अगाडि आएका छन्। यस अवस्थामा वैदिक सनातन धर्मका पक्षधरहरू सावधान भई आफ्नो संस्कार र उपासना पद्धतिमा खडा रहनुपर्दछ। तिनका भ्रमपूर्ण, द्वेषपूर्ण र अन्यायपूर्ण अवधारणाका पछि लाग्नु हुँदैन । यस्ताका लहैलहैमा लागेर गरेका अशास्त्रीय काजक्रियाकर्तालाई शास्त्रीय सही मार्ग देखाई प्रायश्चित्तको बाटो देखाउनुपर्छ र पुन: विधिसम्मत काजक्रिया गराउनुपर्दछ। यस सन्दर्भमा हाम्रो शास्त्रीय मूलमर्ममा आधारित रही नेपाली विद्वान्हरूद्वारा तयार पारिएको नेपाली संस्कृति, शास्त्रीय परम्परा र वैदिक मान्यताको स्पष्ट दिग्दर्शन गराउने महत्त्वपूर्ण कृति **सनातनधर्ममा अन्त्येष्टि संस्कार १३ दिन नै** प्रकाशित हुन लागेकोमा म यो तयार गर्ने र प्रकाशन गर्ने सबैमा हार्दिक साधुवाद दिन चाहन्छु। नास्तिक धर्मविरोधीहरू आफूखुसी गरुन्, हामीले त्यसमा चासो राख्नु पर्दैन, तर यस्तै गर्नुपर्छ, अर्थात् क्रियाकर्म ५ दिनमा झार्नुपर्छ भन्छन् भने सहनु हुँदैन। सबै सनातनधर्मी आस्तिक महानुभावहरूले खुलेर आफ्नो धर्म, दर्शन, परम्परा, शास्त्रको पक्षमा विचार राखौं। ती परास्त हुनेछन्। इतिहासमा पनि यस्ता कुमार्गीहरू जन्मेका थिए, तर हाम्रा पूर्वजले कठोरतासाथ तिनको सामना गरेका प्रमाणहरू भेटिन्छन् । त्यसैले भनिएको हो **"स्वधर्मे निधनं श्रेय: परधर्मो भयावह:"** यिनै शब्दका साथ यस कृतिको प्रकाशनको सफलताका निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऋषिमहर्षिप्रणीत शास्त्र मानवले थपघट गर्ने विषय होइन

डा.लोकराज पौडेल

अध्यक्ष- विश्व ज्योतिष महासंघ

ज्योतिषशास्त्रले काल गणना गरी निर्धारण गरेको शुभ मुहूर्तमा संस्कारादि शुभकार्य गर्दा विशेष फल पाइन्छ । विशेष फल प्राप्त गर्ने विधि धर्मशास्त्रले निर्देश गर्दछ भने विशेष फल प्राप्तिका लागि शुभ समयको निर्देश ज्योतिषशास्त्रले गर्दछ । यसैकारण ज्योतिषशास्त्र र धर्मशास्त्र एक अर्काका परिपूरक मानिन्छन् । एकको अभावमा अर्को लङ्गडो हुन्छ, काम चल्दैन । धर्मशास्त्रमा केही खलबल मच्चियो भने ज्योतिषले दृष्टि दिएकै हुन्छ । त्यहाँ ज्योतिषको दृष्टि आफै पुगेको हुन्छ ।

आशौच धर्मशास्त्रको विषय हो । आशौच बार्नु कसैको रहरको विषय होइन । बाध्यता र पितृहरूको सद्गति एवं उद्धार कसरी हुन्छ ? भन्ने विषयले पिरोलेर नै यससँग सम्बन्धित वर्ष दिनसम्मका इतिकृत्य गरिन्छन् । हाम्रा पितृहरू धुन्धुकारी नबनून् भन्ने हेतुले धर्मशास्त्रीय विषयको उठान भएपछि त्यसको साङ्गोपाङ्ग कर्तव्यको ज्ञान धर्मशास्त्रका ग्रन्थहरूले निर्धारण गरेका हुन्छन् । धर्मशास्त्रले विषयको उठानमात्र गरेका हुँदैनन्, उठान गरेका विषयहरूलाई साङ्गोपाङ्ग कर्तव्यबोध गराई दिन नै निर्धारण गरी यस यस दिन यसो यसो गर्नू भनी दिन र विधिलाई समेत निर्धारण गरेको पाइन्छ । कसैले पिताजीले धेरै माया गर्नुहुन्थ्यो भनेर म ३ महिना क्रिया बार्छु भन्न पनि पाइँदैन भने हेला गर्ने बाबुको ३ दिन मात्र बार्छु वा बार्दै बार्दिनँ भन्न पनि पाइँदैन । समग्रमा १३ दिनको विधि विधानअनुसार काजक्रिया गरी महिना महिनामा मासिक गर्दै वार्षिक श्राद्धसम्म गर्दै जानु नै एक सत्पुत्रको स्वपितृहरूप्रति गर्नुपर्ने कर्तव्य देखिन्छ । संस्कार गर्ने भनेको हचुवाका भरमा होइन, शास्त्रका आधारमा हो । दिनको व्यवस्था किन भन्दा एक परिपाक कालको निर्देश हो भने इतिकृत्य भनेको उसले प्राप्त गर्ने माध्यम वा प्राप्य विषय परिपूर्ण बन्न सक्ने विषय हो । त्यसैले जुन जननाशौचमा सपिण्डादि बन्धुलाई दशरात्र आशौच लाग्दछ भनेको हो भने मृताशौचमा सपिण्डादिलाई दशरात्र र पुत्रादि क्रियाकर्तालाई १३ दिन भनिएको हो । उत्तर पाथेय श्राद्धको काल नै सपिण्डी श्राद्धको भोलिपल्ट भएपछि सपिण्डी १२ दिन नै निर्धारित छ, वरपर छैन । अनि कसरी ३ दिन वा ५ दिनमा काजक्रिया सकिन्छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म नचलेकाहरूको विषय र कर्म चलेकाहरूसँग समान दिन संख्या हो भन्नु शास्त्राध्ययनको कमी हो वा सनातन धर्म नमान्नेको वा मास्न खोज्नेको निर्देशित कार्य हो । शास्त्रको सामान्य ज्ञान भएकाहरूले यस्तो कार्यको कल्पनासम्म गर्दैनन् कि पाँच दिनमा काज क्रिया सकिन्छ भनेर । **"स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः:"** भनेकाले र **"श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः"** भनेकाले पनि हाम्रो सनातन धर्मशास्त्र वेदादि प्रतिपादित धर्म रहेछ र यसलाई छोड्न नहुने कुराको निर्देश यी प्रमाणले पुष्टि गरेको छ ।

नेपालमा २०६२/०६३ को आन्दोलनपछि ज्योतिषशास्त्रलाई पनि खलल पुऱ्याउने खालका उद्दण्ड कार्य गरेको देखियो । जव कि संभव नै नभएको ११ महिनाको वर्षको कल्पना र मलमासका कृत्यको समूल विनाश तथा फलितज्योतिष र धर्मशास्त्रका विषयवस्तुको पूर्ण विनाशका लागि केही व्यक्तिहरू लागि नै परे । विश्वका ज्योतिषीहरूका अनेक सम्मेलनमा जाँदा यस विषयमा कुरा उठाउनुपर्ने अवस्था आयो । सबैले विषयबोध गर्दा गराउँदा यस्तो गलत कुराको पछि नलाग्न विश्वका सवै ज्योतिषीहरूले नेपाली ज्योतिषी पण्डितलाई निर्देशन नै दिए । त्यही निर्देश दिँदै सचेत गराउनुपर्ने अवस्था आयो । हुनै नसक्ने कुरा उठाई त्यही नभएको कुरालाई "होइन" "होइन" भन्नुपर्ने अवस्था पनि आयो नेपालमा । त्यसका कतिपय प्रतिहरू अझै पनि सुरक्षित छन् । हाल आएर अर्को तत्त्व धर्मशास्त्रमा प्रहार गरी लौ काजक्रिया घटाउनु पऱ्यो भनी संस्कार मास्ने काममा उद्यत देखियो । विभिन्न जातिमा महिनादिनसम्म चल्ने चाडपर्व चलेका छन् । तिनीहरूमा त्यस्तो घटाउने चेष्टासमेत सोचिँदैन, बरु हामीकहाँ त्यसै वहानामा राष्ट्रिय कार्यक्रम पनि सारिन्छन्, तर ज्योतिष र हिन्दु धर्ममाथि जानाजान कत्रो प्रहार ?

यस्तो दुस्साहस अरु देशमा देखिएन । सनातन धर्मको मर्म भनेको नै ठीक समयमा शास्त्रीय संस्कारको संपादन गर्नु हो । शास्त्रले निर्धारण गरेका ती ती दिनहरूमा ती ती कार्य गर्नु हो, सम्पन्न गर्नु हो । त्यसमा थप घट गर्ने तानतुन गर्ने अधिकार आजका सामान्य मान्छेमा छैन । १३ दिनसम्म लगाएर नै काजक्रिया गर्नुपर्ने निर्देश धर्मशास्त्रले गरेको हुँदा त्यसैअनुसार मात्र गर्नुपर्छ, त्यसको विकल्प छैन । त्यस्तै नामकरण ११ दिनमा नै गर्नुपर्दछ भने अन्नप्राशन छोराको ६ महिना र छोरीको ५ महिनामा नै गर्नुपर्छ । यसमा क्रमशः ८, ७ को विकल्प पनि शास्त्रले दिएको हुँदा त्यसमा मात्र गर्नुपर्दछ, अन्यत्र हुँदैन । **सर्वमान्य सार्वदेशिक निर्णय शास्त्रमा हुँदाहुँदै कसैले पनि जूठो सूतक घटाउन बढाउन पाईदैन** । आजभन्दा पूर्वका आचार्यको ज्ञानलाई अज्ञान मानी आफ्ना पाराले शास्त्रलाई अर्थ्याएर काज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रिया ५ दिनमा न्वारन ३ दिनमा गर्न मिल्दैन । धर्मशास्त्रको निर्देशअनुसार काजक्रिया १३ दिनसम्म नै चल्छ भने जननाशौच ११ दिनका दिन विहानमात्र पूर्ण चोखिन्छ । धर्मशास्त्रीय व्यवस्था शास्त्रनिर्देशितमात्र चल्छ । निर्धारित दिनमा नै ती काम सम्पन्न गर्नुपर्छ । अलिकति पनि शास्त्रज्ञान भएकाले शास्त्र प्रमाणलाई मात्र आधार मान्दछन् । त्यसैंले गीतामा भनिएको छ-

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥

अतः जूठो वा सूतक घटाउने बढाउने मात्र होइन, नबार्दा पनि हुन्छ भन्नु पनि मूर्खता नै ठहर्छ । शास्त्रनिर्धारित १० दिनसम्म जूठो पनि बार्नैपर्छ । सूतक पनि वार्नुपर्छ । यही नै सनातन धर्मको आशौचीय व्यवस्था हो । ऋषि महर्षिका वचन वङ्ग्याएर गलत अर्थ गर्नु, मनोमानी अर्थ लगाउनु भनेको पूर्वजको अपमान र आफ्नो अहंपनको प्रदर्शन मात्र हो ।

अतः तेह्रदिने मृत्युसंस्कार शास्त्रीय तथा प्रामाणिक छ । यस वेदोक्त सनातन धार्मिक मर्यादालाई कसैले पनि छाड्नु हुँदैन । यस सत्यलाई जनसमाजमा सुदृढ गराउने उद्देश्यले **सनातन विद्वत् परिषद् नेपाल**द्वारा अनुसन्धानात्मक कृति **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** प्रकाशित गर्न लागेकोमा खुसी व्यक्त गर्दछु । यसका लागि सम्बद्ध सबैमा विशेष साधुवादका साथै आभार समेत प्रकट गर्दछु । यस कृतिको आवश्यक सबै ठाउँमा प्रचार प्रसार होस् र पुगोस् यही शुभेच्छा गर्दछु । अस्तु ॥

जो ज्ञानामृत झल्झली नयनले देखे ऋषिश्रेष्ठले
ती प्रामाणिक शास्त्र निर्मित भए ज्यादै ठूला यत्नले ॥

अर्पी सन्ततिमा गए ऋषिहरू ठानेर संरक्षित ।
हामी रक्षणमा समर्थ नभए रुन्छन् बनी दुःखित ॥

(कोषराज न्यौपानको तीर्थश्राद्धविधिबाट ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सनातन धर्म र त्यसको मर्म

नीलप्रसाद भण्डारी
सभापति- विश्वहिन्दु महासंघ
नेपाल राष्ट्रिय समिति बाँसबारी

सनातन धर्म आफैमा व्यवस्थित छ । कुन दिन कुन पर्व र कुन दिन के जात्रा पर्दछ भन्ने कुरा मात्रै होइन, मानिस जन्मेदेखि मरणसम्म के के कार्य कसरी गर्ने भन्ने कुराको व्यवस्थित परम्परा सनातन धर्मले निर्धारण गरेको छ । हाम्रा जन्म संस्कार होस् कि विवाहसंस्कार अथवा मृत्युसंस्कार नै किन नहोस् सबै शास्त्रीय छन् । जन्म दस महिनामा हुन्छ, सूतक दस दिन लाग्छ र मृत्युको आशौच पनि दस दिन प्रधान छ । जन्मदाको सूतक र मृत्यु आशौच दुबै दश रात्रीवाला नै सिद्ध भएर आएकोले आजकल हामीले मनपरि गर्न खोजेमा हाम्रा पूर्ववर्ती आचार्यहरूलाई अपमान गरेको ठहर्छ । हामीले आफैलाई प्रश्न गर्न सक्छौं कि पारस्करका टीकाकारहरू कर्क, जयराम, विश्वनाथ, हरिहर आदि विद्वान् हुन् कि म आफू विद्वान् हुँ ? यसमा हृदयको जवाफ मात्रै लेख्नुभयो भने समाजमा मान्य हुन्छ । त्यतिमात्र नभएर त्यसपछिका आचार्यले पूर्व आचार्यहरूका निर्णयमा किन विरोध नगरीकन स्वीकार गर्दै आए ? त्यसको सहज उत्तर तपाईंको हृदयमा छ । जन्म र मृत्यु संस्कार जन्मान्तरीय संस्कारले बन्दछ ।

प्राप्त मानव जीवनमा गरिएको इति कर्तव्यको पर्यवसान पश्चात् जीवलाई शिवमा मिलाउने सँस्कारहरू नै भएकोले शास्त्रहरूले प्रत्येक संस्कारलाई व्यवस्थित गरिदिएका छन् । त्यही शास्त्रमा भएको दिन व्यवस्थाअनुसार कर्तव्य कर्म गर्दै जाँदा मात्र जीव शिवमा पुग्ने हो । कुनै राजनीतिक निर्णयमा वा अशास्त्रीय कुनै व्यक्तिको लहडमा संस्कारका दिनहरू थप्न वा घटाउन मिल्ने विषय होइन । शास्त्रानुरूप चल्दै आएका सँस्कारहरू कुनै देशभित्रको विषयमात्रै नभएर अन्तर्राष्ट्रिय सरोकारका कुरा हुन् । विश्वभर छरिएर रहेका सनातनी हिन्दुहरूको सरोकारको कुरा हो ।

कुनै एक ठाउँका एक दुई व्यक्तिले परम्परा र शास्त्रअनुसार चल्दै आएको सँस्कारलाई कलुषित पार्ने मनसायले पाँच दिने अन्त्यपद्धति र तीन दिने सूतक विधि बनाउदैमा, कुनै पुस्तक लेख्दैमा ती मान्य हुन सक्लान् ? पक्कै मान्य हुँदैनन् । १३ दिने काजकिरियाको शास्त्रसिद्ध विधिलाई सामान्य व्यक्तिले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छाड्न सक्दैन भने बुझ्ेसुझ्ेको यत्रो ठूलो सनातन हिन्दु समाजले अशास्त्रीय ५ दिने किरियाको विधिहीनतालाई स्वीकार्ने कुरै होइन ।

यसबाट इहलोक परलोक सबै बिग्रन्छ । गरेका कार्य परिश्रमका साथै खर्च भएको आर्थिक सोतसमेत बेकार हुनजान्छ । पितृऋण चुक्ता हुँदैन । मृतकलाई प्रेतत्वबाट मुक्त गर्न समेत सकिँदैन । अतः १३ दिने काजकिरिया शास्त्रसम्मत भएकोले ठीक भनेको हो । रोगी अशक्त र असहजताका लागि शास्त्रले नै परि स्थितिअनुसारको छुट दिएकै छ । शास्त्रानुसारको कर्म अनुसरण गर्दा पाञ्चभौतिक देहान्तरितात्माले पितृपद प्राप्त गर्दछ भने पुत्रादि कर्ताले अश्वमेध यज्ञ गरेको फल प्राप्त गर्दछ । अतः पाँच दिने होइन १३ दिने काजकिरिया र ११ दिने जन्म सुतकको परम्परा शास्त्रसिद्ध परम्परा हो ।

यसैको अनुसरण गरिरहनुपर्दछ, बेला बेलामा आउने अनावश्यक भ्रमका पछि लाग्न हुँदैन । यो भ्रम निवारणका लागि विश्व हिन्दु महासंघका मुलुकभर विभिन्न तहमा रहनुभएका पदाधिकारी एवम् सदस्यहरू आजीवन सदस्यहरू र समस्त हिन्दु समाजले सशक्त भूमिका निर्वाह गर्नुहुनेछ भन्ने विश्वास लिएको छु । यस अवसरमा **सनातनधर्ममा अन्त्येष्टिसंस्कार १३ दिन नै** नामक कृतिको र सम्बद्ध संस्थाको समेत सफलताको कामना गर्दछु । जय सनातन धर्म ।

शास्त्रको विधि छोडेर चल्छ जो मनमोजले ।
सिद्धि, सौख्य परं धाम कुनै पाउन्न त्यसले ॥

शास्त्रै प्रमाण छन् सारा कार्याकार्य बुझ्ाउन ।
तस्मात् शास्त्र विधानैका कार्यमा चल अर्जुन ॥

श्रध्दा विहीन, अज्ञानी संशयीको विनाश छ ।
न त्यस्को छ दुवै लोक, न त्यस्को सुख खास छ ॥

गीता-४।४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलभाग

पाँचदिने अन्त्यपद्धति : सर्वथा शास्त्रविरुद्ध

प्रा.डा. रामचन्द्र गौतम
अध्यक्ष- नेपाल पञ्चाङ्ग निर्णायक समिति
घट्टेकुलो, काठमाडौं

पृष्ठभूमि

मानवमात्रलाई कर्तव्याकर्तव्य बोध गराई नियमबद्ध, कर्तव्यनिष्ठ बनाउने र मनुष्य-जीवन सार्थक, समुज्ज्वल एवं समादृत तुल्याउने परम पावन उद्देश्यले सृष्टिकर्ताद्वारा आफ्नो ज्ञानदीपमा प्रतिभासमान, परम्परागत अखण्ड ज्ञानराशि **वेद** अभिव्यक्त गरियो । करुणानिधान ऋषिमुनिहरूले वैदिकज्ञान सबै जनले उपयोग गर्नसक्ने अभिप्रायले वेदको व्याख्या धर्मशास्त्र मार्फत् गरे । वेदको अर्थ वा आशय कत्ति पनि फरक नपर्नेगरी पूर्णरूपले सो वेदको अध्ययन, मनन र स्मरण गरेर निर्माण गरिएकाले धर्मशास्त्र "स्मृति" नामले पनि प्रसिद्ध छ ।

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रन्तु वै स्मृतिः । मनुः २।१०

धर्मशास्त्रमा गौतमादि ऋषिप्रणीत धर्मसूत्रग्रन्थहरू, कात्यायनादि निर्मित श्रौतसूत्रग्रन्थहरू, पारस्करादिद्वारा लिखित गृह्यसूत्रग्रन्थहरू, उपनिषद्हरू, मनु, याज्ञवल्क्य, पराशरादिद्वारा प्रणीत स्मृतिग्रन्थहरू, **रामायण, महाभारत, पुराण**हरू, हेमाद्रि, मित्रमिश्रादि मनीषीहरूद्वारा लिखित बृहन्निबन्ध ग्रन्थहरू, कमलाकर काशीनाथादि विपश्चित्हरूद्वारा लिखित लघुनिबन्ध ग्रन्थहरू पर्दछन् ।

धर्मशास्त्रभित्र पर्ने सबै ग्रन्थमा प्रस्तुत सबै वचन वा नियम सबै युग, सबै वर्ण, सबै देशका निम्ति मान्य हुँदैनन् । कुनै ग्रन्थका कुनै वचन कुनै युगका निम्ति र कुनै ग्रन्थका कुनै वचन कुनै वर्णका निम्ति मान्य हुन्छन् भने कुनै ग्रन्थका कुनै वचन कुनै देश वा प्रदेश खण्डका निम्ति स्वीकार्य हुन्छन् । जस्तै सूत्रग्रन्थहरूमा **आपस्तम्बधर्मसूत्र** कृष्णयजुर्वेदाध्यायीहरूका निम्ति हो । त्यस्तै निबन्धग्रन्थहरूमा **धर्मसिन्धु**, दक्षिण भारततिर बढी मान्य मानिन्छ । यही नियम प्रायः सबै ग्रन्थमा लागु हुन्छ । अतः कुन ग्रन्थको कुन वचन, कुन कालका, कुन देशका, कुन अवस्थाका र के कर्म गर्ने, कुन वर्णका निम्ति मान्य हुन्छन् भन्ने कुरा यथार्थरूपमा छुट्याएर मात्र उनीहरूको धर्म, कर्म, संस्कार, संस्कृतिको निर्णय गर्नुपर्ने हुन्छ । कुन कालको, कुन अवस्थाको, कुन वर्णको मानिस हो ? अग्निहोत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म वेदाध्ययन गर्छ गर्दैन ? ब्रह्मचर्यव्रतमा बसेको हो होइन ? चूडा वा व्रतबन्ध के गरेको छ ? सपिण्ड वा सोदक के हो ? यी सबै कुरा नछुट्याइकन मरणाशौच अर्थात् मृत्युसंस्कार जस्ता अत्यन्त विचारणीय, आचरणीय महत्त्वपूर्ण, संवेदनशील विषयमा मनोगत निर्णय दिने काम गर्दा त्यस्तो काम अनर्थकर, अनुचित र अप्रिय पनि हुन्छ ।

विषय प्रवेश

यो पृष्ठभूमि प्रस्तुत गर्नुपरेको ५ दिने अन्त्यपद्धतिको सन्दर्भलाई लिएर हो । तथाकथित संस्कार सुधार समाजले **पाँचदिने अन्त्यपद्धति** प्रकाशित गरेको देख्नमा आएको छ । त्यस पद्धतिमा आफूलाई त्यो समाजको संस्थापक अध्यक्ष भनेर लेख्ने शंकरप्रसाद पोखेलले अनुसुची (१) दिएर मृत्यु संस्कारको सरलीकृत अवधारणा (सारसंक्षेप) भन्ने शीर्षक राखेर पाँचदिने अन्त्यपद्धतिलाई पुष्टि गर्न निकै लामो लेख लेखेका छन् ।

त्यो लेखमा "संस्कार विधिलाई यथावत् राखी शास्त्रीय आधारमा दिनलाई मात्र छोट्याइएको छ," भनिएको छ । दिन छोट्याउनको लागि दामोदर गौतमको वेदादि **शास्त्र समाज र कलियुग** नामको पुस्तकलाई आधार बनाइएको छ, जुन पुस्तक युगप्रतिकूल अप्रामाणिक अमान्य श्लोकहरू तानतुन गरेर मनलागी लेखिएकोले शास्त्रसम्मत देखिँदैन । त्यस्तो पुस्तकलाई आधार बनाएर काजक्रियाको दिन छोट्याउनु भनेको ज्ञानशून्य हुनु हो, नास्तिकताको परिचय दिनु हो । नासमझ बन्नु हो ।

त्यस्तै **मनुस्मृति** ३।७१, **निर्णयसिन्धु** ४।४९२ र **धर्मसिन्धु** पृ. ७४७ र ७५५ का आधारमा तालिका तयार गरिएको छ । त्यस अनुसार "व्यक्तिको उचाइ, आयु, क्रमशः घटेको र त्यही तरीकाबाट संस्कार अवधिलाई पनि १२ वर्ष, १२ महिना, १२ दिनबाट घटाउँदै १२० घण्टामा ल्याउनुपर्ने अवस्था आएको छ । शास्त्रअनुसार कलियुगमा संस्कार लोपहुनबाट बचाउनका लागि यही १२० घण्टा अर्थात् ५ दिन उपयुक्त हुन्छ," भनिएको छ ।

मनुस्मृति, निर्णयसिन्धु र **धर्मसिन्धु**का उक्त अनुसारका अध्याय, श्लोक र पृष्ठमा तालिका तयार गर्ने उचाइ र आयु घटाउने १२ वर्ष, १२ महिना, १२ दिनलाई १२० घण्टा (५ दिन) मा ल्याउने भन्ने कुरा लेखिएकै छैन । शास्त्रमा हुँदै नभएका यस्ता अनर्गल असङ्गत झुटो लेख लेखेर शास्त्रीयताको हवाला दिँदै सर्वसाधारण अबोध जनतालाई झुक्याउन खोज्नु अत्यन्त निन्दनीय कार्य हो ।

पुनः १२ वर्ष आशौच लाग्ने कुरा कुन शास्त्रमा छ ? हुँदै न भएका यस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनगणन्ते कुरा लेखेर जनमानसमा भ्रम फैलाउन खोज्नु सर्वथा अनुचित हो। वैदिक धर्मानुयायीहरूका र शास्त्रज्ञहरूका निम्ति खेदजनक हो, १२ महिनामा सपिण्डी गर्नुपर्ने कुरा शास्त्रमा छ, तर त्यो काल युगान्तरको निम्ति हो, कलियुगको लागि होइन । यो कलियुगमा त १२औं दिनमा सपिण्डीकरण गर्नुपर्छ भन्ने ठोस निर्णय शास्त्रप्रवर्तकले दिएका छन्, १२ दिनलाई घटाएर ५ दिनमा सपिण्डी गरेर त्यसै दिन क्रिया समाप्त गर्नुपर्छ भन्ने शास्त्रीय आधार (आर्षवचन) कहीं कतै छैन।

विवेच्य मूल विषय

अब आयो पाँचदिने अन्त्यपद्धतिको अनुसुची १ मृत्यु संस्कारको सरलीकृत अवधारणा भनेर लेखिएको लेखको पृष्ठ १०२ मा लेखिएको विषय - त्यहाँ दिइएको छ "वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम् । ॐ क्रतो स्मर क्लिबे स्मर कृतं स्मर" ॥ **शुक्लयजुर्वेद** ४०।१५ । वेदका व्याख्याता ऋषिमहर्षिहरूले यो मन्त्रको व्याख्या यसप्रकार गरेका छन्- ब्रह्मज्ञानी योगीजनहरूको आत्मा अन्त्यमा आफ्नै प्रकृति परब्रह्म परमात्मामा लीन हुन्छ भने पाञ्चभौतिक स्थूल शरीर भस्मसात हुन्छ अर्थात् पञ्चतत्त्वमा मिल्नसक्छ । त्यसैले योगीजनहरू अन्त्यकालमा ब्रह्मरूप ॐ यो एकाक्षरी मन्त्र स्मरण गर्दछन् । त्यस्तै ब्रह्ममय यज्ञको, लोकको र कृतकर्मको पनि स्मरण गर्दछन् । यो मन्त्रको वास्तविक अर्थ यही हो। दयानन्द सरस्वतीले चलाएको आर्यसमाजका अनुयायीहरू यस मन्त्रको अर्थ यस्तो गर्छन्- मान्छेको प्राण मृत्युपछि वायुमा विलीन हुन्छ, शरीर भस्म हुन्छ, त्यसैले उसको काजक्रिया श्राद्ध तर्पण केही गर्नुपर्दैन, भन्छन् र गर्दैनन् पनि भन्ने सुनिन्छ। **शुक्लयजुर्वेद**को उक्त मन्त्रले ब्रह्मलीन हुन पुगेका योगीजनहरूको मात्र पुत्रादिले पिण्ड पानी प्रदान गरेर वैदिक विधिअनुसार १३ दिन लगाएर गरिने काजक्रिया गर्नु पर्दैन । उनीहरूको विधि छुट्टै हुन्छ, भनेको हो, योगाभ्यासमा नलागेका सर्वसाधरण गृहस्थ मानिसको १३ दिने काजक्रिया गर्नुपर्दैन भनेको होइन।

वेदमन्त्रको अपव्याख्या गरेर यदि कुनै गृहस्थले आफ्ना मृतक बाबु आमाको क्रियाकर्म गर्दैन भने प्रायश्चित्त भागी उसैले हुनुपर्छ । यसमा हाम्रो भन्नु केही छैन । पुनः त्यहींनेर लेखकद्वारा भनिएको छ- हामीले भने यसै मन्त्रको पौराणिक व्याख्याअनुसार काजक्रिया गर्दै आएका छौं । शुक्लयजुर्वेदको यो मन्त्रको व्याख्या शंकर पोखरेलले भनेजस्तो पौराणिक होइन वैदिक हो । आर्यसमाजीले क्रिया नगर्दा हुने भएपछि हामीले किन गर्नुपर्‍यो भन्ने आशयको काजक्रियाप्रतिको उपेक्षाभाव लेखकले यहाँ देखाउन खोजेको स्पष्ट हुन्छ।

त्यसपछि त्यही पृष्ठमा लेखककै शब्दमा शोक, जूठो ३ दिनमात्र रहने आधार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थहरू भनेर **पारस्करगृह्यसूत्र, मनुस्मृति, पराशरस्मृति, निर्णयसिन्धु** आदि ग्रन्थ लेखकले देखाएका छन् ।

शुक्लयजुर्वेदको माध्यन्दिनीय वाजसनेयशाखा हुनेहरूको मरणाशौचका बारेमा निर्णय दिने ग्रन्थ पनि प्रायः यिनै हुन् । विशेषतः यिनै र आवश्यकपर्दा शाखासम्बद्ध अन्य ग्रन्थहरूको निर्णयको आधारमा पनि आशौच बार्ने र दशगात्र क्रियादेखि सपिण्डीकरणसम्मका कर्म गर्ने गरिएको छ ।

पाँचदिने अन्त्यपद्धति पृ. १०४ र १०५ मा यिनै ग्रन्थहरूको आधिकारिकताको विषयमा लेखिएको छ। आजीवन वेद, धर्मशास्त्रादिशास्त्रहरूको अध्ययन, अध्यापन, मनन, चिन्तन र लेखन कार्यसमेत गरिरहेका शास्त्रज्ञहरूको नेपालमा कुनै कमी छैन, त्यस्ता विद्वान्हरूलाई शास्त्रप्रतिपादित वचनको ठीक अर्थ पहिल्याउन नसक्ने, अर्थको अनर्थ गर्ने, व्यक्तिले यिनै ग्रन्थका आधारमा मृत्यु संस्कारको सुधार गर्न पाँचदिने अन्त्यपद्धति लेखिएको हो भनेर आफै मपाइ बनेर धर्मशास्त्रका ग्रन्थहरूको प्रामाणिकताको बारेमा परिचय दिनु वा सुनाउनु हास्यास्पद हो, बकवाद मात्र हो । कुन ग्रन्थ, कसको निम्ति, कति प्रामाणिक छ भन्ने कुरा विपश्चितहरूलाई स्पष्ट ज्ञान छ, कसैले सुनाइरहन र बुझाइरहन पर्दैन ।

गृह्यसूत्रहरूमा वाजसनेयशाखासँग सम्बद्ध **पारस्करगृह्यसूत्र** नै हो । यसको काण्ड ३, कण्डिका १० मा उमेर, अनुपनीत, उपनीत अवस्था, ब्रह्मचर्यादिव्रत र अग्निहोत्र वेदाध्ययनादिकर्म विशेषको आधारमा मरणाशौचका दिन तोकिएका छन् । यसक्रममा ऋषिवर पारस्करले **"अद्विवर्षे प्रेते मातापित्रोराशौचम्"** ३।१०।२ यस सूत्रमा दुईवर्ष मुनिका बालबालिकाको मृत्यु भएमा बाबुआमालाई मात्र अहोरात्र आशौच लाग्छ भनेका छन् । **"एकरात्रं त्रिरात्रं वा"** ३। १० ।४ यो सूत्र प्रस्तुत गरेर दुई वर्ष नपुगेको, चूडाकर्म पनि नगरिएको भए एकरात, चूडा गरिएको बालकको मृत्यु भए सपिण्डले तीन रात आशौच बार्नुपर्छ भनिएको छ । त्यस्तै **"त्रिरात्रं ब्रह्मचारिणोऽधः शायिनो न किञ्चन कर्म कुर्वीन्ति"** ३।१०।२५ यो सूत्र लेखेर ब्रह्मचर्यब्रतमा बसेको ब्रह्मचारीले ब्रह्मरूप वेदको नित्य अध्ययन गर्नु अनिवार्य हुने भएकोले सपिण्डीभित्रका बान्धवको मरणमा ३ रातमात्र आशौच बार्नुपर्ने र त्यसपछि पुनः आफ्नो व्रत वेदाध्ययनमा लाग्नुपर्ने निर्णय गरिएको छ । त्यसपछि महामति पारस्करले **"त्रिरात्रं शावमाशौचम्"** ३।१०।२९ र **"दशरात्रमित्येके"** ३।१०।३० यी दुई सूत्र आफ्नो गृह्यसूत्रमा लेखेका छन् ।

तीनदिने आशौचप्रति आकर्षित हुनेहरूले यिनै दुई सूत्र प्रमाणको रूपमा उपस्थापित गरेका छन् र मरणाशौच ३ रातमात्र लाग्ने हो, १० रात लाग्छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुरा ३ रातको विकल्पमा वा दण्ड-सजायको रूपमा दिइएको हो भन्ने अपव्याख्या गरेका छन् । आशौच तीन रातमात्र लाग्ने भएपछि पिण्ड पनि ३ दिनमा नै दिइसक्नुपर्छ भनी पहिलो दिन ३, दोस्रो दिन ४ र तेस्रो दिन ३ गरी ३ दिनमा १० पिण्ड दिइसक्ने चारौं दिनमा, एघारौं दिनमा गर्ने गरिएका क्रियाकर्म गर्ने र पाचौं दिनमा, बाह्रौं दिनमा गर्ने गरिएका सपिण्डी लगायतका सबै काम गरी क्रिया समाप्त गर्नेगरी शास्त्रविरुद्ध भाषिक र शास्त्रीय अशुद्धिले भरिएको उपहास्य पाँचदिने अन्त्यपद्धति समेत प्रकाशित गरेको देख्नमा आएको छ ।

शिखासूत्र धारण गरेको, स्नानसन्ध्योपासनादि कर्मनिष्ठ, श्राद्धतर्पण, भक्ष्याभक्ष्य, गम्यागम्य, कर्तव्याकर्तव्यादि शास्त्रोदित आचारको पूर्णरूपले पालना गर्ने श्रौताग्नि ग्रहण गरेको अर्थात् नित्य अग्निहोत्र दर्शपौर्णमासादि श्रौतयज्ञ गर्ने र विधिपूर्वक नित्य वेदाध्ययनादि गर्ने मानिसले मात्र उसको सो कर्म विच्छेद नहोस्, त्यसमा कुनै बाधा नपरोस् भन्ने परम पावन उद्देश्यले महामति ऋषिश्रेष्ठ पारस्करले सपिण्ड दाजुभाइको मरणमा ३ रातमात्र आशौच बार्नु भनेका हुन् । अग्निहोत्र र वेदाध्ययनादि शास्त्रप्रतिपादित वर्णोचित कर्म नगर्ने गार्हस्थ्य जीवन बिताइरहेको मानिसले त सपिण्ड बन्धुको मरणमा १० रात नै आशौच बार्नुपर्ने ठोस निर्णय प्रदान गर्नको निम्ति **"त्रिरात्रं शावमाशौचम्** र **दशरात्रमित्येके"** यी दुई सूत्र उपस्थापित गरेका हुन् ।

यी सूत्र ऋषिवर पारस्करले अस्पृश्याशौच र स्पृश्याशौच दुई प्रकारको आशौच हुन्छ भनेर देखाउनको निम्ति पनि लेखेका हुन् । मरणाशौचमा क्रियाकर्ताबाहेकका सपिण्ड बान्धवहरू अस्थिसञ्चयन श्राद्ध नगरेसम्म अर्थात् ३ रातसम्म अस्पृश्य हुन्छन्, उनीहरूलाई आशौच नलागेका शुद्ध व्यक्ति कसैले पनि स्पर्श गर्न हुँदैन भने क्रियाकर्ता चाहिँ १२ दिनसम्म अस्पृश्य नै हुन्छन्, ३ रातपछि १० रातसम्म सपिण्डहरूले पनि स्पर्शाशौच बार्नुपर्छ, तर उनीहरू स्पर्शाशौच नलागेकाहरूसँग छोइँदा पनि दोषभागी भने हुँदैनन् । शास्त्रकारले यसको पुष्टि यसरी गरेका छन्-

मरणाशौचं त्रिधा विभज्य यावत्प्रथमांशसमाप्तिर्भवति तावत्सर्वेऽपि सपिण्डा अस्पृश्यत्वं प्राप्नुवन्ति । शुद्धिचन्द्रिका पृ ९ ।

यसमा ऋषिवर प्रचेताले तीन रात आशौच लाग्ने भनेको अग्निहोत्रीलाई अग्निहोत्र कर्म गर्नको लागि मात्र हो, अग्निहोत्र बाहेकका अन्य कर्म गर्नको लागि त अग्निहोत्रीले पनि दशरात्र नै आशौच बार्नु अनिवार्य हुन्छ, भनी स्पष्ट भनेका छन् । त्यही आधारमा हाम्रो लोक व्यवहारमा पनि अग्निहोत्रीले अग्निहोत्र कर्म चाहिँ शुष्क पदार्थले गर्दछन्, अन्य कर्म गर्दैनन्, १० रातसम्म आशौच बारेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बस्छन् । पारस्करले उक्त दुई सूत्र लेख्नुको तात्पर्य पनि यही हो ।

वाजसनेयीहरूको मान्य महिमामण्डित मूल स्मृतिग्रन्थ **याज्ञवल्क्यस्मृति** हो, जुन वेदको वास्तविक व्याख्याको रूपमा सर्वस्वीकार्य छ । त्यस ग्रन्थले पनि जीवनभर अग्निहोत्र दर्शपौर्णमासादि कर्म गर्नुपर्ने विधान वेदले गरेको र त्यो कर्म गर्नेहरूका लागि सपिण्ड बन्धुबान्धवको मरणाशौच ३ रात र नगर्नेहरूले १० रात नै अनिवार्य बार्नुपर्छ भनी ठोकुवा नै गरेको छ । जुन निम्नानुसार छ -

वैतानौपासनाः कार्याः क्रियाश्च श्रुतिचोदनात् । याज्ञवल्क्यस्मृति ३।१७
त्रिरात्रं दशरात्रं वा शावमाशौचमिष्यते ॥ याज्ञवल्क्यस्मृति ३।१८

पुनः **याज्ञवल्क्यस्मृति**कै अर्को वचनले दाँत नउम्रँदैको बालबालिकाको मृत्यु भएमा सद्यः शौच हुन्छ । दाँत उम्रेको, चूडाकर्म नभएको बालकको मृत्युमा अहोरात्र आशौच हुन्छ । चूडा गरिएको उपनयन नभएको बालकको र विवाह नभएकी बालिकाको मरणाशौच ३ रात र उपनयन भैसकेको केटाको र विवाह भइसकेकी केटीको मरणाशौच ७ पुस्ताभित्रका दाजुभाइलाई १० रात पूरै लाग्ने निश्चित गरेको छ । ऋषिवर याज्ञवल्क्यले यसको पुष्टि यसरी गरेका छन्-

आदन्तजन्मनः सद्य आचूडान्नैशिकी स्मृता ।
त्रिरात्रमाव्रतादेशाद्दशरात्रमतः परम् ॥ याज्ञवल्क्यस्मृति ३।२३,

याज्ञवल्क्यस्मृति, पारस्करगृह्यसूत्रभन्दा अगाडिको हो । याज्ञवल्क्यद्वारा निर्मित **याज्ञवल्क्यस्मृति** ग्रन्थको अनुकूल हुनेगरी पारस्करले **पारस्करगृह्यसूत्र** निर्माण गरेका छन् । विशेषतः संस्कारको विधान पारस्करले गरेका छन् भने संस्कार र आशौच दुबैको विधान याज्ञवल्क्यले गरेका छन्। अतः **याज्ञवल्क्यस्मृति**कै आधारमा हामीले आशौचको निर्णय दिनु अनिवार्य हुन्छ ।

कलियुगका निम्ति मान्य मनुस्मृतिका वचनले मरणाशौचका सम्बन्धमा यस्तो निर्णय प्रदान गरेकान् - अग्निहोत्र र वेदाध्ययन दुवै कर्म गर्ने व्यक्तिलाई १ रात, अग्नि होत्र कर्ममात्र गर्नेलाई ३ रात, दुवै कर्म नगर्नेलाई १० रातसम्म नै सपिण्ड बान्धवको मरणाशौच लाग्ने निर्णय गरेका छन् ।

सर्वेषामेव वर्णानां सूतके मृतके तथा ।
दशाहाच्छुद्धिरेतेषामिति शातातपोऽब्रतीत् ॥ इति शातातपः ।

विशेषतः कलियुगमा विप्रवर्णले त सपिण्ड मरणाशौच १० दिन नै बार्न अनिवार्य हुन्छ । १ दिन, पक्षिणी, ३ दिन आदि आशौचका कुनै एक पक्षलाई यदि विप्रवर्णले ग्रहण गर्दछ भने त्यो विप्र निश्चय नै पापभागी हुन्छ भनी ऋषिवर हारीतले ठोकुवा नै गरेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाह एव विप्रस्य सपिण्डमरणे सति ।

कल्पान्तराणि कुर्वाणः कलौ मुह्यति किल्विषी ॥ हारीत स्मृतिः

यस्तो अकाट्य शास्त्रीय निर्णय हुँदा हुँदै शास्त्रवचनको विपरीत अर्थ गरेर सपिण्डको मरणाशौच ३ रातमात्र बार्दा पुग्छ भनेर क्रिया गर्ने ५ दिने पद्धतिसमेत बनाउनु नितान्त मृतक आफ्ना बाबुआमा आदि पितृहरूको उपेक्षा एवं अनादर गर्नु हो । उनीहरूलाई दुर्गतिमा पुऱ्याउनु हो ।

"कलौ पाराशराः स्मृताः" भनेर कलियुगमा **पराशरस्मृति** उपदिष्ट धर्म, कर्म, संस्कार, संस्कृति, आशौच आदि सबै विषयमा आदरार्ह हुने कुरा शास्त्रप्रवर्तक सबैले स्वीकार गरेका छन् । यस्तो सर्वमान्य युगानुकूल यो स्मृतिले जननाशौच र मरणाशौचको बारेमा दिएको निर्णय यसप्रकार छ -

अतः परं प्रवक्ष्यामि जनने मरणे तथा ।

दिनत्रयेण शुद्ध्यन्ति ब्राह्मणाः प्रेतसूतके ॥ पराशरस्मृति. ३।१

यही वचनलाई आधार बनाएर शास्त्रका वचनको अर्थ र मर्म पटक्कै बुझ्न नसक्ने वेद र वेदमूलक धर्मशास्त्रको गहन अध्ययन, मनन एवं चिन्तन नगरेका शास्त्रको अभ्यास, अनुशीलनमा प्रवृत्ति नभएका जजमानी पेशा बनाएका व्यक्तिहरूले ३ दिनमात्र आशौच लाग्छ भनेर मनोगत पाँचदिने अन्त्यपद्धति समेत प्रकाशित गरेर जनताको माझ मिथ्या प्रचार गरिरहेका छन् । कलि युगका मानिसहरूका निम्ति लोकमर्मज्ञ महामुनि पराशरले मानिसको आयु, गुण र कर्म सबै कुरा विचार गरेर आशौचका बारेमा सामान्य र विशेष दुई प्रकारका वचन दिएका छन् **"दिनत्रयेण शुद्ध्यन्ति"** यो वचन चूडा गरेका, तर व्रतबन्ध चाहिँ नगरेका बालकहरूको मरणमा मरणाशौच सपिण्डलाई र सपिण्डबान्धवको मृत्युमा अग्निहोत्र र वेदाध्ययन दुबै कर्म गर्ने व्यक्तिहरूलाई र सातपुस्ता बाहिरका दाजुभाइको मरणमा ३ दिन आशौच लाग्छ भन्ने विषेश वचन हो भने उपनीत अग्निहोत्रादि कर्म नगर्ने सपिण्डहरूका निम्ति सामान्य हो, उनीहरूका लागि त **"द्वौहीनो दशभिर्दिनैः"** ३।५, **"शुद्ध्येद् विप्रो दशाऽहेन"** **"दशाहं शावमाशौचं सपिण्डेषु विधीयते"** (अग्निहोत्र र वेदाध्ययन दुबै रहित) यी वचन विशेष हुन् । **"सामान्यशास्त्रतो नूनं विशेषो बलवान् भवेत्"** सामान्य वचनभन्दा विशेष वचन नै बलवान् हुन्छ, त्यसैले विशेष वचनको आधारमा नै मरणाशौच बार्नुपर्छ भनी पारस्कर, याज्ञवल्क्य, मनु, पराशरादि शास्त्रप्रवर्तक सबैले निश्चित गरेका छन् । यही निर्णयका आधारमा सपिण्डीभित्रका दाजुभाइको जनन मरणमा १० रात आशौच बार्ने चलन परापूर्व कालदेखि चल्दै आएको हो र निरन्तर चल्दै पनि जानेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदादिशास्त्रको गहन अध्ययन नगरेका शास्त्रप्रतिपादित वचनको ठीक अर्थ पहिल्याउन नसक्ने व्यक्तिहरूले तपोनिष्ठ ऋषिमहर्षिद्वारा हजारौं वर्ष लगाएर गरिएको कठोर तपस्याबाट प्राप्त स्मरणशक्तिको आधारमा निर्मित वेदको वास्तविक व्याख्या स्मृतिशास्त्रका वचनहरूका आधारमा दशरात्र बार्नुपर्ने आशौच व्यवस्थामाथि अनर्थ गरी ३ रातमात्र बार्दा पुग्छ भनेर लेख्नु भनेको पितृहरूप्रतिको उपेक्षा गर्नु हो र आफ्नो शुद्धि एवं कर्तव्य पालनप्रतिको वेवास्ता हो। क्रियाकर्म सखाप पार्ने तुच्छ विचार हो, आफू पापभागी बन्नु हो, मृतक आफ्ना बाबु आमा आदिलाई नारकीय गतिमा पुऱ्याउनु हो।

अब आयो, मृतक आफ्ना बाबु आमा आदिलाई पितृपंक्तिमा मिलाउने प्रसङ्ग, यसमा आशौच बार्ने र क्रियाकर्म गर्ने भन्ने कुरा नितान्त फरक विषय हो। आशौच बार्ने आफ्नो शुद्धिको निम्ति हो भने क्रिया गर्ने मृतव्यक्तिको सद्गतिको निम्ति हो। यस्तो आफूलाई उत्पन्न गरेर यो संसार देखाउने मृतक आफ्ना बाबु आमा आदिलाई पितृलोक अर्थात् परम पदमा पुऱ्याउने उत्कृष्ट कर्मको अनादर गरी शास्त्रविहित १२ दिने काजक्रियालाई ५ दिनमा सक्नुपर्छ भनेर लेख्नु संस्कारकर्म विनाश गर्ने निकृष्ट कल्पना हो, पितृघाती बन्नु हो।

मरणजन्य आशौच सपिण्ड, सोदक, सगोत्र, असगोत्र सपिण्ड, असवर्ण सपिण्ड र मातृबान्धव, पितृबान्धव, आत्मबान्धवादि सबैमा कर्मप्रतिबन्धक अशुद्धि पैदा हुन्छ। त्यो आशौच (अशुद्धि) शुक्रशोणितको सम्बन्ध, योनिसम्बन्ध, द्वारसम्बन्ध, आत्मीयताको सम्बन्ध, उमेर, संस्कृत, असंस्कृत, गुणकर्म आदिका आधारमा सद्यः शौच, सज्ज्योति, अहोरात्र, पक्षिणी, तीनरात र दशरात आदिसम्म हुन्छ भनेर शास्त्रप्रयोजकले तोकेका छन्। तोकिएको सम्बन्ध र उमेर आदिको आधारमा तोकिएको दिनसम्म सम्बद्ध मानिसहरू शोकाकुल भइनै रहन्छन्, शोकाकुलताबाट निवृत्त नभइकन आशौच निवृत्ति हुनै सक्दैन भन्ने वैज्ञानिक निर्णय शास्त्रनिर्माताहरूको रहेको छ। कालक्रमले मात्र शुद्ध हुने वा आशौच समाप्त हुनसक्ने आशौचका उक्त भेद वा पक्षलाई वास्तै नगरी सबैको आशौच सबैलाई तीन रातमात्र लाग्छ भनेर जुन लेखिएको छ त्यो मूढोक्ति हो, प्रलाप मात्र हो।

पिण्डपानी आदि वस्तु प्रदान गरेर वैदिक विधिअनुसार काजक्रिया गर्ने भनेको पुत्र, पत्नी आदि अधिकार प्राप्त व्यक्तिले आफ्नो शुद्धि र मृतक बाबु-आमा आदिको आत्मालाई सुखमय एवं शान्तिमय परमोच्च पदमा पुऱ्याउने, कर्तव्य पालन गर्ने दुवै पूरा गर्नको लागि १३ दिनसम्म आशौच बारेर मृतक

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

बाबु आमा आदिलाई पितृहरूको पंक्तिमा पुऱ्याएर मिलाउने कर्म हो । यो कर्म नगरुञ्जेलसम्म बार्नुपर्ने आशौचलाई शास्त्रप्रयोजकहरूले कर्माशौच अर्थात् अघवृद्धिमत् आशौच भनेका छन् । यो आशौचलाई अन्य सपिण्ड दाजुभाइको आशौचले समाप्त गर्दैन, १३ दिन पूरै बार्नुपर्छ भनी आशौचमर्मज्ञ यमले आफ्नो यमस्मृतिमा स्पष्ट निर्णय दिएका छन् । जुन निर्णय यस्तो छ -

अघवृद्धिमदाशौचं पश्चिमेन समापयेत् । इति
"सपिण्डमरणात् पित्रोर्भर्तुश्च मरणमघवृद्धिमत् ।
तेषां महागुरुत्वेन द्वादशरात्राशौचाऽभिधानात् ।
तथा प्रकान्ताशौचेऽघवृद्धिमतपाते स्वकालेनैव शुद्धिर्न पूर्वशेषेणेति ॥"

बाबु, आमा र पति महागुरु मानिने भएकोले यिनीहरूको मरणमा छोरा र पत्नीले १२ दिन पूरै आशौच बारेर सपिण्डीसम्मको क्रिया गर्नुपर्छ । सपिण्डको आशौच परिरहेको बिचमा महागुरुको आशौच पर्न गएमा सपिण्डको आशौचको शेषदिनले महागुरुको आशौच शुद्धि हुँदैन । आफ्नै १३ दिने कालले मात्र शुद्धि प्राप्त हुन्छ । यसरी शुद्ध हुने आशौचको स्वरूप शास्त्रमा स्पष्ट दिइएको छ ।

"शौचाभावो ह्याशौचम् । कालस्नानाद्यपनोद्यः
पिण्डोदकदानादिविधेर्हेतुभूतोऽध्ययनादिपर्युदासस्य च
निमित्तभूतः पुरुषगतोऽतिशयः कश्चिदाशौचम्"॥ शुद्धिचन्द्रिकाषडशीति

शौचको अभाव हुनु नै आशौच हो । दशाह द्वादशाहादि कालले र ती प्रत्येक कालरूप दिनमा गर्नुपर्ने आशौच निवर्तक स्नानले मात्र हट्ने, विधिपूर्वक पिण्डजलादि दान गर्नुपर्ने, वेदाध्ययनादिबाट निवृत्त हुनुपर्ने, निमित्तभूत पुरुषगत कश्चित् पापविशेष नै आशौच हो । यस्तो काल र स्नानदेखि बाहेक अन्य कुनै उपायबाट पनि शुद्ध नहुने, पुत्र र पत्नी शुद्ध हुन १३ दिन पुग्नैपर्ने अघवृद्धिमत् आशौचमा १० दिनसम्म अलौकिक प्रेतदेह निर्माण क्रिया गर्नुपर्ने र त्यसै दिन पिण्डवेदी विदारण गर्ने (ढिकुरो फोर्ने) काम गर्नुपर्छ । त्यसपछि ठाउँ फेरेर स्नान गर्नुपर्छ, लगाएको वस्त्रत्याग गर्नुपर्छ, केश-श्मश्रु-नखकर्तन गर्नुपर्छ, ठाउँ फेरेर पकाउने खाने गर्नुपर्ने हुन्छ र गर्ने चलन पनि चलिआएको छ । महर्षि देवलले यसको पुष्टि यसरी गरेका छन्-

दशमेऽहनि सम्प्राप्ते स्नानं ग्रामाद् बहिर्भवेत् ।
तत्र त्याज्यानि वासांसि केशश्मश्रुनखानि च ॥ देवलस्मृति

ऋषिवर व्यासले पनि बाबु आमाको मरणाशौचको दशौँ दिनमा पिण्डवेदी विदारण गरिसकेपछि क्षौरस्नानादि कर्म गर्नैपर्ने कुराको स्पष्ट निर्देश गरेका छन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौचान्त्यदिने क्षौरं जनन्यां च गुरौ मृते ॥ व्यासस्मृति

यसरी ढिकुरो फोर्ने र क्षौर स्नानादि गर्ने काम दशौं दिनमा नै गर्नुपर्छ, त्योभन्दा १ दिन पनि घटाएर गर्न हुँदैन भन्ने निर्णय शास्त्रको रहेको छ।

यस्तो ठोस निर्णय हुँदाहुँदै ३ दिनमा पिण्ड दिइसकेर त्यसै दिन ढिकुरो फोर्न निर्देश गर्ने शास्त्रनिषिद्ध दूषित पद्धतिसमेत प्रकाशित गरेर धार्मिक जनतालाई भ्रममा पार्ने कुचेष्टा गरिएको छ। सृष्टिको सुरुदेखि चल्दै र गरिँदै आएको आशौच र क्रियाकर्मलाई विवादमा ल्याउने, निन्दनीय काम भएको छ। यस्ता भ्रमजनक निम्न कोटिका खराब कुराबाट सनातन धर्मका अनुयायीजनहरू, पण्डित, पुरोहितहरू, ज्योतिषीहरू सबै सावधान हुनुपर्ने बेला आएको छ।

शास्त्र नपढेका र नबुझेका केही पण्डित पुरोहित भनाउँदाहरू पनि पाँच दिने अन्त्यपद्धतिको समर्थनमा लागेको बुझिन्छ। १३ दिनसम्म गर्नुपर्ने काम ५ दिनमा नै सकी मनग्गे दान दक्षिणा भित्र्याउन पाउने घृणित उद्देश्यले समर्थनमा लागेको देखिन्छ। **पाँचदिने अन्त्यपद्धति** यो शीर्षक नै मृत्यु संस्कारलाई अन्त्य गर्ने पद्धति हो। वाजसनेयीहरूको शुद्ध पद्धति अन्त्यकर्म पद्धति छँदैछ। कर्मलाई छाडेर अन्त्य यो शब्द मात्र लेख्नुले पनि गलत उद्देश्यद्वारा अभिप्रेरित भएर लेखेको देखिन्छ।

त्यस्तै आद्यश्राद्धादि उत्तमषोडशी, शय्यादानादिदान, वृषोत्सर्ग आदि जुन जुन क्रिया एकादशाहमा गर्नुपर्ने भनी शास्त्रले तोकिदिएका छन्, ती कर्म त्यसै दिन गर्नु अनिवार्य हुन्छ। अगाडिका कुनै दिनमा पनि गर्न हुँदैन भनी वाजसनेयीहरूको मान्य ग्रन्थ **याज्ञवल्क्यस्मृति, शङ्खस्मृति, मत्स्यपुराण** आदि वेदमूलक सबै शास्त्रग्रन्थले ठोस निर्णय दिएका छन्। निर्णय निम्नानुसार छ-

मृतेऽहनि प्रकर्तव्यं प्रतिमासं तु वत्सरम्।
प्रतिसंवत्सरं चैवमाद्यमेकादशेऽहनि ॥ याज्ञवल्क्यस्मृति. १।२५६
आद्य-श्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि।
कर्तुस्तात्कालिकी शुद्धिरशुद्धः पुनरेव स ॥ इति शङ्खः निर्णयसिन्धुःपृ.७८९
आशौचान्तद्वितीयेऽह्नि शय्यां दद्यात्सुलक्षणाम्।
काञ्चनं पुरुषं तद्वत् फलपुष्पसमन्वितम् ॥
सम्पूज्य द्विजदाम्पत्यं नानाभरणभूषणैः।
वृषोत्सर्गश्च कर्तव्यो देया च कपिला शुभा ॥ मत्स्यपुराण ॥

आद्यश्राद्धादि षोडशश्राद्ध, १० रात आशौच लाग्ने मृतकको मात्र होइन, सद्यः शौच लाग्नेको र ३ रात आशौच लाग्ने मृतकको पनि आद्यादि श्राद्ध चाहिँ मृत्यु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको एघारौं दिनमा नै गर्नुपर्छ भनी **निर्णयसिन्धु** ३।७९२ मा दिइएको पैठीनसि र उशनाको वचनले ठोकुवा नै गरेको छ । जुन यसप्रकार छ-

सद्यः शौचेऽपि दातव्यं प्रेतस्यैकादशेऽहनि ।

स एव दिवसस्तस्य श्राद्धशय्यासनादिषु ॥ पैठीनसिः निर्णयसिन्धुः पृ: ७९२

त्र्यहाशौचेऽपि कर्तव्यमाद्यमेकादशेऽहनि । उशनाः निर्णयसिन्धुः पृ. ७९२

शास्त्रको यस्तो निर्विकल्प निर्णय हुँदा हुँदै ३ दिनमा दशगात्र क्रिया गरिसक्ने र एघारौं दिनमा गर्ने गरिएका शय्यादान आद्यश्राद्धादि सबै क्रियाकर्म चारौं दिनमा, गर्ने भनेर मनगणन्ते पद्धति समेत लेख्ने भनेको शास्त्रज्ञान शून्य अज्ञ व्यक्तिको काम हो । यस्ता भ्रमात्मक काम गर्नेहरूबाट वैदिक धर्मानुयायी सबैले सचेत हुनुपर्ने भएको छ ।

पुनः एकादशाहमा नै आद्यश्राद्धादि क्रिया गर्नुपर्ने र ती क्रिया सम्पन्न नगरिकन द्वादशाहमा सपिण्डी गर्न पाइँदैन, गर्ने अधिकार नै हुँदैन भनी महर्षि गोभिल र लौगाक्षिले स्पष्ट निर्देशन गरेका छन्-

श्राद्धानि षोडशादत्वा नैव कुर्यात् सपिण्डनम् । गोभिलः

श्राद्धानि षोडाशापाद्य विदधीत सपिण्डनम् । लौगाक्षिः

क्रियाका दिन घटाउनै नपाइँने यस्तो शास्त्रीय व्यवस्था छँदा छँदै एघारौंको काम चारौं दिनमा गर्ने र बाह्रौं दिनमा गर्नुपर्ने सपिण्डीकरणको क्रियाकर्म पाचौं दिनमा गरेर क्रिया सक्ने भनेर पद्धति लेख्नु भनेको वेदादिशास्त्रले निर्देश गरेको अन्त्येष्टिको आत्माको र ईश्वरीय सत्ताको नै अनास्था एवं घृणा गर्नु हो र बाबु आमा आदिको मृत्युमा पुत्रादिले गर्नुपर्ने आफ्नो शुद्धि र मृतकको निम्ति गर्नुपर्ने क्रियाकर्मको उपेक्षा गर्नु हो । पितृऋणबाट मुक्त हुन पाउने उत्कृष्ट कर्मबाट बञ्चित हुनु हो ।

यसरी एकादशाहमा गर्नुपर्ने कृत्य मृत्यु भएको एघारौं दिनमा नै गर्नुपर्ने सर्वमान्य शास्त्रीय निर्णय हुँदाहुदैं धर्मसिन्धुको पृ. ७४७ मा **"अथैकादशाहे रुद्रगणश्राद्धम्"** शीर्षक दिएर **"एतदेकादशाहकृत्यं त्र्यहाशौचे चतुर्थदिने कर्तव्यम् । द्वितीयदिने प्रथमदिने वास्थि सञ्चयनम् । पञ्चम दिने सपिण्डीकरणम्"** यिनै वाक्य लेखिएका छन् । यिनैलाई पूर्ण आधार बनाएर "पाँचदिने अन्त्यपद्धतिको" पृ.११० मा लेखक शंकरप्रसाद पोखरेलले लेखेका छन् । जुन लेख यस्तो छ- "३ दिने आशौचमा एकादशाहकृत्य चारौं दिनमा गर्नुपर्छ भने दोस्रो वा पहिलो दिन अस्थिसञ्चयन गर्नुपर्छ । त्यस्तै बाह्रौं दिनमा गर्ने गरिएको सपिण्डीकरण क्रिया पाँचौं दिनमा गरी त्यसै दिन सबै क्रियाकर्म सक्नुपर्छ ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो लेख वा लेखकको भनाइ सर्वथा शास्त्रविरुद्ध छ। यतः वाजसनेयीहरूको अन्त्येष्टिका कुनै पनि दिन रुद्रगणश्राद्ध गर्ने विधान शास्त्रमा छैन। त्यसैले त्यो श्राद्ध गर्नुपर्दैन, गर्ने नपर्ने विषयको हवाला दिनु नितान्त अनुचित हो।

महाराष्ट्रका काशीनाथ उपाध्यायद्वारा ई.स. १७९० तिर लेखिएको **धर्मसिन्धु** दक्षिण भारतमा बढी मानिन्छ, त्यसमा लेखिएका निश्चितै विषयमात्र नेपालमा प्रामाणिक मानिन्छन्। प्रामाणिक र शास्त्रीय हुनको निम्ति मनु, याज्ञवल्क्य, पराशर जस्ता तपोनिष्ठ ऋषिहरूको वेदानुकूल वचन हुनुपर्छ। शास्त्र हाम्रो निम्ति हो, शास्त्रको निम्ति हामी होइनौं भनेर शङ्कर पोखरेलले लेखेका छन्, तर शास्त्र हाम्रै लागि ऋषिहरूले लेखेका हुन् र वेदादिशास्त्र भनेको ब्रह्म हो। ब्रह्मरूप शास्त्रको उपेक्षा गरी मनोगत अर्थ लगाई शास्त्रविरुद्ध **पाँचदिने अन्त्यपद्धति** लेख्नु भनेको शास्त्रको तिरस्कार गर्नु हो, यस्ता शास्त्रको तिरस्कार गर्ने व्यक्तिलाई हामीले पनि तिरस्कार गर्नुपर्छ र मृत्यु भएको दशौं र एघारौं दिनमा नै गर्नुपर्ने शास्त्र निर्दिष्ट कर्म गर्नुपर्छ, त्यसपछि आफ्ना बाबु आमा आदि मृतकको आत्मालाई मृत्यु भएको बाह्रौं दिनमा वैदिक विधिअनुसार गरिएको सपिण्डीकरण क्रियाद्वारा पितृत्वमा प्राप्त भइसकेका पितामहादि तीनपुस्ताका पितृहरूको पंक्तिमा लगेर मिलाउनुपर्छ। यसरी मिलाइसकेपछि मृतक पितृपदमा प्राप्त हुन्छ भनी ऋषिवर, गालवले र अन्य ऋषिहरूले पनि स्पष्ट भनेका छन्। जुन भनाइ यस्तो छ -

सपिण्डीकरणात्प्रेते पैतृकं पदमास्थिते। धर्मसिन्धु पृ. ९५३ सुधाटि.१

यसरी प्रेतावस्थामा प्राप्त अर्थात् दुःख पाएर दिग् भ्रमित भइरहेका आफ्ना बाबु आमा आदिलाई सतत स्मरणीय, समादृत एवं प्रतिष्ठित पितृपदमा प्रतिष्ठापन गर्ने दिन शास्त्रप्रवर्तक ऋषिमहर्षिहरूले १२ दिन, ४५ दिन, ६ महिना र वर्ष दिनका यी ४वटा काल देखाएका छन्, तापनि कलियुगका मानिस (क्रियाकर्ता)को आयुको ठेगान नहुने, शरीर अस्थिर एवं रोगग्रस्त हुने वा मृत्यु नै हुनसक्ने पनि हुँदा सबभन्दा छोटो एउटा मात्र काल बाह्रौं दिनमा नै सपिण्डीश्राद्ध गर्नुपर्छ, ४५ दिन, ६ महिना वा वर्ष दिनको दीर्घकालमा गर्न खोज्दा क्रिया गर्नेको नै मृत्यु हुनसक्ने जस्ता विविध कारणले गर्दा मृतकको आत्माले पितृपंक्तिमा मिल्नै नपाई प्रेतावस्थामा नै रहनुपर्ने दुःखद स्थिति आउन सक्दछ। त्यही कारण कलियुगमा बाह्रौं दिनमा नै सपिण्डीकरण क्रिया गर्नु अनिवार्य हुन्छ भनी ठोस निर्णय गरेका छन्। पुनः उनीहरूले नै ४५ दिन आदिका दीर्घकालहरू युगान्तरका क्रियाकर्ताका लागि हुन्, कलियुगका क्रियापुत्रीका निम्ति होइनन् भनी स्पष्ट भनेका छन्। जुन निर्णायक भनाइहरू तल दिइएका छन् -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क) सपिण्डीकरणं द्वादशाहे कार्यम् । श्राद्धकाशिका

ख) द्वादशाहे भवेत् कार्यं सपिण्डीकरणं सुतैः । निर्णयसिन्धुः परिच्छेद ३, पृ. ८०६

ग) आनन्त्यात्कुलधर्माणां पुंसां चैवायुषः क्षयात् ।
आस्थितेश्च शरीरस्य द्वादशाहः प्रशस्यते ॥ व्याघ्रको वचन, निर्णयसिन्धु, परिच्छेद ३, पृ. ८०९।

घ) चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् ।
कर्मलोपात्प्रत्यवायी भवेत्तस्मात्सपिण्डनम् ॥
निरग्निकः साग्निको वा द्वादशाहे समाचरेत् । गरुडपुराणम्

ङ) साग्निकस्तु यदा कर्ता प्रेतो वाप्यग्निमान् भवेत् ।
द्वादशाहे तदा कुर्यात्सपिण्डीकरणं पितुः ॥ धर्मसिन्धु : पृ.९५३
अनित्यत्वाच्छरीरस्य द्वादशाहे सपिण्डनम् ॥ सत्कर्मरत्नावली

च) एकादशाहं निर्वर्त्य सपिण्डीकरणं कुर्यात् । पारस्कर गृ.सू.परिशिष्ट श्रा.का.

छ) द्वादशाहे सदा कार्यं सपिण्डीकरणं पितुः । पारस्कर गृ.सू.परिशिष्ट श्रा.का.

ज) चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् । पारस्कर गृ.सू.परिशिष्ट श्रा.का.

यिनै र यस्तै अन्य अनेक युगानुकूल ठोस शास्त्रीय प्रमाणका आधारमा नै वैदिक धर्मानुयायी, व्रतबन्ध संस्कारद्वारा सुसंस्कृत, मानिसको मरणमा परापूर्व कालदेखि बाह्रौं दिनमा सपिण्डीकरण क्रिया गर्ने गरिएको हो । यो शास्त्रसिद्ध परम्परा हो यसलाई तोड्न मिल्दैन ।

आशौच र अन्त्येष्टिमा पर्नसक्ने वा पर्न आएका समस्याको समाधान वेदधर्मशास्त्रज्ञ आधिकारिक विशिष्ट विद्वान्हरूले गर्ने हो, शास्त्रज्ञानशून्य अनधिकार व्यक्तिले गर्ने होइन । पाँचदिने अन्त्यपद्धति लेख्ने लेखाउने शंकर पोखरेल लगायतका व्यक्ति शास्त्रज्ञान शून्य नै रहेछन् भन्ने कुरा उनीहरूको लेखाइबाट शास्त्रज्ञ सबैलाई स्पष्ट हुन आएको छ ।

मृत्यु भएको निश्चित हो, तर शव फेला नपर्नु, समयमा लाश जलाउन नपाउनु, क्रियाकर्ताको उपस्थिति यथा समयमा नहुनु, भूकम्प, बाढी, पहिरो, अतिवृष्टि आदि दैवीप्रकोपबाट पीडित हुनपुग्नु जस्ता आपद आइपर्दा आपद् धर्मअनुसार गात्र निर्माण क्रियाकर्म गरिन्छ । यो शास्त्रसिद्ध परम्परा हो ।

मूलतः दशौं दिनको काल, एघारौं दिनको काल र बाह्रौं दिनको काल यी तीन वटा जुन काल आशौच बार्न र क्रियाकर्म गर्नका निम्ति तोकिएका छन्, यी काललाई कुनै हालतमा पनि घटाउन मिल्दैन, घटाउनका लागि शास्त्रीय प्रमाण पाइँदैन । अतः **ढिकुरो फोर्ने काम मृत्यु भएको दशौं दिनमा, आद्यश्राद्धादि कर्म**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एघारौं दिनमा र सपिण्डीकरण क्रिया बाह्रौं दिनमा नै गर्नुपर्ने अकाट्य शास्त्रीय व्यवस्था भएकोले क्रियाकर्मका दिन घटाउन नमिल्ने भएको हो ।

अत्युच्च हिमशैलको काखमा अवस्थित पशुपतिनाथ-सनाथित शास्त्रप्रर्वतक ऋषिमुनिहरूद्वारा समादृत आर्यतपोभूमि, ज्ञानभूमि, कृष्णसार मृगको स्वच्छन्द विचरणले पवित्रतम तीर्थस्थलहरूको प्राचुर्य रहेको, मृत्युसंस्कार जस्ता प्रेतत्वबाट मुक्त भई पितृत्वमा प्राप्त हुन पाउने, अत्युत्कृष्ट पितृयज्ञ सम्पादन गरिने महिमा-मण्डित, यस नेपाल भूमिमा अहिले पनि शास्त्रमर्मज्ञ विद्वान् विदुषीहरूको कुनै कमी छैन । त्यसैले शास्त्रको पछि लाग्ने सनातनधर्मानुयायी हामीहरू कुनै हालतमा पनि शास्त्रविपरीत जान नसक्ने कुरा एवं मृतकलाई नारकीय गतिमा पुऱ्याउने निकृष्ट काममा लाग्न नहुने कुरा हामी सबैले बुझ्नु आवश्यक छ । युग, देश, काल, उमेर, संस्कृत, असंस्कृत, ब्रह्मचर्य, चान्द्रायणादिव्रत, अग्निहोत्रादिकर्म, सपिण्ड सोदकादिसम्बन्ध, असगोत्रसम्बन्ध, असवर्णसम्बन्ध आदिका आधारमा ऋषि महर्षिहरूद्वारा प्रस्तुत वचनका आधारमा मात्र आशौच बार्ने र क्रिया कर्म गर्ने गरिएको हो ।

पाँचदिने अन्त्यपद्धति लेख्नेहरूले बाबु आमा आदिको मृत्युबाट शोकाकुल अबोध जनतालाई मात्र भ्रममा पार्ने होइन, वेदमूलक आर्षवचन देखाएर क्रियाका दिन घटाउने कुरामा शास्त्रज्ञ विद्वानहरूलाई पनि चित्त बुझाउन सक्नु पऱ्यो । अन्यथा आफ्नो शुद्धि र मृतकको आत्माले सद्गति प्राप्त गरोस् भन्ने जुन उद्देश्यले आशौच बार्ने र क्रिया गर्ने गरिएको हो, पाँचदिने क्रियाले त्यो उद्देश्य परिपूर्ति नभई सो क्रिया केवल नक्कली, देखावटी, शास्त्रनिषिद्ध र झाराटार्ने खालको मात्र हुन्छ । त्यो गरेको काजक्रिया नै हाइन, गलत हो । त्यो त प्रेत भएर संसारमा धुन्धुकारी सरह जीव भट्किरहन्छ ।

शास्त्रविरुद्ध यस्तो पाँचदिने क्रियाकर्म जुन पुरेतले गराउँदछ, त्यो दुर्बुद्धि पुरेत भनाउँदो व्यक्ति पनि शास्त्रानुसार निश्चय नै कलुषित, दूषित, मलिन, पितृघातक, भ्रष्ट, पतित र अबोध यजमानलाई ठग्ने अक्षम्य अपराधी ठहरिन्छ । पाँचदिनमा क्रिया सक्न नहुने कुरा बुझेको क्रियाकर्ताले ठग एवं अपराधी पुरेतको सही थापेर एवं मतियार भएर पाँचदिनमा क्रिया समाप्त गर्दछ भने त्यो क्रियाकर्ता पनि शास्त्रानुसार पितृघाती महापातकी कुकर्मी नै ठहरिन्छ ।

आ समुद्रात्तु वै पूर्वादासमुद्राच्च पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥ मनुस्मृति २।२२

मनुष्यका मूल पुरुष मानिएका ब्रह्माजीका मानसपुत्र महामति आदिराज

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुले आर्यावर्तक्षेत्रको यस्तो परिभाषा वा लक्षण व्यक्त गरेका छन् । यस लक्षणले युक्त पुण्य भूमिमा द्विज आदि जो मानिस बसोबास गर्दछन्, तिनीहरूलाई १२ दिन क्रिया गर्नुपर्ने नियम लाग्ने हो । त्यसमा पनि मृतक बाबु आमा आदिको मृत्युबाट शोकाकूल मृतक बाबुआमा वा पितृप्रति जसको श्रद्धा, आस्था, निष्ठा र विश्वास छ, त्यसले मात्र १३ दिन क्रिया गर्ने हो । जसको पितृ, आत्मा र ईश्वरीय सत्ताप्रति नै श्रद्धा एवम् विश्वास छैन, त्यसले काज क्रिया गर्ने कष्ट किन गर्ने ? श्रद्धा, आस्था, निष्ठा र विश्वास नभएका मानिसद्वारा गरिएका हवनादि देवक्रिया, पिण्डदान, जलदान, शय्यादानादि पितृक्रिया आदि जुनसुकै क्रियाकर्म पनि यसलोक र परलोक दुबै लोकमा असत् हुन्छन्, अर्थात् इष्टफलप्रद हुँदैनन् भनेर भगवान् श्रीकृष्णाले अर्जुनलाई स्पष्ट भन्नुभएको छ । जुन यस प्रकार छ-

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह ॥ श्रीमद्भगवद्गीता १७ २८

त्यसैले पाँच दिने क्रियाको त के कुरा क्रिया नै गर्दै नगर्दा पनि कसले के गर्छ र ? क्रिया गर्नुपर्छ भनेर कसैले कसैलाई बाध्य बनाउने कुरा होइन । नगर्नेलाई पहिला जस्तो अहिले राजदण्ड दिने चलन छैन । देवदण्ड (प्रायश्चित्त) लाग्ने चर्मचक्षुले देख्ने कुरा होइन । जूठो बार्ने र क्रिया गर्ने काम नास्तिक विचार राख्नेहरूले पहिला पहिला पनि गर्दैनथे, आस्तिक भावना भएकाले मात्र विधिसित गर्ने हो । अहिले पनि गरिरहेकै छन् र गर्दै पनि जानेछन् । नगर्नेहरूले गर्दैनन् ।

अमुक व्यक्तिले ५ दिन गऱ्यो, अमुकले ७ दिनमा सक्यो, अमुक व्यक्तिले गर्दै गरेन, पाँचदिने क्रियाका समर्थक यति प्रतिशत छन्, पुरेत यति जना छन्, सल्लाहकार र सदस्य यति जना छन् भनेर कसैले कसैलाई सुनाउनु कथित अन्त्य पद्धतिमा लेख्नु निरर्थक हो, तुच्छ कुरा हो । वैदिक कर्म विनाश गर्ने काम हो । यस्ता अर्थहीन लेखाइबाट परम्परागत वैदिक धर्म, कर्म, संस्कारप्रति प्रतिबद्ध अध्यात्मवादी मानिसहरू हल्लिने छैनन्, १३ दिनसम्म गर्नुपर्ने क्रियाकर्मबाट यताउति डेग चल्ने छैनन्, विचलित हुने छैनन् ।

निष्कर्ष:-

पाँचदिने अन्त्यपद्धति निर्माण गर्नेले पारस्करको **गृह्यसूत्र,** मनु, याज्ञवल्क्य र पराशरको स्मृतिग्रन्थ, **निर्णयसिन्धु, धर्मसिन्धु** र **गरुडपुराण**का आशौचसँग सम्बद्ध वचनलाई आधारमानेर लेखिएको हो भनेर भूठो हवाला दिएका छन् ।

उनीहरूले "त्रिरात्रं शावमाशौचम् ।३।१०।२९ पारस्करको यो सूत्रलाई मूल आधार बनाएको भनेका छन् । यही आधारमा मरणाशौच ३ रातमात्र सबैलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाग्छ । त्यसैले १० पिण्ड दिएर १० दिनसम्म गरिने क्रिया पनि ३ दिनमा नै सक्नुपर्छ र एघारौं दिनमा गर्ने गरिएको क्रियाकर्म, चारौं दिनमा र बाह्रौं दिनमा गर्ने गरिएको सपिण्डीकरण क्रिया, पाँचौं दिनमा गरी सबै क्रियाकर्म ५ दिनमा नै सक्नुपर्छ, भनेका छन् । यो नितान्त गलत हो ।

महामना महर्षि पारस्करको **"त्रिरात्रं शावमाशौचम्"** यो सूत्रले सपिण्डको मरणाशौच ब्रह्मचारी, अग्निहोत्री, वेदाध्ययनादि कर्म गर्नेलाई र सोदकको, चूडा गरेको तर उपनयन संस्कार नगरिएको बालकको मरणाशौच, सपिण्ड दाजुभाइलाई ३ रात लाग्छ भन्ने निर्णय दिएको हो । सबैलाई होइन । यो बुझ्न जरुरी छ ।

यस्तो अकाट्य, अपरिवर्तनीय, निर्विकल्प निर्णयलाई मृत्यु संस्कार लोप हुनबाट बचाउने निहुँमा ब्रह्मचारी, अग्निहोत्री, उपनीत, अनुपनीत, सोदक सपिण्ड जो सुकै हुन्, सबैको मरणाशौच ३ रातमात्र लाग्ने हो भन्ने अज्ञानोत्पन्न मनोगत गलत अर्थ गरेर लेखिएको पाँचदिने अन्त्यपद्धति महर्षि पारस्करको परम पावन उद्देश्यको सर्वथा विपरीत छ । उहाँको बदनामी गर्ने निन्दित काम भएको छ । संस्कार ध्वस्त पार्ने र मृतकलाई नारकीय गतिमा पुऱ्याउने अति निकृष्ट एवं हेय काम गरिएको छ । यस्तो काम गर्नु भनेको कालकूट अर्थात् हलाहल विषपान गर्नु हो । यस्तो विषपान गर्नेको स्थिति के कस्तो हुन्छ भन्ने कुरा पाँचदिने अन्त्यपद्धति लेख्नेहरूले बुझ्नुपर्ने हुन्छ ।

"त्रिरात्रं शावमाशौचम्" ३।१०।२९ यो सूत्र अनुरूपका वचन, मनु, याज्ञवल्क्य, पराशरादि शास्त्रप्रवर्तक सबैले प्रस्तुत गरेका छन् । पारस्करको ३।१०।२९ यो सूत्रको भाष्य लेख्ने भाष्यकार कर्क-जयराम-हरिहरादि महामतिहरूले र मन्वादिका वचनको व्याख्या गर्ने व्याख्याकार, मेधातिथि कुल्लूक भट्ट, विज्ञानेश्वर, विनायकपण्डित आदि मनीषीहरूले पनि शैलीमा केही फरक गरे तापनि व्याख्या एउटै गरेका छन् । अर्थात् पारस्करको ३।१०।२९ सूत्रको जुन अर्थ हो, त्योसँग मिल्दोजुल्दो छ । जस्तै ब्रह्मचारी र अग्निहोत्रीलाई सपिण्डको आशौच ३ रात, सोदकको सपिण्डलाई, चूडा गरेको तर उपनयन नगरेको बालकको सपिण्ड बन्धुबान्धवलाई ३ रात आशौच लाग्छ । त्यस्तो बालकको क्रियाकर्म चाहिं बाबु आदि अधिकार प्राप्त व्यक्तिले मात्र गर्नुपर्छ । क्रियाधिकार पाएको व्यक्तिले गात्रनिर्माण क्रिया नै गर्नुपर्छ । सो क्रिया गर्दा पहिलो दिन ३, दोस्रो दिन ४ र तेस्रो दिन ३ पिण्ड दिएर १० पिण्ड पुऱ्याउनुपर्छ । त्यस्तै जलाञ्जली दान र तिलतोय पात्र दान पनि पहिलो दिन ६, दोश्रो दिन २२ र तेस्रो दिन २७ गरी ५५ पुऱ्याई अलौकिक प्रेतदेह निर्माण गरिदिनुपर्छ । सो देहनिर्माण गर्ने काम ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनमा गरिसकेपछि चारौं दिनमा शय्यादानादि कर्म र पाँचौं दिनमा शास्त्रोदित अन्य बाँकी कर्म गरी क्रियाकर्म समाप्त गर्नुपर्छ । त्र्यहाशौचे पिण्डदानविधिमाह पारस्करः-

प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः ।
द्वितीये चतुरो दद्यादस्थिसञ्चयनं तथा ॥
त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादिक्षालयेत्ततः इति ॥ निर्णयसिन्धु पृ ६८९

प्रथमदिने त्रीन् पिण्डान्, षडञ्जलीन्, षट्पात्राणि च दद्यात् । द्वितीयदिने चतुरः पिण्डान्, द्वाविंशत्यञ्जलीन्, द्वाविंशतिपात्राणि, तृतीयदिने पुनस्त्रीन् पिण्डान्, सप्तविंशत्यञ्जलीन्, सप्तविंशतिपात्राणि च दद्यात् । पारस्करगृहसूत्र-हरिहरभाष्यम् ॥

यी वचन शास्त्र प्रयोजकद्वारा अनुपनीतको मरणमा गर्नुपर्ने दशगात्रक्रियाको निम्ति दिइएका हुन् भन्ने कुरा विचारै नगरी मृतकको सद्गतिको निम्ति गर्नुपर्ने क्रिया कर्मप्रति अत्यन्त गहिरो उपेक्षाको भाव राखेर व्रतबन्ध नभएको केटो र विवाह नभएकी केटीको मरणमा गर्नुपर्ने ५ दिने जुन क्रियाकर्म हो, व्रतबन्ध भएको केटो र व्रतबन्धस्थानीय विवाह भएकी केटीको पनि त्यही ५ दिने क्रियाकर्म गर्दा पुगिहाल्छ भनेर ५ दिने अन्त्यपद्धति समेत प्रकाशित गर्नु भनेको अक्षम्य गल्ती हो, मृतकको आत्माको उपेक्षा एवं अनादर गर्दा लाग्ने जघन्य पापको भारी बोक्नु हो, अत्यन्त निन्दनीय र उपहास्य कार्य पनि हो । अतः १३ दिने काजक्रिया नै शास्त्रीय हो ।

क्रियाकर्म गर्दा के हुन्छ ? नगर्दा के हुन्छ ? ५ दिन किन गर्नुपर्ने हो ? किन १३ दिन गर्नुपर्ने हो ? यस्ता शास्त्रका कुरा केही नजानेका नबुझेका अबोध सर्वसाधारण जनतालाई भ्रमजालमा पारेर ५ दिने क्रिया गराएर ठगी गर्ने ठग एवं कर्तव्यच्युत पुरेतहरूलाई परमात्माको पूर्णअंश, नित्य, सत्य, शाश्वत, मृतकको आत्मा (जीवात्मा) ले नै अत्यन्त कठोर दण्ड प्रदान गर्ने कुरा निश्चित छ । पुनः ५ दिने क्रिया जूठो सूतकभित्र गरिएको दान निन्द्य, उग्र र असत् पनि हुन्छ । त्यो क्रिया गराएर त्यस्तो दान लिने असत् प्रतिग्रही पुरेत मलिन, निन्दनीय, पतित, सर्वतस्त्याज्य र घोर नरकमा पर्ने पनि हुन्छ । त्यसैले विशेषतः पुरोहितहरूले शास्त्रविहित १३ दिने काज-क्रिया नै गराउनुपर्छ, ५, ३ दिने होइन । अन्यथा उसको गति नारकीय हुने र उसका सन्तानहरूलाई कहिल्यै नमेटिने खिया लाग्दै जाने कुरा शास्त्रले निश्चित गरेको छ । इति शम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत्रात्मकरूपमा शास्त्रनिर्णय

प्रा.डा. दीर्घराज घिमिरे

१) श्रौतस्मार्तकर्ममध्ये आशौच स्मार्त हो र निषेधात्मक हो । त्यो निवृत्यात्मक हुन्छ, स्वाध्यायादिकर्मको निवर्तक हो । त्यो कति दिन भन्नेबारे मूलधार एक हो भने अपेक्षाभेदेन सङ्कोचचर्चा शास्त्रमा देखिन्छ । सामान्यतः मृत्युदिनदेखि **दश अहोरात्र नै आशौच व्यवस्था छ** । स्पष्टतः प्रतिपादन के हो भने **सर्वसम्मत कुरा आशौचान्त द्वितीय दिन भनेर एघारौं दिनलाई लिइन्छ** । यसबारे गृह्यसूत्र, धर्मसूत्र आदि सबै एकमत छन् । सपिण्डीका चार कालमात्र छन् - पहिलो पहिलो काल बाह्रौं दिन हो र त्यसभन्दा पहिला सपिण्डीक्रियाको उल्लेख कहीं छैन ।

२) गृह्यसूत्र आशौचविधायक शास्त्र होइन, संस्कारविधायक हो । प्रसङ्गतः मात्र आशौचका विषयमा छोटो चर्चा गरिएको हो ।

३) सर्वाङ्गपूर्ण स्मृति छन् । त्यसमध्ये प्रधान मनुस्मृति हो । मनुविपरीत अर्थप्रतिपादन गर्नेलाई मान्य मानिँदैन । अझ मनुलाई वेदले नै धेरै महत्त्व दिएको छ ।

४) याज्ञवल्क्यस्मृति माध्यन्दिनी शाखाका लागि विशेष ग्राह्य हो । त्यसले स्पष्टतः **एकवर्ष आशौच र एकादश दिनमा आद्यश्राद्धको विधान गरेको छ** । याज्ञवल्क्य त गृह्यसूत्रकार पारस्करका पितासमेत हुन् र **याज्ञवल्क्यस्मृति** त गृह्यसूत्रभन्दा पूर्ववर्ती स्मृति हो ।

५) **कलौ पाराशरी स्मृतिः** पनि नपुगेका थप इतिकृत्य निरुपिका मानिन्छ । त्यसमा माधवाचार्यको ठूलो व्याख्या र अन्यान्य व्याख्यासमेत पढ्दा विषयवस्तुको आकलन त्यति असहज हुँदैन ।

६) काल, देश र शक्तिका अपेक्षाले आशौचसङ्कोचको उल्लेख सर्वात्मना होइन । अनन्यगतिकको व्यवस्था सामान्यमा व्याख्या गर्न मिल्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशौच निर्णयमा शास्त्रप्रमाण

प्रा.डा. ऋषिराम पोखरेल

संसार धेरै फराकिलो छ। धेरै थरी मान्छे छन्। धेरै थरी भाषा छन्। धेरै थरी धर्म छन्। अनेक थरी संस्कृति, संस्कार, चालचलन, रीतिथिति, चाडपर्व र परम्परा छन्। ती सबैका आ-आफ्ना धारणा, मान्यता र परम्परा भिन्नाभिन्नै भए तापनि ती सबैको आआफ्ना खालका युक्ति छन्। निर्देशक शास्त्रहरू पनि धेरै छन्। कुनै न कुनै युक्ति वा प्रमाण र प्रयोजनबिना अर्थात् कारणबिना कुनै आधारबिना कहीँ कतै कुनै काम हुँदैनन्। हिन्दु, बौद्ध, जैन, सिख, शैव, वैष्णव, किरात, बोन आदि सबै धर्म, संस्कृतिको अन्तिम लक्ष्य भनेको ती ती धर्मानुयायीको यथासंभव सबै मानवको हित, समुन्नति एवं कल्याण गर्नु हो। अन्त्यमा उनै परमपिता परमेश्वरको शुभदृष्टि पाएर उसैको सान्निध्य वा उसैमा समाहित हुनु हो। जन्मदेखि मरणसम्म तथा मरणोपरान्तसमेत जे जस्तो नियम वा विधिव्यवहार गर्ने धार्मिक परम्परागत मर्यादा छ। त्यो बेला त्यहीअनुसारका कामकुरा विधिविधान गर्नैपर्छ। त्यसमा हेरफेर गर्ने अधिकार कसैमा रहँदैन।

यसक्रममा परिआउने परिस्थिति वा देश, काल, व्यक्ति र शारीरिक अवस्थाअनुसार कसलाई कुन अवस्थामा कति छुट वा सुविधा दिने भन्ने कुराहरू पनि आवश्यकता र औचित्यअनुसार ती ती धर्मले व्यवस्था गरेका हुन्छन्। व्यक्ति, अवस्था, देश, काल, परिस्थिति भन्ने कुरा मानिसका अधीनका कुरा होइनन्।

सनातन हिन्दुधर्मानुयायीले पनि देश, काल, परिस्थिति र अवस्थाअनुसारका धर्म, कर्म, आचार व्यवहार गर्ने गराउने कुराको व्यवस्था गरेको छ। जस्तै -संकटकालको निम्ति आपद्धर्म व्यवस्था, रोगी, वृद्धवृद्धा र बालकहरूका निम्ति छुटको व्यवस्थालगायत अनेकौँ कुरा वेद र स्मृतिशास्त्रहरूले गरेका छन्।

अतः एव हामी वैदिक सनातन हिन्दुधर्ममा रहनेहरूले आफ्ना धर्म, कर्म, संस्कारहरू र दैनिक सदाचारलाई अत्यन्तै महत्त्व दिने गरेका छौँ। जन्म र मृत्युका बेलामा बार्ने आशौचलाई पनि धर्मशास्त्रले नै साधारण अवस्था र विशेष अवस्थामा लाग्ने (आशौच बार्ने) दिन र त्यो आशौच परेको समयावधिभित्रका दिनहरूमा गर्नुपर्ने दैनिक धर्मचर्या र विधिव्यवहारको पनि तौर तरिका र निर्देश गरेको हुँदा आशौचका दिनलाई घटबढ गर्ने कुराको उठान गर्नै मिल्दैन। हाम्रा धर्मविचारक ऋषिमहर्षिहरूले तथा समय समयमा धर्मशास्त्रीय व्यवस्थाबारे आफ्ना अभिमत दिने विद्वान् आचार्यहरूले सामान्य अवस्था, विशेष अवस्था र सङ्कटकाल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दैवीप्रकोप, रोगप्रकोप, परदेशवास, यात्राकाल, वृद्धावस्था, बाल्यावस्था,, आदिमा आवश्यकता र औचित्य हेरी छुट दिनेगरी छुट्टाछुट्टै व्यवस्था गरिएको हुनाले आज आएर अरु विधर्मीका प्रभावमा परी आशौचका १०/१२ दिनबाट घटाएर ३/५/७ दिनमा जूठो सूतकबाट शुद्धि दिने व्यवस्था हुनुपर्‍यो भनेर अनावश्यक चर्चा उठाउनु विद्वान् बुद्धिजीवीका निम्ति पटक्कै नसुहाउने कुरा हो ।

हाम्रा धर्मशास्त्रले जननाशौच र मरणाशौच गरी २ प्रकारका आशौचको व्याख्या गरेको छ । जसमध्ये जनसंख्या बढाउनेलाई वृद्धि आशौच वा जननाशौच र जनसंख्या घटाउने आशौचलाई मरणाशौच वा शावाशौच भनेर अलग्गै निरूपण गरेका छन् । जसअनुसार आशौच भनेको अशुचिको अवस्था हो; अशुचि भनेको मन, वचन र कर्मका साथै शरीरगत अशुद्धि समेत हो । मानिसको जन्म भएपछि जातकर्मका साथै मातृशिशुस्याहारको समेत विशेष व्यवस्था गर्नुपर्ने अवस्था आउँछ । जन्मसूतकमा जातकर्म र छैठी गर्ने सद्यः प्रसूत शिशु सूतिकाको स्याहार सुसार गर्दै दशरात वितेपछि एघारौँ दिनमा विधिपूर्वक नामकरण गर्नुपर्ने विशेष विधि छ । क्षय अर्थात् मृत्युसूतकमा पनि दश दिन लगाएर दशगात्र विधि गर्नै पर्दछ । दशगात्र विधिका क्रममा शवसंस्कार, पिण्डदान एवं अस्थिसञ्चयन र विसर्जन वा कोरा बार्ने वेदिका वा ढिकुरो बनाएर त्यसमा अङ्गपूरणपूर्वक नरकोत्तारक दश पिण्डदान दश दिनसम्म गर्ने अर्थात् मलिनषोडशी, काकबलिदान पाथेय तथा अस्थिसञ्चयन श्राद्धानुष्ठान, दशदिनसम्म अखण्डदीपदान, सन्ध्याकालीन दीप, जल, पुष्पदान गर्दै कोरा बारी बस्ने प्रतिदिन चतुष्पथस्थित वृक्षमा घडा राखी त्यसमा जलदान, प्रतिदिन सचैलस्नान र पाषाण अर्थात् ढुङ्गो थापेर त्यसमा तिलाञ्जलिदान, एकभक्त बसी, ब्रह्मचर्यमा रहेर, नसिएको सेतो वस्त्र धारण गरेर, भूशयन गरी, दशौँ दिनमा वेदिका अर्थात् ढिकुरो फुटाई त्यसमा सप्तधान्य छर्ने, एक माना चामल र दीपदान गर्ने, एघारौँ दिनमा जलस्रोत वा जलाशयको नजिकमा गई आद्यमासिक, आद्याब्दिक, घटदान, वृषोत्सर्ग, मध्यमषोडशी, शय्यादान आदि सबै क्रियाकर्म सम्पन्न गर्नुपर्ने शास्त्रीय विधान छ । यी कर्महरूका साथै बाह्रौं दिनमा सपिण्डनश्राद्ध गरी कोरा कपडा बदली गरी सेता एकसरा वस्त्र लगाई एक वर्षसम्म क्रमशः ऊनमासिक, द्वितीयमासिक, त्रैपाक्षिक, तृतीयमासिक, चतुर्थमासिक, पञ्चममासिक, षाण्मासिक, ऊनषाण्मासिक, सप्तम, अष्टम, नवम, दशम, एकादश, द्वादशमासिक, ऊनाब्दिक र आब्दिकसमेत गरेर १७ उत्तमषोडशीसहित सबै वार्षिकी कर्म गरेपछि कपडा बदली त्यसको भोलिपल्ट गणेशपूजनपूर्वक वार्षिक आशौच समापन गर्ने विधान शास्त्रमा स्पष्ट छ ।

कलियुगमा कुन सूतक कुन वर्णले कति दिन बार्ने भन्ने विषयमा विभिन्न विद्वान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरूको मतका साथै भगवान् विष्णुको मतले सबै वर्गका सपिण्डी दाजुभाइहरूलाई समेत जननाशौच एवं मृताशौच १० दिनमा सकिन्छ भनेर निर्धारण गरेको हुँदा दुवै आशौचको १० दिन निर्धारण गरेको हो । जो यसप्रकार रहेको छ-

१) **सर्वेषामेव वर्णानां सूतके मृतकेऽपि वा ।**
दशाहाच्छुद्धिरित्येष कलौ शास्त्रस्य निश्चयः ॥ प्रेतकल्प १३।१९।

अर्थात् जन्म वा मृत्युको आशौच सबै वर्णका निम्ति कलियुगमा १० दिनमा नै शुद्धि हुन्छ भन्ने शास्त्रको निर्णय छ । दश दिनको अर्थ यहाँ दशरात्रिलाई लिनुपर्छ ।

२) सूतकहरूको आशौच शुद्ध हुने दिनबारे **वीरमित्रोदय**मा यस्तो भनिएको छ -
सूतिका सर्ववर्णानां दशरात्रेण शुद्ध्यति । समयप्रकाश ३। ४ ।

अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्य तीनवटै वर्णलाई १० रातसम्म जननाशौच र मरणाशौच दुबै थरि सूतक लाग्दछ । बार्नै पर्दछ । यसबीचमा ७ पुस्तासम्मकाले देवपूजनादि कर्म गर्न हुँदैन भने समानोदक अर्थात् ८-१४ पुस्ताकाले ३ दिन बार्नै पर्छ । १५ - २१ पुस्ताकाले १ दिन र २२ पुस्तापछिकाले स्नानमात्र गरे शुद्ध मानिन्छ । आशौचको यो सगोत्रीसम्मको नियम दाजुभाइलाई निर्देश गरिएको हो । लोक-व्यवहारमा यसलाई पानी छुने भनिन्छ ।

सुत्केरीका हकमा भने १० दिनसम्म अस्पृश्य र ११ दिनदेखि पुत्र पुत्रीका जन्मका हिसावले क्रमशः ३१, ४१ दिनपछिमात्र देवपूजनादि कर्ममा अधिकार हुन्छ । त्यति बेला बल्ल शुद्ध माान्छिन् ।

३) **दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।**
अशुद्धा बान्धवाः सर्वे सूतके च तथोच्यते ॥

अर्थात् जन्म र मृत्युको आशौच सपिण्डी अर्थात् सातपुस्तेलाई १० दिन लाग्दछ ।

४) आपत्कालमा सबै जात र वर्णलाई जूठो र सुत्केरोको आशौच नै लाग्दैन । **धर्मसिन्धु पृ. ८८६ ।**

५) जन्म वा मृत्युका विषयमा तोकिएका आशौचका दिनहरूमा घटबढ गर्न मिल्दैन । **मनुस्मृति ५। ८४ ।**
न वर्द्धयेदघाहानि प्रत्यूहेन्नाग्निषु क्रिया ।
न च तत्कर्म कुर्वाणः सेनाभ्योऽप्यशुचिर्भवेत् ॥

यसप्रकार सामान्यतया सबै थरि जूठो सूतकहरू कलियुगमा सबै वर्णलाई १० दिनमात्रै लाग्ने कुरामा सबै शास्त्रको सहमति रहेको छ । सपिण्डनकर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नगरेसम्म मरणाशौचको सूतक निवृत्ति चाहिँ पुत्रादिलाई हुँदैन । एघारौँ दिनमा मध्यमषोडशी, वृषोत्सर्ग, घटदान, शय्यादान, आद्यमासिकलगायतका कार्य गर्नुपर्ने हुन्छ । त्यसपछि बाह्रौँ दिनमा सपिण्डन गर्नुपर्ने विधान छ ।

एकादशे वृषोत्सर्गो द्वादशाहे सपिण्डनम् । भनिएको छ, यद्यपि **द्वादशाहे त्रिपक्षे वा षण्मासे वत्सरेऽपि वा । सपिण्डीकरणं प्रोक्तं मुनिभिस्तत्त्वदर्शिभिः ॥ गरुडपुराण** प्रेतकल्पको यस प्रमाणका अनुसार १२औँ दिनमा, ४५औँ दिनमा ६महिनामा वा वर्षदिनमा सपिण्डन गर्न हुने अथवा गर्न सकिने व्यवस्था छ, तर भगवान् विष्णुकाअनुसार कलियुगमा १२औँ दिनमा नै सपिण्डी गर्नुपर्दछ ।

मया तु प्रोच्यते तार्क्ष्य शास्त्रधर्मानुसारतः ।
चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् ॥१३॥२९॥
अत्यल्पात् कलिधर्माणां पुंसां चैवायुषःक्षयात् ।
अस्थिरत्वाच्छरीरस्य द्वादशाहे सपिण्डनम् ॥१३॥३०॥

अर्थात् कलियुगमा सबै जात र वर्णलाई जूठो, सूतक १० दिनसम्म लाग्छ । ११औँ दिनमा वृषोत्सर्ग गरी १२औँ दिनमा नै सबै वर्णले सपिण्डीश्राद्ध गर्नुपर्दछ । सपिण्डीश्राद्ध नगर्दासम्म सूतक जाँदैन । सबै बान्धव (अर्थात् सपिण्डी ७पुस्तेसम्मका) हरूको घरमा पूजा, पाठ र अन्य धर्मकर्म, विवाह, व्रतबन्ध आदि कुनै पनि मङ्गलकार्य गर्न मिल्दैन । त्यो धर्म, संस्कार वा कर्म समयमा नगरेको रोकिदिएको दोषको प्रायश्चित्त हामीहरूले गर्नैपर्छ । त्यस यजमानलाई प्रायश्चित्त लाग्छ । धर्मलोप गर्न हुँदैन । अन्ततः तोकिएकै दिनसम्म आशौच बारी बाह्रौँ दिनमा नै सपिण्डीश्राद्ध गर्नु गराउनुपर्दछ । जननाशौच मरणाशौच दुबैको आशौच १० रात्रिसम्म नै लाग्ने शास्त्र निर्णय भएकाले आमा बाबुबाहेक अरुलाई सूतक लाग्दैन भन्दै प्रायश्चित्तको भागी बन्नु तथा ३, ५ दिनमा नै मृताशौच सकिन्छ भन्नु आफु र आफ्ना पितृहरूलाई समेत नरक वास गराउने कार्य हो । यस प्रकारका भ्रममा परी ज-जसले शास्त्रीय आधारमा जूठो सूतक बार्न पाएनन् तिनीहरूको समेत पापको प्रायश्चित्त ती लेखकसम्म पनि आइपुग्ने र ब्रह्मत्व नाश गर्दै पाप भागी हुने हुनाले जननाशौच र मरणाशौच दुबै प्रकारका आशौचका दिनमा घटबढ गर्न मिल्दैन ।

ॐशान्तिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपद्धतिका सन्दर्भमा

सहप्रा.पुरुषोत्तम भट्टराई
पूर्व शिक्षाध्यक्ष- ने.सं.वि.

सनातन नेपाली संस्कारमा चल्दै आएको अन्त्यकर्मपद्धतिका सन्दर्भमा हालै 'संस्कार सुधार समाज नामक संस्थाले जन्माएको प्रस्तावित पाँचदिने अन्त्यपद्धतिमा बाहिरबाहिर मुखले वैदिक सनातन धर्म संस्कारलाई लोप हुनबाट बचाएर वैदिक सनातन धर्म संस्कारको संरक्षण गर्नु हो भनिए तापनि भित्रदेखि भने वैदिक सनातन धर्म संस्कारलाई जरैदेखि उखेलेर फ्याँक्ने उद्देश्य लिइएको देखिन्छ । मातापिताको आशौच दश दिनको हुन्छ भन्ने शास्त्रीय प्रमाण सबै श्रुतिस्मृति निबन्ध ग्रन्थमा हुँदाहुँदै शास्त्रमा मातापिताको मरणाशौच तीन दिन मात्र लाग्छ भनेर असत्य कुरो गरी मृत्यु संस्कारलाई सर्वथा लोप गराउने उद्देश्य यस प्रस्तावमा राखिएको छ। शास्त्रप्रति विश्वास नभएका, आमाबाबुप्रति अकृतज्ञ, लोभी लालची, धर्मशास्त्रका अनभिज्ञ केही अहंमन्य व्यक्तिलाई अघि सारी वैदिक सनातन धर्मका दुश्मनका रूपमा रहेका कतिपय मायावी व्यक्तिहरू वैदिक सनातन धर्मप्रति देखावटी भक्तिभावको प्रदर्शन गरिरहेका छन् । सर्वसाधारण धार्मिक जनतालाई विश्वासमा पार्न मनुस्मृति, याज्ञवल्क्यस्मृति, पराशरस्मृति आदि स्मृतिग्रन्थ, धर्मसिन्धु, निर्णयसिन्धु आदि निबन्धग्रन्थ र पारस्करगृह्यसूत्र आदि सूत्रग्रन्थमा हुँदै नभएको कुरालाई छ भनेर असत्य कुरो बताइरहेका छन्।

नयाँ भन्ने अर्थका लागि प्रयोगकर्ताले प्रयोग गरेको 'नव शब्दलाई नौ संख्या भनी तीन दिन आशौच लाग्ने व्यक्तिभित्र दशदिन आशौच लाग्ने व्यक्तिलाई भित्र्याएर छलकपटको व्यवहार गरिएको छ । कारणवश सुरुका दिनमा प्रारम्भ गर्न नसकिएको अन्त्येष्टि कर्मलाई आठ दिनदेखि आरम्भ गरी बाह्र दिनभित्र पाँचदिनमा अंन्त्येष्टि कर्म गर्ने परम्परालाई प्रमाण मानी पाँच दिनमा क्रियाकर्म सक्न हुन्छ भनी दुस्तर्कको अवलम्बन गरिएको छ। आठौँ दिनदेखि सुरु गरिएको क्रियामा दश दिनसम्मै आशौच बारिएको छ भने यहाँ तीन दिनसम्म मात्र आशौच बार्ने भनिएको छ जो सर्वथा शास्त्रविरुद्ध हो। यस्तो उदाहरण दिन कसरी मिल्छ ? यो दुस्तर्क हो र विज्ञले विचार गर्ने कुरा हो ।

जननाशौचको विषयमा उल्लेख गर्दा प्रस्तुत पद्धतिमा निर्णयसिन्धुमा जननाशौच तीन दिन मात्र लाग्छ भनिएको हुँदा हामीले जननाशौच पनि तीन दिन मात्र बार्नु पर्दछ भनी सरासर असत्य कुरा लेखिएको छ । जब कि निर्णयसिन्धुमा 'दशदिन एव' भनी जननाशौच दश दिन बार्नु पर्दछ भनेर किटानीसाथ उल्लेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ । सनातन हिन्दूशास्त्रअनुसार त व्यक्तिको जननाशौच मात्र होइन, ब्याएको गाईको दूध र नयाँ खनेको कुवा, इनार, पोखरी आदिको पानी समेत दश रात्रिसम्म अशुद्ध मानिन्छ । आशौच अवस्थामा कुनै धार्मिक कृत्य गर्न नहुने, गरेमा इष्टको बदला अनिष्टै अनिष्ट हुन्छ भनेर शास्त्रले उद्घोष गरेको छ । यस स्थितिमा चारदिनमा गरिएको षोडशी र पाँचै दिनमा गरिएको सपिण्डीले इष्टफल दिन्छ कि अनिष्टफल दिन्छ ? यसबाट बाहिर माया देखाएर गर्न नहुने काम गराई सत्यको नाश गर्न ढाँटी छलिरहेका संस्कार सुधार समाज एवं उक्त समाज परिवारका सदस्यहरूबाट वैदिक सनातन धर्म जोगाउन लागेको देखिन्छ कि सिध्याउन लागेको देखिन्छ ? स्पष्ट हुन्छ । शास्त्र अत्यन्त गम्भीर प्रकृतिका हुन्छन् । यसकारण शास्त्रसम्बन्धी निर्णय गर्नुपर्ने भएमा निर्णयकर्ताले गम्भीर बन्न अत्यावश्यक हुन्छ । हचुवा पाराले निर्णय गरियो भने निर्णय त्रुटिपूर्ण हुन जान्छ । यसबाट सत्परिणामको विपरीत दुष्परिणाम नै प्राप्त हुन्छ ।

धर्मशास्त्रका भाष्यहरूमा मातापिता लगायत सपिण्डभित्र पर्नेको आशौच दशदिन बार्नुपर्ने र कर्म नचलेका व्यक्तिको तीनदिन आशौच बार्नुपर्ने भनिएको छ अर्थात् तीनदिन आशौच बार्नुपर्ने व्यक्ति र दशदिन आशौच बार्नुपर्ने व्यक्ति एउटै हुन सक्तैनन् । तीनदिने आशौचलाई दश दिनतक लम्ब्याउन पनि हुँदैन र दश दिनतक लाग्ने आशौचलाई तीन दिनमा छोट्याउन पनि मिल्दैन । यसरी पारस्करगृह्यसूत्रविरुद्धको कुरालाई पारस्करगृह्यसूत्रसम्मत हो भनेर वैदिक सनातन धर्मानुयायी जनतालाई ढाँट्ने, छल्ने, झुक्याउने र अन्ततो गत्वा पथभ्रष्ट गराउने काम संस्कार सुधार समाजले गरेको छ । वैदिक सनातन धर्म ठीक होइन भन्ने सम्प्रदाय एक नभएर अनेक जन्मिएका छन् । त्यस्ता सम्प्रदायबाट बचेर हिँड्नुपर्ने भए त्यसरी हिँड्ने र भिड्न सके भिड्नुपर्ने अवस्था देखिएको छ । यस्तो अवस्थामा 'हाम्रो वैदिक संस्कार लोप हुन लाग्यो, यसलाई कसरी बचाउने ?' भन्दै मायालुका रूपमा बचाउने उपाय यो हो भनी वैदिक संस्कारलाई जरैसँग नष्ट गर्ने प्रकृतिको काम प्रस्तुत संस्कार सुधार समाज नामक संस्थाले गरेको हुँदा यो काम शास्त्रप्रतिकूल हो । गोकुलमा श्रीकृष्णलाई मार्न पठाइएकी कंसकी राक्षसी पूतनाको उद्देश्य कृष्णलाई मार्ने थियो । तर, शिशुप्रेमको स्वाँङ रचेर कृष्णलाई दूध खुवाउँदा उसले आफैँ मृत्युवरण गर्नुपऱ्यो । यसले कदापि संस्कारको संरक्षण हुन सक्तैन, विचलन र विकृति मात्र ल्याउँछ ।

अन्त्यमा अत्रि, आत्रेय आदि त्रिकालदर्शी हाम्रा ऋषिमहर्षिका सन्ततिप्रति **न जातु कामान्न भयान्नलोभात्, धर्मं त्यजेज्जीवितस्यापि हेतोः**.....। यही प्रार्थना गर्दै विश्राम लिन्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

'पाँचदिने अन्त्यपद्धति' अशास्त्रीय नै हो

प्रा.डा. साम्बराज आचार्य
पूर्व विभागाध्यक्ष- ज्योतिष, वाल्मीकि विद्यापीठ

आजभोलि कसै कसैले ५ दिनमै बाबु आमाको काजक्रिया समाप्त गरेका खबर पत्रपत्रिकामा आएका देखिन्छन् । यस ५ दिनेका समर्थक व्यक्तिहरू र वास्तविक शास्त्रसमर्थकहरूबीच एकरूपता देखिएको छैन । के हो त यसको वास्तविकता ? । धर्मलाई साक्षात्कार गरेका **("साक्षात्कृतधर्माण ऋषयो बभूवु:"- निरुक्त)** ऋषिमहर्षिहरूले अनादिकालदेखि चलाएको र हाम्रो सनातन हिन्दूसमाजमा चल्दै आएको धार्मिककृत्यमा वावुआमाको काजक्रिया ५ दिनमै छोट्याएर गर्न सकिने व्यवस्था पनि दिएका छन् त ? भन्ने शंका उठ्नु स्वाभाविक नै हो ।

त्यसमाथि **"पाँचदिने अन्त्यपद्धति"** भन्ने पुस्तक नै हालसालै प्रकाशित गरी कतिपय व्यक्तिहरूले उक्त पुस्तक प्रचारप्रसारमा पनि ल्याएकाले साधारण मानिसमा अन्योल र जिज्ञासा बढेको देखिन्छ । उक्त पुस्तकको समर्थन गर्दै वक्तव्य दिने व्यक्तिहरूमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, आचार्य पूर्णचन्द्र ढुंगेल, कमलाकान्त आत्रेय, रामचन्द्र भण्डारी र प्रा.डा. वीणा पौड्याल यी पाँच जना देखिएका छन् । उनीहरूले दिएका यी सबै मन्तव्यहरू विना विचार दिएको जस्तो लाग्यो । शास्त्रीय आधार खोजेर दिएको देखिँदैन ।

किनकि मरणाशौचका विषयमा हाम्रा धर्मशास्त्रहरूमा "विभिन्न समयावधिका मरणाशौच हुन्छन्" भन्ने उल्लेख पाइन्छ, तर तिनको ख्याल नगरी उनीहरूले ३ दिने आशौचसँग जोडिएका विशेष अवस्थाका शास्त्रीय वचनलाई १० दिने आशौचसँग जोडी मन्तव्य दिएकाले भ्रमनिवारणका निमित्त विभिन्न थरी आशौचको विवरण दिने पराशरऋषिको वचन यहाँ उद्धरण गरी मन्तव्यदाताहरूको र पाँचदिने अन्त्यपद्धतिकारको ध्यानाकर्षण गरिन्छः- **जस्तै-**

सद्यः शौचास्तथा चान्ये अन्ये चैकाहिकाः स्मृताः ।
त्रि-षट्-दश-दशद्वाभ्यां दशापि सह पञ्चभिः ॥
तान्येव त्रिगुणान्याहुर्दिनान्येव मनीषिणः ॥ बृहत्पाराशरस्मृति, अध्याय- ८ ।

अर्थात् कुनै मरणाशौच तत्कालै चोखिने, कुनै ३ दिनमा, कुनै ६ दिनमा, कुनै १० दिनमा, कुनै १२ दिनमा, कुनै १५ दिनमा, कुनै ३० दिनमा चोखिने हुन्छन् भन्ने यसको तात्पर्य हो । तीन दिनमा चोखिने आशौचलाई १० दिन मान्न र बार्न भएन । १० दिन मान्न पर्नेलाई ३ दिन बारेर पुग्दैन । तसर्थ ती ती आशौचलाई वर्गीकरण गरी हाम्रा ऋषि महर्षिहरूले वेग्ला वेग्लै नियम बनाएका छन् । जस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३ दिनमा दशकर्म समाप्त गरिने आशौच भनेको विवाह नगरेकी स्त्रीको हो भन्ने कुरा मनु महाराजले गरेका छन् ।

स्त्रीणामसंस्कृतानान्तु त्र्यहाच्छुध्यन्ति बान्धवाः
यथोक्तेनैव कल्पेन शुध्यन्ति तु सनाभयः ॥ मनु ५।७२

यो भनाइलाई अझ स्पष्ट पार्दै संस्कार नगरिएका स्त्रीको क्रियाकर्म पनि ३ दिनमै यसरी सक्नु पर्दछ भन्दै मनु महाराज छोटकरीमा यो निर्देशन दिन्छन्-

अक्षारलवणान्नाः स्युर्निमज्जेयुश्च ते त्र्यहम् ।
मांसाशनं च नाश्नीयुः शयीरँश्च पृथक् क्षितौ ॥

यही कुरालाई पारस्करले क्रमबद्ध रूपमा अविवाहिता स्त्रीको मरणमा पिण्डदानादि क्रिया यो यो दिन यति यति वटा पिण्ड दिई यसरी समाप्त गर्न पर्दछ भन्दै तीन दिनको र त्यस पछिका दिनमा गरिने कर्मको समेत निर्देशन गरेका छन्-

प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः ।
द्वितीये चतुरो दद्यादस्थिसंञ्चयनं तथा ॥
त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादि क्षालयेत्ततः ।

यो पारस्करको भनाइलाई जोड्दै कमलाकरभट्ट निर्णयसिन्धुमा यसो भन्दछन्- **"द्वादशाद्वत्सरादित्यनुपनीतद्विजानूढशूद्रविषयम् ।"** यो भनाइलाई परिपुष्ट गर्दै निर्णयसिन्धुकार कमलाकर भट्ट देवलको निम्न लिखित वचन समेत उद्धरण गर्दछन् -

द्वादशाद्वत्सरादर्वाक् पौगण्डमरणे सति ।
सपिण्डीकरणं न स्यान् नैकोद्दिष्टानि कारयेत् ॥

यो शास्त्रीय निर्देशनलाई दशदिने आशौच बार्न पर्ने आमाबाबुको आशौचसँग जोडेर पाँचदिने अन्त्यपद्धतिकारले शास्त्रको अपव्याख्या गरेको स्पष्टै देखिन्छ । त्यसैको लहै लहैमा लागेर राष्ट्रकविले पनि समर्थन गरेको देख्दा आश्चर्य लाग्दछ ।

बाबुआमाको आशौच र काजक्रियाका बारेमा पारस्करले स्पष्ट निर्देशन गरेका वचन प्राचीन धर्मशास्त्रीय निबन्धहरू (स्मृतिचन्द्रिका, हेमाद्रि, निर्णयसिन्धु आदि) मा प्रशस्त पाइन्छन् । तिनको वास्तै नगरेका हुन् कि त्यहाँसम्म पुग्ने योग्यतै नभएका हुन् भनी तिनको ध्यानाकर्षण गर्न पारस्करका भनाइलाई जस्ताको जस्तै उद्धरण गरी यहाँ प्रस्तुत गरिन्छ-

पुत्रो भ्राताऽथ दौहित्रो ज्ञातिर्जामात्रिकाऽपि वा ।
प्रथमेऽहनि यो दद्यात् स दशाहं समापयेत् ॥ स्मृतिचन्द्रिका आशौच काण्ड ।

यहाँ दशदिनसम्म आशौच लाग्ने कुरा स्पष्टसँग पारस्करले भनेका छन् । त्यस्तै अर्को पनि उनैको वचन छ -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आहिताग्नेस्तु दहनाद्दशाहाशौचमिष्यते ।
अनाहिताग्नेर्मरणात् पुनर्दाहो यदा भवेत् ॥ स्मृतिचन्द्रिका आशौचकाण्ड

फेरि जननाशौच र मरणाशौचका विषयमा ब्राह्मण क्षत्रियादि वर्णलाई लक्ष्य गर्दै शुद्ध हुने अवधि तोक्दै पारस्कर आफ्नो भनाइ स्पष्ट गर्दछन् -

जाते चैव मृते चैव दशरात्रं विशोधनम् ।
भूपतेर्द्वादशाहोभिर्विंशः पञ्चदश स्मृताः ।
त्रिंशद् दिनानि शूद्रस्य तदर्धं न्यायवर्तिनः ॥

इत्यादि पारस्करका भनाइबाट ५ दिनमा बाबुआमाको अन्त्यकर्म समाप्त गर्न नहुने देखिन्छ । **तसर्थ ५ दिने अन्त्यपद्धतिकारको निष्कर्ष पारस्करकै मतमा कुनै हालतमा पनि सिद्ध गर्न सकिँदैन ।** अब पारस्करगृह्यसूत्रमा आएको विवादास्पद भनाइ जुन ५ दिने अन्त्यपद्धतिकारले र राष्ट्रकविले मूल प्रमाणको रूपमा लिएका छन् त्यसतर्फ विचार गरौँ ।

त्रिरात्रं शावमाशौचम् ३।१०।२९ दशरात्रमित्येके ३।१०।३० दुई सूत्रको अर्थ मुख्य रूपमा मृताशौच ३ दिन र गौण रूपमा १० दिन हो भन्ने अर्थ गर्दा माथि पारस्करका वचन भनेर स्मृति चन्द्रिकाकारले उद्धरण गरेका वचनसँग संगति मिलाउन सकिँदैन । त्यस्तै कात्यायनलाई पारस्कर नै हुन् भन्ने मान्ने हो भने कात्यायनले सपिण्डीकरण श्राद्ध १२ दिनमा गर्नुपर्दछ भनी कात्यायनश्राद्धसूत्रमा गरेको स्पष्ट निर्देशनसँग पनि विरोध पर्दछ, किनकि कात्यायनले श्राद्धसूत्रमा **"ततः संवत्सरे पूर्णे त्रिपक्षे द्वादशाहे वा यदहर्वा वृद्धिरापद्येत"** भन्ने श्राद्धसूत्र पाँचौ कण्डिकामा १२ दिनभन्दा अगाडि सपिण्डीकरण श्राद्ध गर्ने निर्देशन गरेका छैनन् । यो निर्देशनसँग ३ दिने आशौचको सङ्गति मिल्दैन । श्राद्धकाशिकामा श्राद्धकाशिकाकारले कात्यायनको वचन भनी उद्धरण गरेको **सर्वेषामेव वर्णानामाशौचान्त्ये सपिण्डनम्** भन्ने वचनको सङ्गति पनि मिल्दैन । हेमाद्रिले कालखण्डको ५३८ पृष्ठमा कात्यायनको तलको वचन उद्धरण गरेका छन् -

एकादशाहं निर्वर्त्य पूर्वं दर्शाद् यथाविधिः ।
प्रकुर्वीताग्निवान् पुत्रो मातापित्रोः सपिण्डनम् ।

यी कात्यायनका वचनसँग पनि पारस्कर गृह्यसूत्रको **त्रिरात्रं शावमाशौचं** यो भनाइ असङ्गत नै ठहर्दछ। त्यसो भए **त्रिरात्रं शावमाशौचम्** १०।२९ **दशरात्रमित्येके** १०।३० यी दुई सूत्र के भएमा मिल्दछन् त भन्ने शंका यहाँ उठ्दछ, त्यो शंकाको समाधान पारस्करले पारस्कर गृह्यसूत्रमा दिएका सूत्रहरूको नै अनुशीलनबाट गर्नसके सबैभन्दा उत्तम हुन्छ भन्ने ठानीं यी दुई सूत्रभन्दा अघिल्लो पारस्कर गृह्यसूत्रको सूत्रसँग अर्थ मिलान गर्दा समाधान हुने देखी पाठकको ध्यानाकर्षण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिन्छ। यी दुई सूत्रभन्दा अधिको सूत्र यस्तो छ -

मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति। ३। १०। २८॥ यो सूत्रमा कति दिनसम्म क्षीरोदक माटाका भाडामा प्रेतको निमित्त राख्ने भन्ने कुरा स्पष्ट छैन। तसर्थ त्यो स्पष्ट गर्न **त्रिरात्रं शावमाशौचम्**को त्रिरात्रं शब्द यो सूत्रको अन्त्यमा जोड्दा सूत्रको रूप यस्तो हुन्छ।

"मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति त्रिरात्रम्" यस्तो हुन्छ, त्यसपछि आउने सूत्र **शावमाशौचम् दशरात्रम्** बाँकी रहन्छ, यस्तो पदसंगति गर्दा माथि उद्धरण गरिएका पारस्करका वचनहरू पनि सबै संगत हुन्छन्। त्यति मात्र होइन, पारस्करले अनध्यायको विवरण दिँदा **"गुरौ प्रेतेऽपोभ्यवेयाद्-दशरात्रं चोपरमेत्"** २। ११। ७ दिएका छन्। आफूलाई पढाउने गुरुको मरणाशौच ब्रह्मचारीलाई १० दिन लाग्छ र ब्रह्मचारीले गुरुलाई उदकदान दिनुपर्दछ। १० दिनसम्म नै अनध्याय मान्नुपर्दछ, वेद पढ्नु हुदैन भन्ने यसको तात्पर्य हो। यस्तै कुरा मनु महाराजले पनि **"गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरन्। प्रेताहारैः समं तत्र दशरात्रेण शुध्यति।"** मनु. ५। ६५ भनेकाले र स्वयं पारस्करले पनि आफ्नो गुरुको १० दिनसम्म ब्रह्मचारीले आशौच बार्नुपर्ने कुरा लेखेकाले आफ्ना आमा बाबुको मरणाशौच ३ दिनमात्र लाग्छ भनेर उनैले भनेका छन् भन्नु ज्यादै नै नमिल्दो भएकाले **त्रिरात्रं शावमाशौचम्** यो सूत्र पारस्करकै मतमा पनि पूर्वापर विचारगर्दा संगत नहुने नै देखिन्छ। तसर्थ यसको संगति मिलाउन **त्रिरात्रं**लाई **मृन्मये तां रात्रीं क्षीरोदके विहायसि निदध्युः प्रेताऽत्र स्नाहीति त्रिरात्रम्** भन्नै पर्दछ। यसो गर्दा सबै तिरको संगति पनि मिल्ने र गरुडपुराणमा पनि **अपक्वे मृण्मये पात्रे दुग्धं दद्याद् दिनत्रयम्। काष्ठत्रयैर्गुणैर्बद्ध्वा प्रेतप्रीत्यै चतुष्पथे।** (२४। १३) भन्ने शास्त्रीय वचनको पनि परिपालन हुने र पारस्करले बोलेका सबैतिरका वचनहरूमा एकरूपता आउने, विरोध नपर्ने भएकाले पारस्करको **त्रिरात्रं शावमाशौचम्**मा आएको **त्रिरात्रं** शब्द अघिल्लो सूत्रको परिपूरक हो भन्ने कुरा सिद्ध हुन्छ। तसर्थ पारस्करको वचनलाई मुख्य प्रमाण मानी ५ दिने अन्त्यकर्मपद्धति निर्माण गर्ने व्यक्तिले यथार्थ कुरै नबुझी धार्मिक समाजलाई धोका दिई ठूलो अपराध गरेको ठहर्दछ।

अतः पाँच दिने अन्त्यपद्धतिअनुसार कर्म गर्ने गराउने व्यक्तिहरूले आफूले गरेका कर्मको पाप पखाल्न प्रायश्चित्त नगरी हुँदैन। प्रायश्चित्त गरेर कुशको प्रतिकृति बनाई दाहसंस्कार गरी पुनः १३ दिनसम्मको सम्पूर्ण काजक्रिया गर्नैपर्ने हुन्छ। प्रायश्चित्त गरेर-काजक्रिया नगरे त्यो गरे गराए वापतको दुष्परिणाम अवश्य भोग्नु पर्दछ भन्ने जानी यसमा ढिलाइ गर्नुहुँदैन, अन्यथा उनीहरूको व्यक्तिगत जीवनमा तथा कुलमा समेत अनिष्ट आइपर्ने निश्चित छ। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँचदिने अन्त्येष्टि अशास्त्रीय

डा. उमाकान्त शर्मा पौड्याल
विद्यावारिधि, साहित्य-पुराणेतिहासाचार्य,
एम. ए. -संस्कृत, सेवानिवृत्त प्राध्यापक
श्रीगोरक्षनाथ संस्कृत विद्यापीठ, गोरखनाथ, गोरखपुर

निखिल भूमण्डलमा ज्ञान-विज्ञानसम्बन्धी जे जति विषयवस्तु प्रसिद्ध छन्, ती सबै वेदमूलक नै छन् । समस्त ज्ञानविज्ञानहरूका उपजीव्य ग्रन्थ वेद नै हुन्, यसमा कुनै प्रकारको सन्देह छैन । **"ब्रह्मणो निश्वासभूता वेदाः"** अर्थात् वेद अपौरुषेय एवं अनादि हुन् । कुनै ऋषिमुनि एवं कविद्वारा प्रणित सामान्य ग्रन्थ होइनन्, अपितु देश, काल, तथा परिस्थितिद्वारा अविच्छिन्न एवं सनातन हुन् ।

व्याकरणशास्त्रअनुसार विद्-लृ लाभे, विद्-विचारणे, विद्-सत्तायाम्, विद्-ज्ञाने धातुबाट सिद्ध भएका वेद शब्दका चार अर्थ हुन्छन्- परमलाभ, उत्तम विचारभूत भविष्य एवं वर्तमानमा यथावत् रहने सनातन र उत्तम ज्ञान । वास्तवमा मानवलाई अभीष्ट, समस्त सन्देह एवं विवादका निकष स्वरूप हुन् । प्रथम प्रामाणिक ग्रन्थ हुन् ।

वेदाः प्रमाणं स्मृतयः प्रमाणं धर्मार्थयुक्तं वचनं प्रमाणम् ।
नैतत् त्रयं यस्य भवेत् प्रमाणं कस्तस्य कुर्याद् वचनं प्रमाणम् ॥

वेदमा विभिन्न देवी देवतालाई प्रसन्न गर्नको लागि अनेकौं सूत्रद्वारा स्तुति यज्ञानुष्ठानहरूको विवेचना गरिएको छ भने पितृहरूको पनि महत्त्व कम बताइएको छैन । जस्तै-

ॐ आयन्तु नः पितरः सोम्यासोऽग्निष्वात्ताः पथिभिर्देवयानैः ।
अस्मिन् यज्ञे स्वधया मदन्तोऽधिब्रुवन्तुतेऽवन्त्वस्मान् ।
ॐ उर्जवहन्तीरमृतं घृतं पयः कीलालं परिश्रुतम् ।
स्वधास्थ तर्पयत मे पितृन् ।

यसै विषयलाई पुराणहरूले पनि धेरै प्रशंसा गरेका छन् ।

पितरि प्रीतिमापन्ने प्रीयन्ते सर्वदेवताः ।
आयुः प्रजां धनं विद्यां स्वर्गं मोक्षं सुखानि च ।
प्रयच्छन्ति तथा राज्यं पितरः श्राद्धतर्पिताः ॥

हामीलाई यस्ता सुख समृद्धिहरू दिने पितृहरूको उत्तम गति अथवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कल्याणको लागि सुपुत्रद्वारा गरिनुपर्ने पितृयज्ञ तथा कर्तव्यहरूमा अन्त्येष्टिकर्म अर्थात् क्रियाकर्म सर्वोत्तम हो भन्ने विषय धर्मशास्त्र एवं पुराणादि ग्रन्थहरूमा यत्र तत्र विस्तारका साथमा उल्लिखित छन्। पितृऋणबाट पुत्र मुक्त हुने एकमात्र कर्तव्य अन्त्येष्टि कर्म नै हो। जस्तै -

जीवतो वाक्यकरणात् क्षयाहे भूरिभोजनात्।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥
पुन्नामनरकात् त्राता स वै पुत्र इति स्मृतः।
अन्यथा को भवेद् भेदः पुत्रे उच्चारके तथा ॥

पिता माताको ऋणबाट मुक्त हुनको लागि र आफ्ना पूर्वजहरूको उद्धारको लागि पनि सन्तानले गर्नुपर्ने अन्त्येष्टि कर्म कसरी र कति दिनमा गर्ने ? यो विषय आज भोलि धेरै चर्चित हुन पुगेको छ। अन्त्येष्टि कर्मका १३ दिनसम्म गरिने क्रम र प्रभाव यस प्रकार छन्-

प्रथमेऽहनि यत् पिण्डो दीयते विधिपूर्वकम्।
तेनैव विधिनोऽन्नेन नव पिण्डान् प्रदापयेत् ॥ गरुडपुराण प्रेतकल्प ११- ३३
दशमेऽहनि मांसेन पिण्डं दद्यात् खगेश्वर।
माषेण तन्निषेधाद्वा कलौ न पलपैतृकम् ॥ ११ -३७
एकादशेऽह्नि गन्तव्यं प्रातरेव जलाशये।
और्ध्वदेहिक्रिया सर्वा करणीया प्रयन्नतः ॥ १२-०२
अतो दद्यात् सुतः पिण्डान् दिनेषु दशसु द्विज।
प्रत्यहं ते विभज्यन्ते चतुर्भागैः खगोत्तम ॥ १-४७
एकादशेऽह्नि विधिना वृषोत्सर्गं समाचरेत्। १२-२१
स्थाने द्वारेऽर्धमार्गे च चितायां शवहस्तके ॥
अस्थिसञ्चयने षष्ठो दशपिण्डा दशोऽह्निकाः ।१२-५८
मलिनं षोडशं चैतत् प्रथमं परिकीर्तितम् ॥ ५९
मध्ये षोडशकं प्राहुरेतद् विष्ण्वादिदैवकम्।
प्रतिमासिकश्राद्धं तु उत्तमं परिकीर्तितम् ॥ ६४
चत्वारिंशत् तथैवोऽष्टौ श्राद्धं प्रेतत्वनाशनम् ॥ ६७
द्वादशाहे त्रिपक्षे वा षण्मासे वत्सरेऽपि वा।
सपिण्डीकरणं प्रोक्तं मुनिभिस्तत्त्वदर्शिभिः ॥ १३-२८
मातापितृमरणे दूरदेशेऽपि संवत्सरोर्ध्वमपि पुत्रो
दशाहादिकं पूर्णमाशौचं कुर्यात्।। निर्णयसिन्धु पृष्ठ ७१७
शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ततः प्रेतोपकृतये दशरात्रमखण्डितम् ॥ धर्मसिन्धु आ. प्र. पृ. ६५६
पुत्रादिभिः कृताश्चेत्स्युः दश पिण्डा दशाह्निकाः ।
पिण्डजेन तु देहेन वायुजश्चैकतां व्रजेत् ॥ अ. १०-८२
पिण्डजो यदि नैव स्याद् वायुजोऽर्हीति यातनाम् ।
मृतस्योत्क्रान्तिसमयात् षट् पिण्डान् क्रमशो ददेत् ॥ १५ -३०
मृतस्थाने तथा द्वारे, चत्वरे तार्क्ष्य कारणात् ।
विश्रामे, काष्ठचयने तथा सञ्चयने च षट् ॥ १५-३१
गर्ते पिण्डा दशाहं च दातव्याश्च दिने दिने ।
जलाञ्जलिः प्रदातव्यः प्रेतमुद्दिश्य नित्यशः ॥ १५ -६१
प्रथमेऽहनि यद् दद्यात् तद् दद्यादुत्तरेऽहनि ।
दिनानि दश पिण्डांश्च कुर्वन्त्यत्र सुतादयः ॥ १५-६४
नाम गोत्रं समुच्चार्य यद्दत्तं तद् दशाह्निकम् ।
दग्धे देहे पुनर्देहमेवमुत्पद्यते खगः । ॥ १५ - ६८
एकादशे द्वादशाहे प्रेतो भुङ्क्ते दिनद्वयम् ।
त्रयोदशेऽह्नि स प्रेतो नीयते च महापथे ॥ १५-७५
एकादशाहे प्रेतस्य यस्योत्सृज्येत नो वृषः ।
प्रेतत्वं सुस्थिरं तस्य दत्तैः श्राद्धशतैरपि ॥ ५-४० गरुडमहापुराणे प्रेतखण्डे

मृत्यु भएको प्रथम दिनदेखि लिएर क्रमशः १३ दिन सम्मका समस्त पिण्डदान (३ षोडशीसहित सपिण्डीकरण र उत्तरपाथेयश्राद्धसम्मका) उपर्युक्त विविध ग्रन्थका प्रमाणद्वारा पूर्ण काजक्रिया सहित हवनादि शुद्धशान्तिसम्मका कार्य नभएमा प्रेतत्वबाट पितृत्वमा प्रविष्ट हुन सक्तैन भने ३ दिने अथवा ५ दिने अन्त्येष्टिले आत्माको सद्गति हुन सक्ने कुरै भएन ।

उपर्युक्त शास्त्रीय प्रमाणअनुसार सनातन धर्ममा विश्वास गर्दै, मान्दै आएका वेदशास्त्रानुशीलन परायण मनीषीहरूले १३ दिने अन्त्येष्टि कर्महरूको व्यवस्था उपयुक्त तरिकाले गरेका छन् । ऐन कानुनका क्षणिक एवं परिवर्तनीय धारा जस्तै देश, काल, समाज एवं परिस्थिति अनुकूल बनाउन भन्दै यिनलाई साना र सरल बनाउनुपर्छ भन्न कदापि मिल्दैन । त्यस्ता तर्कहरू अवैदिक र अशास्त्रीय हुन् । वेद धर्मशास्त्रादिमा कहीं पनि ५ दिने, ३ दिने, १ दिने अन्त्येष्टिको संकेत छैन । विशेषपरिस्थितिमा संस्कारहीन भै मृत्यु प्राप्त भएका व्यक्तिहरूको लागि केही भिन्न व्यवस्था मात्र हो । यज्ञोपवीत विवाहादि संस्कार भएर मृत्यु प्राप्त भएका व्यक्तिहरूको विषय कदापि होइन । अर्थात् असंस्कृतहरूका लागि मात्र हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिरात्रमाव्रतादेशाद् दशरात्रमतः परम् (निर्णयसिन्धु ७८), जसले ५ दिने, ३ दिने अन्त्येष्टि कर्मको वकालत गरेका छन्, ती सनातन वैदिक धर्मानुयायी हुन सक्दैनन् । **यावज्जीवेत् सुखं जीवेद् ऋणं कृत्वा घृतं पिवेत् । भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥** भन्ने चार्वाकका अनुयायी हुन सक्छन् । पाश्चात्य विधर्मीबाट गुलियो पाएका, सनातनधर्मी बनी सनातन धर्मको विनाश गर्न आएका व्यक्ति हुन सक्छन् । सही सनातनधर्मी हुन सक्दैनन् ।

१३ दिने लामो अन्त्येष्टि आजको समाज अनुकूल छैन भनी ५ दिने गराउने र भोलि ३ दिने गराउने, पर्सि १ दिने गराई निकोपर्सि जन्मदिने, देवी देवतातुल्य मातापिताको लाशलाई लतार्दै लगेर मरेको कुकुर बिरालो जस्तै गरी कहीं फ्याँकी दिने या गाडिदिने जस्ता घृणित एवं निष्ठुर कार्य गराउन चाहने विधर्मीहरूको कुत्सित चेष्टा अथवा दूरगामी गलत लक्ष्य बाहेक शास्त्रको कुनै लेशमात्र पनि प्रस्तावित पाँच दिने पद्धतिमा शास्त्रीय अंश देखिँदैन ।

व्यावहारिक दृष्टिमा पनि जुन देवी तुल्य माताले जप, तप, व्रत गरी, कुन वस्तु सेवन गरेमा, कुन वस्तु सेवन नगरेमा कोखमा रहेको बालकको कल्याण हुन्छ भनी उदात्त भविष्यको कल्पना गरी १० माससम्म निर्मल एवं पावन उदरमा राखी, मृत्युतुल्य कष्ट भोगी जन्म दिएर पुनः उसैका विष्टा र मूत्रमा लटपटिएर वात्सल्य एवं उदात्त भावनाले आप्लावित भई द्रवित भएको दूध रूपी अमृत धाराले पुष्ट पारी, कुनै बेला छातीमा र कुनै बेला पीठ्यूँमा बोकी पसिनाका धाराले स्वयं लतपत भएर पनि पल्लवित र पुष्पित बनाउने, शिक्षा दीक्षा दिएर २५ वर्षसम्म अविच्छिन्न सम्हालेका मातापिताको त्यो भार एवं ऋृणलाई मर्लक्क भुली, १० माससम्म खाई नखाई पेटमा बोकेर जन्म दिएको आमाको उनका वात्सल्यको वास्तै नगरी केवल १० दिनमात्र एक पटक भरपेट भोजन गरी किरिया बसी १० पिण्ड दिन कठिन मानी ३ दिने अथवा ५ दिने किरिया गरौं, भन्ने यस्ता धर्मविरोधी कृतघ्न एवं निष्ठुर कुसन्तानको संसारमा अभाव छैन । यस कारण यी कुसंस्कारीको पछि नलागौं । आफ्नो वैदिक सनातन परम्परा नछोडौं ।

अतः वेद एवं शास्त्रविरोधी यस्ता निन्दनीय एवं कुत्सित पक्षको घोर विरोध गर्दै विभिन्न क्षेत्र एवं विद्वत्परिषद्बाट निन्दाका प्रस्ताव पारित गराई मुखरित हुनका लागि सनातन वैदिक धर्मानुरागी विद्वान्हरूलाई म आह्वान पनि गर्दछु । **अस्तु ॥**

निवास- दलदले देउचुली न.पा. वाडं नं १३ नवलपरासी, नेपाल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥श्रीहरिः॥

सनातन धर्ममा अन्त्येष्टि संस्कार

प्रा.डा. देवमणि भट्टराई
नेपाल संस्कृत विश्वविद्यालय

१.१ विषयप्रवेश

वेदमूलक सनातन धर्म अनादि र शाश्वत धर्म हो । हाल विश्वमा प्रचलित धार्मिक सम्प्रदाय कुनै न कुनै रूपमा वैदिक धर्मबाट अनुप्राणित छन् । चराचर जगत्सँग यस धर्मको सम्बन्ध जोडिएको छ । अतः विभिन्न संस्कृतिका रूपमा प्रचलित यावत् संस्कारहरू सनातन धर्मसँग सम्बन्धित भएर आएका देखिन्छन् । सनातन धर्मलाई हिन्दू धर्मका नामले चिनिने गरेको पाइए पनि हिन्दू शब्दले सनातन धर्मका सम्पूर्ण इतिकृत्यको पूर्णबोध गराउन सकेको छैन । कालक्रमले पछि जन्मिएका मुस्लिम, क्रिस्चियन, ताओ आदि अनेक धर्मका नामले अगाडि आउँदा सनातन धर्मलाई पनि हिन्दू धर्म भनिएको मात्र हो । वस्तुतः यस धर्मको मूल नाम नै वैदिक सनातन धर्म हो । वैदिक सनातन धर्मका ४८, २५, १६ आदि संस्कारहरूमध्ये अन्त्येष्टि संस्कार जीवनको अन्तिम संस्कार हो । जीवनको प्रारम्भ हुने संस्कार गर्भाधान हो भने अन्त्येष्टि अन्तिम संस्कार हो । मृत्यु पीडादायक नै हुन्छ तथापि संस्कारका हिसाबले यसमा दुःख मान्नु हुँदैन । यसमा शास्त्रीय नियमबमोजिम कृत्यहरू गर्नुपर्ने हुन्छ । मृत्युपश्चात् गर्नुपर्ने मृतकको शरीर संस्कारदेखि पारलौकिक जीवनका गन्तव्य एवं इतिकृत्यका बारेमा पनि विशद विश्लेषण गरी शास्त्रीय अवधारणाका साथ प्रथम दिनदेखि एक वर्षसम्म र प्रत्येक वर्ष मृततिथिमा समेत श्राद्ध गर्नुपर्ने कृत्यका बारेमा र जीव (मृतक) ले परलोकमा पाउने अन्न-जलादिको प्राप्तिको स्वरूपसमेत निर्धारण गरेको पाइन्छ ।

देवो यदि पिता जातः शुभकर्मोऽनुयोगतः ।
तस्यान्नममृतं भूत्वा देवत्वेऽप्यनुगच्छति ॥
गन्धर्वे भोगरूपेण पशुत्वेऽपि तृणं भवेत् ।
श्राद्धान्नं वायुरूपेण सर्पत्वेऽप्यनुगच्छति ॥
पानं भवति यक्षत्वे गृध्रत्वेऽपि तथामिषम् ।
दानवत्वे तथा माया प्रेतत्वे रुधिरोदकम् ॥
मनुष्यत्वेऽन्नपानादि नानाभोगरसं भवेत् ॥ -धर्मसिन्धु पृ. ९६०

अर्थात् मरेपछि हामीहरू कीरा, फट्याङ्ग्रा, हात्ती, घोडा, देव, दानव,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनुष्य आदि जुन जुन कर्मका गतिले शरीर प्राप्त गर्दछौं, त्यही त्यहीं जीवका आहारका रूपमा छोराहरूले यहाँ दिएको श्राद्धको पिण्ड, तर्पण गरेको जल तथा अन्न पाउँछौं । त्यसका प्रापक भनेका वसु, रुद्र, आदित्य आदि गरिएका पितृस्वरूप देवता नै हुन् र आफ्नो जन्मदाको न्वारनको नाम र कुलगोत्रको उच्चारण नै तत्तद् ठाउँमा पुऱ्याउने साधन हुन् । **नाम गोत्रं तु पितृणां प्रापकं हव्यकव्ययोः** भन्ने शास्त्रीय वचनबाट पनि ती नामगोत्र सही हुनु अत्यावश्यक छ भन्ने प्रमाणित हुन्छ । यसकारण शास्त्रको विधि निर्धारित दिनमा गर्नुपर्ने कृत्य र पदार्थलाई अन्यथा गर्दा इहलोक र परलोक दुबै नै बिग्रिने हुन्छ । अतः शास्त्रको अनुसरण गरी शास्त्रद्वारा नै निर्धारित तिथि मिति नै स्वीकार्नुपर्दछ ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।

न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥ -गीता १६/२३

जसले शास्त्रीय विधिलाई छाडी मनोमानी रूपले कर्म गर्दछ उसले न कुनै पुरुषार्थ प्राप्त गर्नसक्छ न यो लोकमा सुख र अन्तमा परमगति नै पाउन सक्छ । त्यसकारण कर्तव्याकर्तव्यको निश्चयका लागि शास्त्रहरू नै प्रमाण हुन्छन् ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।

ज्ञात्वा शास्त्रविधानोक्तं कर्मकर्तुमिहार्हसि गीता, अ.१६, श्लो. २४ ।

१.२ आशौच र पिण्डदानबारे दिनको व्यवस्था

नामकरण, चूडा, उपनयन, विवाह आदि संस्कार भइसकेका व्यक्तिका लागि आशौचको दिन भिन्नभिन्न तोकिएका छन् । पिण्डदान गर्दा जीवात्मालाई दिइने पिण्डदानको दिन संख्या पनि संस्कृत र असंस्कृत गरी व्यवस्थित गरेको देखिन्छ । यसमा शास्त्रीय प्रमाण यस प्रकार छन् -

क) असंस्कृतानां भूमौ पिण्डं दद्यात्संकृतानां कुशेषु ।

(प्रचेताको वचन **याज्ञवल्क्यस्मृति प्रयशश्चित्ताध्याय, श्लो. १६ को टीका पृ. ३३१)**

ख) यावदाशौचं प्रेतस्योदकं पिण्डमेकं च दद्युः । (विष्णुको वचन त्यहीं)

ग) नवभिर्दिवसैर्दद्यान्नवपिण्डान्समाहिताः ।

दशमं पिण्डमुत्सृज्य रात्रिशेषे शुचिर्भवेत् ॥ (त्यहीं स्मृत्यन्तरको वचन)

क) असंस्कृतलाई भुइँमा र संस्कृतलाई कुशमाथि पिण्ड दिनुपर्छ । आशौच अवधिभर जल र पिण्डदान दिइरहनुपर्दछ ।

ख) दशदिनसम्म प्रतिदिन पिण्ड दिनुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग) संस्कृत व्यक्ति (व्रतबन्ध गरेको पुरुष र विवाह गरेकी स्त्री) का लागि प्रथम दिनदेखि दशम दिनसम्म प्रतिदिन पिण्डदान गर्नुपर्ने र आशौच दिन संख्या पनि दशम रात्रिसम्म रहने व्यवस्थाका साथै एघारौं एवं बाह्रौं दिनका कृत्य पनि शास्त्रले त्यत्तिकै महत्त्वपूर्ण मानेकाले एघारौंको काम एघारौं दिनमा र बाह्रौंको काम १२ दिनमै गर्नुपर्ने देखिन्छ । उत्तरपाथेय श्राद्ध र शुद्ध शान्तिका कृत्य एवं पञ्चकादि शान्ति गर्नुपर्ने भए १३ दिनका दिन नै गर्नुपर्ने शास्त्रको निर्देश भएकाले १० दिने आशौच १० दिनसम्म रहने र प्रतिदिवसीय पिण्डदान गर्नुपर्ने विधिलाई रत्तिभर पनि अन्यथा गर्न मिल्दैन । घटाउन वा बढाउन पनि मिल्दैन ।

असंस्कृतहरूका लागि भने १० दिनसम्म पिण्डदान पनि नहुने र आशौच पनि तीन दिनमात्रै हुने भएकाले तीन दिनको शास्त्रीय व्यवस्था पनि त्यसै शास्त्रले निर्धारण गरेको छ । पिण्डदान व्यवस्था यसप्रकार छ- पहिलो दिन तीनवटा, दोस्रो दिन चारवटा र तेस्रो दिन तीनवटा पिण्ड गरी १० पिण्ड पुग्दछन् भने पहिलो दिन एकवटा, दोस्रो दिन चारवटा र तेस्रो दिन पाँचवटा पिण्ड दिने व्यवस्था पनि रहेको पाइन्छ । घाटसम्मका ६ पिण्डका बारेमा समान मत पाइन्छ। सद्यः शौचमा एकैदिन १० पिण्ड दिने व्यवस्था पनि धर्मशास्त्रमा पाइन्छ । **'सद्यः शौचे प्रदातव्याः सर्वेऽपि युगपत्तथा'** भन्ने वचनबाट पनि यही निष्कर्ष निस्कन्छ ।

यसैगरी संस्कृतहरूका लागि एघारौं दिनमा गरिने कार्य असंस्कृतका लागि चौथो दिनमा र बाह्रौंको काम सपिण्डीकरण श्राद्ध नहुने हुनाले सपिण्डी स्थानीय एकोद्दिष्ट श्राद्ध पाँचौं दिनमा गरी शुद्धशान्ति आदि यसै दिन सम्पन्न गरिन्छ । किनकि यहाँ धर्मशास्त्रका आधारमा यसमा कुनै दुविधा मान्नुपर्ने अवस्था छैन । शास्त्रको निर्देश नै सर्वोपरि भएकाले ऐहिक एवं पारलौकिक सुधारका लागि र प्रायश्चित्तादिबाट बच्नका लागि शास्त्रीय प्रमाणमा गीताले जोड दिएको छ ।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह । -गीता १७/२८

श्रद्धारहित गरिएका हवन, दान, तपस्या र अरू जति पनि कर्म गरिन्छन् ती सबै असत् हुने हुनाले यस प्रकारको कर्मको फल न यो लोकमा न परलोकमा नै फलदायी हुन्छ, प्रत्युतः क्लेशदायक मात्र हुन्छ र यस्ता असत् कर्मले उल्टै प्रायश्चित्ती बनाउँछ ।

१.३ आशौच र पिण्डदानका दिनको संख्यामा समानता

आशौच अवस्था भनेको वेदादि शास्त्रको स्वाध्याय वर्जित काल, यज्ञयज्ञादि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पादन गर्न नमिल्ने अवस्था, प्रतिग्रह अर्थात् दान लिनदिनमा अत्यन्त निषिद्ध अवस्था आदि अनेकौं विषयलाई शास्त्रले परिभाषित गरेको छ।

विधिभन्दा निषेधमा दोष बढी हुने भएकाले निषेध बलवान् हुन्छ। आशौचको दिन संख्याका आधारमा पिण्डदान, अञ्जली वृद्धिका हिसाबले जलदान आदि हुने व्यवस्था शास्त्रमा उल्लेख भएका कारण पिण्ड संकोच वा दिन संकोच गर्ने विषयलाई निषेध गरी शास्त्रले प्रतिदिन पिण्डदान र आशौच दिनको व्यवस्था १० दिनसम्म निर्धारण गरेको छ। प्रतिदिनका पिण्डदानले प्रेतात्माको शरीर निर्माण हुने हुँदा एउटा परिपाक कालपछि मात्र प्रेतात्मामा भोक्तृत्व क्षमता प्राप्त हुन्छ। यसरी नै एघारौं र बाह्रौंका कृत्यहरू पनि ती ती दिनमा नै सम्पादन गरिन्छन्। **'आशौचान्ते वा एकादशाहे'** भनेर एघार दिनका दिनमा नै यी यी कार्य गर्नु भनेकाले एघारलाई १, २, ३, ४ दिन भन्न मिल्दैन। एघार भनेको एघार दिन नै हुन्छ। यसैगरी 'आशौचान्ते द्वितीयेऽह्नि' या 'द्वादशाहे सपिण्डनम्' भनेकाले १२ दिनमा नै सपिण्डी श्राद्ध गर्नुपर्दछ, तीन-चार दिनमा होइन। यसरी १० दिनसम्मका १० पिण्ड-दानलाई दशै दिन लगाएर गर्नु भनी शास्त्रले स्पष्ट उल्लेख गरेको हुनाले आशौच संकोचको अवस्था नआई पिण्डको संकोच हुने अवस्था धर्मशास्त्रहरूमा पाइँदैन। आशौचभित्र दान लिने ब्राह्मणको दुर्गति पनि शास्त्रले नै बताएको छ। दश दिनको आशौचबारे जानकारी भएर पनि लोभ लालचका कारण आशौचका दिन घटाएर दान लिने र दिने कार्य दुबै शास्त्र प्रतिकूल हुने तथा त्यस्ता कार्यबाट पितृतृप्तिसमेत नहुने स्पष्ट नै छ। यस्ता कार्य गर्ने गराउने दुबैथरीको र विशेष गरेर ब्राह्मणको दुर्गति पनि निश्चित छ।

स्मरणीय के छ भने विशेष अवस्थाका लागि शास्त्रले नै वैकल्पिक व्यवस्था गरेको छ। १० दिनको नै आशौच भए पनि अग्निहोत्री एवं वेदाध्यायीलाई ती ती कर्म गर्नका लागि मात्र आशौचको फरक व्यवस्था गरिएको हो। वृत्ति संकोचका कारण आशौचको अवधि घटाएर तीन दिनको आशौच व्यवस्था गरिएको हो। निर्धारितबाहेक अन्य कर्म गर्न छुट दिइएको होइन। अरू कर्म उनीहरूका लागि पनि प्रतिबन्धित नै हुन्छन्।

१.४ त्रिरात्रं शावमाशौचम्... को शास्त्रीय अभिप्राय

त्रिरात्रं शावमाशौचम्, दशरात्रमित्येके। -पारस्कर गृह्यसूत्र-३।१०।२९-३०

यी दुवै सूत्रको अर्थ पाठक्रम एवं मृतकको असंस्कृत अवस्था र संस्कृत अवस्थाको ज्ञानमा आधारित छ। **'त्रिरात्रं शावमाशौचम्'** को अर्थ असंस्कृतलाई, वृत्ति संकोच भएकाहरूका लागि र खास गरेर बालादि आशौच तीन दिनको हुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनाले पहिलो सूत्रले यसमा आशौच दिन तीन र पिण्डदान व्यवस्था पनि तीन दिन नै गरेको देखिन्छ । कसैका मतमा बन्धुहरूमा आपसी अङ्गस्पर्शमा पनि १० रात नै बार्नुपर्ने र कसैले तीन रातपछि अङ्गस्पर्श हुनसक्ने भनी यी दुई सूत्रको अर्थ गरेको मान्दछन् । **'पिण्डं प्रतिदिनं दद्युः'** भनी पारस्करका टीकाकार विश्वनाथले गरुडपुराणमा उल्लेख गरेका कारण आशौच अवधिभर पिण्डदान पनि १० दिनसम्म नै निरन्तर चलिरहने व्यवस्था स्पष्ट हुन्छ ।

अतो दद्यात् सुतः पिण्डान् दिनेषु दशसु द्विज ।
प्रत्यहं ते विभज्यन्ते चतुर्भागैः खगोत्तम ॥ -गरुणपुराण प्रेतकल्प १/४७)
पुत्रेण पर्णशरदाहे कृते तस्य दशाहाशौचात्तेन
त्र्यहमध्ये पिण्डसमाप्तिर्न कार्या । -धर्मसिन्धु पृ. ९२९

छोराले पर्णशरदाह नै गरे पनि तीन दिनमा पिण्ड समाप्ति नगरी आशौच पूरै १० दश दिनसम्म लाग्ने भएकाले दशै दिनसम्म पिण्ड दिइरहनुपर्छ ।

बीचमा औँसी पर्दा मातापिता र पतिको बाहेक अरूको काजकिरिया गरिएको रहेछ भने दिन संख्या बढीका हिसाबले दश दिनभित्र पिण्डदानादि गर्नु भनेकाले पनि दश दिने आशौचको विकल्प तीन दिने हुन सक्दैन । दशदिने आशौचमा १० पिण्ड दान प्रतिदिन दिनैपर्ने र तीन दिने असंस्कृतको आशौचमा तीन दिनमा नै ३+४+३=१० पिण्डका हिसाबले दिनुपर्ने व्यवस्था नै शास्त्रसंमत देखिन्छ । १० दिनसम्म पिण्ड र आशौचको निरन्तरतामा अनेकौं वचनहरू पाइन्छन् । द्रष्टव्यः **याज्ञ.३/१८ मिताक्षरा टीका ।**

यी सबै प्रमाणहरूबाट के स्पष्ट हुन्छ भने १० दिने आशौच दिन संख्यासँग १० पिण्डदानको प्रतिदिवसीय व्यवस्थामा समानता छ, सम्बन्ध छ र एकरूपता पनि छ । अतः दिन घटबढ गराउन मिल्दैन ।

१.५ अशक्त, रोगी आदिका लागि धर्मशास्त्रको उदारता

धर्मशास्त्रले प्राणीमात्रका लागि शक्त, अशक्त, रोगी आदिका दृष्टिले पनि व्यापक विचार गरेको पाइन्छ । म शक्त छु भन्दैमा निश्चित अवधिको कामलाई लामो दिनसम्म लम्ब्याएर गर्न नपाइने र अशक्त छु भन्दैमा निश्चित गरिएका दिन संख्यालाई वा कार्यलाई न्यून गर्न पनि नपाइने व्यवस्था छ । शारीरिक आदि सबलता र दुर्बलताको अवस्थाको विचार गरेर शास्त्रीय निर्णय दिँदा दिनसंख्याको प्रमाणलाई यथावत् राखी कर्ताको क्षमतालाई ध्यान दिएर कर्तालाई छुट दिएको विषयलाई धर्मशास्त्रले व्यापकरूपमा उल्लेख गरेको देखिन्छ । यस सम्बन्धमा यस्ता प्रमाण पाइन्छन्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देशं कालं तथात्मानं द्रव्यं द्रव्यप्रयोजनम् ।
उपपत्तिमवस्थां च ज्ञात्वा शौचं प्रकल्पयेत् ॥
देशं... विज्ञाय शौचं शौचज्ञः कुशलो धर्मे... समाचरेत् । -
धर्मशास्त्र ई.-३, पृ.११८५ टिप्पणी ।

कालको संकोच वा विस्तार गर्न नसकिने तर अवस्थानुसार कर्मसंकोच भएका उदाहरण प्रशस्तै पाइन्छन् । कर्तृत्वक्षमता एवं देश, काल र परिस्थितिलाई हेरेर त्यस्ता निर्णय भएका देखिन्छन् । धर्मशास्त्रले तोकेका निश्चित विषयबाहेक कर्मसंकोच गर्न पनि नमिल्ने हुनाले आर्ष वचनद्वारा नै कर्मसंकोचको व्यवस्था गरिएको देखिन्छ । कालसंकोचका बारेमा कालको संकोच वा विस्तार गर्न नमिल्ने हुँदा हरेक संस्कारमा निश्चित दिन तोकेको देखिन्छ । उदाहरणका लागि यी प्रमाण अघि सार्न सकिन्छ-

चतुर्थेऽहनि शुध्यति, क्षयोऽहे कुर्यात्, एकोद्दिष्टश्राद्धं मृततिथौ कुर्यात्, जननाशौचे गर्भिण्या दशाहमस्पृश्यत्वम्, सपिण्डानां दशाहमाशौचम्, सोदकानां त्रिरात्रमाशौचम्, सगोत्राणामेकाह-माशौचम्, उपनीतबन्धुत्रयमरणे पक्षिणी-आशौचम्, ब्रह्मचारिणो त्रिरात्रमाशौचम्, दशाहं शावमाशौचं सपिण्डेषु विधीयते, उपनयनप्रभृति-दशरात्रमाशौचम् -३।१०।२९।३० टीका पारस्करगृह्यसूत्र ।

एकाहाद् शुध्यते विप्रो योऽग्निवेदसमन्वितः । यहात् केवलवेदस्तु निर्गुणो दशभिर्दिनैः ॥ शावमाशौचम् दशरात्रमनृत्विग्दीक्षितब्रह्मचारिणां सपिण्डानाम् । -गौतमधर्मसू. ५।१ पृ.१४१ ।

१) तद्यथा यदा यहैकोऽवस्तनिको वा स्वाध्यायोऽग्निसम्पन्नो भवति तदा तस्य वृत्तिसम्पादनाय सद्यः शौचं भवति ।
२) यदा तु कुशुलधान्यः कुम्भीधान्यः केवलस्वाध्यायसंपन्नश्च तदास्य त्रिरात्रम् ।
३) यदा पुनर्दशरात्रकुटुम्बवृत्तिपर्याप्तप्रातिरिक्तधान्यो भवति वृत्तस्वाध्यायवांच तदास्य दशरात्रं वृत्तस्वाध्यायरहितस्य वृत्तिहीनस्यापि सर्वदा दशरात्रमेव ।
४) अयं च वृत्तिसंकोचात् वृत्तस्वाध्यायापेक्षया य आशौचकालसंकोचः स् वृत्तिसम्पादनविषय एव न पुनः कर्मान्तराधिकारसम्पादनपरः, तेन यस्योऽशौचिनो या आपद् भवति तदपाकरणार्थं वृत्तस्वाध्यायसम्पन्नस्य आशौचसंकोचो नेतरेषाम्, जननाशौचेऽपि एवमेव ॥ मातापितृमरणे दूरदेशेऽपि संवत्सरोर्ध्वमपि पुत्रो दशाहादिकं पूर्णमाशौचं कुर्यात् । स्त्रीपुंसयोः परस्परं सपत्नीषु चैवम् । -धर्मसिन्धु तल पृ.८७६ ।

सर्वोऽप्ययमाशौचापवादोऽनन्यगतिकत्वे आर्तौ च ज्ञेय इति सिन्धौ नागोजीये चोक्तम् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दाहदिनारभ्य दशपिण्डा दशदिनमध्ये दर्भास्तीर्णभूमावमन्त्रकं देयाः । प्रथमेऽहनि यो देशो यश्च कर्ता... तदेव दशाहान्तम् । प्रथमेऽहनि यद्द्रव्यं तदेव स्याद्दशाहिकम् ।

-धर्मसिन्धु. सुधाटीप्पणी

सगोत्रोऽसगोत्रो वा यः समन्त्रक दाहकर्ता स एव दशाहकृत्यं कुर्यादित्याहुः । पुत्रेण पर्णशरदाहे कृते तस्य दशाहाशौचात्तेन यहमध्ये पिण्डसमाप्तिर्न कार्या ।

-धर्मसिन्धु.९२९ ।

दशाहमध्ये दर्शपाते निर्णयः, दर्शे दशाहमध्ये स्यादूर्ध्वं तन्त्रं समापयेत् ।

नवश्राद्धानि दशाहान्तानि । -धर्मसिन्धु. ९३१ ।

अथ एकादशाहकृत्यम्, एकादशाहे प्रातरुत्थाय...
एकादशाहे संगवकाले स्नानाच्छुद्धिरिति केचित् ॥-धर्मसिन्धु.९३७ ।
एकादशाहे पुत्रादेः कर्तुरपि पञ्चमहायज्ञाद्यधिकारः ।
एकादशाहे शय्यादानम्, द्वादशाहे सपिण्डनम् त्रयोदशेऽहनि पाथेयश्राद्धम् ।
त्रिपक्षातीते त्रैपक्षिकम्, ऊनमासे ऊनमासिकं ऊनाब्दकाले ऊनाब्दिकम् ।

इत्यादि वचनहरूको मर्यादा एवं आशयलाई हामीले थपघट गर्नुपर्ने वा गर्न मिल्ने नै देखिँदैन । तोकेकै दिन ती ती कर्म गर्नुपर्ने देखिन्छ । आशौचादिका कारण कर्म अवरुद्ध भए त्यो कर्म कहिले गर्ने भन्ने निर्णय पनि धर्मशास्त्रले नै गरेको छ । कुन क्रर्म कति दिनमा गर्दा कर्मको पूर्ण परिपाक हुन्छ भन्ने निश्चय गरेर धर्मशास्त्रले यो निर्णय गरेको देखिन्छ । लौकिक व्यवहारमा पनि यो परिपाकको अवस्थामा काल नै प्रधान हुन्छ । त्यसैले वैदिक कर्मदेखि लिएर क्रमशः दिन, तिथि, पक्ष, मास, वर्ष आदि सबै कालको नै परिपाक समय हो र त्यो व्यवहारसिद्ध पनि छ । अझ जन्मादि १० महिने समय र अन्त्येष्टि आदि संस्कारहरू त प्रत्यक्ष एवं परोक्ष जीवन र ऐहिक एवं पारलौकिक धर्मकर्ममा महत्त्व राख्ने हुँदा पापधर्मको विवेचनाका साथ यस कर्मलाई यति समय चाहिने भन्ने निश्चय गरेर नै अन्त्येष्टि कर्मका दिनहरू तोकिएका छन् । यसमा समयलाई तलमाथि गर्न वा दिन संख्यालाई घटाउन वा बढाउन मिल्दैन । निश्चित समयमा साइतमा दिएको एक आहुतिको फल बराबर साइतरहित अवस्थामा दिएको करोडौं आहुतिले पनि पूर्ति गर्दैनन् । पूर्ति गर्न सक्तैनन् ।

गणितज्ज्ञायते कालो काले तिष्ठन्ति देवताः ।
वरमेकाहुतिः काले नाकाले लक्षकोटयः ॥

कर्ता अशक्त, रोगी आदि भएमा त्यसका लागि धर्मशास्त्रले छुट्टै व्यवस्था

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेका छ । अशक्तहरूले निम्नानुसारका पदार्थ खाएर पनि कार्य गर्न सक्दछन् भनी धर्मशास्त्रले यस्तो निर्देश गरेको छ :

१) **अष्टैतान्यव्रतघ्नानि आपो मूलं फलं पयः ।**
हविर्ब्राह्मिणकाम्या च गुरोर्वचनमौषधम् ॥

२) **नक्तं हविष्यान्नमनौदनं वा फलं तिलाः क्षीरमथाम्बु चाज्यम् ।**
यत्पञ्चगव्यं यदि वापि वायुः प्रशस्तमत्रोत्तरमुत्तरं च ॥
इति पक्षेषु शक्तितारतम्येनैकपक्षाश्रयणं न त्वेकादशीत्यागः ।

३) **हविष्याणि-तिलमुद्‌गभिन्न...गव्यं तक्रं महिषघृतमपि क्वचित् ।** -धर्मसिन्धु पृ. २२ ।

इत्यादि वचनहरूको आशयलाई मनन गर्दा माथिका निश्चित दिनमा गर्नेपर्ने कृत्यहरूलाई कर्ताको सामर्थ्यलाई ध्यान दिई दिनसंकोच नगरी कर्ताका नियत नियमहरूलाई खुकुलो पारेको देखिन्छ । कर्ताको नियमभन्दा कर्तव्य कृत्यले बढी महत्त्व राख्ने हुँदा धर्मशास्त्रले इहलोक र परलोकमा बाधा नपर्ने गरी कर्ताका नियम पालनमा अशक्त अवस्थामा मात्र तत्कर्मका लागि केही छुट दिएको र फरक व्यवस्था गरेको छ । शुभ मुहूर्त, ऐहिक एवं पारलौकिक धर्महानि, विषयमा गरेको कर्मको फलविपरीत हुनेजस्ता विषयमा धर्मशास्त्रले सचेत भई कतै विधिवाक्यबाट त कतै निषेधवाक्यबाट सन्मार्गमा हिँड्न प्रेरित गरेको छ । शरीरिक स्वास्थ्य आदिको स्थितिलाई विचार गरी सामर्थ्यअनुसार कार्य गर्नुपर्छ । सकिँदैन भने जलपान फलफूल आदि खाएर पनि गर्न सकिन्छ । तर शक्तले अशक्त छु भनी कृत्य गर्दा भने उल्टो दोष लाग्दछ भनिएको छ-

आपत्कल्पेन यो धर्मं कुरुते नापदि द्विजः ।
स नाप्नोति फलं तस्य परत्रेति विचारितम् ।
प्रभुः प्रथमकल्पस्य योऽनुकल्पेन वर्तते ।
न साम्परायिकं तस्य दुर्मतेर्विद्यते फलम् ॥ **-मनु.११/२८, ३१**

अन्त्येष्टि संस्कारसम्बन्धी कृत्यहरू निश्चित तोकेका दिनहरूमा गर्नुपर्ने सिद्ध हुन्छ । धर्मशास्त्रले अशक्त, रोगीहरू र विशेष अवस्थामा छुट पनि दिएको छ, तर अध्ययन नगरी अथवा कुनै शास्त्रको आंशिक उद्धरणको अपव्याख्या गरी निर्णय गर्न खोज्दा ऐहिक एवं पारलौकिक दुःख पनि व्यहोर्नुपर्ने तथ्यमा सचेत चाहिँ हुनैपर्छ ।

न सन्ति पितरश्चेति कृत्वा मनसि यो नरः ।
श्राद्धं न कुरुते यस्तु तस्य रक्तं पिबन्ति ते ॥
-चतुर्वर्गचिन्तामणि परिशेषखण्ड-३, पृ.२५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१.६ निष्कर्ष

वैदिक सनातन धर्मले मानिआएका संस्कारहरूमध्ये अन्त्येष्टि संस्कार अन्तिम संस्कार हो । यो संस्कार प्रायः पुत्रादिले सम्पन्न गर्नुपर्ने हुन्छ । यो संस्कार सम्पन्न नगर्दा त्यो प्रेत, वायु आदि हुने विषय नौलो मानिँदैन । यस संस्कारका प्रथम दिनदेखिका १३ दिनसम्म गर्ने निश्चित दिनका निश्चित कार्यहरू छन् । पारस्करगृह्यसूत्रमा **त्रिरात्रं** र **दशरात्रम्**को अर्थ गर्दा अन्य सूत्र, स्मृति आदि धर्मशास्त्रका ग्रन्थहरूसँग विरोध पर्नेगरी अर्थ गर्न मिल्दैन । यसमा कसले कसको कति भन्ने **आकाङ्क्षा**को पूर्ति पनि नभएको हुनाले सो आकाङ्क्षा निवृत्तिका निमित्त पूर्वापर प्रसङ्ग र अन्य शास्त्रको अनुसरण गर्नु आवश्यक हुन्छ । त्यसरी अन्वेषण गर्दा मृतक व्रतबन्धसंस्काररहित अवस्थामा हुँदा सपिण्डमा ३ दिनमात्र लाग्छ र व्रतबन्धसंस्कार भएको रहेछ भने त १० दिन नै आशौच लाग्दछ भन्ने स्मृति वचन भएकाले सूत्रमा वर्णन गरिएको त्रिरात्रको अर्थ सबैका लागि ३ दिनमात्र हो भन्ने अर्थ बुझ्न मिल्दैन । यसो गर्दा याज्ञवल्क्यस्मृतिसँग नै विरोध पर्न जाने देखिन्छ-

आदन्तजन्मनः सद्य आचूडान्नैशिकी स्मृता ।
त्रिरात्रमाव्रतादेशाद्दशरात्रमतः परम् । -याज्ञवल्क्यस्मृति ३/२३
प्राङ्नामकरणात्सद्य...। वर्षत्रयादूर्ध्वमकृतचूडस्यापि त्र्यहम् ।
उपनयादूर्ध्वं सर्वेषां ब्राह्मणादीनां दशरात्रकमिति ॥ मिताक्षराटीका ॥

दश दिनभन्दा पहिला आशौच निवृत्त नभएकाले अर्थात् आशौच कायमै रहेकाले प्रेतत्वनिवृत्तिका लागि ३, ५ आदि दिनमा गरिएका श्राद्ध, एकादशाहका कृत्यहरू, सपिण्डीकरण श्राद्ध आदि सबै विधिविपरीत हुने भएकाले त्यसबाट प्रेतत्वनिवृत्ति पनि हुँदैन र पितृपदप्राप्ति पनि हुन सक्दैन । जसका लागि गरेको हो, उसले पनि पाउँदैन । उसले नै नपाउने भएपछि कर्ताको क्षणिक सुविधालाई मात्र हेरेर गरिएको ३, ५ दिने विधिविपरीतका काजक्रियाका कृत्यको कुनै औचित्य सिद्ध हुँदैन । उल्टै कृतघ्नता मात्र झल्कन्छ ।

श्रुतिस्मृति आदिका उपर्युक्त अनेकौं प्रमाणहरूबाट यो कुरा प्रमाणित हुन्छ कि असंस्कृतको तीन दिन आशौच रहने र संस्कृत भई सामान्य कालगतिले मरेकाहरूको १० दिन नै आशौच रहन्छ भन्ने नै पारस्करगृह्यसूत्रका **त्रिरात्रं शावमाशौचम्** एवं **दशरात्रमित्येके** यी दुई सूत्रको अर्थ हो भन्ने कुरा सिद्ध हुन्छ । तसर्थ **त्रिरात्रं शावमाशौचम्** भनेकाले तीन दिन नै सबैको आशौच हुनुपर्छ भन्नु र त्यतिमात्र बार्नुपर्छ भन्नु शास्त्रविरोधी अपव्याख्या मात्र नभई अध्ययनको अभाव र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रको पूर्वापर प्रसङ्ग नहेरेको, शास्त्र नपढेको तथा संस्कारहीन समाज निर्माण गर्न खोजेको स्पष्ट हुन्छ ।

सन्दर्भसूची

उपाध्याय, काशीनाथ, (२०४८), धर्मसिन्धु, वाराणसी : चौखम्वा संस्कृत संस्थान

काणे, पाण्डुरंग वामन, धर्मशास्त्रका इतिहास, लखनउ : उत्तरप्रदेश हिन्दी संस्थान ।

गौतम, (वि.सं. २०६१, सं. ४), गौतमधर्मसूत्राणि : वाराणसी चौखम्वा संस्कृत संस्थान

पौराणिक, राममूर्ति, श्रीमद्भागवत साप्ताहिक १-२, वाराणसी ललिताघाट :पौराणिक कार्यालय ।

भट्ट, कमलाकार, (ई.१९९१), निर्णयसिन्धु, वाराणसी : चौखम्वा संस्कृत संस्थान

भट्टराई, माधव आदि, (२०७१), पण्डित यजमान आचार संहिता, राष्ट्रिय धर्मसभा नेपाल ।

मनु, (२०४१), मनुस्मृति (पाँ.सं.) वाराणसी : चौखम्वा संस्कृत सीरिज ।

याज्ञवल्क्य, (ई.१९४९), याज्ञवल्क्यस्मति, बम्वई : निर्णय सागर प्रेस

विष्णु, विष्णुस्मृति, भारत : अध्वर लाइब्रेरी रिसर्च सेन्टर ।

वेदव्यास, गरुडपुराण (प्रेतकल्प), वाराणसी : बम्बई बुक डिपो ।

हेमाद्रि, (ई.१९८५), चतुवर्ग चिन्तामणि, वाराणसी : चौखम्वा संस्कृत संस्थान ।

(युनेस्कोद्वारा २०७४ वैशाख ४ गते नन्दी रात्रि मावि, काठमाडौंमा सञ्चालित सनातन धर्ममा अन्त्येष्टि संस्कारसम्बन्धी विचारगोष्ठीमा प्रस्तुत गरिएको यो कार्यपत्र पुनः परिमार्जित गरी यहाँ प्रकाशित गरिएको हो ।)

'जयतु संस्कृतम्'

संस्कृत हराए शास्त्र हराउँछ ।
शास्त्र हराए संस्कार हराउँछ ।
संस्कार हराए संस्कृति हराउँछ ।।
संस्कृति हराए पहिचान हराउँछ
पहिचान हराए मानिस हराउँछ
मानिस हराए राष्ट्रै हराउँछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्येष्टि संस्कार : एक दृष्टि

डा. आनन्दप्रसाद घिमिरे
शुक्लयजुर्वेद-धर्मशास्त्राचार्य
प्राध्यापक- नेपालसंस्कृतविश्वविद्यालय

ॐ वायुरनिलममृतमथेदं भस्मान्त ग्ं शरीरम् ।
ओ३म् । क्रतो स्मर क्लिबे स्मर कृत ग्ं स्मर ॥ शु.वे. ४०।१५

हे सङ्कल्पात्मक अग्निदेव ! पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, पाँच प्राणवायु मन र बुद्धि यी १७ वस्तुका सूक्ष्म शरीर अमृतस्वरूप वायुमा पुगोस् ! ज्ञान र कर्मले संस्कार भएको शरीर मुक्त होस् ! हे यज्ञ ! परब्रह्म ! ॐ ! मैले संझने बेला आएकोछ त्यो बुझिदिनुहोला । ब्रह्मचर्यावस्था र गृहस्थावस्थामा सँगै अग्निदेवसित परिचर्या थियो त्यसलाई याद गरिदिनुहोला । मैल बाल्यादि अवस्थामा गरेको कर्मलाई बुझिदिनुहोला । मैले पाएर भोग गरिने लोकलाई पनि कृपा गरेर बुझीदिनुहोला ।

उपर्युक्त प्रार्थना ब्रह्मोपासनारत योगीले अन्तिम अवस्थामा गर्छ । विद्या र अविद्याको उभयसिद्ध प्राप्त योगी हुन्छ । आत्मज्ञानरूपी विद्या सिद्धिले अमृत पाउँछ, देवलोक पाउँछ, अविद्यारूप अग्निहोत्रादि कर्मसिद्धिले पितृलोक पाउँछ । यी दुवै कुराको वेत्ता अर्थात् आचारवान्ले भवबन्धनको पाशबाट तर्दाको कृतकृत्यताले ब्रह्मपरिज्ञानस्वरूप मोक्ष पाउँछ । यसै भूमिकाको साथ सनातनीहरूको अन्त्येष्टि संस्कारबारे केही चर्चा गरिन्छ ।

१.१ पञ्चतत्व र दाहपछिको शरीर चक्र

जीवको उत्पत्ति पञ्चतत्व मिलेर भएको छ । देहान्त पछि सबै तत्व आ-आफ्ना स्थानमा फेरि फर्कन्छन् । "पञ्चभिर्निर्मिते देहे पञ्चत्वञ्च पुनर्गते । स्वांस्वां योनिमनुप्राप्ते तत्र का परिदेवना ॥ शोकाकुल परिवारलाई सान्त्वना दिने यस वचनको आशय हो- निश्चित रूपमा धर्ती, जल, तेज, वायु एवं आकाशको जति जति मात्राले आफ्नो शरीर बनेको छ-त्यति त्यति नै मात्रा सोही ठाउँमा फर्कने हुँदा के शोक गर्नु र ? यसरी पञ्चतत्वबाट बनेको शरीरबाट हुने पाँचै तत्वको विदाइको क्रम गरिमामय ढङ्गले गरिनुपर्दछ । आ-आफ्नो परिजनका साथमा मृत्युको शोक मनाउनु पर्दछ-मृत्युभोज या उत्सव होइन । पञ्चतत्वको पूर्ण विधानले नै व्यक्तिको आत्मा शरीर र मनको बन्धनबाट मुक्त हुन्छ जसको माध्यमले ऊ आफ्नो अघिल्लो जन्मको यात्रामा निक्लन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्यु पछि मृत शरीरलाई अग्नि प्रदान गरेर वैदिक मन्त्रहरूद्वारा दाहसंस्कार सम्पन्न गरिन्छ । दशगात्र विधान, षोडश श्राद्ध, सपिण्डीकरण आदि क्रियाहरू यही संस्कार अन्तर्गत पर्दछन् । १७ वस्तुको सूक्ष्म शरीर लिएर जीव स्वकर्मानुसार षाट्कौशिक स्थूल शरीरमा प्रवेश गर्दछ अनि प्रारब्धलाई समाप्त गरी उक्त १७ वस्तुलाई लिदैं स्थूल शरीरबाट निक्लन्छ । त्यतिखेर सूक्ष्मशरीरको रक्षार्थ उसलाई अङ्गुष्ठ परिमाणको एक वायवीय शरीर मिल्दछ । त्यसैबाट ऊ आफ्नो कर्मानुसार कृष्ण या शुक्ल गति प्राप्त गर्दछ । वायवीय शरीर ग्रहण गरेको सो 'जीव' प्रेत संज्ञाले बुझिन्छ जो धेरै चल्ने र हलुका हुन्छ । स्थूल शरीरमा लामो समयसम्म निवास भएको कारण वारम्बार सो जीव वायुप्रधान शरीरद्वारा पूर्व शरीरका सूक्ष्मावयवहरू अर्थात् परमाणुतर्फ रहने चेष्टा गर्दछ, यसकारण मृतकको वासना जमीनमा गाडिएका र दुर्गन्धित पूर्वशरीरमा न जाओस् र मुक्ति होस भनेर नै मृत शरीरलाई जलाउने प्रथा वैदिक सनातनीहरूको छ भने प्रेतत्वविमुक्तिको कामना गर्दै दशगात्रादि श्राद्ध क्रियाहरू गर्न शास्त्रले आदेश गरेको छ । सूक्ष्म शरीरको साथ स्थूल शरीरमा प्रविष्ट आत्माको गाढा सम्बन्ध थोरै दिनमा हुँदैन, बालक या अल्पवयस्कको मृत आत्मा पूर्वशरीरको सम्बन्ध शीघ्रातिशीघ्र त्यागेर सञ्चित कर्मानुसार दोश्रो शरीर प्राप्त गर्दछ । मनुष्येतर योनिका जीवहरूको पञ्चकोष विकास पूर्णरूपले नहुने हुँदा पशुपक्षिहरूको आत्माले पूर्व शरीरको साथ प्रगाढ सम्बन्ध राख्न सक्दैन, प्रकृतितः शीघ्रातिशीघ्र अन्य योनिको जीवमा प्राप्त हुन्छ ।

१.२ देहान्तर आत्माले नवशरीर धारणा गर्ने अवधि

मसीनो त्यान्द्राको सहारामा हिँडेको सानो कीरा सो त्यान्द्रो छोडी अर्को त्यान्द्रामा समाइहाल्ने जस्तो यो जीवनमरण चक्र मानिसको १०० वर्ष नै मान्दा नि कति छ र ? उपनिषद [1] मा भनिएको छ :

"तद्यथा तृणजलायुका तृणस्यान्तं गत्वाऽन्यमाक्रममाक्रम्यात्मानं उपसंहरत्येव मेवायमात्मेदं शरीरं निहत्याऽविद्यां गमयित्वाऽन्यमाक्रममाक्रम्य आत्मानमुपसंहरति । यसै गरी अग्नि शरीर झैं आत्मा-अन्तरिक्षमा मेघमा, वर्षामा, माटोमा, अन्नमा बोटविरुवामा, औषधीमा र प्राणीको गर्भमा कैले जाने र पुग्नेको ठेगान परमेश्वर सँगै छ । उपनिषद्[2] मा भनिएकोछ-वालीनाली, उम्रनु-हुर्कनु, फल्नु-फुल्नु, पाक्नु, मर्नु, झर्नु, पुनः उम्रनु जस्तै हो जिन्दगी ।- शस्यमिव मर्त्यः पच्यते शस्यमिवाजायते पुनः ।" देहान्तरितात्माको नव शरीर पुग्नसक्ने ब्रह्माण्डको स्वरूप तलको तालिकामा प्रस्तुत छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्माण्डस्वरूपम्

भूमेरूपरिष्टात् सप्तस्वर्लोकाः अधस्ताच्च सप्तपातालानि, तन्मानचित्रम्

षड्गुणेन तपोलोकात्सत्यलोको विराजते । अपुनर्मारकं यत्र सिद्धादिमुनिसेवितम् ॥ ७. सत्यलोकः शिवलोकः जरामृत्वादिवर्जितम् चक्रवर्तिनःपुण्यात्मानश्च सन्तिष्ठन्ते ६. तपलोक सनन्दनाद्याः सन्तिष्ठन्ते- ५. जनलोकः कल्पवासिन- ४. महर्लोक	४८ कोटी योजनानि १. कोटी योजन १. कोटी योजन वैकुण्ठपुरम् (गोलोकको) वैकुण्ठपुराच्छिवलोकाद् बाह्यो विद्यते गौलोकः दृश्यं गमयञ्च वैष्णवैः (ब्रह्म वै)) ८ कोटी योजन २ कोटी योजन १ कोटी योजन
३ स्वर्लोकः ध्रुवलोकः सप्तर्षिमण्डलम् शनिग्रहः गुरुग्रहः मङ्गलग्रहः शुक्रग्रहः बुधग्रहः नक्षत्रमण्डलम् चन्द्रः (लोक)	१२ लक्षयोजन १ लक्षयोजन, अस्य एकलक्ष्यपरिमितः उच्छ्रायः १ " २ " मङ्गलादुत्तरे २. " शुक्रादुत्तरे २. " २ " नक्षत्रमण्डलादुत्तरे १ लक्षयोजन, एकलक्ष परिमितः उच्छ्रायः चन्द्रात्पूर्वे क) १ लक्षयोजन एकलक्षपरिमितः उच्छ्राय
२. भुवर्लोकः (सूर्यलोक): यमलोकः १२ सहस्र योजन,. विस्तारः	१. लक्षयोजन एकलक्षपरिमितः उच्छ्रायः चित्रगुप्तस्थानं १० सहस्रयोजन यमस्थानं द्विसहस्रयोजन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१ भूर्लोकः वितलम् १० सहस्र योजनानि सुतलम् रसातलम्	७० सहस्रयोजनानि उच्छ्रायः ७० सहस्रयोजन १० अतलम् १० सहस्र योजनानि २० नितलम् " ३० " ४० " १० सहस्र योजनानि ५० तलातलम् १० सहस्र योजनानि ६० " १० सहस्र योजनानि ७० पातालम् १० सहस्र योजनानि

साभारः डा. उमाशङ्कर त्रिपाठी, श्राद्धविमर्श, सं.सं.वि. २०३८

अन्यच्च

उपयुर्क्त मानचित्रअन्तर्गत भूर्लोक १ देखि स्वर्लोक ३ सम्म अनित्य, ४ महर्लोक नित्यानित्यत्व एवम् माथिका नित्यलोक मानिन्छन् ।

देवयान र पितृयान अथवा सदात्मा र सिद्धात्माको पथ अनि सामान्य जन्म-मरणको पथ गरी मूलतः तीनवटा वाटा भित्रको आवत जावतको समय चक्रानुसार **दिवङ्गत भएको १२ दिनमा आत्माले नवशरीर धारणा गर्दछ भनी शुक्लयजुर्वेदको ३९ औं अध्यायको छैठौं मन्त्रमा भनिएकोछ**-महावीर पात्र भेदन हुँदा गरिने प्रायश्चित्त स्वाहाकारको सन्दर्भगत सो मन्त्रको अर्थ महर्षि दयानन्दको शुक्लयजुर्वेद भाषा भाष्यानुसार[३] यस्तो छ- हे मनुष्यहरू ! यो जीवन शरीर छोडेको पहिलो दिन सविता (सूर्य), दोस्रो दिन अग्नि, तेस्रोमा वायु आदि हुँदै १२ औं दिन विश्वेदेवको दिव्य उत्तम गुण प्राप्त गर्दै आफ्नो कर्मानुसारको गर्भाशय प्राप्त गरी शरीर धारण गरेर उत्पन्न हुन्छन् तव पुण्य-पाप कर्मले सुख-दुःखका फलहरू भोगदछन (पृ. १३७६) । मन्त्र यसप्रकार छः

ॐ सविता प्रथमेऽहन्नग्निर्द्वितीये वायुस्तृतीय आदित्यश्चतुर्थे चन्द्रमाः पञ्चम ऋतुः षष्ठे मरुतः सप्तमे बृहस्पतिरष्टमे मित्रो नवमे वरुणो दशम इन्द्र एकादशे विश्वेदेवा द्वादशे ।" यसरी दाहसंस्कार दशगात्र कर्म, षोडशी श्राद्धादि, सपिण्ड र उत्तरपाथेय सम्मका अर्थात् चितापिण्डादि-तेह्रौ दिनमा गरिने उत्तरपाथेय पिण्डदान पर्यन्तको कर्म सही ढङ्गले नगर्दा मृतकको आत्मा भट्किने र प्रेत योनि लिने हुन्छ ।

१.३ दशगात्रकर्म विधि (आदौ देयास्तु षट्पिण्डा दश देया दशाहिकाः) निर्णयसिन्धु पृ. ४०६

मीमांसा भट्टकृत 'त्रिंशच्छ्लोकी'[४] को २८ औं श्लोकमा विधि निर्देशन यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ- (पृष्ठ ३८) जलाउने मानिसले जलाए पछि (६ वटा चिता पिण्ड दिइ सकेपछि) प्रत्येक दिन दिनै दशदिन सम्म भुईंमा ओच्छयाएको कुशहरू माथि एउटा एउटा पिण्ड दिउन् । दाह गरेका दिन देखिका ४ दिन मध्येको एक दिनमा वा सातौं दिनमा या नवौं दिनमा अस्थिसञ्चयन श्राद्ध गर्नुपर्दछ । ब्रतवन्ध नगरेकाको पर्दैन । श्लोक यस्तो छः

संस्कर्ता दर्भपुञ्जे समधु दहनतः प्रत्यहं पिण्डमेके
भूमावेवाऽऽवपेत प्रथमदिन चरुद्रव्यमेवोपरिष्टात् ।
दाहाऽहादेव गण्यं चयनदिनमिदं चाऽऽदितोऽह्नां चतुर्णा
मेकस्मिन् सप्तमे वाऽहनि नवमदिने वाऽनुपेते तु नैतत् ॥ २८॥

१.४ शरीर निर्माण प्रक्रिया

प्रथम दिनको पिण्डले शिरादि अवयव, दोस्रो दिनको पिण्डले कान, आँखा, मुख, नाक, अवयव, तेस्रो पिण्डले घाँटी, स्कन्ध, वाहू, छाती अवयव, चौथो दिनको पिण्डले नाभि, लिङ्ग, योनि, गुदा अवयव, पाँचौ दिनको पिण्डले जानु-जङ्घा-गोडा अवयव, छैठौं दिनको पिण्डले सवै मर्म स्थान, गोडाको औंला अवयव, सातौं दिनका पिण्डले सबै नाडीहरू, आठौं दिनका पिण्डले दाँत, रौं, नवौं दिनका पिण्डले वीर्य, रज, दशौं दिनका पिण्डले सम्पूर्ण अवयव सहित भोकप्यास निर्माण हुन्छ । 'सत्कर्मरत्नावली' भाग १-पृष्ठ (४९९-५००)

१) रौरवनामनरकोत्तारणाय मूर्धावयवसंभूत्यै प्रथमदिननिमित्तकः शिरः पूरकः पिण्डदानम् ।
२) द्वितीयदिने-जातिपुष्करनामनरकोत्तारणाय कर्णाक्षिनासिकावयवसंपूरकः पिण्डदानम् ।
३) तृतीयदिने हाहाकार नामनरकोत्तारणाय गलांशभुजवक्षः पूरकः पिण्डदानम् ।
४) चतुर्थदिने तामिस्रनामनरकोत्तारणाय नाभिलिङ्गगुदपूरकः पिण्डदानम् ।
५) पञ्चमदिने अन्धतामिस्रनामनरकोत्तारणाय जानुजङ्घापादपूरकः पिण्डदानम् ।
६) षष्ठदिने जातिसंस्रवनामनरकोत्तारणाय सर्वमर्मपूरकः पिण्डदानम् ।
७) सप्तमदिने अमेध्यकृमिनामनरकोत्तारणाय दन्तलोमादिपूरकः पिण्डदानम् ।
८) अष्टमदिने पुरीषभक्षनाम नरकोत्तारणाय दन्तलोमादिपूरकः पिण्डदानम् ।
९) नवमदिने स्वमांसभक्षनामनरकोत्तारणाय वीर्यपूरकः पिण्डदानम् ।
१०) दशमदिने कुम्भीपाकनामनरकोत्तारणाय पूर्णता तृप्तता क्षुद् विपर्ययहेतुकः पिण्डदानम् । यसका अलावा गरुडपुराण-उत्तरखण्ड-धर्मकाण्डको प्रेतकल्प अन्तर्गत पृ. १३५-१३६ मा सो कुरा उल्लेख छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१.५ पारस्करगृह्यसूत्रोक्त "त्रिरात्रं शावमाशौचं, दशरात्रमित्येके" को सन्दर्भ :

दाह संस्कार पछि घर फर्केका परिवार, छोरा, सपिण्डीहरूको आशौच दशरात्र बताउँदै श्रीकृष्णजी गरुडको प्रश्नानुसार आशौचको लक्षण र काल वर्णन गर्नुहुन्छ-

स्नानादि क्रियाकर्मले आशौच हट्छ; त्यो आशौच भनेको अध्ययन, दान, पुण्य कर्म आदि गर्न नसकिने मनुष्यमा रहने छातछुत वा अशुद्ध अवस्थाको विशेष गुण हो । सपिण्डको मरणाशौच दश अहोरात्र छ, सूतक जननाशौच पनि दशरात्र कै हुन्छ । सात पुस्ता देखि चौध पुस्ता भित्रकाले तीन अहोरात्र विते पछि आशौचबाट चोखिन्छन् । दाँत निक्लनु पूर्वको बालक मृत्यु भएमा सज्योति (सोही दिन, दाँत निक्लेर चूडा नहुञ्जेल अहोरात्र, चूडाकर्म पछि उपनयन नहुँदाको अवस्थामा तीन अहोरात्र एवं उपनयन पछि दश अहोरात्र सम्म आशौच रहन्छ । जवसम्म पिण्ड देह उत्पादित हुन्न, तब सम्म श्राद्धबाट संतृप्त हुँदैन, दशदिन सम्म जलाञ्जलीले सन्तृप्त गरिएन भने त्यो मृत प्राणी भोकाएर आकाशमा घुमीरहन्छ । श्लोक यसप्रकार छन्:

श्रीकृष्ण उवाच

एवं दग्ध्वा ....
ते प्रविश्य गृहं सर्वे सुताद्याश्च सपिण्डकाः ।
भवेयुर्दशरात्रं वै यता आशौचके खग ! ॥
गरुड उवाच
आशौचिनं इति प्रोक्तमाशौचस्य च प्रभो ।
लक्षणं किं कियत् कालं भाव्यं वा तद्युतैर्नरैः ॥
श्रीकृष्ण उवाच
अपनोद्यं त्विदं कालादिभिराशु निषेधकृत् ।
पिण्डाध्ययनदानादे पुङ्सतोऽतिशयो हि तत् ॥
दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।
जननेऽप्येवमेव स्यान् निपुणं शुद्धिमिच्छताम् ॥
जन्मन्येकोदकानां तु त्रिरात्राच्छुद्धिरिष्यते ।
शावस्य शेषाच् छुध्यन्ति Iयहादुदकदायिनः ॥
आदन्तजननात् सद्य आ चौलान् नैशिकी स्मृता ।
त्रिरात्रमाव्रतादेशाद् दशरात्रमतः परम् ॥"

(गरुडपुराण, धर्मकाण्ड, प्रेतकल्प पृष्ठ १३१, १३२, याज्ञवल्क्यस्मृति ३/२३)

यसरी अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोष मलिन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन जाँदा शरीर अशुद्ध हुन्छ, दश दिन सम्म समाजमा छुन, व्यवहार गर्न नसक्ने हुन्छ । त्यसैले स्मृति भन्छ-पितरौ यन्मृतौ स्यातां दूरस्थोऽपि हि पुत्रकः । श्रुत्वा तद्दिनमारभ्य दशाही सूतकी भवेत् ॥ बन्धुवान्धवका लागि समय परिस्थिति र लोक व्यवहार मिलाउन किं वा कुलधर्मको अनन्तता रहने, क्षणभङ्गुर शरीरको कारण एवं आयु घटीरहने अवस्थालाई मध्यनजर गर्दै वर्षदिन सम्ममा गरिने सपिण्डीकरण कलियुगमा १२ औं दिनमा नै गर्नु भनी शास्त्रमा बताइएको हुनाले वर्षदिन भर देव-पितृ कार्यको लागि शरीर अशुद्ध रहने भएकाले वर्ष पर्यन्त मासिक श्राद्ध र जलकुम्भ दिनै पर्दछ। आनन्त्यात् कुलधर्माणां पुंसां चैवायुषः क्षयात्। अस्थिरत्वाच्छर ीरस्य द्वादशाहः प्रशस्यते ॥ यस्य संवत्सरादर्वाक् सपिण्डीकरणं भवेत् । मासिकं चोदकुम्भं च देयं तस्यापि वत्सरम् ॥ गरुडपुराणे उत्तराखण्डे धर्मकाण्डे प्रेतकल्पे पृ. १३८, १३९ ।

हामी स्वर्गमस्तक (सगरमाथा) को मधुमय अजस्र हिमश्रोतबाट आप्यायित (हिममधु) हिन्दु प्रखर तपस्यारत देवता, ऋषिमुनिका वीर सन्तति हौं । यस्ये मे हिमवन्तो महित्वा-'वेद' । सृष्टिको पहिलो विहानी भएको देशका वासी हामी आर्य हौं । आर्य भनेको सभ्य हो । 'कृण्वन्तो विश्वमार्यम्' को उदघोष विश्व भरी फैलिएको छ र आर्यसभ्यता फैलिएकै छ-फैलाउनु पर्दछ । आ-आफ्ना धर्म सम्प्रदायले कुल पिता पुर्खाले मानेको सही सही बाटोमा हिड्ने, त्यसलाई फराकिलो पार्ने र जुनसुकै धर्म, वर्ण, लिङ्ग, जात जातिको भए पनि सह अस्तित्व र सहिष्णुता फैलाउने जहाँ 'विश्व नै एउटा घर होस्' - यो भावना र तदनुकूल आचरण नै सभ्यता हो; आर्य सभ्यता हो । आर्य सभ्यताका अनुयायी हामीलाई मनोरोगी हुनु छैन । सबै भन्दा ठूलो हाम्रो मन हो । मनमा निश्चयात्मिका बुद्धि स्थिर भएपछि कुवा, तलाउ, खोल्सी नै गङ्गा हुन्छ । परिवारको सहयोग नै प्रयाग हुन्छ गया हुन्छ । आफ्नो गच्छे अनुसार ५ जनालाई खुवाए पनि वहुभोज हुन्छ । निर्वाह गर्न सकिने अति सामान्य दान दातव्यले कार्य सम्पन्न गर्न सकिन्छ । और्ध्वदेहिक क्रिया भित्रको मर्म संवाहक ४९ अध्याय भएको प्रेतकल्प गरुडपुराण सुनाए पनि हुन्छ, शुद्ध शान्ति हवन पछिका एकाह, वेदपाठ, आदि नसक्दा नगरे हुन्छ । जीर्णरोगी भए सहयोगीको प्रतिनिधि व्यवस्था गर्दा हुन्छ । औषधी न खाई नधानिनेले औषधी खान हुन्छ । रक्तचाप घटी भएका जस्ता विरामीले सिधे नून खाने गरेका छन् । (केचित् सैन्धवं भक्ष्यमित्याहुः धर्मसिन्धु) सघन उपचार वा जीवन मरणको दोसाँध (हस्पिटलमा रहनपर्ने) बाहेकले १३ दिन सम्म निष्ठापूर्वक रहन पर्छ । यो मानव चोलाले देव ऋण, ऋषिऋण र पितृ ऋण चुक्ता गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनीहरूले देखाएको विशाल आध्यात्मिक मार्ग पछ्याउँदै महापरिनिर्वाण तर्फ लम्कन आत्मा साक्षी राखी मन, वचन र कर्म लगाऔं ।

हरिः ॐ तत्सत् ।

पादटिप्पणी

१. वृहदारण्यकोपनिषद् ४/४/३

२. कठोपनिषद् १/१/६

३. स्वामी दयानन्द सरस्वती, सम्पूर्ण भाषाभाष्य यजुर्वेद ३९ अ./छ मन्त्र, पृष्ठ १३७६

४. जुठो सूतक व्रतादि निर्णय पृष्ठ ३८

सन्दर्भसामग्री

१. पारस्करगृह्यसूत्रम् प्रकाशक गौडः वेणीराम शर्मा, माष्टर खेलाडी लाल, कचौडी गली वनारस, वि.सं. १९९५

२. गरुडपुराणम् व्यासप्रोक्तम् सम्पादक अनुवाद आचार्यः डिलिट् शिवराज कौडिन्यायन, चौखम्भा विद्याभवन वाराणसी, २००४ ई.

३. श्राद्धविमर्शः ले. त्रिपाठीः डा. उमाशङ्कर, प्रकाशन सं सं.वि. वाराणसी २०३८

४. जूठो सूतक व्रतादि निर्णय ले आचार्यः लोकनाथ, रत्नपुस्तक भण्डार वि.सं. २०४५

५. यजुर्वेदभाष्य ले सरस्वती महर्षि दयानन्द प्रका. विजयकुमार गोविन्दराम, प्र.संस्कार २०१२ नईदिल्ली

६. यजुर्वेदभाष्य उव्वटमहीधर, सम्पाः जगदीशलाल शास्त्री मुद्रण मोतीलाल वनारसी दास, वाराणसी, ई. १९७१

नित्यनैमित्तिककर्मानुष्ठानात् धर्मोत्पत्तिः, धर्मोत्पत्तेः पापहानिः, ततश्चित्तशुद्धिः, ततः संसारयाथात्म्यावबोधः, ततो वैराग्यम् ततो मुमुक्षा, ततस्तदुपायपर्येषणम्, ततः सर्वारम्भसंन्यासः, ततो योगाभ्यासः, ततः चित्तस्य प्रत्यक्प्रणवता, ततस्तत्त्वमस्यादिवाक्यार्थपरिज्ञानम्, ततोऽविद्योच्छेदः, ततो मुक्तिः ।

- नैष्कर्म्यसिद्धौ सुरेश्वराचार्यः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यकर्मसम्बन्धी वस्तुसत्यप्रमाण

सहप्रा.डा. गुरूप्रसाद सुवेदी

भूमिका

धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ छन् । परम पुरुषार्थ मोक्ष हो, तर यसका लागि पनि धर्माचरण नै आवश्यक हुन्छ । व्यास ऋषिले त अर्थ र काम पनि धर्मबाटै हुन्छन् भन्नुभएको छ- **धर्मादर्थश्च कामश्च स हि कस्मान्न सेव्यते** । धर्मबाटै अर्थ र काम पनि सिद्ध हुन्छन् भने त्यस्तो धर्मको सेवन किन न गर्ने ? वस्तुतः मानव जीवनको सफलता धर्माचरणबाटै हुन्छ- **मनुष्यजन्मसाफल्यं केवलं धर्मसेवनात्** । धर्म के हो ? र अधर्म के हो ? भन्ने कुराको निर्णय वेद र वेदानुकूल स्मृति, पुराण र इतिहासले गर्दछ । भगवद्‌गीतामा पनि कर्तव्य र अकर्तव्यको निर्णय शास्त्रबाटै हुने बताइएको छ-

तस्माच्छास्त्रं प्रमाणन्ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥

हे अर्जुन ! तिम्रो लागि कर्तव्य र अकर्तव्यको निर्धारण गर्ने विषयमा शास्त्रवचन नै प्रमाण हुन्छ । त्यसैले शास्त्रोक्त विधानलाई बुझेर कर्म गर्नुपर्दछ । हित र अहित हुने हेतुको निर्धारण शास्त्रले गर्छ । यही शास्त्रको शास्त्रत्व हो- **हितानुशासनाच्छास्त्रम्** । कुमारिल भट्ट भन्नुहुन्छ-

प्रवृत्तिर्वा निवृत्तिर्वा नित्येन कृतकेन च ।
पुंसां येनोपदिश्येत तच्छास्त्रमभिधीयते ॥

अपौरुषेय नित्य शब्दराशि वेदले होस् वा स्मृति पुराण आदि ग्रन्थबाट होस् जुन ग्रन्थले मानिसहरूको प्रवृत्ति (इहलोकको उन्नति) र निवृत्ति (मोक्षसम्बन्धी विषय) को उपदेश गर्दछ त्यसलाई शास्त्र भनिन्छ । शास्त्रानुकूल कर्म गर्ने व्यक्ति नै मनुष्य हो- **मत्वा कर्माणि षीव्यन्ते इति मनुष्याः** । अरु मनुष्य होइनन् नर होइनन् । ती त वानर हुन् । त्यसैले भनिएको छ-

मतयो यत्र गच्छन्ति तत्र गच्छन्ति वानराः ।
शास्त्राणि यत्र गच्छन्ति तत्र गच्छन्ति ते नराः ॥

जसले आफ्नो मनको मर्जीबमोजिम पाइला चाल्छन्, वा मनपरि व्यवहार गर्छन् ती वानर हुन् । जसले शास्त्रबमोजिम व्यवहार गर्छन् ती मानिस हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रले हामीलाई स्व स्व वर्णाश्रममा व्यक्त कर्मको पालन गर्ने आदेश दिन्छ। शास्त्रोक्त वा वेदविहित कर्मबाटै धर्म हुन्छ। वेदनिषिद्ध कर्मबाट अधर्म हुन्छ। भागवतमा भनिएको छ- **वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः ॥** वेदले बताएको धर्म हो। त्यंसबाहेकको अधर्म हो।

वेदोक्त कर्मको अनुष्ठानबाट उत्पन्न हुने अपूर्वलाई नै धर्म भनिन्छ- **विहितकर्मजन्यो धर्मः। निषिद्धकर्मजन्यस्त्वधर्मः।** वेदनिषिद्ध कर्मबाट उत्पन्न हुने अदृष्टलाई अधर्म भनिन्छ। त्यसैले शास्त्रविहित कर्मको नै परिपालन गर्नुपर्छ। कर्मबाटै जनकादिले सिद्धि पाएका हुन्। भगवद्गीतामा भनिएको छ-

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ॥

स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दन्ति मानवाः ॥

जनक आदि राजाहरूले पनि कर्मबाटै सिद्धि पाएका हुन्। आफ्नो कर्म द्वारा उनै भगवान्को अर्चना गरेर मानिसहरूले सिद्धि प्राप्त गर्दछन्। कर्महरू तीन किमिका हुन्छन्- नित्य, नैमित्तिक र काम्य। दैनिक गरिने सन्ध्या आदि नित्यकर्म हुन्, कुनै निमित्त वा पर्व पारेर गरिने जातकर्म, नामकर्म आदि नैमित्तिककर्म हुन् भने कामनाविशेषले गरिने कर्म काम्यकर्म भनिन्छन्।

जुनसुकै कर्म गर्न शुचिता, योग्यता वा अधिकार चाहिन्छ, कसले कुन अवस्थामा कुन कर्म गर्न शुचिता, योग्यता वा अधिकार चाहिन्छ ? कसले कुन अवस्थामा कर्म गर्न हुने ? कसले कुन कर्म गर्न नहुने ? भन्ने कुराको पनि ठूलो महत्त्व हुन्छ। यसको निर्णय पनि शास्त्रले गर्छ। वेदमूलक सनातन संस्कृतिका अनुयायीहरूका लागि शास्त्रोक्त कर्म नै कर्तव्य हुन्छ। शास्त्रको व्याख्या पनि ऋषि महर्षिहरूले गरेअनुसार हुन्छ। जसको आधार, पुराण इतिहास, स्मृति र धर्मशास्त्र हुन्। यिनैका आधारमा वेदको तात्पर्यनिर्णय हुनुपर्छ। धर्मको निर्णय जोसुकैले आफूखुसी गर्न हुँदैन र पाइँदैन पनि। आफूखुसी अर्थ गर्नेसँग वेद पनि डराउँछन् भनिएको छ-

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्।

बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥

इतिहास र पुराणबाट वेदको अर्थलाई बुझ्नुपर्दछ। थोरै पढेका वेदको अर्थ नबुझ्ने मानिससँग वेद पनि अब यसले मलाई मार्ने भयो भनेर डराउने गर्दछन्। वेदतात्पर्यको निर्णय गर्ने याज्ञवल्क्य मनु आदि ऋषिमुनिहरूको चिन्तनलाई स्मृति भनिन्छ। वेद र स्मृतिपछि सदाचारको महत्त्व हुन्छ। सदाचारलाई पनि वेद र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्मृतिजत्तिकै धर्मको निर्णायक आधार मानिएको छ । जस्तै-

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥

वेद, स्मृति, सदाचार र आफ्नो अन्तरात्माको अभीष्ट यी चार साक्षात् धर्मका लक्षण हुन् । यहाँ तेस्रो स्थानमा सदाचारको नाम लिइएको छ । तत्तद् देशमा परम्परागतरूपमा चलिआएको शास्त्रानुकूल परम्परालाई सदाचार भनिन्छ। मनु भन्नुहुन्छ-

यस्मिन्देशे य आचारः पारम्पर्यक्रमागतः ।
वर्णानां सान्तरालानां स सदाचार उच्यते ॥

जुन देशमा, जुन ठाउँमा ब्राह्मण आदि वर्ण र अवान्तर जातिहरूको आ-आफ्नै शैलीमा प्राचीन परम्परादेखि चलिआएको जे जस्तो रीतिरिवाज आचार छ, त्यसलाई सदाचार भनिन्छ । सदाचारको पालन गर्नाले आयु, सन्तति, धन, सम्पत्ति र ऐश्वर्य प्राप्त हुन्छ भने सदाचारको परित्यागले असमयमा मृत्युको आक्रमण हुन्छ र जन्मान्तरमा नरकभागी पनि भइन्छ । सदाचारको महत्त्व शास्त्रमा यसरी पनि बताइएको छ-

आचाराल्लभते चायुराचाराल्लभते प्रजाः ।
आचारादन्नमक्षय्यमाचारो हन्ति पातकम् ॥
अनभ्यासेन वेदानामाचारस्य च वर्जनात् ।
आलस्यादन्नदोषाच्च मृत्युर्विप्राञ्जिघांसति ॥

सदाचारबाट आयु मिल्छ । सदाचारद्वारा राम्रा सन्ततिहरू प्राप्त हुन्छन् । सदाचारको पालन गर्नाले अक्षय्य अन्न र सन्तति प्राप्त हुन्छन् । सदाचारले नै पाप नष्ट हुन्छ । वेद पढ्न अल्छी गर्नाले, सदाचार त्याग्नाले, आलसी स्वभावले र अन्नदोषका कारणले मृत्युले ब्राह्मणलाई पनि आक्रमण गर्दछ । अरु केही गर्न नसके पनि सदाचारको पालनमात्रले पनि व्यक्तिको कल्याण हुन्छ भन्ने शास्त्रकारहरूको भनाइ छ ।

सर्वलक्षणहीनोऽपि यः सदाचारवान्नरः ।
श्रद्दधानोऽनसूयश्च शतं वर्षाणि जीवति ॥

अरु कुनै पनि लक्षण नभए पनि जो सदाचारी छ, जसले गुरु र शास्त्रको वाक्यमा श्रद्धा गर्दछ र अरुको ईर्ष्या गर्दैन, त्यस्तो व्यक्ति सयौँ वर्ष सुखपूर्वक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाँच्दछ । आ-आफ्नो अधिकार बमोजिमको कर्म गर्नु नैं सदाचार हो । कस्तो कर्म कसले गर्ने कसले नगर्ने भन्ने कुराको पनि ठूलो महत्त्व हुन्छ । कर्म गर्ने योग्यतालाई अधिकार पनि भनिन्छ । शुचित्व वा पवित्रता पनि अधिकारको आधार हो । शुचि अवस्थामा कर्म गर्नुपर्दछ । अशुचि अवस्थामा कर्म गर्नुहुन्न । शुद्ध्यर्थ तोकिएका कर्मबाहेक अरु कर्महरू अशुचि अवस्थामा गर्न निषेध गरिएको छ ।

विषयप्रवेश

अशुचित्व दुई किसिमको हुन्छ कालकृत र वस्तुस्वभावकृत । प्रकृत प्रसंगमा सपिण्डी (सात पुस्ता भित्रका) भाइबन्धुहरूको जननमरणादि हेतुजन्य अशुचित्व कालकृत हो । यस्तो अशुचित्वको निवृत्ति कालापगमपछि मात्र हुन्छ । वस्तुस्वभाव्कृत अशुचित्व भनेको मलमूत्रादिको अशुचित्व हो । यस्तै शवस्पर्शादिजन्य अशुचित्व पनि वस्तुस्वभावकृत अशुचित्व हो ।

अहिलेको प्रसङ्ग जननाशौच र मृताशौच (जुठो, सूतक) कतिदिन बार्ने र अन्त्येष्टि कर्म वा काजक्रिया कति दिनमा सक्ने भन्ने हो । यी विषयहरूको निर्णय स्वस्वशाखानुकूल सूत्रग्रन्थ र स्मृतिहरूले गर्छन् । त्यसको विवरण पुराणहरूमा पनि पाइन्छ । शुक्ल यजुर्वेद माध्यन्दिनीय शाखाध्यायीहरूका लागि **पारस्कर गृह्यसूत्र, याज्ञवल्क्यस्मृति, मनुस्मृति** आदि स्मृतिग्रन्थहरू अनि यिनकै आधारमा प्रचलित सदाचार प्रमाण हो । यी सबै आधारग्रन्थहरूले सर्वसाधारणका लागि निम्नानुसार शावाशौच (जुठो) र जननाशौच (सुत्केरो) बार्नुपर्ने बताएका छन् ।

(१) सात पुस्ताभित्रका दाजु भाइलाई सपिण्डी भनिन्छ । यिनीहरूको जननाशौच तथा मृताशौचमा १० रात आशौच बार्ने ।

(२) चौध पुस्ताभित्र समानोदक भनिन्छ । यिनीहरूको ३ रात आशौच बार्ने ।

(३) एक्काइस पुस्ताभित्र सगोत्र भनिन्छ । यिनीहरूको १ दिन आशौच बार्ने

(४) त्यसपछिकाले स्नानमात्र गर्ने, यसको निर्णय दिने पारस्करगृह्यसूत्रको मूलवचन यो हो -

त्रिरात्रं शावमाशौचं दशरात्रमित्येके ॥

मरणाशौच कसैका लागि तीन रात र कसैका लागि दश रात लाग्छ । यसको चर्चा यसै गरी याज्ञवल्क्यस्मृतिमा पनि गरिएको छ ।

त्रिरात्रं दशरात्रं वा शावमाशौचमिष्यते । (या.स्मृ. ३।१।१८)

यसको सामान्यमात्र अर्थ गर्दा मृताशौच तीन रात वा दशरातसम्म लाग्छ भन्ने बुझिन्छ । यसको अलि स्पष्ट विवरण मनुस्मृतिमा गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।

अर्वाक् सञ्चयनादस्थ्नां त्र्यहमेकाहमेव च ॥ (मनु ५।५९)

सपिण्डीहरूको मरणाशौच दश दिन (दिनरात) लाग्छ । त्यसपछिकाको चार, तीन र एक अहोरात्र लाग्ने पनि हुन्छ ।

आशौचनिर्णय

पारस्कर, याज्ञवल्क्य र मनुस्मृतिमा आएका आशौच बार्ने सम्बन्धी विभिन्न विकल्पहरूको तात्पर्य के होला भन्ने जिज्ञासा हुनु स्वाभाविक हो । यी विकल्पहरूको सम्बन्धमा निर्णय गर्न सम्बद्ध ग्रन्थका व्याख्याग्रन्थहरूको सहारा लिनुपर्ने हुन्छ । यस सम्बन्धमा निर्णय दिँदै टीकाकारहरूले निम्नानुसार पाँच थरी विकल्पहरूको व्यवस्था गरेका छन् ।

(१) विकल्पका सम्बन्धमा निर्णय दिँदै टीकाकारहरूले भनेका छन्- **अयं चाग्निवेदादिगुणापेक्षो व्यवस्थितविकल्पः** (मन्वर्थमुक्तावली) अर्थात् श्रौताग्निको विधिपूर्वक आधान गरेका र वेदको मन्त्रभाग र ब्राह्मणभागसमेतको स्वशाखाको नियमपूर्वक नित्य पाठ गर्ने (यी दुबै) व्रत लिएका व्यक्तिका लागि अन्य सपिण्डीको आशौच तोकिएको कर्मका लागि एक दिनमात्र आशौच लाग्छ । श्रौताग्निको आधान वा मन्त्रब्राह्मणात्मक सम्पूर्ण स्वशाखाको नित्य स्वाध्याय मध्ये एकमात्र गर्ने व्यक्तिलाई अन्य सपिण्डीको तीन दिन आशौच लाग्छ । स्मार्ताग्निको आधान गरेका अग्निहोत्रीलाई चार दिन आशौच लाग्छ र यी तीन कर्ममध्ये कुनै नगर्ने सर्वसाधारणलाई दश दिन आशौच लाग्छ भन्ने कुरा स्मृतिशास्त्रमा सर्वत्र पाइन्छ । दक्षको भनाइ छ-

एकाहस्तु समाख्यातो योऽग्निवेदसमन्वितः ।

हीने हीनतरे चैव द्वित्रिचतुरहस्तथा ॥

अग्न्याधान र वेदाध्ययनको नियम भएका व्यक्तिलाई एक दिन आशौच लाग्दछ । यी अग्न्याधान र वेदाध्ययनका कर्म अनन्यगतिक भएकाले उनीहरूलाई **तत् कर्मका लागिमात्र** शास्त्रले छुट दिएको हो, त्यसबाहेक अन्य कर्मका लागि होइन । पराशरस्मृतिमा भनिएको छ- **निर्गुणो दशभिर्दिनैः** ॥ यी दुवै गुण नभएको अर्थात् वेदाध्ययन र अग्न्याधान नगरेका साधारण व्यक्तिलाई भने दश दिन नै आशौच लाग्दछ । यी प्रमाणका आधारमा अग्निहोत्रीलाई मात्र कम आशौच लाग्दछ, अरुलाई पूरै बार्नुपर्छ भन्ने शास्त्रतात्पर्य रहेको ठहर्छ ।

(२) यसबाहेक १० रात र तीन रात भनी विकल्प दिनुको अर्को अभिप्राय पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ- सपिण्डीलाई दश रात्रि र समानोदक (८-१४ पुस्तासम्म) लाई तीन रात जूठो लाग्दछ । जस्तै-

दशाहं शावमाशौचं सपिण्डेषु विधीयते ।
जननेऽप्येवमेव स्यान्निपुणं शुद्धिमिच्छताम् ॥
जन्मन्येकोदकानां तु त्रिरात्राच्छुद्धिरिष्यते ।
शवस्पृशो विशुद्ध्यन्ति त्र्यहात्तूदकदायिनः ॥

अर्थात् सपिण्डीलाई दशरात्र र समानोदकलाई तीन रात जूठो सूतक बार्नुपर्ने कुराको निर्देशन त्यहाँ दिइएको छ ।

(३) अथवा चूडाकर्म गरेका तर उपनयन संस्कार नभएका व्यक्तिको तीन रात आशौच बार्नुपर्छ । उपनयन भएका व्यक्तिको चाहिँ १० रात नै आशौच लाग्छ भनिएको छ ।

त्रिरात्रमाव्रतादेशाद्दशरात्रमतः परम् ॥ (याज्ञ.३। २३)

(४) पहिलेको युगमा वर्णभेदले आशौचव्यवस्था पनि नभएको होइन । कूर्मपुराणमा ब्राह्मणलाई १० दिन, क्षत्रियलाई १२ दिन, वैश्यलाई १५ दिन र शूद्रलाई १ महिना आशौच लाग्ने व्यवस्था थियो तर कलियुगमा सबैले समानरूपमा दशरात्रिसम्म जननाशौच एवं मरणाशौच बार्नुपर्ने त्यसपछि अविशेषेण बराबर समयमा अर्थात् दश रात्रिपछि आशौचको निवृत्ति हुने कुराको पनिं शास्त्रीय व्यवस्था छ-

सर्वेषामेव वर्णानां मृतके सूतके तथा ।
दशाहाच्छुद्धिरित्येषामिति शातातपोऽब्रवीत् ॥ (निर्णयसिन्धु)

सबै वर्णका सपिण्ड बन्धुहरूका लागि मृताशौच वा जननाशौचमा दश दिन भए पछि मात्र शुद्धि हुन्छ भन्ने कुरा शातातप ऋषिले भन्नुभएको छ । तदनुसार ११ औं दिन नभई सपिण्डलाई आशौचको निवृत्ति हुदैन, आशौचको निवृत्ति नभई शरीर शुद्ध हुँदैन र १२ औं दिनको सपिण्डीकर्म नगरी अन्न शुद्धि हुँदैन- **दशाहे कायशुद्धिः स्यादन्नशुद्धिः सपिण्डने ।**

(५) आशौचसम्पात (आशौच खप्टिने) आदिबाट पनि अरुको आशौचमा छुट हुन्छ, तर पिता; माता र गुरु (पति- पतिरेको गुरुः स्त्रीणाम्) को छुट हुँदैन । पितामाता र गुरु यी तीनलाई महागुरु भनिन्छ । महागुरुको निधनमा आशौचको अरु कुनै कारणले पनि कमी वा छुट हुँदैन भन्ने शास्त्रवचन छ ।

उपर्युक्त शास्त्रीय वचनका आधारमा दश अहोरात्र पूरा नभई सपिण्डी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बन्धुबान्धवलाई समेत आशौच निवृत्ति हुँदैन । छोरालाई त झन् आशौच बारेर मात्र हुँदैन । पितामाताको और्ध्वदेहिक कर्म पूरा गर्नुपर्ने दायित्व पनि हुन्छ । यो आफ्नो दायित्व पूरा नगर्ने व्यक्तिलाई पितृहरूले श्राप दिन्छन्- **तदानीं पितरस्तस्य शापं दत्वा प्रयान्ति च** । त्यतिमात्र होइन श्राद्धकर्म पूरा नगरिदिने सन्ततिसँग रिसाएका पितृहरूले ती सन्ततिको खुन चुस्न थाल्छन् भन्ने पनि शास्त्रवचन छ ।

श्राद्धं न कुरुते मोहात् तस्य रक्तं पिबन्ति ते ।

पिंण्डदान र दशगात्रसम्बन्धमा पनि यी शास्त्रवचन मननीय छन् । एक दिनदेखि दश दिनसम्मका दश पिण्डद्वारा मृतकको भोगशरीर बन्ने हो । त्यसका लागि दिनको र पिण्डको दुवैको उत्तिकै महत्त्व हुन्छ । पहिलो दिनमा जुन वस्तुको पिण्ड दिइयो, त्यही वस्तुको पिण्ड दश दिनसम्म दिनुपर्दछ-

प्रथमेऽहनि यद् द्रव्यं तदेव स्याद् दशाहिकम् । (नि.सि.)

पहिलो दिन जो कर्ता भयो, उही कर्ता दश दिनसम्म हुनुपर्दछ । बीचमा पिण्ड दिने कर्ता फेरिनु हुँदैन । कारणवश पहिलेको पिण्ड दिने कर्ता फेरिनुपरेमा **कर्तुरस्वास्थ्येऽन्येन सर्वाः क्रियाः पुनः कार्याः** (धर्मसिन्धु, तृतीय परिच्छेद, आशौच प्रकरण, अथ दशाहकृत्यम्, पृ. ९२७)। दश रातसम्म त्रिकाष्ठिका माथि दूध र पानी दिनुपर्दछ- **तस्मान्निधेयमाकाशे दशरात्रं पयोजलम्** । इत्यादि वचनका आधारमा पनि दश रात पूरा नभई दशगात्र कर्म पूरा नहुने देखिन्छ ।

ततः प्रेतोपकृतये दशरात्रमखण्डितम् ।
कुर्यात्प्रदीपं तैलेन वारिपात्रं च मार्तिकम् ॥ (ध.सि.)

थोरै दिनमा पिण्ड दिन सक्ने अवस्था केवल निम्न परिस्थितिमा मात्र हुन्छ-

(१) माता, पिताबाहेक अरुको क्रिया गर्दा बीचमा औँसी पऱ्यो भने औँसी अगावै दश दिनका दश पिण्ड दिइसक्नुपर्दछ तर दश दिनसम्म नै स्नानादि गरेर आशौचनिवृत्तिको अवधि पर्खिनुपर्दछ ।

अन्तर्दशाहे दर्शश्चेत् तत्र सर्वं समापयेत् ।
पित्रोस्तु यावदाशौचं दद्यात् पिण्डान् जलाञ्जलीन् ॥

यो अवस्थामा पिण्डदान छिटो सके पनि दशरात्रिसम्मको आशौच दिन पुऱ्याउनै पर्दछ, पूरै बार्नै पर्दछ । दशदिनपछिका एकादशाह आदि सबै क्रियाकर्म तोकिएकै दिनमा गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(२) उपनयन (व्रतबन्ध) नभएका पाँच वर्षभित्रका बालकको आशौच अवधि पनि तीन रात मात्र हुने र त्यस्ताको पिण्डदानका लागि मात्र दिनसङ्कोचको निर्देश गरिएको छ । जस्तै–

त्रिरात्रमाव्रतादेशात् दशरात्रमतः परम् । (मनु.)

त्र्यहाशौचे पिण्डदानविधिमाह पारस्करः -

प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः ॥

द्वितीये चतुरो दद्यादस्थिसञ्चयनं तथा ।

त्रींस्तु दद्यात्तृतीयेऽह्नि वस्त्रादिक्षालयेत्ततः ॥ (नि.सि.)

असंस्कृतहरूको क्रिया पाँच दिनको हुन्छ । त्यसका लागि पनि यो त्र्यहाशौचको पिण्डदान विधिव्यवस्था हो ।

(३) माता पिता आदिको दशगात्रकर्म अतिक्रान्त भए पनि पूरै १३ दिन नै गर्नुपर्छ ।

(४) माता पिताबाहेक अरुको क्रियाकर्म गर्नुपर्दा संस्कृत तर कालातीतहरूको पाँचदिनमा सपिण्डीश्राद्ध र असंस्कृतहरूको हकमा भने पाचौँ दिनमा सपिण्डीस्थानीय एकोद्दिष्टश्राद्ध गर्नुपर्दछ ।

(५) सामान्य कालगतिले मृत्यु भएका संस्कृतहरूको भोगशरीर वन्नका लागि दशरात्रि पूरा गर्नैपर्छ, त्यसो नभई उस प्रेतको भोगशरीर बन्दैन । दशगात्र कर्मद्वारा दश दिनका दश पिण्डद्वारा मात्र मृत व्यक्तिको भोगशरीर बन्दछ भन्ने कुरा गणेशपुराणको निम्न प्रसङ्गबाट पनि स्पष्ट हुन्छ-

परशुरामले आमा रेणुकाको क्रिया बस्दा पाँचौ दिनमा अचानक बाघ देखिएछ र उनी डराएछन् । त्यसपछि अकस्मात् आमालाई बोलाएछन् । उनले बोलाउँदा आमाको आधा शरीरमात्र देखियो । किन हजुरको आधा शरीर भयो भनी सोद्धा रेणुकाले क्रियाको दिन पूरा नभएको हुनाले मेरो शरीर पूरा नभएको हो भनी उत्तर दिनुभएको थियो ।

मातर्मातः क्वयास्यद्येत्येवं चुक्रोश तद्भयात् ।

आविराभूत् तदा माता रेणुका रामवाक्यतः ।

असम्पूर्णशिरोमात्रा पुत्रस्नेहवशेन हि ।

यदि द्वादशरात्रात् सा हूता स्याद् भार्गवेण तु ।

सा आगता स्यात् सम्पूर्णा सर्वावयवशोभिनी । -गणेशपुराण २-८१, २३-२४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपसंहृति

यी पूर्वोक्त आशौचसम्बन्धी निर्देशन हेर्दा दशरात नभई मृताशौचको निवृत्ति हुँदैन । आशौचान्त नभई न त वपनादि कर्म गर्न मिल्छ, न त त्यसपछिका एघारौं, बाह्रौं दिनका कर्महरू नै । जस्तै-

दशमेऽहनि सम्प्राप्ते स्नानं ग्रामाद् बहिर्भवेत् ।

तत्र त्याज्यानि वासांसि केशश्मश्रुनखानि च ।

नवमे वाससां त्यागो नखरोम्णां तथान्तिमे ॥

अतः आशौचान्त (दशरात्र) नभई त एघार, बाह्र दिनका कर्म गर्ने निर्देशन दिनु बिल्कुल अप्रामाणिक र शास्त्रविरुद्ध हुन्छ । लोकविरुद्ध पनि छ । शास्त्रपरम्परामा १३ दिने काजक्रियाको प्रचलन भएकोमा यसलाई छोड्न मिल्दैन । धर्म्य भए पनि लोकविरुद्धाचरण गर्नुहुँदैन **अस्वर्ग्यं लोकविद्विष्टं धर्म्यमप्याचरेन्न तु । -(याज्ञवल्क्य मिताक्षरा ५/१/१८) ५/३ ॥** शास्त्रसम्मत १३ दिने काजक्रियाको परम्परा लोकव्यवहारका दृष्टिले पनि त्याज्य छैन ।

कारणवश परिस्थितिले क्रिया छोट्याउन परेमा पनि दिन छोट्याउन मिल्दैन, बरु त्यस्तो अवस्थामा सात वा आठ दिनमा क्षेत्रोपवास बसेर नवौं र दशौं दिनमा सबै पिण्ड दिने त्यसपछि दिन पूरा भएको हुनाले ११ औं बाह्रौं दिनका काम क्रमशः गर्न सकिन्छ । यो शास्त्रसम्मत र लोकसम्मत पनि छ । यसरी १३ दिनभित्रका पछिल्ला पाँच दिनमा काजक्रियाका कर्म सम्पादन गर्नका लागि शास्त्रको सम्मति रहेको छ तर सूरुका पाँच दिनमा गर्नका लागि शास्त्रको निर्देश छैन । यो शास्त्रनिषिद्ध कार्य हो ।

शास्त्रसम्मति र सदाचारलाई जथाभावी उल्ट्याउन खोज्ने व्यक्तिहरूको उपदेश मानी कर्तव्यच्युत हुने व्यक्तिलाई भन्दा उपदेशकलाई नै सयगुणा बढी पाप लागदछ । अर्थात् उपदेश मान्नेलाईभन्दा उपदेशकर्तालाई सयगुणा बढी पाप लाग्छ । मनु भन्नुहुन्छ-

यं वदन्ति तमोभूता मूर्खा धर्ममतद्विदः ।

तत्पापं शतधा भूत्वा तद्वक्तॄननुगच्छति ॥ (१२/११५)

वैदिक कर्म गर्न अधिकृत ब्राह्मणले स्वकर्तव्य र सदाचारको उपेक्षा गर्नाले उसमा ब्राह्मणत्व नै समाप्त हुन्छ । यस्तै ब्राह्मण, क्षत्रिय र वैश्य यी तीनवटैलाई संस्काराश्रित नवजीवन प्राप्त गर्ने अधिकार छ । त्यसैले त यिनीहरूलाई द्विज भनिन्छ । संस्काररहित व्यक्तिलाई द्विज बन्ने अधिकार छैन । ब्राह्मण बन्नु त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

झन् कता हो कता । शास्त्रमा द्विजको लक्षण यस्तो बताइएको छ-

जात्या कुलेन वृत्तेन स्वाध्यायेन श्रुतेन च ।

एभिर्युक्तो हि यस्तिष्ठेन्नित्यं स द्विज उच्यते ॥ -अग्निपुराण)

जन्मना ब्राह्मणो ज्ञेयः संस्कारैर्द्विज उच्यते ।

विद्यया याति विप्रत्वं त्रिभिः श्रोत्रिय उच्यते ॥

जातिद्वारा, कुलद्वारा, सदाचारद्वारा, स्वाध्याय र वेदपाठद्वारा नियममा आबद्ध भएर जो बस्दछ, त्यसलाई द्विज भनिन्छ । जन्मिँदा ब्राह्मण हुन्छ, संस्कारबाट द्विज बन्दछ, विद्याको अध्ययन गरेपछि विप्र बन्दछ । तीनैवटा गुण भएमा मात्र श्रोत्रिय हुन्छ । स्वधर्म परित्याग गर्ने व्यक्ति जातिभ्रष्ट त हुन्छ नै साथमा प्रेतयोनिमा प्राप्त हुन्छ भन्ने मनुको भनाइ छ–

वान्ताश्युल्कामुखः प्रेतो विप्रो धर्मात्स्वकाच्युतः ।

स्वेभ्यः स्वेभ्यस्तु कर्मभ्यश्च्युता वर्णा ह्यनापदि ।

पापान्संसृत्य संसारान् प्रेष्यतां यान्ति शत्रुषु ॥

आफ्नो धर्मको परिपालन नगर्ने ब्राह्मण वान्ताशी र उल्कामुख नाम गरेको प्रेत बन्दछ । ज्यादै ठूलो आपत्ति नपर्दा पनि आफ्नो कर्तव्यबाट विचलित हुने व्यक्तिहरू पापी बन्दछन् र संसारचक्रमा भौतारिइरहन्छन् अनि शत्रुहरूका पनि दास बन्न पुग्दछन् ।

संहृति

संस्कार दुई किसिमका हुन्छन्, मलापकर्षक र गुणाधायक । मानव जीवनलाई पवित्र र कृतकृत्य बनाउन सर्वप्रथम संस्कारको नितान्त आवश्यकता हुन्छ । त्यसैले सबैले स्वस्ववर्णाश्रमको कर्मलाई सकेसम्म पालन गर्नैपर्दछ । ज्यादै ठूलो विपत्ति नपरेसम्म छाड्नुहुँदैन ।

शास्त्रीय मर्यादाको आधारमा चलेको श्राद्ध गर्ने परम्परा र महालयपक्ष वा पितृपक्षको कृत्यलाई कत्ति पनि श्रद्धा नगर्ने यो संस्कार र संस्कारमूलक सनातन संस्कृतिलाई ध्वस्त बनाउन चाहने धर्मको नाम लिएर छिरेका पाश्चात्य विकृतिलाई भित्र्याउने मनसाय लिएका केही छद्मवेषीहरूले अप्रामाणिक विषयलाई प्रामाणिक हो भन्ने भ्रम छरेर संस्कार सुधारको नाममा संस्कार समाप्त पार्ने षडयन्त्र गर्दैछन् भन्ने सुनिएको छ । त्यो संस्कार सुधार होइन, विकार प्रचार हो । त्यस्ता व्यक्तिलाई त बहिष्कृत नै गर्नुपर्दछ भन्ने मनुको भनाइ छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद् द्विजः ।
सः साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः ॥ (मनु. २/११)

जसले कोरा तर्कको बलमा वेद र स्मृतिलाई अपमानित गर्दछ, त्यस्ता व्यक्तिलाई साधुहरूले पूरै वहिष्कार गर्नुपर्दछ । यस्ता वेदनिन्दकहरूलाई नास्तिक भनिन्छ ।

अन्त्यमा, नजानेर भएको गल्ति क्षम्य हुन्छ । जानेर पनि बुझ पचाएर अर्थको अनर्थ गर्दै हिँड्नु अक्षम्य अपराध हो । संस्कारको परिपालन गर्नुपर्छ । संस्कार सुधार गर्ने चीज होइन । गल्ति भएमात्र सुधार गर्ने हो । सनातन वैदिक मर्यादाको परिपालन गर्नु गल्ति होइन, त्यसैले त्यसको सुधार गर्ने भन्नु **वदतो व्याघात**मात्र हो । अतः संस्कारका विषयहरू नजान्नेले जान्नेसँग सिकौँ । जान्नेले स्वस्व शास्त्र निर्दिष्ट मर्यादाको परिपालन गरौँ । प्राणसंकटजस्ता ज्यादै ठूला आपत्तिमा बाहेक स्वपरम्पराप्राप्त शास्त्रानुकूल मर्यादाको परिपालन गर्न नछोडौँ । यसबाट नै हाम्रो कल्याण हुनेछ । अस्तु ॥

गुरुकुल

अतिप्राचीन हाम्रो सुदीर्घ, परम्परालाई सुरक्षित राख्न एवं अनुशासित तथा आचारवान् समाज निर्माणमा समर्पित गुरुकुलहरूको संरक्षण, प्रवर्धन र सञ्चालनका लागि यथासम्भव तन, मन, धनले सहयोग गर्नुहुन वैदिक सनातन धर्मावलम्बी सम्पूर्ण सज्जनहरूमा हार्दिक अनुरोध गरिन्छ ।

अन्नदानं परं दानं विद्यादानं ततः परम् ।
अन्नेन क्षणिका तृप्तिः यावज्जीवञ्च विद्यया ॥

राष्ट्रिय गुरुकुल शिक्षा परिषद
अध्यक्ष डा. गुरुप्रसाद सुवेदी ९८५५०८५२७८
सचिव डा. श्रीराम अधिकारी ९८४१५८०८०९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक सनातन धर्मको मर्म

डा. लालमणि पाण्डेय
कानुनवित् तथा धर्मशास्त्री

भूमिका

नेपालको संविधानले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरेको छ (धारा ४) संविधानमा 'धर्मनिरपेक्षता' भन्नाले सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता संझनु पर्छ (धारा ४) भनी अर्थ स्पष्ट गरिएको छ । वैदिक सनातन हिन्दु धर्म नेपालको प्रमुख धर्म हो । सन् २०११ मा सम्पन्न गरिएको जनगणनाअनुसार ८१.३४ प्रतिशत नेपालीहरू हिन्दु धर्म मान्दछन् (केन्द्रीय तथ्याङ्क विभाग, २०१२) । नेपाल परम्परादेखि नै धार्मिक सहिष्णुताको अनुपम उदाहरण बन्दै आएको मुलुक हो । बौद्ध, ईश्लाम, ईशाई आदिमा आस्था राख्ने मानिसहरूले धार्मिक स्वतन्त्रताको अधिकारको अभ्यास निर्बाध रूपले गर्दै आएका छन् । राज्य धर्मनिरपेक्ष भएपछि वैदिक सनातन धर्ममा क्रान्तिकारी समुहबाट यो वा त्यो नाममा आक्रमण गर्ने क्रम बढेको छ ।

संस्कार सुधारका नाममा तथाकथित क्रान्तिकारीहरूले वैदिक सनातन धर्मावलम्बीहरूको धार्मिक आस्थामा चोट पुऱ्याउने गरेका छन् । यसै सन्दर्भमा वैदिक सनातन हिन्दु धर्मको सही आधार के हो भन्ने विषयमा प्रकाश पार्नु आवश्यक भएको छ । तसर्थ यस लेखमा हिन्दु धर्मको सामान्य परिचयका साथै शास्त्र र परम्परा हिन्दु धर्मका आधार हुन् भन्ने बिषयमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

सनातन धर्म

विश्वका सवै धर्महरूमध्ये सबैभन्दा पुरानो हिन्दु धर्म हो । यसको प्राचीनता र विशालताका कारण हिन्दु धर्मलाई 'सनातन धर्म' भनिन्छ । सनातनको अर्थ शाश्वत अर्थात् सधैँ रहिरहने भन्ने हुन्छ । जुन सधैँ रहँदै आएको छ, जुन सधैँ रहन्छ, जसको आरम्भ छैन, र जसको अन्त्य हुँदैन, त्यसलाई सनातन भनिन्छ । सनातन धर्म कुनै व्यक्ति विशेषद्वारा स्थापित गरिएको होइन । प्राचीन कालदेखि चल्दै आएका विभिन्न मतमतान्तर, आस्था र विश्वासहरूको समुच्चय हिन्दु सनातन धर्म हो । त्यसैले यो वेदोऽखल धर्म हो । यसमा विभिन्न कालखण्डमा वेदको व्याख्या हुँदै आएको छ । तसर्थ हिन्दु धर्ममा विशालता छ । यसमा एकातर्फ आदिम ग्रामदेवता,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थानीय देवीदेवता, त्रिदेव (ब्रह्मा, विष्णु, शिव), त्रिदेवी (महाकाली, महालक्ष्मी, महासरस्वती), गणेश, सूर्य, देवी, शिव, विष्णु देवीदेवता मान्ने, पाञ्चायनदेवता पुज्ने र मूर्तिपूजा गर्ने एवं झारफुक र तन्त्रमन्त्रमा विश्वास गर्नेदेखि लिएर अर्कोतर्फ निराकार परब्रह्म मान्ने अत्यन्त गूढ दर्शनसमेत कुनै अन्तर्विरोध विना समाहित भएका छन् । हिन्दुहरूले परमात्माको साकार र निराकार दुबै रूप स्वीकार गरेका छन् । यसमा अलग अलग उपासना पद्धति, मत, संप्रदाय र दर्शनहरू समेटिएका छन् । यस धर्ममा विभिन्न देवीदेवताहरूको पूजा गरिन्छ तापनि यो एक ईश्वरवादी धर्म हो ।

मनुस्मृतिमा वेद, स्मृति वा धर्मशास्त्र, शिष्टहरूको शील, सदाचार वा परंपरा र आफूलाई प्रिय लागेको कर्मलाई धर्मको मूल आधार मानिएको छ (मनु, अध्याय २, श्लोक १२) ।[१] धर्म के हो भन्ने विषयमा आधिकारिक ज्ञान वेदबाट प्राप्त हुन्छ । वेदले निर्दिष्ट गरेको कर्म धर्म हो । वेदसँग नबाझिने गरी रचना गरिएका मनुस्मृति आदि धर्मशास्त्र धर्मका आधिकारिक ग्रन्थ मानिन्छन् । वेदसँग बाझिने कुनै पनि वचन मान्य हुँदैन । वेद र स्मृतिमा कुनै बिषयमा मतान्तर भएमा वेद मान्य हुन्छ । यसैगरी वेद र स्मृतिहरूसँग नबाझिने वेदज्ञ विद्वान्हरूको शील वा सदाचार मान्य हुन्छ ।

शास्त्रपरम्परा र परिचय

सनातन धर्म वेदमा आधारित छ । वेद धर्मको मूल हो । (गौतमधर्मसूत्र, १, सूत्र १,२) ।[२] धर्मको ज्ञान शास्त्रबाट गरिन्छ । शास्त्र भन्नाले ग्रन्थमा निहित ज्ञान भन्ने बुझिन्छ । वेद हिन्दुहरूको मूल ग्रन्थ हो । श्रुतिपरम्पराबाट विकास भएको हुँदा वेदलाई श्रुति भनिन्छ । सनातन परम्परामा वेदलाई ईश्वरीय ज्ञान मानिन्छ । यो ज्ञान अनादि एवं नित्य छ । यो सनातन ज्ञान हो । ऋग्वेद, यजुर्वेद, सामवेद, र अथर्ववेद गरी चार वेद छन् । हरेक वेदका **मन्त्र, ब्राह्मण, आरण्यक र उपनिषद्** गरी चार भाग छन् । गृह्यसूत्र एवं धर्मसूत्रहरू पनि वैदिक साहित्यभित्र पर्दछन् । वैदिक साहित्य पछि मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि स्मृतिहरूको विकास भएको हो । **स्मृतिलाई धर्मशास्त्र भनिन्छ** । स्मृतिहरूमा सबैभन्दा पुरानो मनुस्मृति हो । शिक्षा,[३] कल्प,[४] व्याकरण,[५] निरुक्त,[६] छन्द,[७] र ज्योतिष[८] वेदका छ वटा अङ्ग हुन् ।

[१] वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् । आचारश्चैव साधुनामात्मनस्तुष्टिरेव च । २।६।

[२] वेदो धर्ममूलम् ।१।, तद्विदां च स्मृतिशीले ।२।

[३] वैदिक वाक्यको स्पष्ट उच्चारणको नियमको व्याख्या गर्ने शास्त्रलाई प्रातिशाख्य शिक्षाशास्त्र भनिन्छ ।

[४] वैदिक कर्मकाण्डको विधि कल्पसूत्रमा व्याख्या गरिएको छ ।

[५] सन्धि, समास, शब्द, वाक्यरचनाको ज्ञान गराउने शास्त्र व्याकरण हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदाङ्गका साथै दर्शनशास्त्रहरू वेदको अर्थ स्पष्ट पार्न सहयोगी हुन्छन्। पुराणहरू, रामायण, महाभारत आदिले पनि वैदिक ज्ञानको विस्तार गरेका छन्। शास्त्रबाट धर्मको यथार्थ ज्ञान हुन्छ। शास्त्रमा जे गर्नुपर्दछ भनिएको छ त्यो गर्नु धर्म हो। यी सबै ग्रन्थहरू वैदिक र लौकिक संस्कृत भाषामा लेखिएका छन्। तिनको अर्थ बुझ्न संस्कृत भाषाको ज्ञान आवश्यक हुन्छ। साथै कुनै एउटा वाक्य खण्डको मात्र अर्थ गर्दा शास्त्रको मर्म विपरीत अर्थ हुन जान्छ। सम्पूर्ण वैदिक साहित्यको अध्ययन नगरी शास्त्रको मर्म बुझ्न संभव छैन।

कानुनको पूरा अध्ययन गरेर मात्र कानुनको व्याख्या गर्नुपर्दछ भन्ने आधुनिक कानुनको व्याख्याको सिद्धान्त धर्मका सम्बन्धमा वैदिक शास्त्रको व्याख्या गर्दा समेत लागु हुन्छ। आफ्ना शाखासूत्रसम्बद्ध शास्त्रका विभिन्न मतमध्ये कुनै एक मतलाई आधार मानेर हाम्रा धार्मिक संस्कार व्यवहार प्रचलित भएका हुन्छन्। प्रचलित परम्परा नै सही अर्थमा यथार्थ धार्मिक मान्यता हुन्।

सदाचार

शास्त्र पछि सदाचार हिन्दु धर्मको महत्त्वपूर्ण आधार हो। यसको महत्त्व शास्त्रको भन्दा कम मान्न सकिँदैन। शास्त्रका ज्ञाताहरूको आचार र व्यवहार सदाचार हो। शास्त्रविद्हरूको आचार र व्यवहार शास्त्र विरुद्ध हुने कल्पना समेत गर्न मिल्दैन। सदाचारका प्रचलित नियमहरू क्रमशः विकसित हुँदै रीतिरिवाज, परम्परा, वा प्रथा बन्न पुगेका छन्। हिन्दु धर्मका प्रचलित परम्पराहरू हजारौं वर्षमा विकास भएका हुन्। हाम्रो हिन्दु समाजमा प्रचलित संस्कार, पूजा, उपासना आदिका परम्पराहरू हाम्रा स्थापित धार्मिक मूल्य एवं मान्यताहरू हुन्। यी मान्यताहरू धर्मशास्त्रको आधारमा विकास भएका हुन्। हिन्दुहरूले शास्त्रका साथै लोकव्यवहारलाई समेत धर्मको आधार मान्दछन्। धर्मशास्त्रमा धर्म हो भनी स्पष्ट उल्लेख भएको विषय पनि लोकव्यवहारको प्रतिकूल छ भने त्यस्तो धर्म पालन गर्न हुँदैन भन्ने बृहस्पतिको मत छ (बृहस्पति, १९२४, अध्याय १, सूत्र ४)[९]। यसबाट के स्पष्ट हुन्छ भने हिन्दु समाजमा प्रचलित धार्मिक परम्परा विरुद्ध विशाल धार्मिक साहित्यिक कुनै एउटा प्रसंगमा भनिएको वाक्यलाई प्रमाणको रूपमा उल्लेख गरी हामीहरूले गर्दै आएका संस्कार आदि माथि आक्रमण गर्ने जडसूत्रवादी तथा सुधारका नाममा संस्कारमा परिवर्तन गर्न दुस्साहस गर्ने कथित क्रान्तिकारीहरू

[६] शव्दको व्युत्पत्ति वताउने शास्त्र निरुक्त हो।

[७] वैदिक साहित्यमा प्रयोग भएका गायत्री, त्रिष्टुप् आदि छन्दको ज्ञान गराउने शास्त्र छन्दशास्त्र हो।

[८] संस्कार एवं यज्ञका लागि मुहूर्त निर्धारण गर्नं ज्योतिषशास्त्रको प्रयोजन हो।

[९] धर्ममपि लोकविक्रुष्टं न कुर्यात्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुबै हिन्दु धर्म विरोधी तत्त्व हुन्।

धर्म र राजाज्ञा

राजकृत धर्मको अर्थ राजाले बनाएको धर्म भन्ने हुन्छ। प्राचीन हिन्दु राज्य व्यवस्थामा राजालाई जनताको धार्मिक मान्यतामा हस्तक्षेप गर्ने अधिकार थिएन। राजाले धर्ममा हस्तक्षेप गर्दैनथे। धर्मगुरुहरूले पनि राज्य सञ्चालनमा हस्तक्षेप गर्दैनथे। धर्मगुरु र राजाका बीचमा कहिल्यै पनि संघर्ष भएन। धर्मशास्त्रले निर्देश गरेअनुसार राजाले राज्यको शासन व्यवस्था सञ्चालन गर्दथे। धर्मशास्त्र र सदाचार वा परम्पराबाट कुनै विषय स्पष्ट नभएमा धर्म विरुद्ध नहुने गरी मात्र राजाले धर्मसम्बन्धी आदेश दिन सक्दथे। राजाको त्यस प्रकारको आदेशको सम्मान हुन्थ्यो। त्यसैलाई राजकृत धर्म भनिएको हो। न्यायिक निर्णय गर्ने सन्दर्भमा राजाले जातिधर्म, जनपदधर्म वा स्थान विशेषमा प्रचलित धर्म, श्रेणीधर्म र कुलधर्मको समीक्षा गरेर मात्र राजाज्ञा जारी गर्नुपर्दछ भन्ने मनुको मत छ (मनु, अध्याय ८, श्लोक ४१)[१०]। यसबाट शास्त्रका साथै स्थानीय समुदायमा प्रचलित धार्मिक परम्परालाई पनि धर्मको आधारको रूपमा स्वीकार गरेको स्पष्ट हुन्छ।

धर्मको विरुद्ध नहुने गरी दिएको राजाको सामयिक आदेश वा राजाले बनाएको धर्म पनि यत्नपूर्वक संरक्षण वा पालन गर्नुपर्दछ भन्ने याज्ञवल्क्यको मत रहेको छ (याज्ञवल्क्य, २०११, अध्याय २, श्लोक १८६)[११]। वेद, धर्मशास्त्र आदि ग्रन्थमा उल्लेख गरिएका आचार, व्यवहार र संस्कारका नियमका सथै समाजमा प्रचलित सदाचार एवं कुलपरम्परादेखि चल्दै आएका परम्पराको सम्मान गर्नु राजाको कर्तव्य मानिन्थ्यो। प्रचलित धर्मको विरुद्ध नहुने गरी सामयिक आदेश जारी गर्न राजालाई उपदेश दिएको देखिन्छ।

वर्तमानमा धर्म

हाल नेपाल धर्मनिरपेक्ष भएको छ। धर्मनिरपेक्ष राज्यले धार्मिक मामिलामा कुनै हस्तक्षेप गर्न मिल्दैन। यसबाट परापूर्वकालदेखि नै वैदिक सनातन धर्मावलम्बीहरूले शास्त्र, शिष्टहरूको सदाचार र राजाको आदेशलाई धर्मको स्रोत वा प्रमाण मान्दै आएको स्पष्ट हुन्छ। यिनैलाई आधार मानेर हाम्रा संस्कार, कर्म एवं धार्मिक मान्यताहरू निर्धारण गरिएका छन्। तापनि वेदप्रतिकूल हुनेगरी एकाएक कोही कसैले हाम्रा आस्थामाथि आक्रमण गर्दा त्यो सह्य हुँदैन।

---

[१०] जातिजानपदां धर्मान् श्रेणीधर्मांच धर्मवित्। समीक्ष्य कुलधर्मां च स्वधर्मां प्रतिपादयेत्।८। ४१।

[११] निजधर्माविरोधेन यस्तु सामयिको भवेत्। सोऽपि यत्नेन संरक्ष्यो धर्मो राजकृतश्च यः।२। १८६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँचदिने अन्त्यपद्धतिका नाममा सनातनधर्मानुयायीमाथि धावा

यसै सन्दर्भमा संस्कार सुधारका नाममा तथाकथित क्रान्तिकारीहरूको पाँच दिनमा अन्त्येष्टि संस्कार सम्पन्न गर्ने सम्बन्धी पुस्तक प्रकाशित गर्ने धृष्टता धार्मिक आस्था र विश्वासमाथि गरिएको असह्य आक्रमण हो । यसरी शास्त्रको मर्म विपरीत पाँच दिनमा अन्त्येष्टि संस्कार सम्पन्न गर्नुपर्दछ भन्ने विषय शास्त्रीय हो भनी समाजमा भ्रम सिर्जना गर्ने अधिकार सो पुस्तकका लेखकलाई छैन । नेपाल सरकारको गरिमामय पदमा वसी जनताको राजश्वबाट तलवभत्ता खाने व्यक्तिबाट त्यस्तो पुस्तक लोकार्पण गर्ने काम भयो । त्यसलाई दुखद मान्नु पर्दछ । साथै युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय जस्तो गरिमामय संस्थाले सोही विषयलाई महत्त्व दिई विचारगोष्ठीको आयोजना गरी प्रचार प्रसारको अवसर समेत जुटायो । यी संपूर्ण गतिविधिबाट सनातन धर्मावलम्बीहरूको अपमान भएको छ । सनातन धर्मविरोधी कार्यमा राज्यको संलग्नता देखिएको छ । यो कानुनी र धार्मिक दुबै दृष्टिबाट अक्षम्य देखिन्छ ।

अन्त्यमा

हाम्रा संस्कार हामीले हाम्रा पूर्खाबाट प्राप्त गरेका अमूल्य निधि हुन् । जडसूत्रवादी एवं कथित क्रान्तिकारीहरूले धर्मको मूल मर्म विपरीत भ्रम सिर्जना गर्ने धृष्टता गरेका छन् । तिनीहरू सनातन धर्मका शत्रु हुन् । तिनीहरूबाट सिर्जित भ्रममा नपरी आआफ्नो कुल परम्परा अनुसारका संस्कारहरू गर्दै जानु बुद्धिमानी हुनेछ । यही वैदिक सनातन धर्मको साँचो मर्म हो । इत्यलम् ॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ॥
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

(यस्तै संझी गरे कर्म पहिलेका मुमुक्षुले ।
तसर्थ गर त्यै कर्म गरे जो परपूर्वले ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वयं राष्ट्रे जागृयाम: पुरोहिता:

पण्डित वेदमणि रेग्मी
अध्यक्ष
पुरोहित समाज, चितवन,नेपाल

हामीहरू सदा जागौं राष्ट्रमा राष्ट्रभक्तिले
अगुवा हौं हित गरौं सबैको संघशक्तिले

पुरो धीयते असौ (अगाडि लगाइन्छ जसलाई) अथवा **पुरो द्रष्टा दृष्टफलेषु कर्मषु धीयते आरोप्यते वा यः** अर्थात् इहलोक वा परलोकसम्बन्धी हरेक कर्म जसको निर्देशनमा गरिन्छ त्यस्ता व्यक्तिलाई पुरोहित भनिन्छ ।

यज्ञ, अनुष्ठान वा संस्कारका माध्यमले समाजलाई सही बाटो देखाउने दायित्व पुरोहितहरूको हो । पुरोहित आफू पनि कर्तव्यनिष्ठामा रहनुपर्छ र समाजलाई पनि ठीक ठीक कर्तव्यको निर्देशन दिनुपर्छ । यो पुरोहितको लक्षण हो ।

पुरोहित समाजका धर्मदूत हुन्, समाजले कुनै न कुनै रूपमा पुरोहितमाथि विश्वास गरेको हुन्छ । त्यसैले धर्मशास्त्रको तात्पर्य ठम्याएर यजमानलाई कर्तव्यको शिक्षा पुरोहितले दिनुपर्छ । देवगुरु बृहस्पति, दानवगुरु शुक्राचार्य, श्रीरामका पुरोहित वशिष्ठ, श्रीकृष्णका पुरोहित गर्गाचार्य जस्ता विद्वान् र प्रतिष्ठित व्यक्तिले सम्मानका साथ कर्तव्य भावले पौरोहित्य गरेको इतिहास पाइन्छ । त्यसैले पुरोहितको कर्तव्य शास्त्रोक्त नियम र मर्यादाको पालन गर्नु गराउनु हो ।

कलिकालको प्रभावले होला, केही समययता पूर्णनियमको पालना गर्ने यजमानको संख्या पनि न्यून हुँदै गएको छ । जसरी तसरी कर्म गरेझैं गर्ने यजमान हुने र पुरोहितले पनि उनीहरूकै अनुसरण गरेर केवल दान दक्षिणामा मात्रै दृष्टि दिने हो भने ती यजमान र पुरोहित दुबै नरकगामी हुन्छन् दुबै पतित हुन्छन् । त्यसमा पनि बढी प्रत्यवाय पुरोहितलाई लाग्छ ।

हाम्रो नेपाली समाज सनातन वैदिक मर्यादाको पालन गर्ने धर्मानुप्राणित संस्कृतिको सूत्रमा आबद्ध समाज हो । हाम्रा आफ्नै संस्कृति, परम्परा र रीतिरिवाज़ छन् । जसको साक्षात् सम्बन्ध वैदिक र तदनुकूल शास्त्रीय परम्परामा आधारित छ । हाम्रा व्रत, पर्व, संस्कार र विधिविधानहरू शास्त्रीय प्रमाणका आधारमा प्रचलित छन् र यी नेपाली संस्कृतिका अभिन्न अङ्ग बनिसकेका छन् । यस्ता हाम्रा परम्पराको सुन्दर र उत्कृष्ट महत्त्वलाई नबुझी केवल बारं भत्काउने उद्देश्यले मात्र विगतमा पनि बेला बेलामा धर्ममाथि प्रहार हुन्थ्यो । त्यसको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निरन्तरता स्वरूप अहिले फेरि विभिन्न दुष्प्रभावहरू देखिन लागेका छन्। हाम्रा परम्परागत वैदिक सनातन संस्कृतिअन्तर्गत शास्त्रीय आधारमा चलेका हाम्रा संस्कारहरूको मूलमर्ममा आघात पार्ने गरी संस्कार सुधारका नाममा पाँचदिने मृत्यु संस्कार कर्म गराइएको देखिएको हुनाले शास्त्रीय दशगात्रादि तेह्र दिने मृत्यु संस्कारलाई कटौती गर्दै सनातन धर्म विरोधी दुष्प्रयत्न गरेकोमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। कहिले पात्रोको महिना फेर्न खोजिन्छ। कहिले राष्ट्रदेव पशुपतिनाथको पूजा रोकिन्छ। अहिले संस्कार सुधारका नाममा पारलौकिक आत्माको और्ध्वदेहिक कर्म पूरा हुन नदिने गरी अधुरो काजक्रियाको विधि छापेर जबर्जस्ती वितरण गरिएको छ। गोष्ठी, अन्तर्क्रिया र कार्यपत्र बनाउने काम पनि भएको छ रे, त्यो पनि विदेशीहरूबाट प्राप्त आर्थिक सहयोगले। धर्मको निर्णय दिने ऋषिमुनि महर्षिले हो। आर्षवचनको व्याख्या गर्ने ऋषिमर्यादामा रहेका तपस्वी कर्मनिष्ठ विद्वान् व्यक्तिले हो। विद्वत् परिषद्ले हो। हाम्रो धर्म, परम्परा र मर्यादाको ज्ञान नभएका, धार्मिक निष्ठामा नरहेका, सदाचार शून्य व्यक्तिले धार्मिक निर्णय दिनु र कर्मकाण्डका अशुद्ध पुस्तक छपाउनु र त्यसको अनुसरण गर्नु यी सबै कार्य मूर्खतामात्र हो।

अतः कुनै पनि पुरोहितले त्यस्तो विधिलाई प्रोत्साहन दिनु हुँदैन। शास्त्रको वचन मान्ने हो भने पूरा कर्म गराउनुपर्छ। त्यसो नगराउने, नगर्ने र विधिहीन कर्मलाई समर्थन गर्ने ती तीनै व्यक्ति नरक जान्छन्। अतः कथित पाँचदिने अन्त्यपद्धतिको कसैले पनि अनुसरण गर्नुहुँदैन गरेमा गर्ने गराउने नै पतित हुन्छन्। सनातन शाश्वत संस्कृति र मर्यादामा दखल पुऱ्याउन खोज्नु अपराध हो। शास्त्रविधि छोड्न हुँदैन। छोडेमा इहलोक परलोक दुबै लोक बिग्रन्छ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम्॥ **-गीता १६/२३**

जसले शास्त्रको विधिलाई छाडेर स्वेच्छाचारिता अपनाउँछ, त्यसले यो लोक र परलोक कुनैको सिद्धि पनि पाउँदैन र त्यसको परमगति पनि हुँदैन।

अतः धार्मिक संस्कारको मूल मर्मलाई विचलित बनाउने अभिप्रायले भित्र्याइएका संस्कार छोट्याउने र घटाउने आदि भ्रामक विषयको पछि नलाग्न र तेह्रदिने शास्त्रीय प्रामाणिक मृत्यु संस्कारलाई नै पालन गरी स्वधर्म रक्षामा दृढ रहन सम्पूर्ण सनातन धर्मप्रेमी यजमान तथा पुरोहित महानुभावहरूमा पुरोहित समाज नेपालका तर्फबाट हार्दिक अनुरोध गर्दछु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्युसंस्कार : शास्त्रीय निर्णय, व्यावहारिक एवं वैज्ञानिक दृष्टिकोण

प्रा.डा. रामचन्द्र गौतम
अध्यक्ष
नेपाल पञ्चाङ्ग निर्णायक समिति
घट्टेकुलो, काठमाडौं

१.१ पूर्वपीठिका

मृत्युसंस्कार यो अन्त्येष्टि, अन्त्यकर्म, अन्त्यसंस्कार, प्रेतकर्म, प्रेतक्रिया आदि नामले पनि प्रसिद्ध छ । शास्त्रप्रवर्तकहरूले यो संस्कार सर्वसम्मतले दुई प्रकारको हुने ठहर गरेका छन् – पार्थिवशरीरको क्रिया र आत्माको निम्ति गरिने क्रिया । पार्थिवशरीरको क्रियामा मरणासन्न अवस्थामा गर्नुपर्ने दशदान, पञ्चधेनु दान आदि कृत्य र मृत्युपछि गर्नुपर्ने शवयात्रा, दाहसंस्कार, पवित्र नदीमा अस्तु विसर्जन, चितापिण्डदान, अपस्नान, उदकदान, शोकापनोदन, ग्रामप्रवेश (धूपकाँढो) आदिक्रिया पर्दछन् । आत्माको निम्ति गरिने क्रियामा क्षेत्रोपवास दशगात्र क्रिया, एकादशाहमा गरिने शय्यादान, उदककुम्भदान उत्तमषोडशी आदि क्रिया र द्वादशाहमा गर्नुपर्ने सपिण्डीकरणश्राद्ध आदि क्रिया पर्दछन् । यो संस्कार मनुष्य जीवनका जातकर्मादि सस्कारभन्दा महवपूर्ण बहुमान्य प्रधान संस्कारको रूपमा स्थापित छ । यतः जातकर्मदेखि चूडासम्मका संस्कार **बीज-गर्भ-समुद्भवः** (शुक्रशोणितसम्बद्ध) दोषनाशका निम्ति गरिन्छन् भने उपनयनदेखि मरणपूर्वका संस्कारहरू दीर्घायुप्राप्तिका साथै सम्मानित, समादृत, प्रतिष्ठित, स्वस्थ, समुज्वल एवं मङ्गलमय सामाजिक जीवनका निम्ति गरिन्छन् ।

मरणपछिको संस्कारक्रिया चाहिँ वैदिक धर्मानुयायी द्विजातिको द्विजातिकै क्रियाधिकार प्राप्त पुत्रादिद्वारा १३ दिनसम्म मन्त्रपूर्वक पिण्ड-जलादि प्रदान गरी गर्नुपर्दछ । शास्त्रीय मान्यताअनुसार १३ दिन लगाएर गर्नुपर्ने यो क्रियालाई छोटयाएर ३ वा ५ दिनमा सक्नुपर्छ भनी यदा कदा चर्चामा पनि आउने केही व्यक्तिहरुले वेदप्रतिपादित सनातन संस्कारको उपेक्षा, अनास्था तथा अनादर गर्दै लेखिएका लम्बेतानका लेख समावेश गरिएको "संस्कार" नामको पुस्तकसमेत प्रकाशित गरी जनताको माझसम्म पुऱ्याई प्रचार-प्रसार गरिरहेका छन् । मृत्युसंस्कारको शास्त्रीय महत्त्व नबुझेका अन्य केहीले पनि सभा-समारोह गरी सर्वसाधारण वैदिक सनातन धर्मानुयायी आस्तिक जनतालाई ३ वा ५ दिनमा क्रियाकर्म सक्नुपर्छ भन्ने आफ्नो मनगणन्ते कुराको समर्थनमा ल्याउने निषिद्ध प्रयास गरिरहेका छन् । कमाएर खानु लाउनुपर्ने परिवार पाल्नुपर्ने मानिसहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो झण्डै आधा महिना जति क्रियामा बस्नु उचित हुँदैन र यस्तो काम समय सापेक्ष पनि होइन भन्ने जस्ता विना प्रमाणका शास्त्रविरुद्ध मनोगत कुरा गरी जनतामा भ्रम फैलाउने काम गरिरहेका छन् । संचारका माध्यम पत्र-पत्रिका, रेडियो आदिमा समेत क्रियाका दिन घटाउने पक्षमा बोलिरहेका छन्, तीव्र आवाज उठाइरहेका छन् । यही आवाजलाई आधार मानेर केही मान्छेले ३ दिनमा काजक्रिया समाप्त गरेको खवर पनि सञ्चार माध्यमद्वारा फैलाइएको छ । यतिमात्र होइन, अन्य केही धर्मविध्वंशी धर्मध्वजहरूले अन्त्येष्टि संस्कार जोगाउने नाममा नास्तिक दर्शनका अनुयायीहरुको र दयानन्द सरस्वतीले चलाएको आर्यसमाजको सिद्धान्त मान्नेहरूको प्रभावमा परेर **"पाँचदिने अन्त्यपद्धति"** नामको शास्त्रविरुद्ध पुस्तक समेत प्रकाशित गरी सर्वसाधारण जनतामा सन्देह पैदा गराइरहेका छन् । यस्तो क्रियाकलापले गर्दा शास्त्रको मर्म राम्रो नबुझेका, तर शास्त्रसिद्ध परम्पराका आधारमा श्रद्धा, आस्था, निष्ठा र विश्वासका साथ मृतक आत्मा बाबु आमा आदिको काजक्रिया गर्दै आएका र गर्दै जानुपर्ने मनस्थितिमा रहेका वैदिकधर्मावलम्बी जनसाधारणमा अन्योलको स्थिति पैदा गराइएको छ । सन्देह एवं द्विविधा फैलाउने काम भइरहेको छ । शास्त्रीय निर्णयका आधारमा सृष्टिको सुरुदेखि गरिंदै चल्दै आएका र चल्दै जानुपर्ने क्रियाकर्ममा जघन्य आघात पार्ने अनधिकार चेष्टा (प्रयत्न) भइरहेको छ । त्यसले गर्दा आत्मवादीहरूका निम्ति असहनीय स्थिति उत्पन्न भएको छ । यो विशेष परिस्थितिमा १३ दिनसम्म गर्नुपर्ने क्रियाका दिनलाई घटाएर ३ वा ५ दिनमा सक्नु शास्त्रीय मर्यादाअनुशार मिल्छ, मिल्दैन भन्ने कुरा वैदिक सनातन-धर्म-कर्म-संस्कार-संस्कृति मान्ने जनसाधारणलाई स्पष्ट रूपमा बुझाउनु नितान्त आवश्यक भएको छ । यही वास्तविकतालाई ध्यानमा राखी शास्त्रसिद्ध, विज्ञानसम्मत लेख लेख्ने प्रयत्न गरिएको छ । जुन तल दिइएको छ -

१.२ दाहसंस्कार

मरणासन्न बाबुआमा आदिलाई पुत्रआदिले शालग्रामशिला, तुलसीको मठ आदिको नजिक शुद्धस्थलमा राख्नुपर्छ र उसको प्राणोत्सर्ग सुखपूर्वक होस् र जीवात्माले पारलौकिक सुखशान्तिका साथै परमपद प्राप्त गरोस् भन्ने पावन उद्देश्यले सर्व प्रथम सर्वपापनाशक प्रायश्चित्त गराइदिनुपर्छ । त्यसपछि व्रतोद्यापन दशदान,[१] अष्टमहादान,[२] पञ्चधेनुदान,[३] तिलपात्रदान,[४] मधुपर्कदान[५] आदि कृत्य

[१] **निर्णयसिन्धुः**, पृ. ७५८, **धर्मसिन्धु**, पृ ३३४, **अन्त्यकर्मदीपक**, पृ. ५ ।
[२] **गरुडपुराण**, ८ । ३३ ।
[३] **अन्त्यकर्मदीपक**, पृ. १२ ।
[४] **निर्णयसिन्धुः**, पृ. ७५८ ।
[५] **निर्णयसिन्धुः**, पृ. ७५९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुका साथै ॐ यो एकाक्षर मन्त्र र विष्णुसहस्र नामादि पुण्यमन्त्रको श्रवण पनि गराउनुपर्छ ।[६] प्राणत्याग गरेको ३ वा ४ मुहूर्तपछि मात्र बाँस, खट आदिमा राख्ने फूलमाला आदिले सिँगारपटार गर्ने र सकेसम्म छोरा-नातिले मात्र घरतिर शिर र श्मशानतिर पाउ गराई कसैलाई पनि छुन नदिई बोक्नुपर्दछ ।[७] शवयात्रामार्गमा अवरोध पुऱ्याउन सक्ने यक्ष राक्षस, पिशाचादिलाई एकोहोरो शङ्खनादद्वारा हटाउँदै क्षेत्रपाल वेतालादिको तुष्टिकानिम्ति बुर्की छर्दै यमगाथा गाउँदै[८] र यमसूक्त स्मरणगर्दै[९] दाहस्थलमा पुऱ्याउनुपर्छ । लाश त्यहाँ पुऱ्याइसकेपछि पवित्रस्थल जलको छेउमा राख्नुपर्छ र पुत्रादि क्रियाकर्ताले दाहादि समस्त क्रियाधिकार प्राप्तिका निम्ति क्षौर एवं स्नान गरी प्रायश्चित्त गर्नुपर्छ ।[१०] मृतक पुरुष भए मुण्डन स्नान गराई जनै फेराउनुपर्छ, स्त्री भए स्नान मात्र गराउनुपर्दछ । त्यसपछि श्रीखण्डचन्दन आदि सुगन्धित वस्तु लेपन गरेर शुद्ध रेशमी पट्टवस्त्र ओढाई शुद्ध स्थलमा कुशमाथि श्रीखण्ड बेल, पीपल, डुम्री, साल आदि यज्ञीय वृक्षका दाउराहरूले उत्तर दक्षिण फैलाई बनाएको चितामा उत्तर शिर ऊर्ध्वमुख गराई राख्नुपर्दछ ।[११] शवको मुख, आँखा, नाक, कान आदि सातै छिद्रमा सक्नेले सुनका टुक्रा नसक्ने मानिसले घिउका थोपा राख्नुपर्दछ । त्यसपछि शुद्ध अग्नि (क्रव्यादाग्नि)को "त्वं भूतकृज्जगद्योने....." यो मन्त्रले[१२] पूजा गर्ने र अपसव्य भई बलेको अग्नि हातमा लिई "कृत्वा तु दुष्कृतं कर्म........" यो मन्त्र[१३] उच्चारण गर्दै एक वा तीनपटक चिता प्रदक्षिणा गरी[१४] प्रज्वलित अग्नि (दागबत्ती) मृतकको मुखमा राखिदिनुपर्छ । **तत्पश्चात्** जलिरहेको चिता सातपटक घुम्दै सातवटै समिधा "क्रव्यादाय नमः" भन्दै प्रक्षेपण गर्नुपर्छ । सातपटक नै बञ्चरो वा दरोखालको काठले बलिरहेको चितालाई प्रहार पनि गर्नुपर्छ । अर्धदग्ध भइसकेपछि मस्तकभेदन गर्नुपर्दछ । तिलमिश्रित घृताहुति दिनुपर्ने र प्रेतात्माको सुख शान्तिका निम्ति पुत्रादि मलामीले खुबसँग रुनुपर्ने विधान पनि शास्त्रकारले उल्लेख गरेका छन् । यसरी लाश जलाउँदा निःशेष हुनेगरी जलाउन हुँदैन । एउटा परेवाजत्रो शरीरको मुख्यभागको अंश अस्तु बाँकी राख्नुपर्छ र त्यो अस्तु, चामल, पैसासमेत राखी शुद्ध सेतो वस्त्रमा पोको पारी "धर्माय नमः" वा "क्रव्यादाय नमः" भनी गंगा आदि

[६] **निर्णयसिन्धुः**, पृ. ७५८, **अन्त्यकर्मदीपक**, पृ. १४, १५, **श्रीमद्भगवद्गीता** ८ । १३, **श्रीमद्भागवत** १२। १२। ४६

[७] **श्रा.वि.**, पृ. २६, २७ ।

[८] अपेतो यन्तु पणयः.....**शुक्लयजुर्वेद**, अ.३५ ।

[९] परेयिवांसम् .....**ऋग्वेद** ७६।१४।५।६,

[१०] **धर्मसिन्धु**, पृ.९१३ ।

[११] **आदित्यपुराण** र **शुद्धितत्त्व**को वचनले उत्तरतिर नै शिरगराउनु पर्ने निधोगरेको छ ।

[१२] **अन्त्यकर्मदीपक**, पृ. २० ।

[१३] **सत्कर्मरत्नावलि**, भा.१ पृ .४९८ ।

[१४] राजा दशरथको दाहसंस्कार गर्दा भरतादिले र भीष्मपितामहको दाहगर्दा धृतराष्ट्रादिले वायाँ घुमेका थिए अतः हामीले पनि वायाँ घुम्दा शास्त्र सिद्ध हुन्छ । (रा.अ.का.७६।२०, **महाभारत**, अनु.प. १५४।१४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलको गहिरो भागमा नउत्रने गरी सेलाउनुपर्छ ।[१५] अस्तु सेलाइसकेपछि दाहस्थल पखाल्ने र तातो हराएपछि त्यसै ठाउँमा अपसव्य भई कुशमाथि आमान्नको विधिपूर्वक ६वटा पिण्ड दिनुपर्दछ । जुन पिण्डलाई चितापिण्ड भनिन्छ ।[१६] यी पिण्ड क्रमशः शव, पान्थ, खेचर, भूत, साधक र प्रेतनामले दिनुपर्छ । यी नामका पिण्डहरू क्रमैले मृत्युस्थान, द्वारस्थल, अर्धमार्ग, विश्रामस्थल, काष्ठसंचयस्थल, चितास्थलमा दिनुपर्ने हो, तर कतिको मृत्युस्थलको नै निधो नहुने, कतिको द्वारस्थलको नै टुङ्गो नलाग्ने, कतिपय क्षेत्रमा लाश बिसाउन नमिल्ने जस्ता विभिन्न कारणले गर्दा तोकिएको ठाउँमा तोकिएको पिण्ड दिन नमिल्ने भएको हुँदा र एकै ठाउँमा वचन मिलाएर दिँदा पनि शास्त्रसिद्ध हुन्छ भन्ने मनीषीहरूको धारणा रहेको हुँदा हाम्रो परम्परामा एकै ठाउँमा दिने चलन रहेको छ । त्यसैले दाहस्थलमामात्र पनि दिने गरिएको हो । एकै ठाउँ दाहस्थलमा नै वचन मिलाएर दिँदा पनि शास्त्रविरुद्ध नहुने कुरा स्पष्ट देखिन्छ ।[१७] यहाँसम्म भयो निष्प्राण हुन पुगेका वैदिक धर्मानुयायीहरूका पाञ्चभौतिक शरीरको दाहसंस्कार क्रिया । वैदिकेतरधर्म मान्ने अनात्मवादीहरूले मृत्युपछिको संस्कार क्रिया के कसरी गर्ने गर्दछन् त्यो उनीहरूकै कुरा हो ।

१.३ क्रियाकर्मका अधिकारी

अब आयो वैदिक धर्मानुगामी मनुष्यको देहबाट वाध्यत्वेन (दुर्घटना आदिबाट) वा स्वभावतः (उमेर पुगेर) बहिर्भूत हुन परेको आत्माको निम्ति गरिने क्रियाको सन्दर्भ । वैदिक दर्शनले आत्मा दुई प्रकारको मानेको छ - परमात्मा र जीवात्मा । जीवात्मा, परमात्माको अभिन्न अंश हो । यो मनुष्यादि प्राणिको पाञ्चभौतिक देहमा अन्तरनिहित भएर सो देहलाई चल्ने, बोल्ने, खाने, पिउने, कर्म गर्ने आदि अनेक शक्ति प्रदान गरी थामेर (अड्याएर) रहेको हुन्छ । सर्वशक्तिसम्पन्न यो आत्मा अजर, अमर, नित्य, सत्य, शुद्ध एवं शाश्वत मानिएको छ ।[१८] त्यसैले यस दर्शनलाई शास्त्रप्रणेता महामना ऋषिमहर्षि सबैले आत्मवादी ईश्वरवादी आस्तिक दर्शनको रूपमा सर्वसम्मत स्वीकार गरेका छन् ।

चार्वाक आदि जुन-जुन दर्शनले आत्माको अस्तित्त्व स्वीकार गर्दैनन्, अर्थात् आत्मालाई नित्य, सत्य, शाश्वत मान्दैनन्, परलोकको अस्तित्व समर्थन गर्दैनन्, पुनर्जन्म मान्दैनन् । त्यस्ता दर्शन अनात्मवादी अनीश्वरवादी नास्तिक दर्शनका रूपमा स्थापित छन् । यस्ता नास्तिक दर्शनप्रति आकर्षित जनहरूलाई आस्तिक दर्शन मान्नेहरूले गर्ने गरेको र मौलिक संस्कृतिको रूपमा रहेको मृत्यु संस्कार कर्मको दिन घटाउनुपर्छ भन्ने कुनै अधिकार छैन ।

---

[१५] **अन्त्यकर्मदीपक**, पृ. २७, टि १, टि २, **गरुडपुराण**, १० । ५८, **सत्कर्मरत्नावलि**, भा. १, पृ. ४९८ ।
[१६] **अन्त्यकर्मदीपक**, पृ. २८, **गरुडपुराण**, १० ।
[१७] **सत्कर्मरत्नावलि**, भा. १, पृ. ४९९ ।
[१८] **श्रीमद्भगवद्गीता** २।२०-२७ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस जसले आस्तिकदर्शन अर्थात् जगत्कर्ता परमात्माको ज्ञानदीपमा प्रतिभासमान परम्परागत विज्ञानमय अखण्ड ज्ञानराशि वेद र वैदिक वाङ्मयप्रतिपादित धर्म, कर्म, संस्कार, संस्कृतिप्रति श्रद्धा, आस्था निष्ठा र विश्वास राख्दछन् तिनीहरूलाई मात्र मृतक बाबु आमा आदिको वैदिक विधिअनुसार काज-क्रिया गर्ने अधिकार हुन्छ । तिनीहरूमा पनि द्विज जातिलाई मात्र वेदादिशास्त्रमा र सो शास्त्रप्रतिपादित कर्मानुष्ठानमा पूर्ण अधिकार हुन्छ भनी शास्त्रप्रवर्तकले ठोकुवा नै गरेका छन् । जुन यसप्रकार छ–

निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः ।
तस्य शास्त्रेऽधिकारोऽस्मिन् ज्ञेयो नान्यस्य कस्यचित् ॥[१९]
ब्रह्मक्षत्रियविट्शूद्रा वर्णास्त्वाद्यास्त्रयो द्विजाः ।
निषेकाद्याः श्मशानान्तास्तेषां वै मन्त्रतः क्रियाः ॥[२०]

जसले द्विजत्व प्राप्त गरी यज्ञोपवीत धारण गरेको छैन र वैदिक सनातन धर्मकर्मप्रति श्रद्धा एवं विश्वास पनि गर्दैन भने त्यसले वैदिक विधिअनुसार १३ दिन लगाएर गरिने काज-क्रिया गर्नै परेन, गर्ने अधिकार नै हुँदैन । अतः वैदिक विधिमा अधिकार एवं विश्वास नभएका नास्तिक दर्शनका पिछलग्गु कसैलाई पनि वैदिक धर्ममा आस्था, विश्वास राखेर गरिएको द्विजातिको श्रेष्ठ संस्कार प्रेतक्रियाको अनादर गर्ने, उपेक्षा गर्ने, बिरोध गर्ने १३ दिनलाई घटाएर ३ वा ५ दिनमा सक्नुपर्छ भन्ने कुनै अधिकार छैन ।

१.४ अलौकिक सूक्ष्मप्रेतदेहनिर्माणार्थ दशगात्रकर्म

जीवित मानिसको वासस्थान ढुङ्गा, माटो आदि वस्तुबाट बनाइएको घर भएजस्तै आत्माको वासस्थान पृथिव्यादि पञ्चतत्त्वबाट बनेको मनुष्य शरीर हो । मानिसको घर पुरानो, थोत्रो भएर भत्किन सक्छ भने बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ्ग आदि कारणबाट पनि भत्किन वा नाश हुन सक्दछ । त्यस्तै आत्माको वासस्थान मनुष्य देह पनि जराजीर्ण, वृद्ध भएर असाध्य रोग लागेर, जल, अग्नि, भीर-पहिरो आदिमा र मोटर, जाहाज आदि दुर्घटनामा परेर पनि नाश हुन वा मर्न सक्छ ।

हामी बसोवास गरिरहेको घर उक्त कुनै पनि कारणबाट भत्किन गयो भने त्यस बखत कहाँ बस्ने के खाने जाहान परिवारलाई कता राख्ने आदि हाम्रो जुन किसिमको असहनीय दुःखद, दयनीय स्थिति हुन्छ । त्यस्तै आत्माको घर मनुष्य शरीर भत्किँदा वा नाश (मर्दा) हुँदा पनि उसको स्थिति त्यस्तै हुन्छ, अर्थात् आफू बसिरहेको मनुष्य देहबाट बहिर्भूत हुनुपर्दा जीवात्मा अत्यन्त दुःखित, चिन्तित

---

[१९] **मनुस्मृतिः** २।१६,
[२०] **याज्ञवल्यस्मृतिः** १।१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पीडित, तृषित, बुभुक्षित, दिग्भ्रमित, विक्षिप्त, उद्विग्न एवं आकुल व्याकुल भई प्रेतको रूपमा[२१] दिग्दिगन्त भड्किइ, तड्पिइरहेको हुन्छ । यस्तो दीन, हीन, सन्तप्त, दयनीय अवस्थामा पुगेको आफूलाई जन्म दिएर यो संसार देख्ने सुअवसर प्रदान गर्ने आत्ना बाबु आमाको आत्मा बस्ने उपयुक्त वासस्थान निर्माण गरिदिनु अनिवार्य हुन्छ । यो कर्म गर्नु पुत्र, पौत्रादिको अनुल्लङ्घ्य दायित्व एवं परम कर्तव्य हो । आफ्नो अनिवार्य कर्तव्यभित्र पर्ने मृतकको आत्मा बस्ने घरको निर्माण दश दिनसम्म शुद्धताका साथ मन्त्रपूर्वक गरिएको दशगात्र क्रिया अर्थात् अवयव पूरक दश पिण्ड दान र जलादि दान क्रियावाट सम्पन्न हुन्छ भन्ने कुरा शास्त्र प्रवर्तकले ठोकुवा नै गरेका छन् । जुन यस प्रकार छ –

शिरस्त्वाद्येन पिण्डेन प्रेतस्य क्रियते सदा ।
द्वितीयेन तु कर्णाक्षिनासिकाश्च समासतः ॥
गलास्यभुजवक्षांसि तृतीयेन यथाक्रमम् ।
चतुर्थेन तु पिण्डेन नाभिहृल्लिङ्गपायु च ॥
जानू जङ्घे च पादोरु पञ्चमेन तु सर्वदा ।
सर्वमर्माणि षष्ठेन सप्तमेन तु नाडयः ॥
नखलोमान्यष्टमेन वीर्यन्तु नवमेन च ।
दशमेन तु पूर्णत्वं तृप्तता क्षुद्विपर्ययः ॥[२२]

यसरी निष्पन्न हुने आत्माको निम्ति बनाइएको घर भनेको अलौकिक प्रेतदेह हो । लौकिक पाञ्च भौतिक मनुष्य देहको उत्पत्ति बावुआमाको शुक्र शोणितको संमिश्रण बाट हुन्छ भने समस्त अङ्गप्रत्यङ्गले परिपूर्ण क्षुधा (भोकप्यास) रहितको यो अलौकिक प्रेतदेहको उत्पत्ति दशगात्र क्रियाबाट हुन्छ । **लौकिक भौतिक देह सम्पन्न हुन दश महिना लाग्छ भने अलौकिक प्रेतदेह निष्पन्न हुन दश दिन लाग्दछ** । यो अकाट्य अपरिवर्तनीय निर्विकल्प शास्त्रीय नियम हो । यस्तो नियम हुँदा हुँदै ३ वा ५ दिनमा क्रिया सक्नुपर्छ भन्नेहरू सरासर शास्त्रविरुद्ध गएको कुरा स्पष्ट छ ।

१.५ एकादशाहकर्म

शास्त्रप्रतिपादित गात्र निर्माण क्रियाद्वारा दश दिनमा निर्मित अलौकिक प्रेत देहमा बस्ने खाने निधो नभई दुःखित भएर तड्पिइरहेको घुमिरहेको मृतकको आत्मा प्रवेश गर्दछ र उसमा भोक प्यास इच्छा आशा आदि सबै बिषय जागृत हुन्छन् र एघारौं दिन पुत्रादिद्वारा उसको निम्ति शय्यादान, आद्यश्राद्धादि उत्तम षोडशी, वृषोत्सर्ग आदि अनेक क्रिया गरिन्छन् ।

---

[२१] प्रेत यो शव्दले दुःख पाएको जीवात्मा लाई जनाउँदछ ।
[२२] **ब्रह्मपुराण**को वचन (**अन्त्यकर्मदीपक**, पृ. ३७), निर्णयसिन्धु, पृ. ७७९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ती क्रियामा जे जति पदार्थ प्रदान गरिन्छन् ती सबै उसले सहर्ष प्राप्त गदर्छ र अतिप्रसन्न एवं सन्तुष्ट भई पितृपंक्तिमा मिल्न पाउने पूर्ण आशा एवं विश्वासमा रहन्छ । अन्य आशौचादि परेर अशुद्ध नै भएपनि आद्यश्राद्ध एघारौं दिनमा नै गर्नुपर्छ, अगाडि गर्न पाइँदैन भनेर योगीश्वर याज्ञवल्क्य र ऋषिवर शङ्खले स्पष्ट भनेका छन् ।

मृतेऽहनि प्रकर्तव्यं प्रतिमासं तु वत्सरम् ।
प्रतिसंवत्सरं चैवमाद्यमेकादशेऽहनि । याज्ञवल्क्यस्मृति १।२५६
आद्यश्राद्धमशुद्धोऽपि कुर्यादेकादशेऽहनि ।
कर्तुस्तात्कालिकी शुद्धिरशुद्धः पुनरेव सः ॥ मिताक्षरा १।२५६

पुनः एकादशाहमा आद्यश्राद्धादि षोडशश्राद्ध (उत्तमषोडशी) नगरिकन द्वादशाहमा सपिण्डी गर्ने अधिकार हुँदैन भनी महर्षि गोभिल र लौगाक्षिले ठोकुवा नै गरेका छन् ।

श्राद्धानि षोडशादत्त्वा नैव कुर्यात् सपिण्डनम् ।
श्राद्धानि षोडशापाद्य विदधीत सपिण्डनम् ॥

यस्तो अकाट्य शास्त्रीय व्यवस्था हुँदाहुँदै ३ वा ५ दिनमा क्रिया सक्नुपर्छ भन्नु नितान्त हास्यास्पद कुरा हो र वैदिक वाङ्मय प्रतिपादित विकल्परहित मृत्यु संस्कारको उपहास एवं निन्दा गर्नु हो । पुण्य पापको हेक्का नगरी पितृप्रति अनास्था गर्नु हो ।

१.६ द्वादशाहकर्म

उक्तानुसार एघारौं दिनमा नै तोकिएका क्रिया गरिसकेपछि आत्मा मृतक बाबु आमा आदिको आत्मालाई मृत्यु भएको १२ दिनमा शास्त्रनिरूपित सपिण्डीकरण क्रियाद्वारा पितृत्वमा प्राप्त भइसकेका पितामहआदि पितृहरूको पंक्तिमा लगेर मिलाइन्छ ।

सपिण्डीकरणात्प्रेते पैतृकं पदमास्थिते । इति गालवः ।[२३]

यसरी मिलाउने दिन मन्त्रद्रष्ट्रा ऋषिहरूले १२ दिन, ४५ दिन, ६ महिना, वर्षदिन आदि कालहरू तोकेका छन्, तापनि कलियुगका मानिस (क्रियाकर्ता)को आयुको ठेगान नहुने, शरीर अस्थिर एवं रोगग्रस्त हुने वा मृत्यु नै पनि हुनसक्ने हुँदा सबभन्दा छोटो काल १२ दिनमा नै सपिण्डीकरण क्रिया गर्नुपर्छ । ४५दिन, ६महिना, बर्षदिन आदि दीर्घकालमा गर्न खोज्दा क्रियाकर्ताको नै मृत्यु हुनसक्ने जस्ता विविध कारणले गर्दा मृतकको आत्माले पितृपंक्तिमा मिल्नै नपाई प्रेतावस्थामा नै रहनुपर्ने दुःखद स्थिति आउन सक्दछ । त्यसैले कलियुगमा १२

[२३] **धर्मसिन्धु**, पृ .९४२ टि. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनमा नै सपिण्डी करण क्रिया गर्नु अनिर्वाय हुन्छ भनी शास्त्रप्रवर्तकले नै निश्चित गरेका छन् ।

पुन: उनीहरूले नै सत्य, त्रेता, द्वापार र कलियुगका मानिसको आयु क्रमशः क्षीण हुँदै जाने हुंदा र अगाडिका तीन युगका मानिसको आयु दीर्घरूपका र निश्चित हुने हुँदा वर्षदिन, ६ महिना र ४५ दिनका काल क्रमशः तिनै तीन युगका मानिसका निम्ति तोकिएका हुन्, कलियुगका मानिसका निम्ति होइनन् भनी स्पष्टताका साथ भनेका छन् । जुन भनाइ निम्नानुसार छ – **सपिण्डीकरणं द्वादशाहे कार्यम् ।**

(क) आनन्त्यात्कुलधर्माणां पुंसां चैवायुषःक्षयात् ।
अस्थिरत्वाच्च देहस्य द्वादशाहे प्रशस्यते ॥ इति व्याघ्रवचनम् ।
द्वादशाहे त्रिपक्षे वा षण्मासे वत्सरेऽपि वा ।
सपिण्डीकरणं प्रोक्तं मुनिभिस्तत्त्वदर्शिभिः ॥
मया तु प्रोच्यते तार्क्ष्य शास्त्रधर्मानुसारतः ।
चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् ॥
कर्मलोपात्प्रत्यवायी भवेत्तस्मात्सपिण्डनम् ।
ततः संवत्सरे पूर्णे त्रिपक्षे द्वादशाहे वा । **पारस्करगृह्यसूत्र** परिशिष्ट ५ ।

(ग) द्वादशाहे तदा कार्यं सपिण्डीकरणं पितुः । **पारस्करगृह्यसूत्र** परिशिष्ट ५, गदाधरभाष्य ।

(घ) एकादशाहं निर्वर्त्य सपिण्डीकरणं कुर्यात् । **पारस्करगृह्यसूत्र** परिशिष्ट ५, श्राद्धकाशिका,

(ङ) द्वादशाहे तदा कार्यं सपिण्डीकरणं सुतैः । इति **भविष्यपुराण**वचनम् ।

(च) द्वादशाहे सदा कार्यं सपिण्डीकरणं पितुरिति । **पारस्करगृह्यसूत्र** परिशिष्ट ५, श्राद्धकाशिका

(छ) आनन्त्यात्कुलधर्माणां पुंसां चैवायुषः क्षयात् ।
अस्थितेश्च शरीरस्य द्वादशाहः प्रशस्यत इति ॥ **पारस्करगृह्यसूत्र** परिशिष्ट ५, श्राद्धकाशिका

(ज) चतुर्णामेव वर्णानां द्वादशाहे सपिण्डनम् ॥ इति ॥ **पारस्करगृह्यसूत्र** परिशिष्ट ५, श्राद्धकाशिका

यीनै र यस्तै अन्य अनेक ठोस शास्त्रीय वचनका आधारमा नै वैदिक धर्मानुयायी उपनयनादि संस्कारद्वारा सुसंस्कृत द्विजातिहरुले १२ दिनमा सपिण्डी गर्ने गरेका हुन् । बाह्रौ दिनमा सपिण्डीश्राद्ध गरेपछि त्यसको भालिपल्ट अथात् १३ औ दिनमा उत्तरपाथेयश्राद्ध गर्नुपर्दछ ।[२४] *यस्तो शास्त्रसिद्ध परम्परा (चलन) हुँदा हुँदै १३ दिने क्रिया लम्बेतान भयो, समय सापेक्ष भएन, त्यसैले घटाएर ३ वा ५ दिनमा सक्नुपर्दछ भनी अहिले नेपालमा अनात्मवादी केही मानिसले आत्मवादी*

[२४] प्रेतः सपिण्डनादूर्ध्वं पितृलोकं स गच्छति । कुर्यात्तस्य तु पाथेयं द्वितीयेऽह्नि सपिण्डनात् ॥ ध.सि. सुधाटिप्पणी पृ १६० ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनसाधारणमा संशय पैदा गराइरहेका छन् भ्रम फैलाइरहेका छन् । उनीहरूको यो काम पितृप्रतिको उपेक्षाभाव दर्शाउने हो, निराधार हो, कपोलकल्पित हो, अनधिकारचेष्टा हो र सर्वथा शास्त्रप्रतिकूल हो ।

१.७ निष्कर्ष

परापूर्वदेखि चलिआएको १३ दिने सनातन काज क्रियालाई ३ वा ५ दिंनमा सक्नुपर्छ भनी भ्रम फैलाउनेहरूको चाहनाअनुसार पछाडि र अगाडि दुबै समयमा क्रिया छोट्याउन सकिने व्यवस्था पनि शास्त्रप्रतिपादित छ । जस्तै– विदेशको मरण भूकम्प, आगलागी, बाढी, पहिरो आदि विपत्तिका कारण यथासमयमा लाश जलाउन पाइएन, तर मृत्यु भएको १० दिनभित्र जलाउन पाइयो भने जुन दिन जलाइन्छ, त्यसै दिनबाट क्रिया सुरू गरेर मृत्यु भएको १३ दिनको दिन समाप्त गर्न सकिन्छ । नवौं दिनबाट सुरू गर्न पाइयो भने १३ दिनमा ५ दिन भइहाल्छ । यस्तो क्रियालाई लोकमा रही क्रिया भनिन्छ । यो भयो असाधारण स्थितिमा पछाडी छोट्याउन सकिने शास्त्रीय व्यवस्था । आपद विपद नपरेको सामान्य अवस्थामा त कर्म चलेका द्विजातिका स्त्री पुरूष सबैको मृत्यु भएकै दिन लाश जलाउनुपर्दछ र त्यसै दिनदेखि १३ दिनसम्म सरासर क्रिया गर्नु अनिवार्य हुन्छ । तर बाबु आमाको बाहेक (आफ्नो कर्तव्यभित्र नपर्ने) अन्य जनको क्रिया गर्नु पर्दा पछाडि छोट्याएर रही क्रिया गर्ने चलन पनि लोकमा चलेकै छ । आपत्कालमा त आपत्कालीन नियमअनुसार बाबु आमाको पनि रै क्रिया गर्न सकिन्छ, तापनि सपिण्डीकरण भने १२ दिनमा नै गर्नुपर्छ ।

अब आयो क्रियाका दिन अगाडी घटाउन सकिने शास्त्रीय व्यवस्था । जस्तै- तागाधारीका दुई बर्ष माथिका केटा एवं केटी जतिसुकै वर्षका भएपनि कर्म नचलेका (असंस्कृत) छन् भने अर्थात् केटाको व्रतबन्ध र केटिको व्रतबन्धस्थानीय विवाह भएको छैन भने तिनीहरूको मृत्यु भएमा ५ दिनमा क्रिया सक्ने व्यवंस्था शास्त्रकारले दिएका छन् ।[२५]

त्यही व्यवस्थाअनुसार लोकमा पाँच दिनमा क्रिया सक्ने चलन चलेको छ । पाँच दिनमा क्रिया समाप्त गर्दा पहिलो दिन ३, दोस्रो दिन ४ र तेस्रो दिन ३ गरी अलौकिक प्रेतदेह निर्माणको निम्ति १० पिण्ड दिनुपर्छ । ती पिण्ड स्थण्डिल, कुश र वैदिक मन्त्रोच्चारण विना केवल शुद्ध भूमिमा तीतेपाती आदि ग्राह्य पुष्प, पत्रादि माथि दिनुपर्ने हुन्छ । "अनादि निधनो देवः.." जस्ता पौराणिक मन्त्र भने उच्चारण गर्नुपर्ने हुन्छ । क्रियाकर्ता बाबु नै हुने हुंदा उसले शिरमा भुप्पो (सेतो कपडा) राख्नु पर्दैन, सेतो साधा कछाड लगाएर क्रिया गर्नुपर्ने हुन्छ । बाबु नभए, अधिकार प्राप्त अन्य कुनै व्यक्तिबाट पनि क्रिया चलाउनुपर्छ । प्रेततृप्तिका निम्ति

२५ **अन्त्यकर्मदीपक** पृ.६२ मा उल्लिखित ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिनुपर्ने ५५ अञ्जलीदान (उदकदान) र त्यत्ति नै संख्यामा तिलतोयपात्र दान पहिलो दिन ६, दोस्रो दिन २२ र तेस्रो दिन २७ गरी ३ दिनमा नै दिइसक्नुपर्छ **"त्रिरात्रं शावमाशौचम्"** भनेर **पारस्करगृह्यसूत्र** ३।१०।२९ ले २ वर्ष माथिका जतिसुकै वर्षका भए पनि केटा वा केटी यदि असंस्कृत छन् भने तिनीहरूको आशौच तीनरात मात्र लाग्दछ भनेर प्रष्ट पारेको हो । तिनीहरूको दशगात्र क्रिया अर्थात् दशपिण्डदान क्रिया, उदकदान र तिलतोयपात्रदान पनि ३ दिनमा नै सक्नुपर्ने भएकोले कर्म चलेकाको जस्तै मरणासन्न अवस्थामा गर्नुपर्ने दशदानादि र मरणपछि गर्नुपर्ने दाहसंस्कार चितापिण्ड दानादि सबै क्रिया गर्नुपर्छ । यसरी ३ दिनसम्म गरिएको मलिनषोडशी क्रियाबाट निर्मित अलौकिक प्रेतदेहमा मृत व्यक्तिको दुःख पाएर दिग्भ्रान्त एवं चिन्तित भई तड्पिइरहेको भड्किरहेको घुमिरहेको आत्माले प्रवेश गर्दछ र उसमा बस्ने, खाने, पिउने, लगाउने आदि सबै भोगको इच्छा जागृत हुन्छ । सो इच्छा परिपूर्तिका निम्ति चारौं दिनमा ऊ जीवित छँदा उसको जीवन निर्वाहका निम्ति बस्ने, खाने, पिउने, लगाउने, ओढ्ने, ओच्छ्याउने आदि के कस्ता बस्तुको आवश्यकता पर्दथ्यो ती सबै वस्तु आफ्नो गच्छे अनुसार दान गरिदिनु अनिवार्य हुन्छ । दान दिएका सबै पदार्थ मृतकको आत्माले प्रसन्नताका साथ उपभोग गर्न पाउँदछ र सन्तुष्ट पनि हुन्छ ।

कर्म नचलेको हुँदा सपिण्डीकरण क्रिया (पितृपंक्तिमा मिलाउने काम) चाँहि गर्न शास्त्रअनुसार मिल्दैन ।[२६] सपिण्डीस्थानीय एकोदिष्टश्राद्ध गरिदिनुपर्दछ । सपिण्डीकरण क्रिया गर्न नमिलेपछि मृतकको आत्मा पितृपंक्तिमा मिल्न पाउँदैन । अक्षय सुखशान्ति र अपार आन्दप्रद पितृहरूको पंक्तिमा मिल्न नपाएपछि उसले अत्यन्त कष्टदायक चक्रमा सततः घुमि नै रहनुपर्ने हुन्छ । त्यसैले द्विजातिका छोराको व्रतबन्ध र छोरीको व्रतबन्ध स्थानीय विवाह यथासमयमा गरिदिनु अनिवार्य हुन्छ भनी शास्त्रप्रवर्तक ऋषिमुनिहरूले स्पष्ट उद्घोष गरेका छन् र विकल्परहित अपरिवर्तनीय दृढ धारणा राखेका छन् ।

---

[२६] (क) प्रथमदिने त्रीन् पिण्डान्, षडञ्जलीन्, षट्पात्राणि च दद्यात् ।
द्वितीयदिने चतुरः पिण्डान्, द्वाविंशत्यञ्जलीन्, द्वाविंशति पात्राणि ।
तृतीयदिने पुनस्त्रीन् पिण्डान्,सप्तविंशत्यञ्जलीन्, सप्तविंशति पात्राणि च दद्यात् ।
प्रथमे दिवसे देयास्त्रयः पिण्डाः समाहितैः ।
द्वितीये चतुरोदद्यादस्थिसञ्चयनं तथा ॥
त्रींस्तुदद्यात्तृतीयेऽह्नि वस्त्रादिक्षालयेत्ततः ॥ **पारस्करगृहसूत्रम्,** ३।१० हरिहर भाष्यम् ॥
(ख) असंस्कृतानां भूमौ पिण्डं दद्यातं संस्कृतानां कुशेषु ।
पेतपिण्डं वहिर्दद्याद् दर्भमन्त्रविवर्जितम् ॥ **निर्णयसिन्धु,** पृ. ६८९ ।
(ग) ये मृता वाप्यसंस्कारास्तेभ्यो भूमौ प्रदीयते ॥ **सत्कर्मरत्नावलि,** भा.१.पृ.५०३ ।
(घ) अव्रते निधनं प्राप्ते विप्रादौ शूद्रजातिवत् ।
क्रियाः सर्वाः समुद्दिष्टाः सपिण्डीकरणं विंना ॥ **निर्णयसिन्धु,** पृ. ६९१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विज्ञप्ति

मिति २०७३ आश्विन ७

सनातन धर्म, संस्कृति र संस्कारका विषयमा विभिन्न व्यक्ति र संस्थाहरूबाट हाल भइरहेको अनर्गल प्रचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सनातन धर्म, संस्कृति र संस्कार कुनै व्यक्ति र समूहबाट प्रतिपादित र परिपालित विषय नभई अनादि कालदेखि अनवरत रूपमा चलिआएका विश्वकै सर्वप्राचीन मानवसभ्यताका अभिन्न अङ्ग हुन्। अपौरुषेय वेद तथा सूत्र, स्मृति, धर्मशास्त्र र पुराणेतिहासका साथै मन्त्रद्रष्टा त्रिकालदर्शी ऋषिमहर्षिहरूका तपोबलबाट निःसृत एवं अनुपालित सनातन धर्मका संस्कार, आचारविचार, व्यवहार र जीवनपद्धति कसैको लहड, रहर र विधर्मीहरूका आर्थिक लगानीबाट परिवर्तित हुने सम्पदा होइनन्। कुनै दलका सीमित भक्तहरूका प्रायोजित प्रवाद र प्रयासबाट यिनको परिवर्तन गर्न खोज्नु पनि घृष्टता मात्र हुनेछ।

सनातन संस्कार पूर्णतः शास्त्रसम्मत छन् भने समयसापेक्ष बनाउने व्यवस्था पनि शास्त्रमै देख्न सकिन्छ। उमेर, अवस्था र देशकाल परिस्थिति अनुसार संस्कार सम्पादन गर्न सकिने अनुमति शास्त्रले नै दिएको छ। लघुशौचको सामान्य नियममात्रको पनि पालना नगर्ने तर विधर्मीका निर्देशनको पूर्ण पालना गर्ने, हिन्दुधर्मका अनधिकृत व्यक्तिले सिङ्गो धर्मशास्त्रमै हस्तक्षेप गर्न खोज्नु धर्मप्रति अनास्था र शास्त्रप्रति अपमान मात्र नभई पितृ, आफू र आफ्ना सन्ततिलाई समेत जन्मजन्मान्तरसम्म नरक गमन गराउने घोर पापकर्म हो। धर्मसिन्धुको **"गुरोर्वचनमौषधम्"** जस्ता शास्त्रीय वचनबाट पनि संस्कारकर्तालाई आफ्नो अवस्थाअनुसार औषधी, हविष्य, फल, दुध, जल, पञ्चगव्य आदि सेवन गर्न सक्ने छुट दिएकै देखिन्छ। गीताको सोह्रौं अध्यायका तेइसौं र चौविसौं श्लोकलाई आधार मान्ने हो भने पनि सबै संस्कार शास्त्रीय विधिबाट नै सम्पादन गर्नुपर्ने स्पष्ट हुन्छ। सनातन धर्मको मर्म नै शास्त्रको विधान बुझेर गर्न हुने र नहुने व्यवस्थाको निर्धारण हो। अन्यत्र यस्तो व्यवस्था छैन।

अन्य धर्म र सम्प्रदायका संस्कारादि कर्मका विषयमा मौन रही **सनातन धर्म, संस्कार र संस्कृतिप्रति मात्र बारम्बार सीमित र निर्दिष्ट व्यक्तिहरूबाट प्रहार र असत्य प्रचार भइरहनु रहस्यमय छ** भन्ने तथ्य सबै धर्मप्रेमी नेपाली जनताले बुझ्नु आवश्यक छ। यस्ता भ्रामक, प्रायोजित र अशास्त्रीय प्रवादलाई प्रोत्साहित नगर्न र नेपाली जनताको जनमत तथा भावनाको समेत सम्मान गर्न राजनीतिक दलहरूलाई पनि हार्दिक अनुरोध गर्दछौं। दिन, महिना र वर्ष घटाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्ता नियोजित कार्यका पछि नलाग्न, कुनै पनि अशास्त्रीय कुतर्क र आधारहीन प्रचारमा विश्वास नगर्न र सनातन वैदिक परम्परा विरोधी यस प्रकारका विवाद तथा छलफलमा संलग्न नहुन समेत राष्ट्रप्रेमी, सनातन धर्मानुयायी सम्पूर्ण जनतामा अपिल गर्दछौं । साथै सनातन धर्म, संस्कार, संस्कृति र समयलाई समूल नाश गर्ने गुरुयोजना अनुरूप संस्कार सुधारको नाम र वेशमा सक्रिय र विधर्मीहरूबाट परिचालित व्यक्तिहरूलाई सर्वत्र बहिष्कार गरी स्वराष्ट्र, स्वधर्म तथा स्वसंस्कृति एवं स्वसंस्कारको संरक्षण गर्ने महाभियानमा सहभागी हुन पनि सबै नेपालीमा निवेदन गर्दछौं ।

नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ काठमाडौंका शास्त्रीय विषयका विभागाध्यक्षहरू

क्र.सं	नाम	विभाग	हस्ताक्षर
१.	प्रा.डा.देवमणि भट्टराई	धर्मशास्त्र	
२.	सहप्रा.लोकनाथ लम्साल	वेद	
३.	प्रा. भवानीप्रसाद खतिवडा	वेदान्त	
४.	प्रा.डा. ऋषिराम पौडेल	सिद्धान्त ए	
५.	प्रा. पद्मप्रसाद भट्टराई	प्राचीन तथा नव्य न्याय	
६.	सहप्रा. प्रमोदवर्द्धन कौण्डिन्न्यायन	मीमांसा एवं तन्त्र	
७.	प्रा.डा. भोजराज पन्त	व्याकरण	
८.	प्रा. रामहरि दाहाल	साहित्य	
९.	सहप्रा. हीरानन्द तिमल्सेना	इतिहासपुराण	
१०.	सहप्रा.डा. काशीनाथ न्यौपाने	बौद्धदर्शन	

(विदेश रहनुभएकोले मौखिक सहमति जनाउनुभएको)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संस्कृतविभागाध्यक्षाणां विज्ञप्तिः

२०७३।०६।१५तमे गोरखापत्रे प्रकाशिता

अस्यैव मासस्य सप्तमे दिनाङ्के नेपाल-संस्कृत-विश्वविद्यालयान्तर्गतस्य वाल्मीकिविद्यापीठस्य वेद-धर्मशास्त्र-वेदान्त-ज्योतिष-न्याय-मीमांसा-व्याकरण-साहित्य- पुराणेतिहास-बौद्धदर्शनविभागाना मध्यक्षैरेकां संयुक्तविज्ञप्तिं प्रकाश्य सांम्प्रतं राष्ट्रे सनातन-धर्म-संस्कृति-संस्काराणां विरुद्धे विधीयमानानां दुष्प्रचाराणां विरोधः कृतो वर्तते । विज्ञप्त्यामुल्लिखितमस्ति-"सनातन-धर्म-संस्कृति-संस्काराणां विषये साम्प्रतं विविधव्यक्तिसंस्थाभिर्विधीयमानाननर्गलप्रचारान् प्रत्यस्माकं गभीरध्यानाकर्षणं जातमस्ति । सनातन-धर्म-संस्कृति संस्काराः केनापि व्यक्तिविशेषेण, समूहविशेषमात्रेण वा प्रतिपादिताः परिपालिताश्च विषया न सन्ति, परमनादिकालत अविच्छिन्नरूपेण सर्वैः परिपाल्यमाना विश्वस्यैव सर्वप्राचीन-मानवसभ्यताया अभिन्नाङ्गसम्पदः सन्ति । अपि चाऽपौरुषेयवेद-सूत्र-स्मृति-धर्मशास्त्र-पुराणेतिहासाः, मन्त्रद्रष्टॄणां त्रिकालदर्शिनामृषिमहर्षिणां तपोबलनिःसृता अनुपालिताश्च सनातनधर्मस्य संस्काराऽऽचारविचार-व्यवहार-जीवनपद्धतयो व्यक्तिविशेषस्य समूहस्य वा निहितस्वार्थेन विधर्मिणामार्थिकनिवेशेन च परिवर्तनीया विषया नैव सन्ति । दलविशेषाणां सीमितभक्तानां प्रायोजितप्रवादप्रयत्नाभ्यामस्माकं सनातनधर्मसंस्कारसम्पदां परिर्वतनप्रयत्नाः केवलं निहितधृष्टतामात्रं भविष्यतीत्यस्माकं द्रढीयान् विश्वासः ।"

विज्ञप्त्यां विभागाध्यक्षाः स्पष्टीकुर्वन्ति-"सनातनधर्मसंस्काराः पूर्णतः शास्त्रसम्मताः सन्ति, अपि च तेषां सामयिकीकरणव्यवस्था च शास्त्रेषु एव उपलभ्यते । वयोदेशकालपरिस्थित्यनुरूपं संस्कारसम्पादनानामनुमतिश्च शास्त्रैरेव प्रशस्तीकृता वर्तते । सनातनधर्मसंस्कृत्योर्लघुशौचमात्रमपि अपरिपालयद्भिः परं विधर्मिणां निर्देशनं पूर्णरूपेण परिपालयद्द्भिर्हिन्दुधर्मस्य अनधिकृतजनैः साम्प्रतं समग्रधर्मशास्त्रेषु विधीयमानो हस्तक्षेपो धर्मं प्रति अनास्था वा शास्त्रं प्रति अपमानमात्रं नास्ति, अपि तु जन्मजन्मान्तरं यावत् समस्तपितृणाम्, स्वस्य, सन्ततीनाञ्च नरकगमनाय विहितं भीषणं पापकर्म अस्ति। धर्मसिन्धोर्**गुरोर्वचनमौषधम्**-इत्यादिशास्त्रीयवचनैश्च संस्कारानुष्ठानकर्तृभ्यः स्वस्यावस्थानुरूपौषधि-हविष्य-फल-दुग्ध-जल-पञ्चगव्यादिसेवनव्यवस्था सुस्पष्टं विहिता वर्तते । विश्वजनसम्मानिताया गीतायाः षोडशाध्यायस्य २३-२४श्लोकौ च सर्वे संस्काराः शास्त्रीयविधिनैव विधेया इति स्पष्टीकुरुतः । शास्त्रविधानं सुविज्ञाय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृत्याकृत्यव्यवस्थाया निर्धारणमेव सनातनधर्मस्य मर्म अस्ति। एतादृशी वैज्ञानिकी व्यवस्था विश्वस्मिन् विश्वे धर्मान्तरेषु न कुत्रापि दृग्गोचरीकर्तुं पार्यते।'

अन्यधर्मसम्प्रदायानां संस्कारादिकर्मसु मौनं साधयित्वा सनातनधर्मसंस्कृतिसंस्कारान् प्रत्येव वारं वारं सीमिताभिर्निर्दिष्टव्यक्तिभिर्विधीयमानः प्रहारः, असत्प्रचारश्च रहस्यमयमस्तीति सर्वैर्धर्मप्रियैर्नेपालिभिः सम्यग् विज्ञेयमित्याह्वानं कुर्वद्भिर्विभागाध्यक्षैर्विज्ञप्त्यामेवंविधान् भ्रामकान् प्रायोजितान्, अशास्त्रीयांश्च प्रवादानपाकर्तुं, नेपालिजनताया मतभावनयोः सम्मानं विधातुञ्च सर्वाणि राजनीतिकदलान्यनुरुद्धानि सन्ति। एवमेव विज्ञप्त्यां प्राध्यापकैर्दिन-मास-वर्षन्यूनीकरणादि-नियोजित-कियाकलापेष्वसंलग्नतायै, अशास्त्रीयकुतर्कान्, आधारहीन-प्रचारांश्च नैव विश्वसितुं, निहितस्वार्थप्रेरितेषु सनातन-वैदिक-धर्मपरम्पराविरोधि-विवाद-संवादेष्वसहभागितायै च राष्ट्रप्रेमिणः सनातनवैदिकधर्मानुयायिनो नेपालिन अनुरुद्धाः सन्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विज्ञप्ति

मिति २०७१ ज्येष्ठ ३१ गतेको अन्नपूर्णपोष्ट राष्टिय दैनिक पत्रिकाको पृष्ठ ७ मा प्रकाशित प्राडा तारानाथ शर्माको अन्त्येष्टिसंस्कार सम्बन्धी विषयवस्तुप्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

उक्त पत्रिकामा काजक्रियाको अवधि घटाउने र सोहीअनुसार त्यसकार्यका लागि दिँदै आएको सरकारी बिदा पनि घटाउनुपर्ने विषयसमेत उठाइएको छ, तर वैदिक सनातन हिन्दु धर्मशास्त्रको मान्यताअनुसार १३ दिने काजक्रियाको अवधि घटाउन सकिने शास्त्रीयआधार कतै छैन र पाइँदैन । अतः काजक्रियाको अवधि र त्यसकार्यका लागि दिँदै आएको सरकारी बिदा पनि घटाउने चलाउने विषय सान्दर्भिक छैन र हुँदैन ।

व्यक्तिगतरूपमा घटेका कुनै घटनालाई आधार बनाएर समग्र ब्राह्मण जातिलाई नै लाञ्छना लाग्नेगरी अमर्यादित एवं आपत्तिजनक भाषाशैलीमा प्रकाशित उक्त लेख र लेखको विषयवस्तुप्रति घोर असहमति र खेद व्यक्त गर्दछौँ ।

यस विषयमा वेद, मीमांसा, धर्मशास्त्र, इतिहासपुराण आदिको आधिकारिक र शास्त्रीय प्रमाणहरूको अवलोकन गरी सम्बन्धित विषयमा केन्द्रित रहेर विचारविमर्श हुँदा वैदिक धर्मशास्त्र परम्पराका अनुयायीहरूले अन्त्येष्टि संस्कार निम्नानुसार नै गर्नुपर्ने हुन्छ ।

१) वैदिक धर्मशास्त्रको अन्त्येष्टिसंस्कारसम्बन्धी विधान विधायक मूलआधार **मनुस्मृति, पारस्करगृह्यसूत्र, याज्ञवल्क्यस्मृति** आदि ग्रन्थहरूमा आशौचअवधि र काजक्रिया गर्ने अवधि किटानसाथ तोकिएकाले त्यसमा थपघट गर्न मिल्दैन ।

२) दशगात्रको विधानअनुसार प्रेतात्माको सूक्ष्मशरीर निर्माण हुन र त्यसमा भोक्तृत्वको क्षमता दश दिनमा नै पूर्ण हुने हुँदा उक्त समयलाई थपघट गर्न न मिल्ने कुरा स्पष्ट हुन्छ ।

३) दश दिनको आशौच तथा काजक्रिया पूरा गरेपछिमात्र एकादशाहको कृत्य गर्ने अधिकार प्राप्त हुने भएकाले एघारौँ दिनमा नै एकादशाहको कृत्य सम्पादन गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ ।

४) एकादशाहको कृत्य पूरा गरेपछिमात्र बाह्रौं दिनको कृत्य सपिण्डीकरणश्राद्ध गर्ने अधिकार हुन्छ । त्यसपछि १३औं दिनमा उत्तरपाथेयश्राद्ध र शुद्धशान्ति गर्ने व्यवस्था स्पष्टताका साथ उल्लिखित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५) असँस्कृत, अविवाहित, कालातीत, पर्णशरदाह जस्तालाई मात्र विशेष विधान गरिएका ३ दिने आशौच एवं काजक्रिया अवधि नै सबैका लागि हुनुपर्छ, यही नै शास्त्रीय सिद्धान्त बनाउनुपर्छ भनी प्रचार गर्नु नितान्त गलत हो ।

अतः यसप्रकारका भ्रामक एवं अशास्त्रीय कुराका पछि नलाग्न र आफ्नो अनादि शास्त्रीय परम्परा, रीतिस्थितिलाई यथावत् पालना गर्न गराउन समेत सचेत गराइन्छ । आफ्नो परम्परित १३ दिने काजक्रियाको शास्त्रसम्मत परम्परालाई स्वयं परिपालन गरी अरुलाई पनि सोहीअनुसार गर्न गराउन टोल, छिमेक, स्वदेश विदेश सबैतिरका आफन्त जनलाई यथार्थ बोध गराउन समेत अनुरोध गरिएको छ ।

आफ्नों शास्त्रीय परम्पराविरुद्धका भ्रामक पुस्तक, पत्रपत्रिका आदिबाट सजग रहनसमेत सबै वैदिक सनातन धर्मावलम्बी महानुभावहरूमा हार्दिक अपिल छ ।

कार्यक्रम संयोजक - देवेन्द्र लम्साल

अध्यक्ष तथा संस्या- नेपाल पुरोहितसंघ नेपालद्वारा
२०७१ ज्येष्ठ ३१ गते प्रकाशित विज्ञप्ति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिति २०७३ पौष १५

अध्यक्षज्यू !
संस्कार सुधार समाज नेपाल,
पाँचदिने अन्त्यपद्धति २०७३,

विषय : खण्डन गरिएको ।

उपर्युक्त सम्बन्धमा संस्कार सुधार समाज नेपालद्वारा प्रकाशित **पाँचदिने अन्त्यपद्धति** २०७३, नामक पुस्तकमा मेरो नाममा .... **शुभकामना'** शीर्षक दिएर मेरो मन्तव्य भनी प्रकाशित गरेकोमा मेरो घोर **आपत्ति** छ । मसँग कुनै रायसल्लाह नै नलिई मेरो रायविरुद्ध काम गरेकोमा यसका लेखक, प्रकाशक संस्था र सम्बद्ध व्यक्तिहरूप्रति **घोर खेद** व्यक्त गर्दछु ।

उक्त पुस्तकमा प्रकाशित सामग्रीप्रति मेरो कुनै प्रकारको सहमति र सम्मति छैन । मेरो विमति रहेको विषयलाई झुक्याएर प्रकाशित गरिएको हो । अतः म यसको **खण्डन** गर्दछु । मेरो सहमति नै नरहेको विषयमा मेरो तस्वीर एवं नाम र हस्ताक्षरको समेत दुरूपयोग गरेकोमा सम्बद्ध संस्था र व्यक्तिहरूप्रति मेरो **मानहानि** गरेको ठहर गर्दछु । वैदिक सनातन हिन्दुधर्मावलम्बी सबै महानुभावहरूमा यसबाट पर्न गएको **भ्रम** पनि यसै पत्रमार्फत निवारण गर्न चाहन्छु । साथै १३ दिने काज़क्रिया सिद्ध विषय हुँदाहुँदै ५ दिनमा काजक्रिया सक्नुपर्दछ भन्नु सर्वथा अनुचित हो भन्ने मेरो शास्त्रीय बुझाइ रहेको कुरा पनि म विद्वज्जन समक्ष स्पष्ट पार्न चाहन्छु ।

अन्त्यमा, मेरो विरुद्धमा गरिएको यस प्रकारको क्रियाकलाप र मेरो बदनाम हुनेगरी गरिएको यो गल्ती तुरुन्त सच्याउनका लागि सम्बद्ध संस्था र व्यक्तिहरूमा सार्वजनिक अपिल गर्दछु ।

आचार्य पूर्णचन्द्र ढुङ्गेल
२०७३।९।१५

आचार्य पूर्णचन्द्र उपाध्याय ढुङ्गेल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबै प्रमाणहरूको संक्षिप्त रूप

अस्मिन् स्वल्पकायेऽप्यास्माकादर्श-महापुरुषर्षि-महर्षि-ब्रह्मर्षि-मनीषिपरम्परानुकूलाऽन्त्येष्टि- संस्कार-सम्बद्धे बृहत्प्रमाणसङ्ग्रहग्रन्थे वहूनां राष्ट्रियविदूषां सचेतस्कत्वेन विरचारेण परिस्कृतानि प्रमाणानि प्राप्तानि । एतैः प्रमाणैर्मानान्तरग्राहिणः पञ्चदिनान्त्यपद्धतिपक्षपातिनः सर्वथा परास्ता भवन्तीति परमानन्दस्य विषयः ।

आचार्यः पूर्णचन्द्रः ढुङ्गेलः, षट्शास्त्राचार्यः, विद्यावाचस्पतिः,
पूर्वोपकुलपतिः, नेपालसंस्कृतविश्वविद्यालयस्य,

'**त्रिरात्रम् शावमाशौचं दशरात्रमित्येके**' भन्ने भनाइलाई पूर्वापर विचार गर्दा नित्य अग्निहोत्री र नित्य वेदाध्यायीहरूका निम्ति सो नित्यकर्म गर्नका लागि मात्र ३ दिन आशौच हुनछ भनिएको हो, किन्तु सबैले ३ दिने क्रियाविधि गर्न खोज्नु नितान्त अप्रामाणिक र दुश्चेष्टा हो । यसको कसैले पनि अनुकरण एवं अनुसरण गर्नुहुँदैन । आफ्नो कर्तव्याकर्तव्यको निर्णय गर्न शास्त्रवचन र सदाचार दुबैलाई हेर्नुपर्छ ।

श्री श्री श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती,
अध्यक्ष- सन्त समाज नेपाल,

परमाणु केन्द्रमा ३ वर्षसम्म कार्यरत एक वैज्ञानिकको भनाइ- "शरीर सञ्चालक हुन्छ एक प्रकारको ऊर्जा, त्यो रहेसम्म शरीरमा कार्यक्षमता रहन्छ, त्यसले छोडेपछि मरेको भनिन्छ । त्यो ऊर्जा १२, १३ दिनसम्म संक्रामक बनेर घुमिरहन्छ । त्यसै कारणले सनातन हिन्दुसमाजले कसैको मृत्युपछि त्यस संक्रामक ऊर्जाबाट बच्नका लागि अन्त्येष्टि क्रियाका लागि १३ दिनको व्यवस्था बनाएको हो ।" त्यसकारण कसैको मृत्युपछिका १३ दिनसम्म गरिने कर्म नै शिष्टाचारसम्मत शास्त्रीय यथार्थ पद्धति हो, वैदिक सनातन धर्मको मान्यता हो । यसमा अन्यथा गर्न खोज्नु सनातन धर्मविरोधी कृत्य हो । वेला वेलामा आइरहने यस्ता भ्रामक कुप्रचारबाट बचेर आफ्नो परम्परामा चलिआएको १० दिने जननाशौच र १३ दिने शास्त्रीय काजक्रियाको व्यवस्थामा निरन्तर रहिरहनु हामी सबैको कर्तव्य हो ।

देवराज आचार्य,
अध्यक्ष- श्रीवैष्णव परिषद्, नेपाल

आफूलाई हिन्दू मान्दछौं भने हाम्रो कर्तव्यनिर्देशक संविधान **वेद** र धर्मशास्त्र हुन् । ती शास्त्रहरूको विपरीत आचरण गर्ने हो भने हामीले किन आफूलाई हिन्दू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मान्ने ? जहाँ सजिलो लाग्छ, त्यहीं गए भयो । जहाँ मनपरी गर्न पाइन्छ, त्यही संस्थामा आफूलाई आबद्ध गराए भयो, तर सबैलाई ५ दिन मात्र क्रिया गर्दा हुन्छ भन्ने यस्ता अनर्गल प्रचार गरेर सनातन धर्म, सनातन हिन्दूसमाज, सनातन संस्कारमा दखल दिने अधिकार कसैलाई पनि छैन । मृताशौचमा तेह्रदिनसम्म गर्नुपर्ने अन्त्येष्टिकर्मलाई एउटा प्रसङ्गको अर्थ र तात्पर्यलाई अर्को प्रसङ्ग जोडेर पाँचदिनमा सम्पन्न गर्न चाहनु तदनुकूलका सम्पूर्ण पद्धति नै तयार गर्नु सरासर वैदिक सनातन धर्ममाथिको आक्रमण हो र यो घोर सामाजिक अपराध हो ।

-प्रा. डा. वेणीमाधव ढकाल,
निर्णयसिन्धु आदि थुप्रै बृहत्काय ग्रन्थका अनुवादक एवं सम्पादक

केही क्रीतदासहरू १३ दिनमा सम्पन्न गर्नुपर्ने अन्त्येष्टि क्रियालाई ७ दिनमा या ५ दिनमै पूरा गर्ने खोक्रो, अव्यावहारिक, अशास्त्रीय र अत्यन्तै निन्दनीय विचार लिएर कतिपय व्यक्तिहरू सनातनीहरूलाई भड्काउने कुविचारले प्रेरित भएर अगाडि आएका छन् । यस अवस्थामा वैदिक सनातन धर्मका पक्षधरहरू सावधान भई आफ्नो संस्कार र उपासना पद्धतिमा खडा रहनुपर्दछ । तिनका भ्रमपूर्ण, द्वेषपूर्ण र अन्यायपूर्ण अवधारणाका पछि लाग्नुहुँदैन ।

-प्रा.डा. माधव भट्टराई,
अध्यक्ष- राष्ट्रिय धर्मसभा, नेपाल

१३ दिने काजकिरियाको शास्त्रसिद्ध विधिलाई सामान्य व्यक्तिले पनि छाड्न सक्दैन भने बुझ्नेसुझ्नेको यत्रो ठूलो सनातन हिन्दु समाजले अशास्त्रीय ५ दिने विधिहीनतालाई स्वीकार्ने कुरै होइन । यसबाट इहलोक परलोक सबै बिग्रन्छ । गरेका कार्य परिश्रमका साथै खर्च भएको आर्थिकस्रोत समेत बेकार हुनजान्छ । पितृऋण चुक्ता हुँदैन । मृतकलाई प्रेतत्वबाट मुक्त गर्न समेत सकिँदैन । अतः १३ दिने काजकिरिया शास्त्रसम्मत भएकोले ठीक भनेको हो । ...क्रियाकर्म गर्दा के हुन्छ ? नगर्दा के हुन्छ ? ५ दिन किन गर्नुपर्ने हो ? किन १३ दिन गर्नुपर्ने हो ? यस्ता शास्त्रका कुरा केही नजानेका नबुझ्नेका अबोध सर्वसाधारण जनतालाई भ्रमजालमा पारेर ५ दिने क्रिया गराएर ठगी गर्ने ठग एवं कर्तव्यच्युत पुरेतहरूलाई परमात्माको पूर्णअंश, नित्य, सत्य, शाश्वत, मृतकको आत्मा (जीवात्मा) ले नै अत्यन्त कठोर दण्ड प्रदान गर्ने कुरा निश्चित छ ।

-प्रा.डा. रामचन्द्र गौतम,
अध्यक्ष- नेपाल पञ्चाङ्ग निर्णायक समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

याज्ञवल्क्यस्मृति माध्यन्दिनीय शाखाका लागि विशेष ग्राह्य हो । त्यसले स्पष्टतः **एकवर्ष आशौच र एकादश दिनमा आद्यश्राद्धको विधान गरेको छ ।** याज्ञवल्क्य त गृह्यसूत्रकार पारस्करका पितासमेत हुन् र याज्ञवल्क्यस्मृति त गृह्यसूत्रभन्दा पूर्ववर्ती स्मृति हो ।

-प्रा.डा. दीर्घराज घिमिरे,
संयोजक- पञ्चाङ्ग निर्माण समिति -नेपाल संस्कृत विश्वविद्यालय

तोकिएकै दिनसम्म आशौच बारी बाह्रौं दिनमा नै सपिण्डीश्राद्ध गर्नु गराउनुपर्दछ । जननाशौच मरणाशौच दुबै १० रात्रि नै लाग्ने शास्त्रनिर्णय भएकाले आमा बाबुबाहेक अरुलाई सूतक लाग्दैन भन्दै प्रायश्चित्तको भागी बन्नु तथा ३, ५ दिनमा नै मृताशौच सकिन्छ भन्नु आफु र आफ्ना पितृहरूलाई समेत नरक वास गराउने कार्य हो ।

-प्रा.डा. ऋषिराम पोखरेल,
पूर्व विभागाध्यक्ष- वेद वेदाङ्ग विभाग वाल्मीकि विद्यापीठ

आशौच अवस्थामा कुनै धार्मिक कृत्य गर्न नहुने, गरेमा इष्टको बदला अनिष्टै अनिष्ट हुन्छ भनेर शास्त्रले उद्घोष गरेको छ । यस स्थितिमा चारदिनमा गरिएको षोडशी र पाँचै दिनमा गरिएको सपिण्डीले इष्टफल दिन्छ कि अनिष्टफल दिन्छ ? यसबाट बाहिर माया देखाएर गर्न नहुने काम गराई सत्यको नाश गर्न ढाँटी छलिरहेकाहरूबाट वैदिक सनातन धर्म जोगाउन लागेको देखिन्छ कि सिध्याउन लागेको देखिन्छ ? स्पष्ट हुन्छ ।

-सहप्रा. पुरुषोत्तम भट्टराई,
पूर्व शिक्षाध्यक्ष नेपाल संस्कृत विश्वविद्यालय

पाँच दिने अन्त्यपद्धतिअनुसार कर्म गर्ने गराउने व्यक्तिहरूले आफूले गरेका कर्मको पाप पखाल्न प्रायश्चित्त नगरी हुँदैन । प्रायश्चित्त नगरे त्यो गरे गराए वापतको दुष्परिणाम अवश्य भोग्नु पर्दछ भन्ने जानी यसमा ढिलाइ गर्नुहुँदैन, अन्यथा उनीहरूको व्यक्तिगत जीवनमा तथा कुलमा समेत अनिष्ट आइपर्ने निश्चित छ । किनभने ५ दिने अन्त्यपद्धतिकारको निष्कर्ष पारस्करकै मतमा कुनै हालतमा पनि सिद्ध गर्न सकिँदैन ।

- प्रा.डा. साम्बराज आचार्य,
पूर्व विभागाध्यक्ष ज्योतिष- वाल्मीकि विद्यापीठ तथा
सदस्य-नेपाल पञ्चाङ्ग निर्णायक समिति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेद धर्मशास्त्रादिमा कहीँ पनि ५ दिने, ३ दिने, १ दिने अन्त्येष्टिको संकेत छैन । १ दिन, ३ दिन, ५ दिनमा शुद्ध हुने कर्महरू केवल संस्कारहीन भै मृत्यु प्राप्त भएका व्यक्तिहरूको लागि मात्र हो । यज्ञोपवीत विवाहादि संस्कार भएर मृत्यु प्राप्त भएका व्यक्तिहरूको विषय कदापि होइन । अर्थात् असंस्कृतहरूका लागि मात्र हो ।

-प्रा.डा. उमाकान्त शर्मा पौड्याल,
श्रीगोरक्षनाथ संस्कृत विद्यापीठ गोरखपुरबाट सेवानिवृत्त

निश्चित दिनमा गर्नैपर्ने कृत्यहरूलाई कर्ताको सामर्थ्यलाई ध्यान दिई दिन संकोच नगरी कर्ताका नियत नियमहरूलाई खुकुलो पारेको देखिन्छ । कर्ताको नियमभन्दा कर्तव्य कृत्यले बढी महत्त्व राख्ने हुँदा धर्मशास्त्रले इहलोक र परलोकमा बाधा नपर्ने गरी कर्ताका नियम पालनमा अशक्त अवस्थामा मात्र तत्कर्मका लागि छुट दिएको देखिन्छ । शुभ मुहूर्त, ऐहिक एवं पारलौकिक धर्महानि, विषयमा गरेको कर्मको फलविपरीत हुनेजस्ता विषयमा धर्मशास्त्रले सचेत भई कतै विधिवाक्यबाट त कतै निषेधं वाक्यबाट सन्मार्गमा हिँड्न प्रेरित गरेको देखिन्छ ।

-प्रा.डा. देवमणि भट्टराई,
धर्मशास्त्र विभागाध्यक्ष वाल्मीकि विद्यापीठ

जसले आफ्नो मनको मर्जीबमोजिम पाइला चाल्छन्, वा मनपरि व्यवहार गर्छन् ती वानर हुन् । जसले शास्त्रबमोजिम व्यवहार गर्छन् ती मानिस हुन् । शास्त्रले हामीलाई स्वस्व वर्णाश्रममा व्यक्त कर्मको पालन गर्ने आदेश दिन्छ । शास्त्रोक्त वा वेदविहित कर्मबाटै धर्म हुन्छ ।

-डा. गुरूप्रसाद सुवेदी,
प्राचार्य- महेश संस्कृत गुरुकुलम्, देवघाट

हाम्रा संस्कार हामीले हाम्रा पूर्खाबाट प्राप्त गरेका अमूल्य निधि हुन् । जडसूत्रवादी एवं कथित क्रान्तिकारीहरूले धर्मको मूल मर्म विपरीत भ्रम सिर्जना गर्ने धृष्टता गरेका छन् । तिनीहरू सनातन धर्मका शत्रु हुन् । तिनीहरूबाट सिर्जित भ्रममा नपरी आआफ्नो कुल परम्परा अनुसारका संस्कारहरू गर्दै जानु बुद्धिमानी हुनेछ । यही वैदिक सनातन धर्मको सच्चा मर्म हो ।

-डा. लालमणि पाण्डेय,
कानुन एवं धर्मशास्त्री

कर्म नचलेकाहरूको संस्कारको विषयलाई लिएर कर्म चलेकाहरूसँग समान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन संख्या हो भन्नु शास्त्राध्ययनको कमी हो र सनातन धर्म नमान्नेको वा मास्न खोज्नेको निर्देशित कार्य हो । शास्त्रको सामान्य ज्ञान भएकाहरूले यस्तो कार्यको कल्पनासम्म गर्दैनन् कि- पाँच दिनमा काज-क्रिया सकिन्छ भनेर ।

-डा.लोकराज पौडेल,

अध्यक्ष- विश्व ज्योतिष महासंघ

धर्मको निर्णय दिने ऋषिमुनि महर्षिले हो । आर्षवचनको व्याख्या गर्ने ऋषि मर्यादामा रहेका तपस्वी कर्मनिष्ठ विद्वान् व्यक्तिले हो । विद्वत् परिषद्ले हो । हाम्रो धर्म, परम्परा र मर्यादाको ज्ञान नभएका, धार्मिक निष्ठामा नरहेका, सदाचार शून्य व्यक्तिले धार्मिक निर्णय दिनु र कर्मकाण्डका अशुद्ध पुस्तक छपाउनु र त्यसको अनुसरण गर्नु यी सबै कार्य मूर्खतामात्र हो ।

-पण्डित वेदमणि रेग्मी,

अध्यक्ष- पुरोहित समाज, चितवन, नेपाल

अपौरुषेय वेद तथा सूत्र, स्मृति, धर्मशास्त्र र पुराणेतिहासका साथै मन्त्रद्रष्टा त्रिकालदर्शी ऋषिमहर्षिहरूका तपोबलबाट निःसृत एवं अनुपालित सनातन धर्मका संस्कार, आचारविचार, व्यवहार र जीवन पद्धति कसैको लहड, रहर र विधर्मीहरूका आर्थिक लगानीबाट परिवर्तित हुने सम्पदा होइनन् । कुनै दलका सीमित भक्तहरूका प्रायोजित प्रवाद र प्रयासबाट यिनको परिवर्तन गर्न खोज्नु पनि घृष्टता मात्र हुनेछ ।

वाल्मीकि विद्यापीठको विज्ञप्ति

२०७३।०६।०९

वैदिक धर्मशास्त्रको अन्त्येष्टिसंस्कारसम्बन्धी विधान विधायक मूलआधार **मनुस्मृति, पारस्करगृह्यसूत्र, याज्ञवल्क्यस्मृति** आदि ग्रन्थहरूमा आशौचअवधि र काजक्रिया गर्ने अवधि किटानसाथ तोकिएकाले त्यसमा थपघट गर्न मिल्दैन । असंस्कृत, अविवाहित, कालातीत, पर्णशरदाह जस्तालाई मात्र विशेष विधान गरिएका ५ दिने आशौच एवं काजक्रिया अवधि नै सबैका लागि हुनुपर्छ, यही नै शास्त्रीय सिद्धान्त बनाउनुपर्छ भनी प्रचार गर्नु नितान्त गलत हो ।

कार्यक्रम संयोजक संस्था- नेपाल पुरोहित संघ नेपालको विज्ञप्ति

२०७१।०२।३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमाणहरूको संक्षिप्त प्रतिनिधि रुप

अस्मिन् स्वल्पकायेऽप्यास्माकादर्श-महापुरुषर्षि-महर्षि-ब्रह्मर्षि-मनीषिपरम्परानुकूलाऽऽन्त्येष्टि-संस्कार-सम्बद्धे बृहत्प्रमाणसङ्ग्रहग्रन्थे बहूनां राष्ट्रियविदूषां सचेतस्कत्वेन विचारेण परिस्कृतानि प्रमाणानि प्राप्तानि । एतैः प्रमाणैर्मानान्तरग्राहिणः पञ्चदिनान्त्यपद्धतिपक्षपातिनः सर्वथा परास्ता भवन्तीति परमानन्दस्य विषयः ।

आचार्यः पूर्णचन्द्रः ढुङ्गेलः, षट्शास्त्राचार्यः, विद्यावाचस्पतिः,
पूर्वोपकुलपतिः, नेपालसंस्कृतविश्वविद्यालयस्य,

'त्रिरात्रम् शावमाशौचं दशरात्रमित्येके' भन्ने भनाइलाई पूर्वापर विचार गर्दा अग्निहोत्री र वेदपाठीलाई आशौच वार्न दिएको सहुलियतको अनर्थ लगाएर सबैलाई ३ दिने क्रियाविधि गर्न खोज्नु नितान्त अप्रामाणिक र दुश्चेष्टा हो । यसको कसैले पनि अनुकरण एवं अनुसरण गर्नुहुँदैन । आफ्नो कर्तव्याकर्तव्यको निर्णय गर्न शास्त्रवचन र सदाचार दुबैलाई हेर्नुपर्छ ।

अध्यक्ष- सन्त समाज नेपाल -श्री श्री श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती,

परमाणु केन्द्रमा ३ वर्षसम्म कार्यरत एक वैज्ञानिकको भनाइ "शरीर सञ्चालक हुन्छ एक प्रकारको ऊर्जा, त्यो रहेसम्म शरीरमा कार्यक्षमता रहन्छ, त्यसले छोडेपछि मरेको भनिन्छ । त्यो ऊर्जा १२, १३ दिनसम्म संक्रामक बनेर घुमिरहन्छ । त्यसै कारणले सनातन हिन्दुसमाजले कसैको मृत्युपछि त्यस संक्रामक ऊर्जाबाट बच्नका लागि अन्त्येष्टि क्रियाका लागि १३ दिनको व्यवस्था बनाएको हो ।" त्यसकारण कसैको मृत्युपछिका १३ दिनसम्म गरिने कर्म नै शिष्टाचारसम्मत शास्त्रीय यथार्थ पद्धति हो, वैदिक सनातन धर्मको मान्यता हो । यसमा अन्यथा गर्न खोज्नु सनातन धर्मविरोधी कृत्य हो ।

अध्यक्ष- श्रीवैष्णव परिषद्, नेपाल -देवराज आचार्य,

१३ दिने काजक्रियाको शास्त्रसिद्धविधिलाई सामान्य व्यक्तिले पनि छाड्न सक्दैन भने बुझेसुझेको यत्रो ठूलो सनातन हिन्दु समाजले अशास्त्रीय ५ दिने विधिहीनतालाई स्वीकार्ने कुरै होइन ।

अध्यक्ष- नेपाल पञ्चाङ्ग निर्णायक समिति- प्रा.डा. रामचन्द्र गौतम,

याज्ञवल्क्यस्मृति माध्यन्दिनीय शाखाका लागि विशेष ग्राह्य हो । त्यसले स्पष्टतः **एकवर्ष आशौच र एकादश दिनमा आद्यश्राद्धको विधान गरेको छ** । याज्ञवल्क्य त गृह्यसूत्रकार पारस्करका पितासमेत हुन् र याज्ञवल्क्यस्मृति त गृह्यसूत्रभन्दा पूर्ववर्ती स्मृति हो ।

-प्रा.डा. दीर्घराज घिमिरे
संयोजक- पञ्चाङ्ग निर्माण समिति -नेपाल संस्कृत विश्वविद्यालय,

सबैलाई ५ दिन मात्र क्रिया गर्दा हुन्छ भन्ने यस्ता अनर्गल प्रचार गरेर सनातन धर्म, सनातन हिन्दूसमाज, सनातन संस्कारमा दखल दिने अधिकार कसैलाई पनि छैन । मृताशौचमा तेह्रदिनसम्म गर्नुपर्ने अन्त्येष्टिकर्मलाई एउटा प्रसङ्गको अर्थ र तात्पर्यलाई अर्को प्रसङ्ग जोडेर पाँचदिनमा सम्पन्न गर्न चाहनु तदनुकूलका सम्पूर्ण पद्धति नै तयार गर्नु सरासर वैदिक सनातन धर्ममाथिको आक्रमण हो र यो घोर सामाजिक अपराध हो ।

अध्यक्ष- ने.सं.वि. सेवा आयोग- प्रा. डा. वेणीमाधव ढकाल,

१३ दिनमा सम्पन्न गर्नुपर्ने अन्त्येष्टि क्रियालाई केही क्रीतदासहरू ७ दिनमा या ५ दिनमै पूरा गर्ने खोक्रो, अव्यावहारिक, अशास्त्रीय र अत्यन्तै निन्दनीय विचार लिएर कतिपय व्यक्तिहरू सनातनीहरूलाई भड्काउने कुविचारले प्रेरित भएर अगाडि आएका छन् । यस अवस्थामा वैदिक सनातन धर्मका पक्षधरहरू सावधान भई आफ्नो संस्कार र उपासना पद्धतिमा खडा रहनुपर्दछ । तिनका भ्रमपूर्ण, द्वेषपूर्ण र अन्यायपूर्ण अवधारणाका पछि लाग्नुहुँदैन ।

अध्यक्ष- राष्ट्रिय धर्मसभा, नेपाल- प्रा.डा. माधव भट्टराई,

मूल्य रू. - १५३।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection